# प्रज्ञा

शोधमूलक - चौमासिक

भाषा
साहित्य
संस्कृति
सामाजिक शास्त्र
सङ्गीत
नाट्य
कला
कौशल

८४

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
बाट
नियमित रूपमा प्रकाशित हुने

*समकालीन साहित्य*
*बहुभाषिक सयपत्री*
*कविता*

पढ्ने गर्नुभएको छ ?
अवश्य पढ्नुहोस् ।

पुस्तक बिक्री कक्ष
ने. रा. प्र. प्र.
कमलादी

# प्रज्ञा

शोधमूलक चौमासिक

प्रधान सम्पादक
ज्ञानमणि नेपाल

सम्पादक मण्डल

नरराज ढकाल
धुस्वाँ सायमी
रमेश विकल
उत्तम नेपाली
तिलविक्रम नेम्बाङ्ग
शशिविक्रम शाह
योगेन्द्रप्रसाद यादव
अशेष मल्ल
ध्रुवचन्द्र गौतम
(सदस्य–सचिव)

सम्पादक
गणेशबहादुर प्रसाई

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

फागुन–जेठ २०५४/पूर्णाङ्क ८४/वर्ष २७

मूल्य रू. २७/-
वार्षिक रू. ८०/-

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

मुद्रक: प्रज्ञा छापाखाना, प्रज्ञा-भवन, कमलादी, काठमाडौं ।

## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १ | ग्रेगरियन क्यालेन्डर र महीनाका नाम | - हर्षनाथ भट्टराई | १ |
| २ | बुद्धजन्मस्थल र लुम्बिनीका उत्खनित मन्दिरहरू | - तारानन्द मिश्र | ७ |
| ३ | पञ्चावतप्रभृति पुराना पदको परिभाषा | - ज्ञानमणि नेपाल | १३ |
| ४ | अंशुवर्माको उपनाम कलहाभिमानी मात्र हो | - दिवाकर आचार्य | २२ |
| ५ | नर्तक राजा प्रताप मल्ल | - रुक्मिणी (वन्त) प्रधान | २९ |
| ६ | नेपालका इतिहासमा सत्यीकृत दुई असत्य | - टेकनाथ गौतम | ३५ |
| ७ | साञ्चारिक ध्वनिविज्ञान | - डा. माधवप्रसाद पोखरेल | ४० |
| ८ | 'के दामोदर पाँडे देशद्रोही नै हुन् त ?' | - डा. राजेश गौतम | ७१ |
| ९. | वैदिककालमा नारीहरूको सामाजिक मर्यादा | - लक्ष्मी गौतम | ८७ |
| १०. | 'मैथिली भाषाका स्पष्ट सम्वन्धपरिचायक शब्दहरू' | - डा. गङ्गाप्रसाद अकेला | ९४ |
| ११. | नेपालीमा कर्ता कारकको समायोजन | - डा. देवीप्रसाद गौतम | १०० |
| १२. | जुम्ली भाषिकामा पदकोटिअन्तर्गत सर्वनाम | - डा. रामविक्रम सिजापति | ११२ |
| १३. | नो: रङ्गमञ्चमा प्रतिब्रह्माण्डको पुनः खोजी | - डा. सोहो माचिदा<br>- अनुवादक 'सुधांशु' | १२४ |

# ग्रेगरियन क्यालेन्डर र महीनाका नाम

– **हर्षनाथ भट्टराई**

आजकाल अन्तर्राष्ट्रिय रूपमा व्यवहार गरिने क्यालेन्डर (पञ्चाङ्ग)का महीनाहरूको नामसित त हामी परिचित छौं । तर के हामीले कहिल्यै विचार गरेका छौं ?

– महीना कसरी शुरु भए अनि तिनको नामले के सूचित गर्दछ

आजको अन्तर्राष्ट्रिय पञ्चाङ्गको कहानी रोमका पौराणिक राजा **रोम्युलस**को पञ्चाङ्गबाट शुरु हुन्छ । **रोम्युलस**को त्यसवेलाको पञ्चाङ्गमा एकवर्ष दश महीनामा बाँडिएको थियो, आजकालको जस्तो बाह्र महीनाको थिएन । यी दश महीनामा नाम थिए– मार्थियुस, एप्रिलिस, मेयुस, जुनियस, किंटिलिस, आगस्टुस, सेप्टेम्बर, अक्टोवर, नवंबर अनि डिसेंबर ।

यिनलाई विचारगर्दा हामी के देख्छौं भने रोमको यो प्राचीन क्यालेन्डरमा सालको पहिलो महीना मार्टियुस अर्थात् मार्च हुन्थ्यो, जनवरी हुँदैन थियो । वास्तवमा त्यो क्यालेन्डरमा जनवरी र फरवरी छँदै थिएनन् ।

बाह्र महीनाको विचार रोमका द्वितीय राजा **न्यूमापोम्पी लियुस**को शासनकालमा विकसित भयो । पोम्पी लियुसले नै क्यालेन्डरमा ज्यान्युएरियुस वा जनवरी र फेब्रुएरियुस वा फरबरी महीना जोडे ।

पोम्पिलियुसको रोमन गणतन्त्रीय पञ्चाङ्गको सुधार पछि आएर ई.पू. ४६ को आसपासमा जूलियस सीजरले गरे, अनि त्यसवेलादेखि मार्चको सट्टा जनवरीलाई वर्षको पहिलो महीना बनाएर प्रचलनमा ल्याए ।

पहिलो जनवरीलाई सालको पहिलो दिन बनाएको हुनाले सम्भवतः यो कुरा मान्न सकिन्छ । रोमका मेजिस्ट्रेटले त्यही दिनदेखि पदग्रहण गरेको पनि अनुमान गर्न सकिन्छ ।

जूलियस सीजरको पञ्चाङ्ग अथवा जूलियन पञ्चाङ्ग, जुन पोपग्रेगरी १३ औं को नाममा मार्च १५८२ देखि चलनमा आयो । यसलाई ब्रिटेनले १७५१ मा नयाँ तरीकाको 'क्यालेन्डर एक्ट' नामक विधेयक पास गरेर त्यहीअनुसार ब्रिटेनमा लागू गर्‍यो । (यो ग्रेगरियन क्यालेन्डरको बारेमा पछि भनिनेछ) ।

जनवरी– यो शब्द लातिनको जानुएरियुस शब्दबाट बनेको हो र रोमन देवता जानुसको नाममा राखिएको भन्दछन् । सामान्यतया यो देवतालाई दुई मुख भएको बताएका छन्; तर कहीं चारमुख भएको पनि बताउँछन् । रोमको गणतन्त्रीय पञ्चाङ्गमा जानुएरियुस वा जनवरी एघारौं महीना थियो र त्यसमा २९ दिन थिए । त्यो पञ्चाङ्गमा वर्षमा ३५५ दिन हुन्थे । यस

विषयमा के भनेका छन् भने– जूलियस सीजरले एक आदेश जारी गरेर जनवरी महीनाको दिनको संख्या ३१ दिन निर्धारित गरे। त्यस बेलाका यूनानी विद्वान् म्याक्रोवियसलाई यो मान्यताको सत्यतामा विश्वास थिएन।

फरवरी– यो शब्द पनि लातिनको फेब्रुएरियुसको अपभ्रंश रूप हो। रोमको गणतन्त्रीय पञ्चाङ्गमा यो महीनालाई सालको अन्तिम महीनामा गणना गरेका थिए। यो शब्द ल्याटिनी 'फेब्रुअरी' धातुबाट निक्लेको हो, जसको अर्थ हो शुद्ध पार्नु। प्राचीन रोमन सभ्यतामा फरवरी महीना आत्मशुद्धि, प्रायश्चित र परिमार्जनको महीना मान्थे। आत्मशुद्धिका अनेकौं विधिव्यवहार यो महीनामा मनाउँथे। कैंयन पटक त यो महीनामा मृतकहरूको आवाहन गर्थे र प्रेतपूजा पनि गर्ने चलन थियो।

मार्च– यो प्राचीन रोमन पञ्चाङ्गको पहिलो महीना थियो। किनभने रोमहरूको धार्मिक पर्व र व्रतानुष्ठानहरूको शृङ्खला यही महीनादेखि आरम्भ हुन्थ्यो। मार्च शब्द लातिनी 'मार्टियुस'बाट निकालेका हुन्, युद्ध र वृद्धिका रोमन देवता मार्सको नाममा छ। यस हिसाबले रोमनहरूको कृषिजीवन र युद्धप्रियताको याद मार्चशब्दले दिलाउँछ।

अप्रिल वा एप्रिल– लातिनको एप्रिलिस हो। इच्छा र एषणाकी अधिष्ठात्री रोमन देवी वीनसलाई ग्रीक पुराणहरूमा वर्णित देवी 'एफ्रोदिते' देखि भिन्न मान्दैनन्। यहाँ के बुझिन्छ भने एप्रिल महीना एफ्रोदितेको नाममा नै रहेको हो। एफ्रोदितेलाई 'उर्वरता'की देवीको रूपमा पूजा गर्ने। यसैकारण हुन सक्छ, 'एप्रिल'लाई फसलको अङ्कुरित वा पालुवाहरू टुसाउने महीना मान्दथे।

हिसियोद नामक विद्वान्ले लेखेका छन्– एफ्रोदिते युरेनसको बीजबाट उत्पन्न भएर समुद्रबाट नग्नरूपमा प्रकट भएकी हुन्। दाँतेको 'डिवाइनकमेडी'को चित्राङ्कन गर्ने १५ धौं शताब्दीका इटालियन चित्रकारी 'सान्द्रोबोतिचेल्ली'ले 'वीनसको जन्म' भन्ने प्रसङ्गमा चित्रित गरेका छन्। एफ्रोदितेले एक चटकी कन्दनी लगाएको हुनाले अत्यन्त सुन्दरी र मनमोहक रूपकी थिइन्, एप्रिलको महीना पनि यस्तै सुन्दर र मनमोहक मानिन्थ्यो।

मे वा मई– लातिनीको मेइयुस शब्दबाट निक्लेको हो। शायद यो नाम देवी 'मेइया' नाममा राखिएको थियो, जसलाई रोमनका जनता वसन्तकी देवी मान्थे। अंग्रेजीका रुमानी कवि जान कीट्सले आफ्नो कविता 'ओड ट मेइया'को वर्णन यूनानी पुराणअनुसार गरेका छन्। मेइया अपूर्व रूपवती थिइन् र एटलस र प्लेइयोनकी पुत्री थिइन्।

मईको महीना धान्य र वनस्पतीको वृद्धिको सूचक थियो, अनि रोमन जनता उनमा कृषि सम्बन्धी धार्मिक अनुष्ठान गर्थे। केही विद्वान्हरूको विचार छ मई दिवस त्यही परम्पराको अंश हो। मई दिवसमा यूरोपमा मई स्तम्भ (मई पोल)को तलतिर मई-राजा र मई-रानीको साथ हरिलोभरिलो रुखका हाँगाको जुलूस निकाल्ने चलन छ।

जून– लातिनीका यूनियुस शब्दबाट निक्लेको अनि रामेनहरूकी मुख्य देवी जूनाको याद सम्झाउँदछ। जूनो शब्द 'यूवेनिस' धातुबाट निक्लेको हो र त्यसको अर्थ हुन्छ विवाह योग्य कुमारी।

यूनानी पुराणहरूमा जूनोलाई नै देवी हेरा पनि भन्दछन्, जो क्रोनुस र रीयाकी पुत्री थिइन्, अनि यूनानीहरूका देवाधिदेव ज्यूसँग विहे गरेकी थिइन्।

जुलाई– जुलाई प्राचीन रोमन जनता 'क्विंटिलिस' भन्दथे, अनि यो वर्षको पाँचौं महीना थियो। आजको पञ्चाङ्गमा यो सातौं महीना र यसमा ३१ दिन छन्। जूलियस सीजरको जन्म यही महीनामा भएको थियो। यो तानाशाहको स्मृतिमा जुलियन पञ्चाङ्गमा 'क्विंटिलिस'को नाम बदलेको हो।

अगस्त वा आगस्टको मूलमा लातिनीको 'आगुस्टस' शब्द हो। जब रोमन पञ्चाङ्ग मार्चदेखि शुरु हुन्थ्यो, त्यसवेला यो महीना सेक्टिलस वा छैटौं महीना भन्थे। जूलियस सीजरको उत्तराधिकारी रोमन सम्राट आगस्टस सीजरको नाममा यसको यो नयाँ नाम राखिएको हो।

सितम्बर वा सेप्टेम्बर– लातिनीका शब्द 'सेप्टेम्'मा आधारित छ, जसको अर्थ हो साथ। रोमनहरूको प्राचीन पञ्चाङ्गमा यो सातौं महीना थियो। अब यो ३० दिनको छ र नवौं महीना शरद् विषुव यही महीनामा हुन्छ।

अक्टूवर वा अक्टोवर– देखि सर्दी शुरु हुन्छ। प्राचीन रोमन पञ्चाङ्गमा यो आठौं महीना थियो। भिन्न-भिन्न समयका रोमन सम्राट्हरूको शासन-कालमा यो मासको नाम बदल्ने प्रयास गरेका थिए; तर कुनै प्रकारले यो नाम कायमै रह्यो। रोमनहरूको युद्ध-देवता मार्सको यसमा विशेष पूजा गर्थे। मनुस्मृतिकारले पनि लेखेका छन्– शत्रुहरूमा आक्रमणका निमित्तको यात्राका लागि शीतकालको आरम्भका दिन उत्तम हुन्छ। शायद यस्तै भावनाले अक्टूबरलाई युद्ध-देवता मार्ससित जोडेका होलान्।

नवंबर– शब्दको मूलमा लातिनीको नोबम् शब्द हो, जसको अर्थ हो नौ। प्राचीन रामेन पञ्चाङ्गमा यो नबौं महीना थियो। यस्तो कुरा पनि चलेको थियो:– रोमन सम्राट् टाइबेरियस्को स्मृतिमा यसको नयाँ नामकरण गर्ने प्रस्ताव पनि नराखेका होइनन्, तर स्वयं टाइबेरियसले नै यस्तो हुन दिएनन्।

दिसंबर वा डिसेम्बर– आधुनिक पञ्चाङ्गमा बाह्रौं र अन्तिम महीना हो, जसको ३१ दिन मानिएको छ। लातिनी डेसेम (अथवा दश) बाट यसको नाम रहेको हो। यो प्राचीन रोमन पञ्चाङ्गमा दशौं महीना थियो। प्राचीन रोमनहरूको निमित्त त्यो उत्सवको महीना थियो। यसैमा दक्षिणायनको २२ दिसंबरको आसपासमा अन्त हुन्छ।

आजकाल संसारभरमा चलेको ईसवीसन जूलियस सीजरले पनि चलाएको थियो होला, तर त्यसलाई त्यागेर महात्मा ईसाको निधन-तिथि (कल्पित)लाई आधार बनाएर शुरु गरेको हो। यो वर्षको गणना अहिले आएर संसारका प्रायः अधिकांश देशमा चलेको छ। संवत्को प्रचलनको आधार भिन्न-भिन्न भए पनि महीनाको निर्धारण भने पहिलेदेखि चलेर आएको उही नै छ। अतः वर्षलाई भन्दा महीनालाई सार्वभौम मानेमा कुनै आपत्ति पर्ने छैन होला।

ग्रेगोरियनको विषयमा– आजकाल विश्वका सबै राष्ट्रमा तारिख र महीनाहरूको गणनाको निमित्त, ग्रेगोरियन क्यालेन्डर प्रचलित छ, तर यसको प्रारम्भ र विकास कसरी भयो यसको एक विलक्षण र रोचक विषय यस्तो छ–

ईसापूर्व ४०० वर्षको समय जुन मूल क्यालेन्डर १० महीनाको थियो र त्यसलाई पछि ई.पू. ४६ मा जूलियस सीजरले १२ महीना र ३४५ दिनको बनाएका थिए, त्यही पञ्चाङ्ग नै पश्चिमी राष्ट्रहरूमा प्रचलित थियो, त्यसअनुसार वर्षमा १२ महीना र ३४५ दिन हुन्थे, अनि नयाँ वर्षको शुरु पनि कुनै निश्चित दिनमा हुँदैनथियो। महीनामा पहिलो दिनलाई 'क्यालेन्डस' भन्थे, अनि यसैबाट क्यालेन्डर शब्दको उत्पत्ति भएको हो।

सौर (सोलार) वर्ष जुन ३६५ ५/४ दिनको हुन्छ, र क्यालेन्डर वर्षमा तालमेल राख्ने दृष्टिबाट 'रोमन धर्मगुरुहरू'ले जसलाई 'पोन्टिक' भन्थे, प्रत्येक दुईवर्षको कालान्तरमा एक अतिरिक्त महीना जोडिदिन्थे। कैयन पटक राजनीतिक वा अरूकाणहरूबाट धर्मगुरुहरू यस कर्तव्यलाई ठीक तरीकाले पूरा गर्दैन थे, यसकारण सन् ४६ ई.पू. सम्म रोमन क्यालेन्डर सोलार वर्षको तुलनामा ९० दिन पछाडि परेको थियो। रोमन सम्राट् जूलियस सीजरले यसलाई सुधार्ने प्रयत्न गरे अनि ४६ ई.पू.को १ वर्षमा ९० दिन अरू जोड्ने आदेश जारी गरे। त्यो वर्ष ३४५ को दिन थियो। यसपछि ४६ ई.पू. भन्दा पहिलेको वा १० महीने वर्षमा ९० दिन जोडी प्रत्येक क्यालेन्डर वर्षलाई ३६५ दिन मान्ने घोषणा पनि गरे। अर्को यस्तो व्यवस्था पनि गरे, जुन प्रत्येक चारवर्षको अन्तरालमा क्यालेन्डर वर्ष ३६६ दिनको हुनेछ र त्यो वर्षको

फरबरी महीनामा १ दिन थप्नु पर्दछ । यो नवीन क्यालेन्डरलाई 'जूलियन क्यालेन्डर' भन्ने गरे अनि वर्षको पाँचौं महीनाको 'जूलियस सीजर'को सम्भनामा 'जुलाई' नाम राखे । तिनताका नवीन वर्ष 'मार्च' महीनादेखि शुरु हुन्थ्यो । विस्तार-विस्तार यो क्यालेन्डर यूरोपका सबै देशहरूमा लागू गरे ।

सूर्यको एक परिक्रमा पूर्ण गर्न पृथ्वीलाई ३६५ दिन ५ घन्टा ४८ मिनेट र ४६ सेकेन्डको समय लाग्थ्यो । स्पष्टतया सोलार वर्षलाई पूर्व दिवसमा विभाजित गर्न सम्भव थिएन । यसकारण १२८ वर्षको कालावधिमा 'जूलियन क्यालेन्डर' वर्ष र सोलार वर्षमा लगभग एक दिनको अन्तर पर्थ्यो । सोहौं शताब्दीसम्म यो क्यालेन्डर सोलार वर्षको तुलनामा १३ दिन अगाडि भइसकेको थियो । यसमा सुधार गर्नका लागि तत्कालीन तेहौं पोप 'ग्रेगरी'ले के निर्णय गरेभने ३२५ ई.मा 'निकाइया'मा भएको इसाई धर्मगुरुहरूको बैठकको समयमा ग्रहहरूको जुनस्थिति थियो, त्यसैलाई आधार मानेर सन् १५८२ मा जूलियन क्यालेन्डरबाट १० दिन कम गर्ने र ५ अक्टूबर १५८२ को दिन १५ अक्टूबर १५८२ मानियोस् भन्ने घोषणा गरे ।

सोलार वर्षको नयाँ क्यालेन्डरमा अझ बढी सूक्ष्मताको दृष्टिले यो पनि निश्चित गरे, त्यो के हो भने– प्रत्येक ४०० वर्षको कालावधिमा ३ पटक लीप वर्ष नमान्ने । यसलाई साध्य गर्नकालागि यस्तो व्यवस्था पनि गरे, जुन क्यालेन्डर वर्षको संख्यामा अन्तिम दुई शून्य हुन्छ, यदि ४०० ले भाग लाग्छ, भने त्यो वर्षलाई लीपवर्ष मानियोस् ।

यस हिसावले १६०० ई.को वर्ष लीपवर्ष थियो । अनि अर्को २००० ई.को वर्ष पनि लीपवर्ष हुनेछ । तर १७००, १८०० र १९०० ई.मा वर्ष लीपवर्ष थिएन ।

यो नयाँ क्यालेन्डरलाई पोप 'ग्रेगरी'को सम्भनामा 'ग्रेगरियन क्यालेन्डर भन्दछन् र यसलाई सबै रोमन क्याथोलिक राष्ट्रहरूले मान्यता दिए । परन्तु इङ्गल्यान्डमा यसलाई सन् १७५२ सम्म लागू गरेनन् । त्यहाँ त्यसवेलासम्म पुरानो 'जूलियन क्यालेन्डर' नै चलाउने गरेका थिए ।

यो क्यालेन्डर त्यसवेलासम्म सोलार वर्षको तुलनामा लगभग ११ दिन अगाडि भएको थियो । त्यसवेलाको पार्लियामेन्टको एक अधिनियमद्वारा यस्तो घोषणा पनि गरे– ३ सितम्बर १७५२ देखि १३ सितंबर १७५२ तकका दिन क्यालेन्डरबाट हटाइयोस् भने मुताविक हटाए ।

साधारण जनताले यसको तीव्र विरोध गरे । अनेक सभाआदि आयोजित भए, जनताले हामीलाई हाम्रा ती ११ दिन फिर्ता दिइयोस् भन्ने यस्तो आक्रोश प्रकट गर्दै जुलूस निकाले । अत्यधिक जनविरोध भए पनि ३ सितम्बर १७५२ को दिन १४ सितम्बर १७५२ मानियो र बीचका ११ दिन क्यालेन्डरबाट लोप भए ।

त्यसैवेला इङ्गल्यान्डमा नयाँ वर्षको कार्य प्रारम्भ २५ मार्चको बदला १ जनवरीदेखि हुन लाग्यो । सोवियत रुसमा पनि सन् १९७१ को क्रान्तिपछि ग्रेगरियन क्यालेन्डरलाई नै मान्यता दिए, अब त विश्वका सबै राष्ट्रमा यही क्यालेन्डरको पूर्ण र अर्धरूपमा प्रचलित छ ।

वर्ष ५००० ई.सम्म यो क्यालेन्डरमा कुनै परिवर्तनको आवश्यकता पर्दैन । त्यसवेलासम्म सोलार वर्ष र क्यालेन्डर वर्षमा फेरि एकदिनको अन्तर पर्नेछ, तर यो समस्यालाई लिएर चिन्तितहुने कुनै कारण देखिँदैन ।

हामी कहाँ भएको नववर्षको परम्परा– माथि बताइयो अंग्रेजी सन्‌को सुरुआत १ जनवरीदेखि हुन्छ । तर हामीकहाँ नयाँवर्ष विक्रमको शुरु चैत्रशुक्ल प्रतिपदा (वत्सराम्भ)देखि हुन्छ ।

हामीले मानी आएको आफ्नो नव संवत्सरको पूर्वीय परम्परा पाश्चात्य पद्धतिको अपेक्षा बढी वैज्ञानिक छ । यस्तो भए पनि आफ्नो वैज्ञानिक पद्धतिलाई उपेक्षा गरी पाश्चात्य पद्धतिको नववर्षको जनवरी देखि वर्षारम्भ मान्ने पनि छन् ।

पूर्वीय ज्योतिषशास्त्रको प्राचीन ग्रन्थ 'सूर्यसिद्धान्त'को कालको परिभाषा अनुसार एउटा काल मानवको उत्कर्षवादी छ, भने अर्को संसारकै नाशवाची ।

पुरानो पूर्वीय कालगणना-पद्धतिअनुसार कालका दुई सूक्ष्मतम मान थिए– त्रुटि र तत्परस । एक अहोरात्रमा १७ अरब, ४९ करोड, ६० लाख तत्परस हुन्छन् । आधुनिक वैज्ञानिकहरूले सूक्ष्मतम यन्त्रको सहायताबाट ९ करोड, १९ लाख, ३१ हजार, ७७० भाग गर्न सफलता पाए, तर प्राचीन ऋषि (वैज्ञानिक)हरूले आफ्नो अचूक र सूक्ष्म गणना पद्धतिको आधारमा यस्तो विभाजन आजभन्दा हजारौं वर्षअगाडि नै गरिसकेका देखिन्छन् ।

यस पद्धतिअनुसार– २ परमाणुको संयोगबाट एक अणु अनि ३ अणुको संयोगबाट एक त्रसरेणु बन्दछ । तीन त्रसरेणु पार गर्न सूर्यको किरणलाई जति समय लाग्दछ, त्यसलाई त्रुटि भन्दछन् । १०० त्रुटि एक वेध, तीन वेध एक लवकोसमान हुन्छ, अनि तीन लव एक निमेषको बराबर हुन्छ । तीन निमेषको एकक्षण, ५ क्षणको एक काष्ठा, १५ काष्ठाले एक लघु, अनि १५ लघुबाट एक नाडिका निर्माण हुन्छ । ५ नाडिकाबाट एक प्रहर, आठ प्रहरबाट एक अहोरात्र हुन्छ । १५ अहोरात्रबाट १ पक्ष, २ पक्षबाट १ मास, २ मासले १ ऋतु, ६ मास वा ३ ऋतुले एक अयन (उत्तरायण वा दक्षिणायन), अनि २ अयनले एक वर्ष हुन्छ ।

**तालिका**

| | | | | | |
|---|---|---|---|---|---|
| २ परमाणु | – | १ अणु | १५ लघु | – | १ नाडिका |
| ३ अणु | – | १ त्रसेरणु | ६ नाडिका | – | १ प्रहर |
| ३ त्रसरेणु | – | १ त्रुटि | ८ प्रहर | – | १ अहोरात्र |
| १०० त्रुटि | – | १ वेध | १५ अहोरात्र | – | १ पक्ष |
| ३ वेध | – | १ लव | २ पक्ष | – | १ मास |
| ३ लव | – | १ निमेष | २ मास | – | १ ऋतु |
| ३ निमेष | – | १ क्षण | ६ मास वा ३ ऋतु | – | १ अयन (उत्तरायण वा दक्षिणायन) |
| ५ क्षण | – | १ काष्ठा | | | |
| १५ काष्ठा | – | १ लघु | २ अयन | – | १ वर्ष |

तत्परस-पद्धतिमा आधारित कालगणना पनि अत्यन्त निर्णायक र सूक्ष्म छ । यस अनुसारको तालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ६० तत्परस | = | १ परस | ६० लिप्पा | = | १ विघटिका (पल) |
| ६० परस | = | १ विलिप्पा | ६० विघटिका | = | १ घटिका, अनि |
| ६० विलिप्पा | = | १ लिप्पा (विपल) | ६० घटिका | = | १ अहोरात्र । |

काल नै आत्मा हो:– भगवान् महावीरको साधनापद्धतिमा 'सामयिक' केन्द्रीय शब्द छ, जुन समय (काल)बाट बनेको हो । महावीरको मान्यता थियो समय (काल) नै आत्मा हो, अनि समयमा खडा हुनु र त्यसलाई जानेमा वा बुझेमा 'स्व'को दर्शन हुन सक्तछ । 'स्व'को परिचय पनि हुन सक्तछ । तर उनले यो पनि भनेका छन्– समय जान्नु वा बुझ्नु ठूलो कठिन कुरा छ, किनभने समय सदाकाल वर्तमान हुन्छ, केवल हामी कि त अतीतमा हुन्छौं वा भविष्यमा ।

प्राचीन कालका ऋषिमुनिहरूले वर्तमानमा खडा भएर कालगणनाको त्यो सूक्ष्मतम र प्रामाणिक पद्धतिको आविष्कार गरे, जसको अगाडि सूक्ष्मतम गणन-यन्त्रबाट सुसज्जित आधुनिक वैज्ञानिकहरूले पनि आजसम्म जान्न सकेका छैनन् ।

यो सूक्ष्मतम काल गणनाको अतिरिक्त हाम्रा पूर्वजहरूले कालको महत्तम गणना गरी सृष्टि र पृथ्वीको आयु, राशिमण्डल, नक्षत्रमण्डल र सौरमण्डलको वक्र, अनुवक्र आदि विभिन्न गतिहरूमा विद्यमान नियमको पत्तालगाउनका साथै सूर्यग्रहण, चन्द्रग्रहण आदिका भविष्यवाणी पनि गरेका थिए ।

भारतवर्षीय नववर्षको तिथि– शुद्ध कालगणनाको निमित्त हाम्रो देशमा यिनै नौ पद्धतिमा निर्भर रहन्छ– ब्राह्म, दिव्य, पित्र्य, प्राजापत्य, वार्हस्पत्य, नाक्षत्र, सौर, चान्द्र र सावन ।

प्राजापत्य पद्धतिको प्रयोग वर्षको शुभाशुभ परीक्षणको निमित्त गरिन्छ, अनि सावन पद्धतिको प्रयोग तिथिवृद्धि, तिथिक्षय र दुई अमावस्थाका बीचमा सूर्य सङ्न्ति नभएमा अर्थात् सङ्क्रान्ति मासको अधिक्य (अधिकमास) मासको तारतम्य स्थापित गर्नकालागि गरिन्छ । यही शुद्धताको परिणाम स्वरूप तिथि घट्ने, बढने, सूर्यग्रहण अमावश्यामा र चन्द्रग्रहण पूर्णिमामा नै हुन्छ भन्ने कुराको निर्णय पनि त्यसैबाट हुन्छ । मकर सङ्क्रान्ति सदा १४ जनवरीमा नै पर्दछ । यसमा प्रत्येक ६९ वर्षपछि आउने अन्तर पाश्चात्य काल-गणनाको त्रुटिपूर्ण र असमंजस पद्धतिको कारण नै हुन्छ, पूर्वीय कालगणनाको प्रामाणिकता र वैज्ञानिकतालाई प्रमाणित गर्ने नववर्ष तिथिमा आधारित छ ।

पूर्वीय कालगणनामा कर्कट रेखामा रहेको उज्जैनलाई हाम्रा पूर्वजहरूले कालगणनाको केन्द्र मानेका थिए । त्यो कालद्योतक स्वयम्भू महाकालेश्वर पनि त्यहीं रहेका छन् । ती अनादि कालदेखि कालगणनाका केन्द्र बिन्दु मानिएका छन्  प्राचीन कालमा यिनका मन्दिरको निकटमा एक वेद्यशाला पनि थियो । पछि जयपुरका सवाई राजा जयसिंहले जयपुर, उज्जैन, दिल्ली र काशी अनि मथुरामा पनि वेधशालाहरूको स्थापना गराए ।

महाकालेश्वरका मन्दिरको स्थापना ई.पू. प्रथम शताब्दीमा विक्रम संवत्का प्रवर्तक शकारी विक्रमादित्यले गरेका थिए । शकहरूमाथि विजय प्राप्तिको उपलक्ष्यमा विक्रमादित्यले विक्रम संवत् चलाएका हुन् । हिन्दूहरूका शास्त्रअनुसार संवत्सर आरम्भ गर्ने अधिकार त्यही व्यक्ति वा राजालाई हुन्छ, जसले आफ्ना राज्यका कुनै व्यक्ति पनि कसैको ऋणी नरहोस् वा सबै अऋणी बनाइएका हुन् अथवा आफ्नो देशलाई परतन्त्रबाट मुक्त पारेको होस् । आजभन्दा २०५३ वर्ष पहिले मालवाधीश सम्राट् शिरोमणि विक्रमादित्यले आफ्नो राज्यकोषबाट आफूले शासन गरेका राष्ट्रका प्रत्येक व्यक्ति ऋणमुक्त (अऋणी) गराई नवसंवत्सरको जन्मदाता हुने अपूर्व गौरव अर्जित गरेका थिए ।

तत्कालीन भारतवर्षको परम उन्नतिको स्मृति दिवस नै विक्रमसंवत् जुन त्यो परम प्रतापी शासकको स्मृतिमा मनाउने गर्दछन्, जसले ३५ वर्षको अल्पअवधिमा आफ्नो देशलाई परम उन्नतिको शिखरमा पुर्‍याएर देखाएका थिए । चैत्रशुक्ल प्रतिपदादेखि आरम्भ हुने यो विक्रम संवत्लाई हामी पनि 'नयाँ संवत्सर'को रूपमा मान्दछौं । हाम्रो यहाँ चैत्रशुक्ल प्रतिपदादेखि आरम्भ हुने वर्षलाई चान्द्रमानमा गणना गरिन्छ तापनि सौरमानको व्यवहार चलेको हुनाले यो सौर वर्ष वैशाख १ गते देखि नै विक्रम संवत्को वर्ष प्रवेश मानिन्छ ।

# बुद्धजन्मस्थल र लुम्बिनीका उत्खनित मन्दिरहरू

– तारानन्द मिश्र

प्राचीन कोलीयराज्य र शाक्यदेशको सीमानामा रहेको लुम्बिनी बन एउटा क्रीडास्थलका रूपमा प्रख्यात थियो । उत्तरापथको बाटोद्वारा श्रावस्ती, कपिलवस्तु, रामग्राम र कुशीनगरबाट यहाँ सजिलैसँग पुग्न सकिन्थ्यो । यसलाई विभिन्न कालमा आउने दर्शनार्थीहरूले विभिन्न नाउँ दिएका छन् । नालकसूत्रले यस ठाउँलाई लुम्बिनेच्ये (लम्पुनेय्य)[१] अशोक स्तम्भ लेखले लुम्मिनी,[२] बुद्धचरित्र, जातक (१,५२), महावंश र निदानकथामा लुम्विनी भनी सम्बोधन गरिएको पाइन्छ । चिनिया यात्री फाहियान (४०६ ई. सम्वत्)ले राजोद्यान र लुन-मिन भनेका छन्[३] । सातौं शताब्दी ई. सम्वत्मा लुम्बिनी आउने युवान-च्वाँगले यस ठाउँलाई लंफेनि (लवणी) भनी नामकरण गरेका छन् ।[४] लुम्बिनीवनको स्थितिबारे जातकमाला, महावंश र निदानकथाले यसलाई कपिलवस्तु र रामग्राम दुबै शहरका माझमा रहेको उल्लेख गर्दछन् ।[५] सूत्रनिपातको नालकसूत्रले यसलाई शाक्य राज्यभित्र समावेश गरेको छ (शाक्यानाम गामे जनपेद लुम्बिनिय्ये) । पपंचसूदनी र जातक अट्ठकथाले लुम्बिनीवनलाई देवदह नजिक भनी वर्णन गर्दछ (देवदह अविदूरे लुम्बिनीवन, भरतसिंह, १९९१, २५१) । भगवान् शाक्यमुनिको जन्म लुम्बिनीमा थेरवाद मतअनुसार ६२३ ई.पूर्वमा भएको थियो भने अधिकाश विद्वान्हरू जन्ममिति ५६०-५६३ ई. पूर्वतिर मान्दछन् ।[६] बौद्धधर्मको प्रचार गर्दै अस्सीवर्षको उमेरमा उनको मृत्यु कुशीनगरको उपवतन शालवनमा शालबोटमुनि भएको थियो । आफ्नो महापरिनिर्वाणभन्दा केही अगाडि उनले भिक्षुवर्ग र भक्तजनलाई चार स्थान दर्शन-भ्रमण गर्न सल्लाह दिएका थिए जसको वर्णन महापरिनिर्वाण सुत्तमा पाइन्छ । यी चतुर्महास्थानलाई हामी दर्शनीय र संवेजनीय तीर्थस्थलका रूपमा प्रख्यात भएको पाउँछौं (चत्तारि दर्शनियानि संवेजनियानि ठानानि) । यी चार ठाउँहरू, क्रमशः लुम्बिनी (जहाँ उनको जन्म भयो-जाति), बोधगया (जहाँ उनलाई संबोधि प्राप्त भयो), सारनाथ (जुनस्थानमा उनले धर्मप्रचार र संघ स्थापना गरे) तथा कुशीनगर हुन् जहाँ उनको महापरिनिर्वाण भएको थियो । केही पछि यी बौद्धतीर्थस्थलहरूमा चारवटा अरू ठाउँहरू क्रमशः श्रावस्ती, संकषिया, वैशाली र राजगृह थपिए र चतुर्दर्शनीय ठाउँबाट तब अट्ठमहाथानानि प्रसिद्ध भयो । चतुर्महास्थानको उल्लेख सबैभन्दा पहिले महापरिनिर्वाण सूत्र र अशोकका शाहवाजगढी लेखका साथै लुम्बिनी स्तम्भलेखमा पाउछौं ।[७] फाहियानले चतुस्थानको वर्णन गर्दा अट्ठथान मध्येका संकषियाको उल्लेख गर्न पुगेका छन् ।[८] यसले यसकाल (४०६ ई. सम्बत्)सम्म आठ तीर्थस्थल प्रख्यात भइसकेको कुरा प्रमाणित गर्दछ ।

यसैक्रममा हामी लुम्बिनीको 'चित्रलतावनसदीसम' र 'चैत्ररथवन' (महावंश, १४९, जातक, ५२; जनसन, बुद्धचरित, १९७२, २)लाई प्रमोदवन अथवा मृगया (अतिकातं अंतरं राजानो विहार-यातां नयासु एत मगय्या अनानि-अशोकको शाहवाजगढी लेख) बाट 'परादिमोक्षस्थल'मा परिणत भएको पाउँछौं। मुस्लिम इतिहासकार अबुलफजलले मध्यकालमा लुम्बिनीलाई 'मोक्त' (मुक्ति दिने ठाउँ) भनी सम्बोधन गरेका छन्।[९]

राजकुमार सिद्धार्थको जन्म साधारण थिएन, यो एउटा अलौकिक जन्म थियो जसलाई बौद्ध साहित्य र अभिलेखहरूमा 'ओकसम्पि', 'भगवतो ओकम्ती' (भारहुतको दोस्रो ई.पूर्व लेख), 'औपपादुक' र 'भगवद् पपदयन्ते' भनिएको छ। मायादेवी आफ्नो माइती जाँदा लुम्बिनीवनमा एक छिन घुम्ने अभिप्रायले (किडित कामनाय-निदानकथा) पस्दा उनलाई पुत्रजन्मव्यथा भयो र सालवोट (अथवा अशोक, पीपल, पलास)को हाँगा समाई उभेकै मुद्रामा उनले सिद्धार्थलाई जन्म दिइन्।[१०]

**बुद्ध र बुद्धजन्म मूर्तिहरू**

लुम्बिनीवन, भगवानको त्यस ठाउँमा जन्म भएकोले बढी विख्यात भएको हो। पछि बौद्धधर्मका महासांघिक र महायान शाखाहरू बढ्ता मूर्तिपूजक भएर आएको हामी पाउँछौं। यहाँसम्म कि हीनयानीहरूले पनि श्रीलङ्का र वर्मामा बुद्धमूर्ति र मन्दिरहरू (प्रतिमाघर, देवायतन-१०० ई.पूर्वको खारवेल को अभि.; अशोकका रामपुरवा लेखमा– 'सव पासंडा पि मे पूजित विविधाय पूजाय') निर्माण गरेका थिए। कनिष्क र हुविष्कका समयमा तथा पछि गुप्तकालमा अनेक बुद्धमूर्ति निर्माण गरिएका उदाहरणहरू पाइन्छन्। सारनाथ (भिक्षु बलस्य ... बोधिसत्वो प्रतिष्ठापितो), साँची (मथुरा बालुआ प्रस्तरको पूर्वगुप्त कालको मूर्ति, साँची; पुरातत्त्व सर्वे, दिल्ली, १९७८, ४५), कुशीनगर (पाकेको माटोको बुद्धमूर्ति, बज्रपर्यकासन; ध्यानमुद्रा, प्रथम ई. सम्वत्; पाँचौं श.ई.को चुनार बालुआ प्रस्तरबाट निर्मित बुद्ध निर्माण मूर्ति, स्वामी हरिवल कृत, कुशीनगर, पुरातत्त्व सर्वे, १९८१, १९-२०), बोधगया (राजा त्रिकमल्लद्वारा निर्मितबुद्ध बज्रासन भूमिस्पर्श मुद्रा मूर्ति, ई.सं. ३८२-३८३, बोधगया, बगर योजना कार्यालय, १९६६, ६), आदि प्रसिद्ध बौद्धस्थलहरूबाट अनेक मूर्तिहरू पाइएका छन्। श्री आनन्दकुमार स्वामीले यक्षीमूर्तिसमूहबाट तीन किसिमका मूर्तिहरूको विकास भएको विचार प्रकट गरेका छन्। ती हुन्– बुद्धजन्ममूर्ति, अशोकवृक्ष दोहद र नदीदेवीका मूर्तिहरू (गङ्गा, यमुना आदि-यक्षाज, पृ. ३३)। यस्तै श्री शिवराममूर्तिका मतअनुसार यक्षिणी र देवमूर्तिहरूका दाहिने हातमाथि कुनै बोटको हाँगा समाइरहेको र बायाँ हात कमरतिर राखिएको मुद्राको नक्कल सालभञ्जिका र मायादेवीबाट बुद्धजन्मका मूर्तिहरूमा गरिएका छन्। माथिका यी दुवै मूर्तिकलाका प्रख्यात विद्वान्का अनुसार यक्षिणी र शालभञ्जिका मूर्तिहरूकै प्रभाव र शैली मायादेवी मूर्तिमा पाइन्छ।

लुम्बिनीमा पनि मुख्यमूर्तिको स्थापना कुषाणकालमै भइसकेको हुनु पर्दछ। किनभने लुम्बिनीका विहार उत्खनन्बाट मथुरा रातो बालुवा ढुङ्गाको सानो बुद्धमूर्ति (७.५ से. मीटर ऊचाई भएको) शिरोभाग पाइसकिएको छ (देवाल मित्र, तिलौराकोट, कुदान तथा नेपाल तराईमा अन्वेषण, १९७२, १९९, फलक १९ अ र २०, २)। त्यहींबाट एउटा अर्को कालो ढुङ्गाको सम्भवतः कुषाणकालकै बुद्धमूर्ति पाइएको छ। तर मायादेवी मन्दिर उत्खनन्बाट कुषाणकालको मूर्ति नपाइनु आश्चर्यको कुरा हो। लुम्बिनीको विषयवस्तु र महत्त्वलाई दर्शाउने मथुरा ढुङ्गाबाट निर्माण गरिएको एउटा पूर्ण मानवाकार (६ फीट पाँच इन्च अग्लो) बुद्ध जन्ममूर्ति त्यस ठाउँमा ३००-३२५ ई. सम्वत्तिर स्थापना गरिएको थियो। यो मूर्ति चारैतिरबाट कुँदिएको छैन र पट्टप्रतिमा अथवा अर्धचित्राकार (अगाडिमात्र कुँदिएको) छ।[११] त्यसमा मायादेवीलाई उभिएको मुद्रामा दाहिने हातले एउटाबोटको हाँगा समाइरहेको र उनको

बायाँ हात कमरमा (कट्यावलम्बित) छ। उनको दाहिने भागमा बुद्ध जन्मिने दृश्य चित्रित गरिएको छ। उनका मुख लाम्चो छ र घुमाउरा कपाल मुखका दुबै भागमा झुण्डिरहेका छन्। उनका कानमा रत्नकुण्डल, दाहिने हातमा मणिबन्ध र खुट्टामा तुलाकोटि छन्। गौतमी प्रजापति उनका पछाडि उभिएकी छिन्। दायाँ भागमा करण्डमुकुट लाएका ब्रह्माले बालक सिद्धार्थलाई दुबैहातमा थाम्ने मुद्रामा अलि तेस्रो भई उभिएका छन्। त्यसपछाडि किरीटमुकुट लाएका इन्द्र छन्। तल मध्यभागमा बालक सिद्धार्थलाई पद्माशनमाथि उभिएको देखाइएको छ। उनको टाउको पछाडि प्रभामण्डल छ। लुम्बिनीदर्शनका लागि ३००-३२५ ई.सम्वत्तिर आउने चिनियाँ यात्री सेंग-शाईले यस मूर्तिलाई एउटा बोट मुनि देखेका थिए।[१२]

**लुम्बिनीका मूलगंधकुटी**

कुनै पनि बौद्ध तीर्थस्थलमा अनेक चैत्य, सङ्घाराम, बौद्ध मन्दिरका साथै पोसथागारशाला (उपस्थानशाला), चंकमशाला, कूप र पोखरी हुन्छन्। त्यस ठाउँको मुख्य घटनासँग सम्बन्धित ठाउँमा प्रायः महत्त्वपूर्ण स्तूप र मन्दिर निर्माण गरिएको पाइन्छ। बौद्धधर्मले मूर्तिपूजा अँगाल्नु अगावै मन्दिरको निर्माण भएको पाइन्छ। कौटिल्य अर्थशास्त्रले मदिरा, शिव र अन्य देवगृहबारे उल्लेख गर्दछन् (सामशास्त्री, पृ. ५९)। त्यसै गरी अश्वघोष रचित बुद्धचरित्र (अध्या. ७, श्लोक ३३)मा देव-कोष्ठ भित्र जप गरिएको (जाप्यस्वना कूजित देवकोष्ठ) र शाक्येश्वरालय (अध्या. १, श्लोक ४९) बारे सूचना दिएको छ। हुन त भारहुत, साँची र बोधगयामा विभिन्न किसिमका देवमन्दिर र आश्रमहरू कुँदिएका छन्। विनयपिटकमा चार महागेहानि (बुद्ध निवास)को वर्णन गर्दा करेरीकुटी, कोशाम्बकुटी, गन्धकुटी र सललघरको उल्लेख आएका छन्। गयाको टङ्कित मञ्च नाउको मन्दिर सूचिलोमयक्षको आवास भवन थियो जहाँ भगवान् बुद्ध एक पटक बस्नु भएको थियो (सुत्र-निपात, सूचिलोभ-सुत्र, बुद्धचरित, २१,२०)। गन्धकुटीको उल्लेख दोस्रो श.ई.पूर्वमा भारहुत र बोधगयाबाट पाइएको छ।

अशोककालकै मन्दिरहरू बोधगया, सारनाथ (गजपृष्ठाकार– ), कुशीनगर (चतुष्काकार), साँची (गजपृष्ठाकृति) र बैराट (गोलाकार चैत्यगृह)बाट पाइएका छन्। यस बाहेक अशोकले भुवनेश्वर नजिक लोमश ऋषिगुफा (गोलोगर्भगृह र लम्बाकार मुखमण्डपका साथै अर्धगोलाकार मुखाकृति भएको) पनि निर्माण गराएका थिए।

अब लुम्बिनीमा विभिन्नकाल र आकृतिका उत्खननबाट पाइएका मन्दिरहरूबारे चर्चा गरौं। यस उत्खननबाट चार ऐतिहासिक कालका पाको ईंटबाट निर्मित मन्दिरहरू पाइएका छन्, जुन निम्न प्रकारका छन्।

**प्रथमकालका मन्दिर (२५३-२४९ ई. पूर्व)**

लुम्बिनीको हालसम्मका उत्खननबाट मायादेवी मन्दिर र स्तम्भबाट उत्तर-पश्चिम भूभागमा १५'.६" x१२'.५" लम्बाकार भवनको जग १९७८ को उत्खननको सिलसिलामा पाइएको थियो र त्यसको ईटको नाप– १७" x ८" x ५" थियो। त्यसले शाक्यपोखरी र अशोक स्तम्भको माझ भागमा बुद्धजन्मस्थलमा पनि अशोकपूर्वकालमा (३५०-३०० ई.पूर्वमा) तत्कालीन भवन पाउनु पर्ने सम्भावनालाई व्यक्त गरेको छ। तर त्यसको त्यसको अवशेष उत्खननबाट प्राप्त हुन सकेन, किनभने त्यसपछि अशोककालको मन्दिरनिर्माणक्रममा त्यो नष्ट भएको हुन सक्दछ। त्यसठाउँमा अशोकले निर्माण गराएका विशाल मन्दिरको उल्लेख उनको स्तम्भलेखमा 'शिलाविगडभीचा' शब्दले व्यक्त गर्दछ। यस शब्दको सही व्याख्या सर्वप्रथम श्री फ्लीटले गरेका थिए र त्यसलाई दिनेशचन्द्र सरकारले ईंट र ढुङ्गाले निर्माण गरिएको एउटा विशाल मन्दिर (प्रस्तर खचित इष्टक प्रकारः) निर्माण गरिएको अर्थ गर्नुभएको छ। त्यसपछि

परमेश्वरीलाल गुप्तले त्यस शब्दको व्याख्या– 'पवित्र जन्मस्थलका चारैतिर अशोकद्वारा निर्माण गराइएको प्रस्तरको अग्लो पर्खाल भनी गरेका छन्।'[१३]

अशोककालको जुन मन्दिरको उत्खनित अवशेष (२५३-२४९ ई.पूर्वकालीन) पाइएको छ त्यसको विस्तार २०.४ x १५.६ मी. क्षेत्रमा छ। त्यस उत्खननको क्रममा मन्दिरलाई अग्लो पाद (अधिष्ठान) प्रदान गर्ने निर्मित उत्तर-दक्षिण छवटा पर्खालहरू र पूर्व-पश्चिम विपरीत दिशातिर चारवटा पर्खाल, क्रमशः १५" x १०" x ३" नाप भएको पाको इँटबाट निर्माण गरिएका छन्। यस किसिमका अग्लो अधिष्ठानका लागि दुई विपरीत दिशाबाट पर्खालको निर्माण जेतवन विहार, राजगृह, कौशाम्बी र नेपालको भेडियारी (द्वितीय श.ई.पूर्वका अण्डाकार गर्भगृह भएको मन्दिर) तथा हाँडिगाउँ उत्खनन (जी.भे.रारडी, १९९२, ७२-७५)बाट (चौथो ई.पूर्वदेखि पहिलो ई.संवत्कालमा निर्मित) पाइएका छन्। यो पादभाग अथवा उप-पीठ जमिनको सतहबाट ५ देखि ७ फीटसम्म अग्लो पाइएको छ। लुम्बिनीमा निर्माण गरिएको अशोककालको मन्दिर गजपृष्ठाकृति हुने बढी सम्भावना छ। यसको चौकोरद्वार पूर्वतिर थियो र पश्चिममा रहेको वृत्ताकार भागले बुद्धजन्मस्थलमा रहेको गर्भगृहभागलाई प्रदक्षिणा गर्ने अवसर प्रदान गरेको थियो। केही विद्वान्हरूले त्यस पादभागमाथि स्तूपको निर्माण गरिएको थियो कि भन्ने शङ्का व्यक्त गरेका छन्। तर यसको सम्भावना कमै छ किनभने त्यहाँ स्तूपको निर्माण भएको खण्डमा अशोकले शाक्यमुनिको शरीरधातु अवश्य पनि राख्ने थिए। यसकिसिमका गजपृष्ठाकृति मन्दिर सारनाथबाट पाइएका छन्। (वा. सरण. अग्रवाल, सारनाथ, भारतीय पुरातत्त्व सर्वे, १९५७, पृ. १८, यो मन्दिर अशोकदेखि गुप्तकालसम्म थियो)। यसको लम्वाइ ८२ फीट ६ इन्च र चौडाइ ३८ फीट १० इन्च छ) मा यस आकृतिको मन्दिर थियो साँची (देवलभित्र, साँची, भारतीयपुरातत्त्व सर्वे, १९७८, पृ. ४८-५०; स्तूप-१ को सामुने यो मन्दिर मौर्य, शुंग, सातौं ई. मार एघारौ ई. संवत्सम्म कायम थियो)। यसबाट चुनार बलौटे प्रस्तरको, मौर्य पालिस भएको भिक्षापात्र पाइएको छ। अर्को गजपृष्ठाकृति मन्दिर, संख्या-४०, दक्षिणभागमा पाइएको छ। यो मन्दिर अशोककालमा २६.५२ x १४. ३.३५ मीटरको लंबाकार छ। यसमाथि मौर्यकालमा प्रस्तरको अधिष्ठानमाथि काठ र झिँगटीले मन्दिर निर्माण गरिएको थियो। यो मन्दिर २०० ई. पूर्व र सातौं-आठौं ई. संवत्सम्म पुनर्निमाण गरिएको थियो, (साँची, १९७८, पृ. ५७-५८)।

**मन्दिरको दोस्रो चरण (२००-१०० ई.पूर्व)**

यस कालका बाँकी रहेका अवशेष मध्ये त्यस ठाउँमा दोहोरो पर्खाल बाट निर्मित पाँचवटा लम्बाकार खाल्टोहरू पाइएका छन्, जसको निर्माण १३" x ९.५" x २.५" आकारका पाको इँटले गरिएको छ। यी अवशेषहरुले मन्दिरका उपपीठलाई अझै अग्लो पारेको प्रमाण प्रस्तुत गर्दछन्। यसको अधिकांश भाग भग्न भई हराइसकिएको छ र बाँकी रहेको अंशबाट यसका आकृतिबारे केही खास ज्ञान हुँदैन। यस कालको बाँकी रहेको अंशको मध्यभागको खाल्टोभित्र एउटा ताखा (Corbelled mitch) बाट केही चुनारप्रस्तरका टुक्राहरू पाइएको र तल्लोभागमा एउटा प्राकृतिक ढुङ्गा पाइएको छ। यस कुण्डले बुद्धजन्मको सही ठाउँलाई निर्धारण गरेको छ र यसैमाथि प्रायः सबैकालका मन्दिरहरूका गर्भगृहहरू रहेका थिए।

**मन्दिरको तेस्रो चरण (३००-३५० संवत्)**

यस निर्माणकालको तेस्रो चरणमा मन्दिर चौकोर र शिखराकार निर्माण गरिएको हुनुपर्दछ। त्यो मन्दिर बोधगया र सारनाथ (पर्सी ब्राउन, बम्बइ, १९५९, फलक ३८-३९) जस्तै हुनुपर्दछ। यस कालसम्म स्तूप र चैत्यघरभन्दा चौकोर शिखराकार मन्दिरको प्रचलन धेरै नै

प्रचलित हुन लागेको थियो । यस मन्दिरको निर्माण ३०० ई. देखि ३५० ई. संवत्का माँझमा हुने सम्भावना छ किनभने सेंड-शाई त्यहाँ आउँदा मन्दिर भग्न भई बुद्धजन्ममूर्ति एउटा बोटमुनि राखिएको थियो र ४०६ ई.मा फाहियान आउँदा यस चरणको मन्दिर पुनः नष्ट भएको थियो । यस चरणको मन्दिरको निर्माण मथुरा बलौटे ढुङ्गाको गुप्तकलाशैलीको मथुरामा निर्मित बुद्धजन्ममूर्तिको स्थापनाकालागि गरिएको थियो होला । त्यसमूर्तिको स्थापनाकालागि निर्माण गरिएका एउटा इँटको ३'.५.५" x ३'.४.५" र १८ इन्च अग्लो पीठ मात्र पाइएको छ ।

**मन्दिरको चौथोचरण (७०० ई. संवत्)**

चिनिया यात्री युवान-च्वांगको लुम्बिनी भ्रमण (६३६ ई.)पछि यस चरणको मन्दिर बनेको हुनुपर्दछ । यसकालको मन्दिर ज्यामिति र फुलबुट्टा समेत भएको इँटबाट बनाइएको सप्तरथशिखरशैलीको थियो । यस किसिमका मन्दिर झाँसी जिल्लाको देवगढ र भीतरगाउँबाट ५५० देखि छैटौं ई. संवत्मा निर्माण गरिएको थियो ।[१४] यस्ता इँटबाट निर्मित मन्दिरहरू कुदान, पैसिया, तिलौराकोट, बिकुली र चत्रादेईमा पाइएका छन् ।

यसपछि यो मन्दिरलाई तीनचार पटक विकृत रूपमा मायादेवीको मूर्तिलाई घामपानीबाट सुरक्षाका लागि १८९०, १९३३, १९३९ साल र पछि पनि निर्मित र मर्मत गरिएको थियो ।

**पादटिप्पणी**

१. डा. भरतसिंह उपाध्याय, बुद्धकालीन भारतीय भूगोल, इलाहाबाद, १९९१, २४९ ।

२. वासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेखोंका अध्ययन, दिल्ली, १९६१, भाग-२, पृ. २२ ।

३. जेम्स लेग्गे, ट्राभेल्स अफ फाहियान, दिल्ली, १९७१, पृ. ६८, ४; थमस वाटर्स, आउन युवान-च्वांग्स ट्रेवेल्स इन इंडिया, दिल्ली, १९७३, पृ. १४

५. निदानकथा भन्दछ– 'द्विन्नमपन नगरानामान्तरे उमयनगरवासीनमपि लुंबिनी वनम् नाम मंगल वनम् सोल वनम् अत्थि'

६. नलिनाक्षदत्त, धर्म र दर्शन, द एज अफ इम्पिरियलयुनिटी, १९६८, पृ. ३६५; १९९१ सालमा जर्मनीको गोटिनगेन नगरमा भएको गोष्ठीमा अधिकांश विद्वान्हरू बुद्धको मृत्यु ४८० ई. पूर्वमा भएको निर्णय गरेका छन् ।

७. लुम्बिनीस्तम्भ लेखले भन्दछ– 'पियदसि लाजिन वीसति वसाभिसितेन अतन आगाच महीयिते हिदबुधे जाते सक्य मुनीति; शाहवाजगढी पाठले उनको बोधगयाको यात्रालाई निम्नानुसार वर्णन गर्दछ– 'राजा दसवसाभिसितोसंतो अयाय संबोधि तेनेसा धंम-याता; अष्ट महास्थानको वर्णन ६७३ ई.मा आउने चिनियायात्री इत्सिङ्ग (ताकाकुसु, दिल्ली, १९६६, १०८); ई. संवत् १०२६ को सारनाथबाट पाइएको अभिलेखले 'अष्टमहास्थान शैलगन्धकुटि'को उल्लेख गरेको छ (वा: शरण अग्रवाल, सारनाथ, भारतीय पुरातत्त्व सर्वे, १९५६, ६); एघारौ श.ई.मा नेपाल र तिब्बत आउने अतिश दीपंकरको जीवनी; लामा तारानाथ, बौद्धधर्मको इतिहास, दिल्ली, १९९०, ६१-६२; राजा हर्षदेवद्वारा लेखिएको– 'अष्ट-महास्थान-चैत्य बन्दनास्तव; र नागार्जुनले लेखेका– 'अष्ट-महास्थान चैत्य स्तोत्र' आदिमा पाइन्छन् ।

८. जेम्स लेग्गे, फाहियान, पृ. ६८ ।

९. ए. किनंघम, भारतको प्राचीन भूगोल, वाराणसी, १९६३, पृ. ३५१ ।

१०. बुद्धजन्मबारे प्राचीन पाली साहित्य मज्झिमनिकायका अछरिभूतसुत्त र अरियपरिये शन सूक्तहरू छन् । बढी वर्णन गर्ने पाली निदानकथाले भन्दछ– 'देवीय तम दिस्य शालवनम्

कीडम कमत उदपदी शाल साखम गहेत्वा तित्थमानाय एक्सा गव्बभ वुत्थानम अहोसी' । तर अश्वघोषले बुद्धचरित्रमा पलंगमाथि गर्भाधान भएको बताउँछन्– 'शय्यां वितानोपहितां प्रपेदे', अध्या. १, श्लोक ८ ।

११. मानसार सिल्पशास्त्रले मूर्तिलाई तीन भागमा बाँडेको छ, ती हुन्– चित्र (सम्पूर्ण अङ्गदेखिने, सर्वाङ्गदृश्यमान), अर्धचित्र (आधा, अगाडि मात्र कुँदिएको) र आभास (केही मात्रामा मात्र देखिने), प्र. कुमार आचार्य, मानसार सिल्पशास्त्र, इलाहाबाद, १९२७, ७०; चित्राङ्गम अर्धचित्राङ्गम आभासांगम त्रिधोच्यते। अर्धाङ्ग दृश्यमानम् चअर्ध चित्रम् एवम् प्रकथ्यते।'

# पञ्चाबतप्रभृति पुराना पदको परिभाषा

– ज्ञानमणि नेपाल

नेपालको प्राचीन इतिहासका आधारभूत स्रोतहरूलाई पहिल्याएर हेर्दा अढाइ तीन हजार वर्ष पहिलेदेखि यस देशको नामकरण र राज्यको स्वरूप बनेको देखिन्छ । अथर्व परिशिष्ट, कौटलीय अर्थशास्त्र, बौद्ध जैन बाङ्मयहरूबाट नेपालबारे कतिपय सूचना मिल्दै आएका छन् ।[१] गुप्तसम्राट् समुद्र गुप्तको प्रयागको प्रशस्तिबाट आसाम र कुमाउका बीचको देश नेपाल भन्ने विवरण पाइएकोले लिच्छविकालमा पनि यस देशको यही स्वरूप देखिएको छ ।[२] चाँगुनारायणको प्रसिद्ध लिच्छविराजा मानदेवको स्तम्भलेखमा उनका बाबु धर्मदेव राजाको वर्णन गर्दा कुलपरम्पराबाट आएको ठूलो नेपालराज्यको पालना गर्ने भन्ने वर्णन गरिएको हुँदा मानदेवभन्दा पहिल्यै यो राज्य यस्तै ठूलो थियो र उनका शेखपछि पूर्वपश्चिमका सामन्तहरू स्वतन्त्र हुन खोज्दा उनले युद्ध गर्नुपरेको थियो, पश्चिम गण्डकीपारीका मल्लपुरीका सामन्तलाई कज्याएको थियो भन्ने र पूर्वमा किरात सामन्तलाई तह लाएको सङ्केत पनि हामीलाई मिलेको छ ।[४]

उपर्युक्त भनाइको तात्पर्य पूर्वलिच्छविकालमा नेपालराज्य महान् थियो भन्ने हो । पछिल्लो लिच्छविकालका अभिलेखमा नेपालराज्यलाई कतै नेपालभुक्ति र कतै नेपालमण्डल भनेर सम्बोधन गरिएको छ ।[५] त्यस वेला भारततर्फ पनि राज्यलाई भुक्ति भनिएको देखिन्छ । पुण्ड्रवर्धनभुक्ति (पूर्णियाँ) तीरभुक्ति (तेह्रौत वा मिथिला) जेजाभुक्ति (जझौती) आदि राज्यको नाम पाइन्छ ।[६] त्यस्तै नेपालमण्डल भनेर पनि नेपालका पूर्वपश्चिमका सामन्तशासित प्रदेशसमेतलाई लक्ष्य गरिएको थियो । यो नेपालमण्डल शब्दले चारभञ्ज्याङभित्रको नेपालखाल्डो मात्र हो भनेर केही विदेशी इतिहासकारहरू नेपाललाई सङ्कुचित बनाउन पहिलेदेखि अहिलेसम्म प्रयासरत रहेकै छन् ।[७]

मध्यकालमा नेपालमण्डलभित्र धेरै सामन्तशासित प्रदेश पर्दथे, ती प्रदेशलाई 'विषय' भनेर सम्बोधन गरिएको छ । शाब्दिक अर्थमा विषय भनेको देश हो । यस हिसाबले नेपाललाई पनि विषय भनेर पुकार्न सकिन्छ । कतिपय भारतीय वाङ्मयमा र नेपाली अभिलेखमा पनि नेपाललाई नेपालमण्डलका साथै नेपालविषय पनि भनिएको छ ।[८] पछि गएर विशेष गरेर पूर्वमध्यकालमा विषय वा देश भनेर सामन्तशासित प्रदेशलाई बुझाउन थालियो ।

मध्यकालमा त्यस्ता किसिमका सामन्तशासित विषय वा देश नेपालदूनका पूर्व पश्चिममा अनेकौं हुन थाले । पूर्वमा बनियम्प्यविषय, उदयपुरविषय, दक्षिणमा फनपिङ्ग (फर्पिङ्ग) विषय, पश्चिममा नवकोटभुक्ति, मग्वरविषय-पन्नगविषय वा नागदेश धवलस्रोतपुर, गण्डीगुल्मविषय,

जिग्लोद्गमविषय आदि थिए।[९] यी विषयमा सामन्तराजाहरू केन्द्रको मूल सिंहासनलाई मानेर शासन सञ्चालन गर्दथे। नेपालखाल्डो मात्र नेपालमण्डल हो भन्ने खालका विदेशीहरू र तिनका अनुयायी स्वदेशीहरूको मतमा यस्तो अर्थ गर्दा आपत्ति आइपर्ने हुनाले तिनीहरूले कि त ती विषयहरूका शासकहरूलाई स्वतन्त्र देशका शासक भन्नुपर्ने हुन्थ्यो कि त ती बाहिरका विषयलाई पनि नेपालखाल्डाभित्रै थिए भनी सिद्ध गर्नुपर्ने हुन्थ्यो, यसैले त्यस्तो सङ्कुचित अर्थमा नेपालमण्डललाई प्रयोग गर्न प्रयत्न गर्ने विदेशी र तिनका अनुयायीहरूले तानतुन गरेरै भए पनि ती पूर्वपश्चिमका विषयहरूलाई नेपालखाल्डाभित्रै पार्न भरमग्दुर प्रयास गरेका छन्।

जस्तै तिनले पन्नगविषय वा नागदेश भनेको ठिमीनेरको 'नकदेश', धवलस्रोतपुर भनेको 'धुलिखेल', गण्डीगुल्मविषय भनेको पाटनको 'गणिगुल्म' भनेर अर्थ्याउने प्रयास गरेका छन्।[१०]

मग्वरविषय मगरात, गण्डीगुल्म गण्डकीका किनारमा रहेको गुल्म चौकी वा किल्ला, धवलस्रोतपुर भनेको सेतीनदीका किनारमा रहेको वर्तमान पोखरा भन्ने कुरा मैले निश्चित गरेको छु। यसो गर्दा नेपालको सङ्कुचित अर्थ गर्नेहरूको मत खण्डित हुने कुरा स्वतः सिद्ध छ।

धुलिखेलको पूर्वरूप धुरिक्षेत्र पाइएको हुनाले धवलस्रोतपुरसँग यसको सामञ्जस्य हुनै सक्दैन। गण्डकीकै प्रस्रवणक्षेत्रमा मगरात प्रदेश परेको र गण्डकी र गण्डीगुल्म पनि स्पष्टसँग अहिलेसम्म देखिइरहेको हुँदा यसलाई पाटनतिर ल्याउने चेष्टा पनि व्यर्थ प्रयास हो भन्ने कुरा स्पष्ट छ।

पूर्वमा दुम्जा र पश्चिममा गोरखासम्मका लिच्छविकालका अभिलेख प्राप्त भएका छन्। यिनमा प्रत्यक्ष केन्द्रको शासन चलेको थियो भन्ने कुरा पनि अकाट्यरूपले भन्न सकिन्छ। सीमानाका भन्सारचौकीका अधिकृतहरूलाई सम्बोधन गरेर प्रसारित अभिलेखमा टिस्टुङ्ग, पालुङ्ग, चित्लाङलाई पनि नेपालदेशै भनेर लेखिएको प्रत्यक्षै छ।[११] पूर्वमा पलान्चोक दुम्जा पनि प्रत्यक्ष केन्द्रबाटै शासितप्रदेश हुन् भन्न सकिन्छ।

नेपाल भनेको ६।८ कोशभित्रको खाल्डोमात्र हो भनेर सङ्कुचित अर्थ गरेर नेपालमा भेद पार्ने र चार वर्ण छत्तीस जातको सुन्दर फूलबारीमा कीरा लाउने उद्देश्य लिएका विदेशीहरू र तिनका पृष्ठपोषकहरूले गरेको दुष्प्रयासलाई परास्त पार्न मैले नेपाल निरुक्तमा यथाशक्य प्रयास गरिसकेको छु, नेपालशब्दको निर्वचन र यसको विशालतालाई पनि मैले त्यहाँ पाएसम्मका प्रमाणद्वारा विश्लेषण गर्ने प्रयास गरेको छु।

प्राचीनकालको र मध्यकालको इतिहासको अध्ययन गर्दै जाँदा नेपालमण्डल र यसभित्र परेका विषयहरूको पनि परिचय र विवेचना गर्नुपरेको छ। पहिले नेपालमण्डलभित्र धेरैवटा सामन्तशासित विषयहरू रहेका थिए। कोशीप्रदेशदेखि कर्णालीप्रदेशसम्मको भू-भागलाई नेपाल भनेर सम्बोधन गरिन्थ्यो। टिष्टुङ्ग, पालुङ्गभेकलाई त नेपालदेश भनेरै सम्बोधन गरिएको कुरा त्यहीं प्राप्त अभिलेखबाट पनि अवगत हुन आउँछ। पछि कर्णालीप्रदेशमा छुट्टै शक्तिशाली राज्य खडा भयो। यसले पश्चिमका कर्णालीप्रदेशका र गण्डकीप्रदेशका धेरै विषयहरूलाई आफ्ना साम्राज्यमा गाभ्ने सामर्थ्य प्राप्त गर्‍यो। दक्षिण मिथिलाप्रदेशको सिम्रौनगढमा त्यस्तै शक्तिसम्पन्न राज्य कायम भएको थियो, यसले पनि नेपालको दक्षिणपूर्वी तराईभाग र केही पूर्वी पाहाडी भाग पनि आफ्नो अधीन गराएको थियो। पछि सिंजा राज्यको शक्ति क्षीण हुँदै गयो, सिम्रौनगढ राज्य पनि मुस्लीम-आक्रमणले ध्वस्त बनेपछि केन्द्रको शक्ति फेरि एकचोटि फैलिएर आयो। पन्ध्रौं शताब्दीको तेस्रो चरणदेखि एक शय वर्ष नेपालको उन्नति र अभिवृद्धिको रह्यो। त्यसपछि बिस्तारै नेपालराज्य विभाजित विखण्डित हुँदै आयो। नेपालको पूर्वपश्चिममा अनेकौं राज्य खडा भए। केन्द्रमा पनि काठमाडौं, पाटन, भक्तपुर गरी तीन राज्य कायम भए। सोह्रौं, सत्रौं, अठाह्रौं शताब्दीका अढाइ शय वर्षमा पूरा सङ्कुचितता र सङ्कीर्णता छायो। अब त पूर्वपश्चिममा स्वतन्त्र स-साना राज्य खडा भएका हुनाले

नेपालदूनमात्र नेपाल भनेर पुकारिने र बुझिने पनि हुन आयो। यति सङ्कुचित भएर नेपाल आयो कि अब त पाटन भादगाउँलाई पनि नेपाल नभनेर काठमाडौं मात्र नेपाल भनेर सम्बोधित हुने र बुझिने पनि भयो। नेपाल यसरी खुम्चिएकोमा विस्मय मान्दै एकजना ठूला कवि उदयानन्दले लेखेका थिए–

नेपाल मुद्दत भो र कान्तिपुर भो नेपाल बुझन्या तहाँ।[१२]

बडामहाराज पृथ्वीनारायण शाहको उदयपश्चात् नेपालको पुनः एकीकरण भयो र पछि मेची-महाकालीभित्रको भूभाग एउटा स्वतन्त्र नेपालराष्ट्रको रूपमा स्थापित हुन आयो। यस चारभञ्ज्याङभित्रको राजधानीसमेत रहेको क्षेत्र संस्कृतमा नेपाल उपत्यका र भाषामा नेपालखाल्डो भनेर पुकारिन थाल्यो। तर यी दुवै शब्द नयाँ हुन् र अर्थबोधसमर्थ पनि होइनन्, किनभने चारैतिर पाहाडले घेरिएको हुँदा यस क्षेत्रलाई खाल्डो भनियो तापनि नेपाली भाषामा खाल्डो भनी यति ठूलो भूभागलाई भन्न सुहाउँदैन। संस्कृतकोशअनुसार उपत्यका भनेको पाहाडको फेदमा टम्म बसेको सम्म जग्गालाई भनिन्छ, पाहाडको माथितिर सम्म बसेको जग्गालाई अधित्यका भनिन्छ। वरिपरि पाहाडले घेरेको यस्तो जग्गालाई बुझाउने ठेट शब्द संस्कृतभाषामा अर्कै छ। आजभोलि कोही कोही संस्कृतज्ञ नेपालउपत्यका भन्न मिल्दैन, नेपालअधित्यका भन्नुपर्छ भनेर पनि लेख्न लागेका छन्।[१३] पुराना साहित्यमा यसलाई न उपत्यका भनिन्थ्यो न अधित्यका नै भनिन्थ्यो।

लिच्छविकालमा यहाँका अनेकौं गाउँ शहरका भिन्नाभिन्नै नाम पाइन्छन्। काठमाडौं शहरको उत्तरी भेकलाई उत्तरकोलीग्राम, दक्षिणपाटोलाई दक्षिणकोलीग्राम भनिन्थ्यो। यस बाहेक गाङ्गुलपत्तन, कान्तिपुर, काष्ठमण्डप र यँ आदि नाम पनि यस शहरमा रुढ हुन आएका थिए। त्यस्तै पाटनलाई पहिले यूयग्राम अनि ललितपट्टन, यँल, मानिगल आदि नाउँले, भादगाउँलाई भक्तपुर, भक्तग्राम, खोपृङ्, ख्वप्व आदि नामले पुकारिन्थ्यो र पुकारिँदै पनि छ।

पशुपतिको द्वितीय जयदेवको अभिलेखमा नेपालखाल्डाको वर्णन गर्दा ठूलठूला पाहाडले चारैतिरबाट घेरिएको देवताहरूले विश्राम गर्ने सुमेरु पर्वतको शिलाजस्तो यो वेदी हो भनिएको छ।[१४] वेदीको अर्थ धनवज्र वज्राचार्यले नेपालउपत्यका भन्ने गरेका छन्।[१५] वेदीको अर्थ कोशअनुसार यज्ञ गर्नाको लागि चोख्याएको भूमि हुन्छ, अर्थात् वरिपरि तोरण, ध्वजापताका टाँगेर घेरिएको अलि ऊँचो पारेको चोखो ठाउँलाई वेदी भनिन्छ।[१६] वेदीलाई उपत्यका वा अधित्यका भनेर सम्बोधन गर्न सार्थक हुँदैन।

अब वरिपरि अग्ला पाहाडले घेरिएका यस्ता फाँटलाई संस्कृत वाङ्मयमा के भनेर सम्बोधन गरिन्थ्यो त भनेर विचार गर्नुपर्ने हुन्छ। पुराना संस्कृतसाहित्यमा 'द्रोणी' भन्ने पद पाइन्छ, कोशअनुसार यसको अर्थ काठको ठूलो पानी राख्ने भाँडो भन्ने हुन्छ।[१७] नेपालीमा यसलाई 'डूँड' भनिन्छ। सानो काठको डूँड गाईवस्तु पशुपक्षीलाई भुस्सा, भुस, चारो खुवाउन भाँडोको रूपमा प्रयोग गरिन्छ भने ठूलो काठ खोपेर बनाएको डूँड नदी तर्ने नाउका रूपमा प्रयोगमा आउँछ। यस्तै प्रकारका द्रोणी वा द्रोण (डूँड) ठूलठूला ढुङ्गा खोपेर पनि बनाइन्थे, यिनमा पानी हालेर भरिन्थ्यो, टुटी लाएर अग्लो ठाउँमा राखेर धाराको रूप दिइन्थ्यो र नुहाउने, पानी भर्ने, लुगा धुने आदि काम गरिन्थ्यो। यस्ता टुटेधारा लिच्छविकालमा र मध्यकालमा शहर, गाउँमा प्रशस्तै बनेका थिए। तिनलाई जलद्रोणी भनेर उल्लिखित गरिएको छ।

यस्तै द्रोणी (डूँड)को सादृश्यले होला वरिपरि पाहाडले घेरिएको डूँड जस्ता ठूलठूला फाँट परेका जग्गालाई पनि द्रोणी भनेर सम्बोधन गरिएको पाइन्छ। हिमाल पाहाडको यस क्षेत्रमा यस्ता द्रोणीरूपका भूमि धेरै पाइन्छन्, जस्तो सिन्धुली जिल्लामा तीनपाटन, नेपालको राजधानी रहेको चारभञ्ज्याङभित्रको नेपालखाल्डो, पोखरा, दाङ आदि नेपालदेशमा पर्दछन् भने भारतमा

यस्तो प्रदेश काश्मीरलाई देखाउन सकिन्छ। द्रोणीको अपभ्रंशरूपमा देहरादून हुन आएको देखिएको छ।

आर्यमञ्जुश्रीमूलकल्पमा खशद्रोणी भनेर देशको नामको उल्लेख पाइन्छ। खशहरूले आबाद गरेको वा खशहरूले बसोवास गरेको देश भन्दा खशद्रोणी भनिएको हो।[१८] यसले काश्मीरलाई वा यस्तै अरू कुनै प्रदेशलाई सम्बोधन गरेको बुझिन्छ। यस्तै खशद्रोणी र काश्मीरको शब्द सादृश्य पनि यहाँ स्मरणीय हुन आउँछ। त्यस्तै (उत्तर) काशी, कास्की आदिलाई पनि देखाउन सकिन्छ।

पाहाडले घेरिएका तीनपाटन जस्ता द्रोण वा द्रोणीमा बस्ने द्रोणवाल > द्रोणवार हुँदै दनुवार भनेर पुकारिँदै छन्। द्रोणी वा द्रोणको नेपाली रूप दून हुन्छ। देहरादून भनेर यस्तै जग्गालाई अहिलेसम्म सम्बोधन गरिँदैछ र यो नामकरण द्रोणीबाटै हुन आएको देखिन्छ। यी सबै कुराबाट हामीले पनि नेपाल-उपत्यका वा नेपाल-अधित्यका वा नेपालखाल्डो भन्नुभन्दा नेपालदून भन्नु नै शुद्ध र सुहाउँदो हुने ठहर्छ।

यो नेपालद्रोणी अर्थात् नेपादून प्राचीनकालदेखि नै राजधानी रहँदै आएको र यस देशको केन्द्ररूपमै थियो। समस्त देशलाई भन्दा नेपालभुक्ति र नेपालमण्डलका अतिरिक्त लोकमा नेपालजनपद पनि भनिन्थ्यो। 'जनपद' भन्ने शब्द धेरै प्राचीन हो। साधारणतः जनपदले समस्त मुलुकलाई नै बुझाउँछ। छुट्याएर भन्दा शहरलाई पुर गाउँबस्तीलाई जनपद भनिन्थ्यो। शहरमा बस्ने पौर र गाउँबस्तीमा बस्ने जानपद कहलाउँथे। गोरखाको लिच्छविकालिक अभिलेखमा नेपालवासीलाई जनपदलोक (जनपदका बासिन्दा वा प्रजा) भनेर सम्बोधन गरिएको पाइन्छ।[१९]

भारतवर्षमा मौर्यसाम्राज्य खडा हुनुभन्दा पहिले जनपदयुग थियो। जम्मा सोह्र जनपद थिए, तिनमा प्रायः गणतन्त्रात्मक शासन चल्दथ्यो। त्यसै वेला जनपदमा बस्ने देशवासीलाई भन्दा जानपद भन्ने शब्द रूढ हुन आएको थियो। संस्कृतवाङ्मयअनुसार पुरवासी वा पौर शब्दले सङ्कुचित अर्थ बोक्छ अर्थात् शहरवासीलाई मात्र बुझाउँछ, जनपदलोक वा जानपदले समस्त राष्ट्रवासीलाई कहन्छ। आजभोलि चलेको राष्ट्रवासीलाई कहन पौरको अर्को रूप नागरिक भन्ने प्रयोगमा छ। यस शब्दले न त राष्ट्रवासीलाई बुझाउँन सक्छ न त शहरवासीलाई नै। यो त संस्कृतवाङ्मयअनुसार पूर्ण अशुद्ध छ। अंग्रेजी 'सिटीजन' भन्ने शब्दको संस्कृतमा बलैले नागरिक रूप बनाइएको हो। वास्तवमा संस्कृतभाषाअनुसार यसले यो अर्थ बोक्तै बोक्तैन, यो रूप पनि बन्दैन। नगरशब्दबाट तद्धित वुञ् प्रत्यय भएर नागरक रूप बन्छ। यो शब्द प्रहरी अथवा चोर भन्ने अर्थमा प्रयुक्त हुन्छ।[२०] अर्को अण् प्रत्यय भएर नागर शब्द बन्छ, सो शब्द शहरिया र सिपालु-चतुर भन्ने अर्थमा पनि प्रयुक्त हुन्छ।[२१] यसैले आचार्य कौटल्यले आजभोलिको नागरिक शब्दको अर्थमा 'जानपद' शब्द प्रयोग गरेका छन्।[२२] यस कारण आजभोलि नागरिक शब्द जुन अर्थमा प्रयोगमा ल्याइएको छ, त्यो एकदम अशुद्ध छ ठक् प्रत्यय नभई सो रूप बन्दैन, त्यो विधि बताइएको छैन।

प्राचीनकालमा पाश्चात्य जगत्मा गणतन्त्रात्मक शासन चल्दा सभ्य नगरवासीलाई भन्दा सिटीजन शब्द प्रयोगमा आयो संस्कृतवाङ्मयअनुसार सिटीजनका ठाउँमा आएको नागरिक शब्दका साटो जानपद भन्ने पद प्रयोग गरेका खण्डमा शुद्ध र समुचित हुने देखिन्छ।

नेपालदेशमा रहेका शहर, गाउँ बस्ती र विषयहरूको प्रसङ्ग कोट्याउँदा उपर्युक्त केही शब्दको परिभाषा पहिल्याउन खोजेको हो। यस्तै प्राचीन अभिलेखमा र मध्यकालिक अभिलेखमा प्राप्त पुराना विषयहरूको र स्थानहरूको नाममा कतिको हामीले परिभाषा पहिल्याउन पाएका छौं भने कतिको त केही पनि आँतभेउ पाउन सकेका छैनौं। त्यस्तैमा पश्चिम नेपालमै रहेको जिग्लोद्गमविषयको बारेमा अन्योल परेको छ। जिग्ला सम्भवतः कुनै नदीको नाम हो र त्यसको उद्गमस्थलमा रहेको ठाउँ जिग्लोद्गम कहलायो। त्यसैको नामबाट जिग्लोद्गम

विषयको नाम रहन गएको बुझिन्छ। यस विषयमा विद्वान्जनहरू बस्दथे। यहाँ सुन्दर गरुडनारायणको मूर्ति स्थापित थियो। सो मूर्ति चोरिएर अमेरिका पुगिसकेकाले त्यो मूर्ति स्थापित भएको ठाउँ जिग्लोद्गमविषयको पत्तो लाउन गाह्रो परिरहेको छ। त्यो मूर्ति लाने मान्छेले विवरण दिएको भए निश्चयै यस विषयको पत्तो लाग्ने थियो।

अब यस्तै पश्चिम नेपालका विषयहरूको विषयमा चर्चा गर्दा एउटा अयथार्थ अर्थ गरिएको र त्यसैको आधारमा विषयको रूपमा प्रतिष्ठा पाएको एक अविषयको चर्चा गर्नुपरेको छ। ने.सं. ३२१ (वि.सं. १२५७)को राष्ट्रिय अभिलेखालयमा प्राप्त 'वृत्तसारसंग्रह-धर्मपुत्रिका' नामक हस्तलिखित ग्रन्थको पुष्पिकामा **'श्रीअरिमल्लदेवस्य विजयराज्ये श्रीपञ्चावतदेशीय विषयाधिपतिराणक श्रीश्रीधरसिंहस्य वर्तमाने'** भन्ने वाक्य उल्लिखित भएको छ। यसको अर्थ गर्दा अनुसन्धाता धनवज्र वज्राचार्यले पञ्चाबतदेशीयविषयका अधिपति श्रीधरसिंह राणक थिए भन्ने गरे र यो पञ्चाबतदेशीय नामक विषय कहाँ थियो पत्ता पाउन नसकेको कुरा पनि व्यक्त गरेर नुवाकोटदेखि पश्चिमतिर यो विषय हुनुपर्छ भन्ने अड्कल काटे।[२४] यसैको आधारमा त्यसपछि लेख्ने इतिहासविद्हरूले पञ्चाबतदेशीय विषयको नाम चर्चामा ल्याए। लुशियानो पेटेकले मगराततर्फ यो विषय हुनुपर्छ भन्ने सम्भावना व्यक्त गरे। जगदीशचन्द्र रेग्मी, महेशराज पन्त, हरिराम जोशीहरूले आफ्ना आफ्ना पुस्तक लेखहरूमा यसलाई विषयको रूपमा लिएर नामोल्लेख गरेका छन्।[२५] मैले पनि पहिले यस्तै होला भन्ने सम्झेको थिएँ। पछि मध्यकालको इतिहासको अध्ययन, अनुसन्धान, मनन गर्दै जाँदा उपर्युक्त पुष्पिकावाक्यको अर्थ गराइ अयथार्थ हुन गएको रहेछ भन्ने ज्ञात हुन आएको छ। त्यस कारण त्यसको सही अर्थ आओस् र इतिहासमा प्रचलित भएको भ्रम हटोस् भन्ने ध्येयले यो विवेचना गर्न लागेको छु।

धनवज्र वज्राचार्यले यस पुष्पिकावाक्यको अर्थ गर्दा पञ्चाबतदेशीय नाम गरेको विषयका अधिपति श्रधिरसिंह राणक थिए भनेर पद छुट्याएर अर्थ गरेको हुँदा त्यस्तो भ्रम सिर्जना हुन आएको हो। पञ्चाबतविषय मात्र लेखिएको भए त्यस्तो अर्थ गर्न सकिंदो हो, तर यहाँ त पञ्चाबतदेशीयविषयका अधिपति भनेको छ। वास्तवमा विषयाधिपति श्रीधरसिंहको विशेषणको रूपमा पञ्चाबतदेशीयलाई मान्नुपर्दछ। यसो गर्दा विषयका मालिक पञ्चाबतदेशीय थिए, यो विषयको विशेषण नभएर विषयाधिपतिको विशेषण हो। पञ्चाबतदेशीयको अर्थ पञ्जाबदेशका अर्थात् पञ्जाबदेश अभिजन वा जन्मभूमि भएका पञ्जाबी भन्ने हुन्छ। विषयका मालिक श्रीधरसिंह पञ्जाबी रहेछन् भन्ने कुरा यसबाट स्पष्ट बुझिन आउँछ।

मेरो यो अर्थ अहिलेसम्म प्रकाशमा आउन सकेको छैन। प्रसङ्गवश केही तद्विद्सँग भने यो कुरा मैले चलाउँदै आएको छु एकजना बुज्रुकै व्यक्तिले मेरो यस कुरामा असहमति जनाउँदै 'कहाँ हुन्थ्यो, त्यति टाढाबाट यस्तो दुर्गम पाहाडी मुलुकमा पञ्जाबी मान्छे आएर अधिपति हुन सक्छन् ? यहाँ धेरैजसो जङ्गलातै थियो, केही भागमा स्थानीय बासिन्दा मात्र रहेका थिए' भनेर मेरो कुरामा प्रत्याख्यान गरे। तर यो चाहिँ इतिहासतिरको अनभिज्ञता मात्र थियो। वास्तवमा पञ्जाबबाट मात्र होइन, पञ्जाबभन्दा धेरै टाढा काश्मीरबाट, महाराष्ट्रबाट, बङ्गालबाट, गुजरातबाट आएका विद्वान्, भिक्षु, व्यापारी र अरू जन पनि आएर केन्द्रमा मात्र होइन कोशी, गण्डकी र कर्णालीका प्रस्रवण क्षेत्र हुँदो बसोवास गरेका प्रशस्त प्रमाण पाइन्छन्। तिनमा केही म यहाँ उल्लेख गर्न चाहन्छु।

नेपालदेशमा जन्मेको वा अभिजन भएको भन्दा नेपालदेशीय, गुर्जरदेशमा जन्मेको वा पूर्वथलो भएको भन्दा गुर्जरदेशीय, जझौतीको बासिन्दा वा जन्मेको भन्दा जेजाभुक्तीय आदि रूप त्यस वेलाका विभिन्न अभिलेखमा देख्न पाइन्छ। अरि मल्लकै पालामा पुस्तक सार्ने हरिहरले आफूलाई चमत्कारपुरबाट आएको शैवाचार्य पण्डित भनेर चिनाएका छन्। धवलस्रोतपुरका महासामन्त रत्नदेवका राजगुरु शैवाचार्य काश्मीरी थिए। उनकै आश्रयमा रहेका अर्का ग्रन्थ सार्ने पण्डित भोगण पनि काश्मीरी नै थिए। धवलस्रोतपुरका महासामन्तका आश्रयमा रहेका

कायस्थ पण्डित जेजाभुक्तीय अर्थात् जभौतीका थिए।[२६] उतैबाट आएका सोलङ्गीकुल (सुराकी)का सामन्तहरू फर्पिङका विषयपति बनेका थिए।[२७] यी केही उदाहरण भए पूर्वमध्यकालका।

प्राचीनकालमा कुशीनाराका मल्लहरू आएर गण्डकीपारिका प्रदेशमा अधिकार जमाएर बसेका थिए। तिनले भोग गरेको वा आबाद गरेको भन्दा नै त्यस ठाउँको नाम मल्लपुरी रहन गएको थियो। उत्तरप्रदेशबाट र पश्चिमी तराईक्षेत्रबाट प्राचीनकालमा केन्द्रमा गएर बसेका नीप, लिच्छवि, वृजिक, कोली, श्रेष्ठी, शिवि, थारु आदि जातिका मान्छेको आबादी भएरै तिनको सम्झना दिने केही स्थाननाम अहिलेसम्म अवशिष्ट भएर रहेकै छन्।

यो परम्परा अहिलेको अर्थात् आधुनिककालको मात्र होइन, हजारौं वर्ष पहिलेदेखिको हो। लाहुरबाट आएको मान्छे यहाँ लाहुरे कहलाएर रहन्थ्यो भने अन्तबाट पनि जहाँबाट आएको होस् त्यहींको नामले पुकारिन्थ्यो। जस्तो माथि उल्लेख गरेका देशबाट नेपाल आएर अधिकारी भएर वा बेपारी भएर वा विद्वान् भएर वा सैनिक भएर वा साधारण जनता भएर रहँदा तिनीहरू तिनकै अभिजन वा पूर्वथलोको नामले पुकारिन्थे, अहिले पनि पुकारिँदै छन्, यो सार्वलौकिक चलन हो। आफ्नो पूर्वथलो वा अभिजनबाट थरको अभिव्यक्ति हुने पूर्वपरम्परा हो। महाराष्ट्रबाट आएका मरहट्टा, कुमाउबाट आएको कुमाई (कूर्माचलीय) तिरहुतबाट आएका तेह्रौंते गुजरातबाट आएका गुजराती बङ्गालबाट आएका बङ्गाली कन्नौजबाट आएका कनौजी पन्जाबबाट आएका पन्जाबी आदिलाई हामीले देखिरहेका छौं। हामीले जिकिर गरेका श्रीधरसिंह पनि पन्चावतदेशीय अर्थात् पन्जाबबाट आएका पञ्जाबी थिए। यहाँ पश्चिम नेपालको पाहाडी प्रदेशमा महासामन्तभन्दा माथिको राणक पद लिएर रजाइँ चलाएर बसेका थिए।[२८]

पश्चिमी नेपालको पाहाडी भागकै कुरा गर्दा पनि हाम्रो अनुश्रुतिअनुसार नीप जस्तै पारको शाखाले गण्डकीक्षेत्र आबाद गरेर अधिकार जमाएको कुरा बुझिन आउँछ। नीपहरू गोपाल थिए भने पारहरू महिषपाल थिए भन्ने कुरा पनि अवगत हुन्छ, किनभने पाहाडमा पाइँने थोरै दूध दिने सानो जातका खवटे अथवा किर्ने भैंसीलाई अहिलेसम्म पारकोटे भनिदैछ। ठूला जातका धेरै दूध दिने गाई वा भैंसी गुजराती वा लाहुरी कहलाउँछन्। ती डम्म परेका दोहोरो आडका राम्रा गतिला पनि हुन्छन्।

सुगौलीसन्धिपछि नेपालमा सैनिक जागिर खान नपाइने भएपछि वीर नेपालीहरू लाहोरमा गएर सीखराजा रणजितसिंहका सैनिकमा भर्ना भएर जागिर खान थाले। ती यहाँ आउँदा लाहुरे कहलाए, पछि पछि जहाँसुकै गएर जस्तोसुकै जागिरे भए पनि सैनिक भए पनि नेपाल आउँदा लाहुरे नै भनिन लागे। पञ्जाबकै लाहोर शहरबाट आएका बाहुन क्षेत्रीहरू पश्चिम नेपालमा लाहुरी टण्डन कहलाएर बसोवास गर्दै आएका थिए। लाहुरीटण्डन थर भएका छेत्रीकी छोरी जङ्गबहादुरले बिहे गरेका थिए। उनका जेठान सनकसिंह लाहुरीटण्डन प्रसिद्ध सैनिक अधिकारी थिए। उनका वंशजहरू थर लेख्दा लाहुरीटण्डन नै लेख्दै थिए।[२९] आजकल लाहुरी छोडेर टण्डन मात्र लेख्न थालेका छन्।

यसरी अरि मल्लको पालामा पश्चिम नेपालमा अधिकार जमाएर बसेका राणकजस्तो ऊँचो पदले सुहाएका श्रीधरसिंह लाहुरी टण्डनजस्तै पन्जाबी छेत्री थिए भन्ने कुरामा कति शङ्का छैन। पन्चावतदेशीय पद विषयको नाम हो भन्ने कुरा चाहिं सर्वथा अशुद्ध हो भन्ने कुरामा पनि शङ्का छैन।

**सन्दर्भ ग्रन्थ**

१. ज्ञानमणि नेपाल– नेपाल निरुक्त, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४० द्रष्टव्य।
२. उही

३. "कुलक्रमागत (मपान्नेपाल) राज्यम्महत्"
धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, नेपाल तथा एशियाली अनुसन्धान संस्थान, २०३०, ११ पृ. ।
४. उही १२-१३ पृ. ।
५. "नेपालभुक्तौ", उही ५३० पृ.
नेपालमण्डलान्तर्निवासिनो, उही ५७३ पृ.
६. क, "श्रीपुण्ड्रवर्द्धन भुक्तयन्तः पाति", दिनेशचन्द्र सरकार, सेलेक्ट इन्स्कृप्सन्स् ३ भाग, मोतीलाल वनारसीदास, वाराणसी, १३८३ ई.सं. ६७ र ९७ पृ.
ख, तीरभुक्तौ, उही ८३ पृ.
७. मेरी स्लसरको "नेपालमण्डल" भन्ने कृति नै यसको पछिल्लो उदाहरण हो ।
८. नेपालविषये श्रीमान् यशःकेतुरभून्नृपः
बृहत्कथामञ्जरीबाट–नेपालनिरुक्त २२ पृ.
"नेपालमण्डलेख्याते हिमाद्रेः कुक्षिमाश्रिते"
मञ्जुश्रीमूलकल्पबाट, उही
९. क. "श्री उदयापुराधिपति महासामन्त श्रीजनार्दनजीवस्य प्रवर्त्तमाने", पेटक– मेडिवल् हिष्ट्री अफ् नेपाल, रोम १६८४ ई.सं. ४५ पृ.
ख. "श्रीफलपिङ्गविषयाधिवासिना", उही ६३ पृ.
ग. "नवकोटभुङ्क्तिपर्जन्त", गोपालराजवंशावली
घ. मग्वरविषय, महेशराज, ऐश्वर्यधर शर्मा– द टू कम्परप्लेट इक्स्कृप्सन्स् फम् नेपाल, १२ पृ.
ङ. "श्रीपन्नगविषयाधिपति श्रीमहासामन्तहर्षदेवस्य", डिल्लीरमण रेग्मी– मेडिएवल् नेपाल १ भाग, १७८ पृ.
च. "धवलस्रोतपुरे महासामन्त रत्नदीवराज्ये", शास्त्री– क्याट्लग् २ भाग १९१६ ई. ८५ पृ.
छ. "श्रीगण्डीगुल्मकनिवासिन सुवर्णकार श्रीराणकस्य", राहुल-विहार-उडिसा रिसर्च सोसाइटी जर्नल २३/२९ पृ.
ज. "श्रीजिग्लोङ्गमविषये विद्वत्साधुजनान्विते", धनवज्र– सिनास, नर्वल ५ भाग १ स. १०९ पृ.
१०. 'स्वस्ति नेपालेभ्यः'को व्याख्या गर्दा नेपाल निरूपणमा मैले यसबारेमा छलफल गरेको छु ।
११. ज्ञानमणि नेपाल– महाकवि उदयानन्द अर्जेल र उनको काव्यसाधना, प्रज्ञा, ४१, पृ.
१२. यो मत स्वामी प्रपन्नाचार्यको छ ।
१३. "एषा भाति कुलाचलैः परिवृता-शलेयसंसर्गिभिर्वेदीमेरुशिलेव काञ्चनमयी देवस्य विश्रामभूः (२५), लि. अभिलेख ५५१ पृ.
१४. उही ५५
१५ वेदिः परिष्कृता भूमिः समे स्थाण्डिलचत्वरे १३८८, "यज्ञ गर्न बनाएका भूमिको नाम"– अमरकोश, माझकरितको ऐतिहासिक सिंहावलोकन 'भोजपुर'मा पनि यस विषयमा चर्चा गरेको छु ।
१६. द्रोणी काष्ठाम्बुवाहिनी ४८९, 'काष्ठाम्बुवाहिनी काष्ठमयी सा द्रोणी', पानी राख्ने काठका डुँडको नाम, अमरकोश
१७. खशद्रोणीको उल्लेख 'भोजपुर'मा पनि गरेको छु ।
१८. जनपदलोकान् ... समाज्ञापयति , लि. अभिलेख ५७८ पृ.

१९. नागरक– नगरे भवः कुत्सितः प्रवीणो वा "नगरात् कुत्सनप्राविण्ययोः" या. वुञ् । कुत्सने चौरे प्रवीणे शिल्पिनि च "अकुत्सनादौ तु अणेव नागरा ब्राह्मणाः" । वाचस्पत्यम्

२०. नागर– नगरे भवः अण् । बिदग्धे नगरोद्रवे च ।, उही

२१. कौटलीय अर्थशास्त्र १।५।९

२२. मेडिवल् नेपाल १ भाग २०७

२३. कन्ट्रिव्युशन्स् टु नेपलीज् स्टडीज् (सिनास–जर्नल) ५ भाग १, १०१ पृ.। "पञ्चाबतदेशीय विषय" भनेर धनवज्रले बारंबार उल्लेख गरेको पाइन्छ।, धनवज्र र टेकबहादुर– नुवाकोटको ऐतिहासिक रूपरेखा २० पृ.

२४. क. जगदीशचन्द्र रेग्मी, नेपालको वैधानिक परम्परा, पाठयक्रम विकास केन्द्र त्रि.वि. २०३६ पृ. ९६

ख. महेशराज र ऐश्वर्यधर शर्मा– द टू कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल ... पृ. २१ र २४ १९७७ ई. काठमाडौं

ग. हरिराम जोशी, रोलम्ब ७ भा. २ सं. ३६-३७ पृ.

अरू इतिहासकारहरूले पनि यही रूपमा यस विषयलाई ग्रहण गरेका छन् ।

२५. क. श्रीमदरिमल्लदेवप्रवर्द्धमानविजयराज्ये, श्रीविक्रमादगते १२७३ नेपालाब्द गततम्बत् ३३६ ज्येष्ठकृष्ण सप्तम्यां तिथौ बुधदिने गुर्ज्जरदेशीय चमत्कारपुरादागत ब्राह्मणपण्डिताचार्य श्रीहरिहरेण लिखितमिति ।, मेडिएवल् हिष्ट्री अफ् नेपाल, ८१ पृ.

ख. अद्येह श्रीमद् धवलश्रोत्र्यां महासामन्त श्रीभद्रत्नदेव कल्याणविजयराज्ये सम्बत्सराणां त्र्याधिक शतमत्रयमेङ्केऽपि सम्बत् ३०३ चैत्र शुदिपञ्चम्पां सोम्यांदिने भारो श्रीलिखापितं चेदम् जेजाभुक्तीय श्रीवास्तव्य कायस्थान्वय पण्डितश्रीरत्नपालेन ।, उही ७२ पृ.

ग. नेपालदेशीयसम्बत् ३०४ ज्येष्ठशुद्धि १३ गुरौ धवलश्रोतपुरे महासामन्त श्रीरत्नदिवराज्ये, मङ्गलं महाश्रीः ।, त्रिकषडन्वय शैवाचार्य श्रीश्रीधरराजगुरुणा लिखापित ।, शास्त्री क्याटलग् २।८५

घ. अद्येह नेपालविषये धवलश्रोत्रिकायां महासामन्त रत्नदेवराज्ये श्रीकाश्मीराचार्य तेजसिवस ... क्षत्र (वास्तु)व्य सोमवाडकस्य श्रीश्रीपुस्तकसहस्रत्रयसार्द्ध लिखित । लेखक भोगनमिति, मंगल महाश्री । (यहाँ महेशराज र ऐश्वर्यधर शर्माले 'धवलश्रोत्रिकायां'का ठाउँमा "ववलसान्निकायां" आदि अशुद्ध पाठ पढेर प्रकाशित गरेका छन्), द टू अर्लियष्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल, २३ पृ. टि.

२६ ... सुलङ्की वंशाधिपति सर्याकि (सुराकी) महाराउत्त श्रीजैतसिंह देवानां विजयराज्यम् ... तेतववास्तव्य वणिक सीहनायक सुत जयसही भारोकस्य पुस्तकं वाराणसीलिपिना नागराक्षरम् विविधरत्नशास्त्र पुस्तकं लिख्यते यथा महाराष्ट्र सं. पण्डित श्रीदामोदर पुस्तकं लिखितमिदम्, मेडिवल् नेपाल १।४०९ पृ.

२७. ज्ञानमणि– राणक राने राना, प्राज्ञा ८३ (क) पृ. १० पृ.

२८ रिडी हृषीकेश मन्दिरको घण्टाको अभिलेख–

श्रीवेदेन्दुधृतिशालिवाहनशके पुण्येतिरम्ये शुभे
क्षेत्रे रौरुसंज्ञके सुमतिना पाल्पाप्रदेशान्तिके
घण्टा सुस्वरसंयुता सनकसिंहेनार्पिता वै शुभा
भक्त्येयं रचिता स्थिरा चिर (त) रं श्रीकेशवप्रीतये ॥१॥
मानयन्तु सुधिया स्वदामितां
नाशयन्तु पथिजः शुभापदाम् ।

भावयन्तु यशसा स्थिराय तां
मोदयन्तु विबुधाश्चिराय ताम् ॥

सम्वत् १९४९ साल मिति माघवदि ११ रोज ५ मा श्री रीषेश्वर प्रीति गरी कम्याण्डर कर्णेल शनकर्सी टण्डन् लाहुरी क्षेत्रीले चढायाको घण्टा शुभम् ॥

(वि.सं. २०५० फागुनमा पश्चिम नेपाल परासी बुटवल, पाल्पा र रिडीतर्फ अनुसन्धान गर्न जाँदा सङ्ग्रह गरेका केही ऐतिहासिक अभिलेखबाट यो प्रासङ्गिक हुँदा यहाँ प्रकाशित गरेको हुँ ।

# अंशुवर्माको उपनाम कलहाभिमानी मात्र हो

– दिवाकर आचार्य,
बाल्मीकि विद्यापीठ

अंशुवर्मा स्वयंले राख्न लाएको एउटा अभिलेख र प्रजाका तर्फबाट राखिएका चारवटा अभिलेखमा गरी हालसम्म पाँचवटा अभिलेखमा अंशुवर्माको उपनाम पाइएको छ। ती अभिलेखमा अंशुवर्माको उपनामको उल्लेख यसरी आएको छः

१. प्रजाहितार्थोद्यतशुद्धचेतसांशुवर्मणा श्रीकलहाभिमानिना
सच्चा मन लाएर दुनियाँको हित गर्न उद्योग गरिरहेका, बुद्धिमान्, श्रीकलहाभिमानी अंशुवर्माद्वारा ... (हाँडिगाउँको अंशुवर्माको अभिलेख, वज्राचार्य पृ. ३२१-३२२, संख्या ७७)

२. श्रीकलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदयम् (वनकालीको अभिलेख, वज्राचार्य पृ. ३६६-३६७, संख्या ८७)
श्री कलहाभिमानी राजाबाट[१] निगाह पाएर ...

३. स श्रीमान्कलहाभिमानिनृपतिः सर्वज्ञतामाप्नुयात्। ... राज्ञा श्रीकलहाभिमानी[२] उहाँ श्रीकलहाभिमानी राजा सर्वज्ञ हुनुहोस्। ... उहाँ श्रीकलहाभिमानी राजाले ... ( फर्पिडको अंशुवर्माको पालाको अभिलेख, वज्राचार्य पृ. ३६८-३६९, संख्या ८८)

४. श्रीकलहाभिमानी नृपः – श्री कलहाभिमानी राजाले (दुम्जाको अंशुवर्माको अभिलेख, वज्राचार्य पृ. ३७७, संख्या ९२)

५.. ... श्रीकलहाभिमानिनृपतिभ्रातृस्नुषा
श्रीकलहाभिमानी राजाका भाइकी बुहारी ... (नीलवाराहीको अभिलेख, वज्राचार्य पृ. ४३१-४३२, संख्या ११४)

अंशुवर्माको उपनाम र त्यसको अर्थका सम्बन्धमा स्व. धनवज्र वज्राचार्यले आफ्नो पुस्तक 'लिच्छविकालका अभिलेख'मा र 'पूर्णिमा'को अङ्क १ मा प्रकाशित 'श्रीकलहाभिमानी राजा' शीर्षकको लेखमा समेत लामो विवेचना प्रस्तुत गर्नुभएको छ।[३] उहाँ लेख्नुहुन्छ– "विद्याप्रेमी अंशुवर्माले पनि आफ्नो आदर्शअनुसार 'श्रीकलहाभिमानी' भन्ने उपनाम लिएका थिए। यो कुरा तात्कालिक अभिलेखबाट थाहा पाइन्छ। 'श्रीकलहाभिमानी' उपनामको पहिलो उल्लेख हाँडिगाउँको अभिलेखमा भएको छ। यहाँ अंशुवर्मा नामको साथै 'श्रीकलहाभिमानी' उपनामको पनि उल्लेख भएको छ। ... पछि पछि त खालि 'श्रीकलहाभिमानी राजा' भन्ने बित्तिकै

अंशुवर्मालाई बुझाएको देखिन्छ। ... प्रायः लक्ष्मी र सरस्वतीको कलह हुने गर्छ। यस अवस्थामा लक्ष्मीको अगाडि झुक्ने सरस्वतीको केही भाउ हुँदैन। यसले विद्यालाई सच्चा विद्याकै रूपमा जोगाई राख्न चाहने विद्वान्ले लक्ष्मीसँगको कलहलाई पनि सहर्ष स्वागत गर्नसक्ने स्थितिमा आफूलाई पुऱ्याउनु आवश्यक हुन आउँछ। यसै हुँदा विद्याप्रेमी अंशुवर्माले पनि 'श्रीकलहाभिमानी = लक्ष्मीसँग कलह गर्न गर्व गर्ने' अर्थात् सरस्वतीका भक्त भन्ने उपनाम लिन मन पराएको देखिन्छ। 'मैले पैसा कमाएको छैन; तर यस कुरामा मलाई ग्लानि छैन; बरु गर्व छ' भन्ने भाव पनि यसबाट अंशुवर्माले झल्काएका छन्।"[४]

यस उद्धरणबाट वज्राचार्यले अंशुवर्माको उपनाम 'श्रीकलहाभिमानी' मान्नुभएको र यसको 'लक्ष्मीसँग कलह गर्न गर्व गर्ने' भन्ने अर्थ[५] गर्नुभएको देखिन्छ। उहाँले उक्त तात्पर्यको उपनाम अंशुवर्माको आदर्शसँग मिल्दो थियो भन्नुभएको छ र उहाँ 'अंशुवर्माको विद्यामा ठूलो 'आदर थियो' भन्ने युआन च्वांगको वर्णनबाट बढी प्रभावित देखिनुहुन्छ।

शङ्करमान राजवंशीले पनि अंशुवर्माको उपनामको व्याख्या गर्ने प्रयास गर्नुभएको छ। उहाँले वज्राचार्यले मानेजस्तै 'श्रीकलहाभिमानी' पदलाई नै अंशुवर्माको उपनाम मान्नुभएको छ, किन्तु यसको अर्थ भने 'श्री'को अर्थ 'राज्यश्री पनि हुन्छ' भन्ने आधारमा 'राजनीति क्रान्ति (?) गर्न गर्व भएका' भन्ने गर्नुभएको छ। राजवंशीले 'श्री' को अर्थ 'राज्यश्री पनि हुन्छ' भन्नुभएको छ, तर कसरी 'श्रीकलह'को अर्थ 'राजनीति क्रान्ति' हुन्छ, व्याख्या गर्नुभएको छैन। उल्टै उहाँले श्रीकलहाभिमानपरिषद्को कल्पना गर्नुभएको छ र अंशुवर्मालाई यसको सञ्चालक बनाइदिनुभएको छ। उहाँले लेख्नुहुन्छ[६]—"अंशुवर्माले केही भारदारहरूलाई सङ्गठन गरी शिवदेवको नेतृत्वमा गोप्य रूपमा एउटा श्रीकलहाभिमानपरिषद् खडा गरे। त्यस परिषद्ले गरेको कामअनुसार भौमगुप्तको तेजोवध भयो। अंशुवर्माको बढ्दो उन्नतिमा डाहा गर्ने गुप्तहरूले पनि अंशुवर्मालाई खतम गरी शिवदेवको तखत लिने एक षडयन्त्र रचेका थिए। तर अंशुवर्माको चातुर्यले ती षड्यन्त्रकारीहरूको षड्यन्त्रलाई दमन गरिदियो। दमन गरिएका शत्रुहरूले चारैतिर विद्रोह मच्चाए। ती विद्रोहीहरूको मुकाविला गर्न एक सुसङ्गठित सेना लिई अंशुवर्मा स्वयं अघि बढे। आखिर बिद्रोहीहरूलाई अंशुवर्माले सोत्तर पारिदिए। यसरी अंशुवर्माले राजनीति क्रान्ति गरी लिच्छवितखत उडाउन खोज्ने प्रमुख शत्रुहरूलाई सखाप पारी रक्तपात गरेको कुराको आफ्नो अभिप्राय सांगाको अभिलेखमा प्रकट गरेका छन्। भौमगुप्तलाई खतम गर्न स्थापना गरेको परिषद्देखि उठाएर यस बखत २९ वर्ष पुगेको हुँदा बुडमतीको अभिलेखमा संवत् २९ अङ्कित गरिएको छ। यसरी अंशुवर्माले आफ्नो हातमा पूरापूर शक्ति लिई द्वितीय राजा भएपछि भौमगुप्तलाई खतम गर्न आफूले स्थापना गरेको परिषद्को नामलाई सङ्केत गरी आफूलाई 'श्रीकलहाभिमानी' भनी घोषणा गरे 'श्रीकलहाभिमानीको वास्तविक अर्थ राजनीति क्रान्ति गर्नमा गर्व भएका भन्ने हो। किनभने 'श्री'को अर्थ लक्ष्मी पनि हुन्छ, राजोचित सम्मानलाई बुझाउने राज्यश्री पनि हुन्छ।"

यस उद्धरणमा परेका श्रीकलहाभिमानपरिषद्, राजनीति क्रान्ति, अंशुवर्माले गरेको रक्तपात, भौमगुप्तलाई खतम पार्न स्थापना गरेको परिषद्बाट उठाएर अंशुवर्माले संवत् चलाएको कुरा साथै श्रीकलहाभिमानपरिषद्लाई सङ्केत गरी उनले आफूलाई 'श्रीकलहाभिमानी' घोषणा गरेको कुरा समेत इतिहासलेखनको क्षेत्रमा कल्पनाजल्पलाई स्थान दिलाउन प्रयासरत राजवंशीको कल्पनाशील मस्तिष्कको उपजका अतिरिक्त केही होइनन्।

लिच्छविकालमा नाम-उपनामको अन्तमा वा मध्यमा 'अभिमानी' जोड्ने परम्परा थियो भन्ने कुरामा यस उपनामका अतिरिक्त अन्य दुई उदाहरण भेटिएका छन्[७] र अंशुवर्माको उपनाममा आएको 'अभिमानी' पद पनि कुनै 'अभिमानपरिषद्'को सदस्य भएको कारण आएको नभई त्यही परम्पराको अनुकरणमा आएको हो भन्ने निश्चित छ। यसै गरी भौमगुप्तका नाति जिष्णुगुप्तले आफू सर्वसमर्थ भएपछि पनि अंशुवर्माले थालेको संवत्लाई नै अंगालेको र

अंशुवर्मालाई पूर्ण सम्मानका साथ 'भट्टारकमहाराजाधिराजश्यंशुवर्मपाद' भनी उद्धृत गरेको पाइन्छ।[८] त्यसैले अंशुवर्माले कथित परिषद्स्थापना गरी 'राजनीति क्रान्ति' गरेको र रक्तपात गरी गुप्तहरूलाई सोत्तर पारी भौमगुप्तलाई खतम पारेको सम्झनामा आफूलाई श्रीकलहाभिमानी भनाई संवत् समेत चलाएको भन्ने लगायतका सबै कुरा कपोलकल्पित सिवाय केही होइनन् भन्ने तथ्य साबित हुन्छ। अतः यिनै कल्पनाहरूका भरमा टिकेको राजवंशीद्वारा प्रस्तुत अंशुवर्माको उपनामको व्याख्या पनि उचित सिद्ध हुन सक्दैन भन्ने स्पष्ट हुन्छ।

वज्राचार्यले मान्नुभएको अंशुवर्माको 'श्रीकलहाभिमानी' उपनामको व्याख्या भने सामान्य रूपमा भाषिक दृष्टिबाट सही देखिन्छ, तर भाषिक दृष्टिले सही हुँदाहुँदै पनि सूक्ष्म विश्लेषणको कमीले[९] गर्दा उहाँबाट यहाँ एउटा गम्भीर त्रुटि भएको छ। वज्राचार्य र राजवंशी दुवैले 'श्रीकलहाभिमानी'लाई अंशुवर्माको उपनाममानी यसको अर्थ गर्ने प्रयास गरेका हुन् र वस्तुतः यही नै उनीहरुको त्रुटि हो। वस्तुतः अंशुवर्माको उपनाम 'श्रीकलहाभिमानी' नभएर 'कलहाभिमानी' मात्र हो, तर यस कुरामा हालसम्म कसैको पनि दृष्टि पुग्न सकेको देखिदैन। 'कलहाभिमानी' उपनामसँग जोडिएर आएको 'श्री' सामान्य राजोचित सम्मानजनक 'श्री' हो र यसको उपनामको अर्थसँग कुनै सरोकार छैन। यो कुरा माथि उद्धृत गर्ते फर्पिडको अंशुवर्माको पालाको अभिलेखको सम्बद्ध अंशबाटै स्पष्ट हुन्छ। यहाँ अन्य उद्धरणमा 'श्री' प्रयोग गरिएको ठाउँमा त्यसको सट्टा 'श्रीमान्' प्रयोग गरिएको छ अर्थात् 'श्रीकलहाभिमानी' नभनेर 'श्रीमान् कलहाभिमानी' भनिएको छ। यदि अंशुवर्माको उपनाम 'श्रीकलहभिमानी' नै भई यसमा आएको 'श्री'को अर्थ लक्ष्मी भएको भए साथै यसको क्रमशः 'कलह' र अभिमानी पदसँग समास भएको भए यहाँ प्रयोग भएजस्तो 'श्रमिान् कलहाभिमानिनृपतिः' प्रयोग सम्भव हुँदैनथ्यो। त्यसैले यही प्रयोगकै आधारमा अंशुवर्माको उपनाम 'श्रीकलहाभिमानी' नभई 'कलहाभिमानी' मात्र हो र यसको अगाडि लागेको 'श्री' राजोचित सम्मानजनक 'श्री' हो भन्ने ठहर्छ।

'कलहाभिमानी'को अर्थ 'कलह = युद्ध गर्न गर्व गर्ने' अथवा 'कलह = युद्धमा कसैसँग नदब्ने' भन्ने हुन्छ[१०] र अंशुवर्माजस्ता प्रतापी राजालाई यो उपनाम सुहाउँछ पनि। शिवदेवले अंशुवर्माका लागि प्रयोग गरेका निम्नलिखित विशेषणहरूबाट पनि अंशुवर्माको यस उपनामको सार्थकता झल्किन्छ–

१. प्रणतसामन्तशिरोमणिमयूखविक्षुरितचरणारविन्दद्युतिना
ढोग्न आएका सामन्त राजाको शिरपेचका मणिको चहकले पाउ झलमल्ल सुहाएका (वज्राचार्य पृ. २३३, २३५; संख्या ५८)

२. स्वपराक्रमोपशमितामित्रपक्षप्रभावेन
आफ्नो पराक्रमले शत्रुको[११] दबदबालाई खतम पारेका (वज्राचार्य पृ. २४९, २५०, संख्या ६१; पृ. २५३-२५४, संख्या ६२)

३. (उ)पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचावभासितचरणयुगलेन
ढोक्न नुहेका अनेक (सामन्त) राजाका शिरपेचका मणिका चहकले दुवै पाउ झलमल्ल सुहाएका (वज्राचार्य पृ. २५८, संख्या ६३)

४. पृथुसमरसम्पातनिर्जयाधिगतशौर्य्यप्रतापोपहतसकलशत्रुपक्षप्रभावेन
ठूलो लडाईको मैदानमा बाजी मार्दा भएको शुन्याईंको प्रभावले सारा शत्रुहरूको दबदबालाई सखाप पारेका (वज्राचार्य पृ. २६०-२६१, संख्या ६४)

५. शत्रुसंख्याप्रमितबलपराक्रमेण (वज्राचार्य पृ. २६३, संख्या ६५)
शत्रुको (सीमित) संख्या देखेर बल र पराक्रम थाहा पाइने[१२]

६. स्वभुजयुगबलोत्खाताखिलवैरिवर्ग्गेण

आफ्ना दुई बाहुका बलले शत्रुको जरा खनेका (वज्राचार्य पृ. २७४-२७५, संख्या ६८)

७. पृथुसमरसम्पातनिर्जयाधिगतपराक्रमोपनमितान्याक्षितिपतिशिरोमणिप्रभाभा-सितचरणारविन्दयुगलेन

ठूलो लडाईं हुँदा जितबाजीबाट भएको पराक्रमले नुहाइएका अरू राजाहरूका शिरपेचका मणिका किरणले दुवै पाउ सुहाएका (वज्राचार्य पृ. २७९-२८०, संख्या ६९)

यहाँ उद्धृत यी सबै विशेषणहरूबाट[१३] अंशुवर्माले कुनै ठूलो युद्ध लडेका थिए र आफ्नै बाहुबलले शत्रुहरूलाई सखाप पारेका थिए भन्ने सङ्केत मिलेको छ। यसका साथै यताबाट अंशुवर्माले कुनै ठूलो लडाईं जितेकाले र आफ्ना शत्रुहरूलाई दबाउन पनि उनी सफल भएकाले सामन्तहरू उनीसँग सजिलै कजिएका थिए भन्ने पनि स्पष्ट भएको छ।

यसरी युद्धमा पराक्रमको प्रदर्शन गरेर वाहवाही पाएका र त्यसैका आधारमा भौमगुप्तको अनुपस्थितिमा[१४] सत्ताको नजीक पुगेर शिवदेवमाथि हावी हुन पुगेका अंशुवर्माले 'कलहाभिमानी' उपनाम लिनु नितान्त स्वाभाविक देखिन्छ।

अन्तमा, यद्यपि स्व-धनवज्र वज्राचार्यले तयार पार्नुभएको 'लिच्छविकालका अभिलेख' लिच्छवि अभिलेखहरूको अध्ययनसँग सम्बद्ध कृतिहरूमध्ये उत्कृष्ट हो र भविष्यमा गरिने अध्ययनहरूको आधार हो, तर पनि उक्त कृतिमा कतिपय गलत धारणाले स्थान पाएका छन् र अनुवादमा यत्रतत्र गल्ती भएको छ। यस्ता गलत धारणाहरूमध्ये केहीको खण्डन पनि आइसकेको छ र प्रस्तुत लेख पनि त्यही शृङ्खलामा पर्छ। यस्तै गल्तीका कतिपय अन्य उदाहरण यस लेखका पादटिप्पणीमा पनि समेटिएका छन्। अर्कातर्फ नयाँ भेटिएका लिच्छवि अभिलेखहरूको व्याख्या गर्दा र पाठ पढ्दा नै पनि अशुद्धि हुने गरेका छन्। त्यसैले, त्यस्ता अशुद्धि वा त्रुटिहरू सच्याउन र गलत धारणाहरूको निराकरण गरी कमीहरू पूरा गर्न समेत लिच्छवि-अभिलेखहरूको पुनरावलोकनात्मक अध्ययन हुनु आवश्यक देखिन्छ।

**पादटिप्पणी**

१. यस अभिलेखको इतिहासविद्हरूले गरेको व्याख्या भ्रामक छ, त्यसैले मैले यहाँ वज्राचार्यको अनुवादको अनुसरण गरेको छैन। यसैगरी लेखको पछिल्लो अंशमा पनि टिप्पणीसंख्या १२ मा उल्लेख भएको अंशको अनुवाद पनि मैले स्वयं गरेको छु। यी देखि बाहेक सबै उद्धरणको अनुवाद सूक्ष्मताको अभाव भए तापनि वज्राचार्यबाटै लिएको छु। वनकाली अभिलेखको पुनर्व्याख्याका लागि परिशिष्ट हेर्नुहोस्।

२. यहाँ अभिलेख खण्डित भएको देखाउन x x x चिह्नको प्रयोग गरिएको हो र आफूलाई चाहिएको अंशमात्र लिई बाँकी अंश छोड्न ... चिह्नको प्रयोग गरिएको छ।

३. हेर्नुहोस्, पूर्णिमा अङ्क १, पृ. ३-७, वज्राचार्य २०३०: ३३१-३३३।

४. हरिराम जोशी, डिल्लीरमण रेग्मी आदिको मत वज्राचार्यको भन्दा फरक छैन, त्यसैले ती सबैलाई यहाँ उद्धृत गर्नु आवश्यक देखिँदैन। जगदीशचन्द्र रेग्मीले भर्खरै प्रकाशित आफ्नो पुस्तक 'लिच्छवि-इतिहास'मा वज्राचार्य तथा राजवंशी दुवैको मत उद्धृत गर्नुभएको छ। उहाँले यी दुईको मध्ये कसको मत स्वीकार्नुभएको हो खोल्नुभएको छैन, तर पनि 'अंशुवर्माको श्रीकलहाभिमानी उपाधिले उनको विद्याप्रियता र विद्वत्तालाई सङ्केत गरेको तथ्यसाथ अर्को सन्दर्भ पनि गाँसिएको छ' भनी आफूलाई त्यसतर्फ मोड्नु भएको छ।

५. यस अर्थबाट वज्राचार्यले 'सरस्वतीका भक्त' भन्ने आशय निकाल्न खोज्नुभएको छ। किन्तु सामान्य अवस्थामा लक्ष्मीसँग कलह गर्न गर्व गर्ने व्यक्ति सरस्वतीको भक्त नै हुन्छ

भन्ने छैन। त्यसैगरी सरस्वतीका भक्तले सरस्वतीको भक्ति गर्न गर्व गर्छ भन्ने त निश्चित छ, तर उसले लक्ष्मीसँग कलह गर्न गर्व गर्छ नै भन्न सकिन्न। सरस्वतीको भक्त हुन लक्ष्मीसँग कलह गर्न गर्व गर्नैपर्छ वा यसो गर्दा सरस्वतीको भक्त भइहालिन्छ भन्ने पनि होइन। अझ राज्यश्रीलाई अँगालेर बसेको राजाले आफूलाई सरस्वतीको भक्त भनाउन चाँहदा पनि लक्ष्मीसँग कलह गर्न गर्व गर्ने माध्यम अपनाउनु स्वाभाविक पनि देखिँदैन।

६. राजवंशी २०३५: २२-२७।

७. हेर्नुहोस् आचार्य २०५३: ४०।

८. वज्राचार्य २०३०: ४०१-४०२, ४०५-४०६ इत्यादि।

९. संस्कृत भाषाका सामान्य ज्ञानमै विश्वास गर्नाले इतिहासका व्याख्याताहरूबाट यस्ता भूलहरू हुने गरेका छन्। यसअघि नै मैले वज्राचार्य लगायतका वहाँ अघि र पछिका इतिहासका व्याख्याताहरूले चैलकरलाई 'कपडाको उत्पादनमा लागेको कर' मान्ने गरेकोमा त्यसको खण्डन गरी चैलकर वनपैदावारमा लागेको कर हो भन्ने कुरा उपस्थापित गरिसकेको छु (मर्यादा– स्वर्णशुभजन्मोत्सवाङ्कः पृ. ५६-६२) र यस्तै अन्य अशुद्धिहरूको संशोधनमा म लागिपरेको छु।

१०. संस्कृतमा 'कलह' शब्दले नेपाली-हिन्दीमा जस्तो नकारात्मक अर्थको मात्र ग्रहण नभई सामान्य रूपमा 'युद्ध' अर्थको ग्रहण हुन्थ्यो। यस प्रसङ्गमा अंशुवर्माको उपनामसँग समता राख्ने 'कलहप्रिय' (युद्ध गर्न रुचाउने) शब्दलाई मोनियर विलियम्सले आफ्नो कोशमा एक राजाको नाम मानी समावेश गरेको कुरा पनि उल्लेख्य देखिन्छ।

११. यहाँ वज्राचार्यले 'अमित्र'को अर्थ 'शत्रु' गर्नु भएको छ र यसमा अलिकति विचार गर्नुपरेको छ। यहाँ 'अमित्रपक्ष भनेर सङ्केत गरिएको पक्ष भौमगुप्तका समर्थकहरू हुन सक्छन्। कुनै ठूलो लडाईंमा देखाएको शौर्य्य र पराक्रमको बलैले अंशुवर्मा गुप्तहरूलाई दबाउन सफल भएको सङ्केत उनलाई दिइएका विशेषणहरूबाट पाइन्छ। गुप्तहरूलाई पन्छाई आफू सत्तामा पुग्न अंशुवर्माले कुनै रक्तपात गर्नुपरेको थिएन। उनी शिवदेवका सहायताले र आफनो पराक्रमको कीर्तिकै बलले गुप्तहरूमाथि हावी भएका थिए। त्यसैले अंशुवर्मा र गुप्तहरू परस्परमा शत्रु थिएनन् न त मित्र नै थिए बरु अमित्रकिंवा मित्रदेखि बाहेकका थिए। यो कुरा अंशुवर्मापछि पुनः सत्तामा पुगेका जिष्णुगुप्तले अंशुवर्माको आदरपूर्वक सम्झना गरेबाट (छिन्नमस्ताको अभिलेख, वज्राचार्य संख्या १०५) पनि प्रमाणित हुन्छ।

१२. वज्राचार्यले यसको अर्थ 'शत्रुहरूले बल-पराक्रम थाहा पाइएका' भनी गर्नुभएको छ, तर मूलबाट यो अर्थ निस्कन्न। त्यसैले यसको अनुवाद आफैं गरेको हुँ।

१३. यहाँ उद्धृत गरिएभन्दा बाहेक अन्य दुई अभिलेखमा (वज्राचार्य संख्या ५९, ६०) पनि यस्ता विशेषण छन् तर ती विशेषण पूरा नभई खण्डित रहेकाले यहाँ उद्धृत नगरिएका हुन्।

१४. अंशुवर्माले लडेको र विजय हासिल गरेको भनिएको 'पृथुसमर' (ठूलो लडाइँ) कुन थियो यसै भन्न गाह्रो छ, तर पनि उक्त 'पृथुसमर' आन्तरिक सङ्घर्षभने पक्कै थिएन। अंशुवर्माका विशेषणहरूमा 'ठूलो लडाईंमा देखाएको शौर्य र हासिल गरेको विजयको प्रभावैले शत्रुपक्षलाई साम्य पारेका' भनी उल्लेख भएबाट र अंशुवर्माले लडेको युद्धलाई 'ठूलो' भन्ने विशेषण लगाइएबाट पनि यही कुरा झल्कन्छ। सम्भवतः यो युद्ध कुनै सीमान्त क्षेत्रमा लडिएको हुन सक्छ र यसमा लड्दालड्दै भौमगुप्त मारिएका हुन सक्छन्। सर्वदण्डनायक महाप्रतिहार भौमगुप्तको मृत्युपछि सामन्तमण्डलका वरिष्ठसामन्त अंशुवर्माले युद्धमा नेतृत्व गरी विजय हासिल गरेका हुन सक्छन् र युद्धपछि पहिले भौमगुप्तले संभालेको कामकाज शुरुमा सामन्त नै रही र पछि महासामन्त भई

सँभालेका हुन सक्छन्। यसरी अप्रत्याशित रूपमा भएको भौमगुप्तको अवसानले गुप्तहरू कमजोर हुन पुगेका र बिस्तारै अंशुवर्माको उदय भएको हुन सक्छ। जिष्णुगुप्तले अंशुवर्मालाई देखाएको सम्मानदृष्टि र गुप्तहरूले अंशुवर्माले प्रयोग गर्न थालेकै संवत् अँगालेको बाट पनि अंशुवर्मा र गुप्तहरूबीच कटुता थिएन भन्नुपर्ने हुन्छ र यस निष्कर्षले यहाँ उल्लेख गरिएजस्तै सम्भावनातिर इङ्गित गर्छ।

**परिशिष्ट**

वनकालीको अभिलेखको पुनर्व्याख्या

पशुपति वनकालीमा रहेको भनिएको यो अभिलेख अहिले हराइसकेको छ। सम्भवतः २०१६ सालमा त्यहाँ भएको जीर्णोद्वारको क्रममा अभिलेख रहेको शिला पुरिएको वा नष्ट भएको हुनुपर्छ।

**मूलपाठ**

१ ................................... प्रासादपिण्ड स्थल
सदभित्यामृतवर्मणा ... प ... शिलापट्टकम्।

२. (भर्तुः पुण्य) विवृद्वये भवगतिक्लेशक्षयायात्मनः
भार्य्या श्रकिलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदय (म् ॥)

अनुवाद– अमृतवर्माले ... मन्दिरको इलाकालाई राम्रो पर्खालले ... शिलापत्र ... पत्नीले कलहाभिमानी राजाबाट निगाह पाएर पतिको पुण्यवृद्धिकालागि र आफ्नो पनि संसारमा आउन-जानमा कारण भएको क्लेशको नाशका लागि ...

व्याख्या– अमृतवर्माले पहिले यहाँको मन्दिरलाई बीचमा पारी यसले चर्चेको इलाकालाई राम्रो पर्खालले बारेका थिए र शिलापत्र पनि राखेका थिए।

पछि तिनकी पत्नीले आफ्नो पतिको पुण्यवृद्धिका लागि र आफ्नै पनि संसारमा जन्मनमा र संसार छोड्नमा समेत कारण भएका राग, द्वेष, अभिनिवेश, अस्मिता र अविद्या यी पाँच क्लेशहरू क्षीण हुन् भनी कलहाभिमानी राजा अंशुवर्माबाट निगाह पाएर मन्दिरको जीर्णोद्वार गरेको वा कुनै देवमूर्ति स्थापना गरेको भाव यस अभिलेखबाट निस्कन्छ।

यस अभिलेखको व्याख्या गर्ने क्रममा कसैले श्रीकलहाभिमानी राजाकी पत्नीले उहाँबाट निगाह पाएर देवताको स्थापना गरेको भनी लेखेका छन् भने कसैले श्रीकलहाभिमानी राजाकी पत्नीबाट निगाह पाएर अमृतवर्माले प्रासाद बनाएको उल्लेख गरेका छन्। पहिलो पक्ष स्वीकार्दा 'श्रीकलहाभिमानी नृपतेः' यस अंशको दुरन्वय र 'लब्ध्वा प्रसादोदयम्' यस अंशको भाव पूरा हुनका लागि आवश्यक पूरक पदावलीको अभावको समस्या आइपर्छ। यसै गरी अभिलेखमा 'भार्य्या' पद कर्ताको रूपमा आएकोले दोस्रो अर्थ पनि स्वीकार्य हुन सक्दैन।

**सन्दर्भ**


आचार्य, दिवाकर – 'चैलकर कपडाको उत्पादनमा लागेको कर होइन' मर्यादा, स्वर्ण-शुभजन्मोत्सवाङ्क, पृ. ५६-६२, काठमाडौं: वाल्मीकि विद्यापीठ २०५२

– 'शिलवतीको अभिलेख र यसका विशिष्ट पक्ष', प्रज्ञा, पूर्णाङ्क ८३ क, पृ. ३९-४५, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०५३

जोशी, हरिराम – नेपालको प्राचीन अभिलेख, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०३०

Jha, Hit Narayan - The Lichavis, Varanasi Chowkhamba Sanskrit Series office 1970

नेपाल, ज्ञानमणि – नेपाल निरुक्त, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०४०

राजवंशी, शङ्करमान – 'अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय' प्राचीन नेपाल, पूर्णाङ्क ४३-४५, पृ. २२-२७, काठमाडौंः पुरातत्त्व विभाग २०३५

रेग्मी, जगदीशचन्द्र – लिच्छवि-इतिहास, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र २०५३

Regmi, Dilli Raman - Inscriptions of Ancient Nepal. 3 Vols. Delhi: Motilal Banarasidas 1983.

Slusser, Mary Shepherd - Nepal Mandala: A Cultural Study of Kathmandu Valley. 2 Vols. Princeton: Princeton University Press 1982

वज्राचार्य, धनवज्र – 'श्री कलहाभिमानी राजा' पूर्णिमा, पूर्णाङ्क १, पृ. ३-७, काठमाडौंः संशोधन मण्डल २०२१

– लिच्छविकालका अभिलेख, काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान २०३०

# नर्तक राजा प्रताप मल्ल

– रुक्मिणी (वन्त) प्रधान

कुनै पनि भावलाई शरीरका अङ्गद्वारा हाव-भावका साथ व्यक्त गर्नु नृत्य हो। नृत्य एक साङ्केतिक विज्ञान हो। नृत्यमा हातद्वारा विभिन्न सङ्केत गरिन्छ। यसै साङ्केतिक भावलाई बुद्धकालमा मुद्रा भनियो।[१] यसको धार्मिक उपासनामा समेत महत्त्वपूर्ण स्थान रहन गयो। देवताहरूलाई प्रसन्न पार्न यिनै मुद्राहरूको संयोजनबाट धर्मावलम्बीहरूले धार्मिक नृत्यहरूको रचना गरे।

नृत्यको प्राचीनताबारे विचार गर्ने हो भने पौराणिककालसम्म जान सकिन्छ। स्वस्थानी आदि पौराणिक ग्रन्थहरूमा भगवान् शिव मृगछाला कम्मरमा बाँधी, डमरु बजाई नृत्य गरिरहेको वर्णन आउँछ। यसैको प्रतीक शिवको नाटचेश्वर रूप देखा पर्दछ। शिवको नृत्यलाई ताण्डव नृत्य पनि भनिन्छ। त्यसैले नाटचेश्वर शिव प्रायः नृत्यमा मग्न शिवको रूपमा कुँदिएको अथवा चित्रित गरिएको पाउँछौं। नृत्यनाथ वा नाटचेश्वर शिवलाई शिवजीको अर्धनारीश्वरको रूपमा देखाइएको पनि पाइन्छ।[२] नाटचशास्त्रका अनुसार भगवान् शिव १०८ प्रकारका नृत्यका ज्ञाता थिए।[३] नृत्यका ज्ञाताहरू शिवको 'नाटचेश्वर' रूपलाई प्रजा-अर्चना गर्ने गर्दछन्। भारतका देवमन्दिरहरूमा पनि बढीमात्रामा नाटचेश्वर शिवका मूर्तिहरू कुँदिएको पाइन्छ।

बुद्धधर्ममा महायानले तन्त्रयानको रूप लिनुभन्दा पहिले नै धर्ममा नृत्यगानको प्रवेश भइसकेको थाहा हुन्छ। तन्त्रयानमा पुजिने सोह्र देवीहरूको हातमा देखाइने अबीर धूप, बत्तीका साथै मृदङ्ग, वीणा, तबलाजस्ता बाजाहरूले यस कुरातिर ध्यान आकर्षण गर्दछ। अझ गीत गाई नाचिरहेको जस्तो भाव-भङ्गिमा समेत भएकोले यसबाट उपर्युक्त कुराको पुष्टि हुन्छ।[४] हिन्दू धर्मावलम्बीहरूका विद्याकी देवी मानिने 'देवी सरस्वती'को हातमा पनि वीणा देखाइने गरिन्छ।

हिजोआज पनि समाजमा नृत्यगानको महत्त्व रहिरहेको छ। नृत्य-गायनको प्रेमीहरू नाटचेश्वर शिव अथवा 'नास द्यः' (नेवारी नाम)को सप्रेम उपासना गर्ने गर्दछन्। हाम्रो समाजमा नासद्यः नृत्यप्रेमीहरूको प्रेरणाको रूपमा विद्यमान छ। मल्लकालमा पनि नृत्यनाथको पूजा-आराधना गर्ने गरिन्थ्यो। नाचगायनतर्फ लागेका व्यक्तिहरू नाटचेश्वरलाई ज्यादै महत्त्व दिन्थे। नाचगान सिक्ने सिकाउने पाटी-पौवामा समेत नाटचेश्वर शिव स्थापना गरिएका हुन्थे। तात्कालिक समयमा नाचगान सिक्न सिकाउन तथा प्रदर्शन गर्न आज झैं नाचघर अथवा ठूल-ठूला हलहरू थिएनन्। त्यसताकाका जनता मात्र हैन राजाहरूको समेत नृत्यकलाप्रति विशेष झुकाव रहेको थियो। उपत्यकाका तीन राजाहरूमध्ये कान्तिपुरका राजा

प्रताप मल्लको चाख यतातिर विशेष रहेको पाइन्छ ।[५] उनी नृत्य हेर्नमात्र सौखिन थिएनन् । आफै नृत्य गर्ने सौख पनि उनमा थियो । यसैकारण उनी नर्तकका रूपमा रङ्गमञ्चमा उत्रेका थिए ।[६] यो कुरा अभिलेखहरूबाट पुष्टि हुन्छ । यसै अवसरलाई लक्ष्य गर्ने गरी दरबारभित्रै नृत्यदेवता नाटचेश्वरको भव्यमूर्ति स्थापना गराउन लगाएका थिए । दरबारभित्र हुने नाचगान आदिको तैयारी (रिहर्सल) गर्न गराउनका लागि उनै नाटचेश्वर शिव (नास द्यः)को नाममा नासलचोक बनाउन समेत लगाएका थिए । जसरी होस् कलाकारहरूलाई सुविधा मिलोस् भन्ने भावना प्रताप मल्लमा रहेको थियो । कलाकारहरूमा नासद्यः आराध्यदेवका रूपमा आज पनि उत्तिकै पूजिन्छन् ।

नेपालमा प्रामाणिक आधारमा नृत्य-परम्पराको सुरुआत कहिलेदेखि भयो भन्ने कुरा किटेर भन्न सकिँदैन । इतिहासका सामग्रीहरू केलाई हेर्ने हो भने लिच्छविकालमा पनि नृत्य, गायनप्रति मानिसहरूको आकर्षण रहेको देखापर्छ । तात्कालिक शिलालेखहरूमा उल्लेख गरिएका 'वादित्र गौष्ठिक'[७]ले उक्त कुराको पुष्टि गर्दछ । बाजागाजा, नृत्य, गायनको प्रमुख अंशको रूपमा रहेको कुरालाई हामी नकार्न सक्दैनौं । फेरि लिच्छवि राजा मानदेवकी छोरी विजयावतीको सूर्यघाटको अभिलेखबाट[८] पनि तात्कालीन समाजमा नृत्य, गायन तथा सङ्गीतको महत्त्व बढी थियो भन्ने बुझिन्छ । त्यस अभिलेखमा विजयावती आफैले नाच, गान तथा वाद्यविद्या आदिको तालिम प्राप्त गरेको वर्णन गरिएको छ । यसबाट राजपरिवारका सदस्यहरू समेत नाचगानका तालिम हाँसिल गर्दथे भन्ने देखिन आउँछ । चिनियाँ दूतमण्डलीको भनाइ 'नेपालीहरू नाचगान गरी रमाई बस्ने'लाई मान्ने हो भने पनि नेपाली समाजमा रहेको नाचगानको परम्परामाथि निकै प्रकाश पर्दछ ।

लिच्छविकालीन मूर्तिकलाहरूमा रहेको नृत्यदृश्यले पनि नेपालमा रहेको नृत्यको प्राचीनतामाथि प्रकाश पार्दछ । प्राचीन समयमा कुँदिएका प्रायःजसो उमामहेश्वरको मूर्तिको पादपीठमा नाचिरहेको दृश्य अङ्कित भएको पाइन्छ ।[९] यी मूर्तिहरूको तल्लो भागमा गणेशसहित महादेवका अन्य गणहरू तथा कुमारलाई नाचमा मस्त रूपमा चित्रित गरिएको हुन्छ । यसबाट नेपाली समाजमा नाचगानको महत्त्वको बोध हुन्छ । यी सबले तात्कालिक समयमा रहेको नृत्यपरम्परालाई औंल्याइएको पाइन्छ ।

मध्यकालमा आएर नाच, गान, वाद्य (तौर्यत्रिक) महत्त्वपूर्ण हुन गए । यी समाजका प्रमुख अङ्गझैं हरेक उत्सव अवसर, जस्तैः विवाह, व्रतबन्ध वा अन्य धार्मिक कार्य तथा पाटी पौवा आदि प्रतिष्ठा गर्दा समेत प्रस्तुत गर्ने गरिएको पाइन्छ । अभिलेखालय आदिमा सुरक्षित प्राचीन हस्तलिखित ग्रन्थहरूको अध्ययन गर्ने हो भने नाटक गीत आदिको प्रशस्त सङ्ग्रह रहेको पाइन्छ । यीमध्ये धेरैजसो नाटकहरू राजकुमारहरूका विवाह, व्रतबन्ध आदि शुभ अवसरमा रचिएका र मञ्चन समेत गरिएका हुन्थे । नाटकहरू प्रायःजसो देवदेवीसँग सम्बन्धित, सङ्गीतमय हुने हुँदा नृत्य, गीत, वाद्यको समावेश हुन्थ्यो नै । राजा रण मल्लको (यक्षमल्लका छोरा) आफ्ना माधव मल्लको विवाहका उपलक्ष्यमा रचना गर्न लगाएको 'पाण्डव विजय' नामक नाटकको प्रस्तावना अंशबाट यस कुराको पुष्टि हुन्छ ।[१०] यस नाटकको लागि गीत, नाच र बाद्यको संयोजन रण मल्ल आफैले गरेको कुरा यसमा परेको छ । यक्षभन्दा केही पुस्तापहिलेका प्रसिद्ध राजा स्थिति मल्लले आफ्ना छोरा धर्म मल्लको विवाहको अवसरमा 'भैरवानन्द' नामक नाटक लेखाई खेलाएका थिए ।[११]

ने.सं. ४४० मा भक्तपुर राज्यमा आनन्ददेवको राज्य चलेको थियो । तर शासनका सम्पूर्ण शक्ति आफ्नो हातमा लिई शक्तिसम्पन्न बनेका जयरुद्र मल्लको पनि नृत्यमा रुचि रहेको उल्लेख पाइन्छ । यिनको नृत्यमा रुचिमात्र नभई आफै नृत्यमा भाग समेत लिन्थे । गोपालराज वंशावलिमा वर्णन भएअनुसार जयरुद्र मल्लले 'रत्नागत' नामक नृत्य प्रस्तुत गरेका थिए ।[१२] यसबाट सत्तारुढ व्यक्तिहरूको नृत्यप्रति रहेको ममत्वको बोध हुन्छ । पछि गएर राजा

प्रताप मल्लमा यस परम्पराको छाप बढी नै पर्न गयो। शक्तिशाली रुद्रमल्ल झैं उनी पनि नरसिंहको रूपमा रङ्गमञ्चमा समेत उत्रन पुगे।

अब यस लेखको मूल विषयमा प्रवेश गरिन्छ। राजा प्रताप मल्ले ३३ वर्षको लामो शासन गरे। उनको लामो शासनकालमा हामी उनको राजनीतिकका साथै सांस्कृतिक गतिविधिबारे पनि थाहा पाउँछौं। उनको अभिलेखहरूले यस विषयमा सङ्केत गरिरहेको पाइन्छ। वास्तवमा भन्ने हो भने प्रताप मल्ल उनको राजनैतिक कारणले भन्दा सांस्कृतिक गतिविधिको कारण महत्त्वपूर्ण तथा चर्चित हुन पुगेका छन्।

कान्तिपुर राज्यमा राज गर्ने राजा प्रताप मल्ल राजा लक्ष्मीनरसिंह मल्लका माहिला छोरा थिए।[१३] यिनी केटाकेटीदेखि नै महत्त्वाकाङ्क्षी भएको हुँदा सानै उमेरदेखि राजनैतिक क्षेत्रमा उत्रेका थिए। राजनैतिक गतिविधिमा लागे तापनि यिनको साहित्य, सङ्गीतप्रति अत्यन्त रुचि रहेको पाइन्छ। 'शास्त्र सङ्गीतादि सकलविद्या पारग' भन्ने उनको अभिलेख आदिहरूमा उल्लेखित प्रशस्तिबाट उक्त कुरा थाहा पाउन सकिन्छ। यसबाट उनको सङ्गीतप्रतिको चाखको परिधि थाहा हुन आउँछ। यिनै कारणले गर्दा पनि उनी नेपालको इतिहासमा प्रसिद्ध भएका छन्।

राजा प्रताप मल्लको नृत्य तथा गायनतर्फको झुकाव उनको प्रशस्तिले पनि सङ्केत गर्दछ। उनले रचेका गीतहरू प्राप्त भएका छन्। राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित 'सङ्गीत दामोदर'को पुष्पिका वाक्यमा रहेका गीत राजा प्रताप मल्लद्वारा रचिएको कुरा परेको छ।[१४] उनका केही गीतहरू प्रकाशित भइसकेका छन्।[१५] उपत्यकामा रहेका प्रायशः देवमन्दिरका शिलालेखहरूमा प्रताप मल्लको स्तोत्रहरू परेका छन्। यी स्तोत्रहरूले प्रताप मल्लको गानतर्फको झुकावको सङ्केत गर्दछ।

राजा प्रताप मल्ल नयाँ नयाँ अनुभव बटुल्न मनपराउने प्रकृतिका थिए। पादरीहरूले उपहार दिएका दुर्विनप्रतिको उनको चाख,[१६] विभिन्न लिपिहरू लिपिबद्ध गराउनु[१७] नयाँ प्रकारका बाजाहरूप्रतिका् आकर्षण आदिले यसको पुष्टि गर्दछ। उनको 'सङ्गीतादि सकल विद्या पारग' अनुरूप विभिन्न बाजाआदि बजाउने, गीत रचना गर्ने, गीत गाउने तथा नृत्य गर्ने जस्ता रुचि उनमा रहेको बोध यसले गराउँछ। हनुमान्ढोका राजदरबारस्थित उनका सालिक तथा भित्ते चित्रबाट उनी गाउन तथा वाद्ययन्त्र बजाउनमा निकै तल्लीन रहेको थाहा हुन्छ। उनको रुचि गायन तथा वाद्य बजाउनुमा मात्र नभई नृत्यतर्फ पनि रहेको सङ्केत मिल्दछ। ने.सं. ७९१ को कवीन्द्रपुरको अभिलेखमा प्रताप मल्लले 'नृत्येश्वर दशक'को रचना गरेको तथा स्वयंले नरसिंह अवतारको अभिनय गरी नाच नाचेको बेहोरा परेको छ।[१८] यसबाट माथि भनिए झैं प्रताप मल्लले आफै नाचगानमा सक्रिय भूमिका निभाएको कुरा स्पष्ट हुन्छ। यसै अवसरमा प्रताप मल्लले नरसिंहको भव्य मूर्ति स्थापना गराएका थिए।[१९] प्रताप मल्लले यस प्रकारको क्रियाकलापले नाचगान क्षेत्रमा मात्र होइन कि सांस्कृतिक स्थलहरूको विकास पनि गरेका थिए। यसरी रङ्गमञ्चमा उत्रँदा राजा प्रताप मल्लको परिधान शृङ्गार आदि के कस्ता प्रकार हुन्थे भन्नेबारे भने अभिलेख मौन छ।

भक्तपुर म्युजियममा रहेको प्रताप मल्लताकाको एउटा ग्रन्थ छ। त्यसको गातामा चित्र अङ्कित छ। उक्त चित्रमा राजा प्रताप मल्ल नाचिरहेको देखाइएको छ। 'प्रताप मल्लको तीर्थयात्रा' नामाङ्कित त्यस पुस्तकको चित्रमा प्रताप मल्ललाई नृत्यमग्न देखाइएको छ।[२०] नाचमा मग्न प्रताप मल्लको दायाँ हात तलतिर रही अगाडि फैलिएको छ भने देब्रे हात माथि उचालिरहेको भावपूर्ण मुद्रामा देखाइएको छ। शरीरमा घुँडासम्म पुग्ने धोती बाँधिएको छ। शरीरको माथिल्लो भागमा कपडा छैन तर विभिन्न प्रकारका गहनाले सिँगारिएको छ। हातमा बाजुबन्द, केयूर शोभायमान छन्। अनुहार दायाँपट्टि फर्केको र दायाँ हातको मुद्रा हेरिरहेको

भान पर्दछ । अनुहार छड्के देखाइएको हुँदा अनुहारको आधा भाग मात्र देखा परेको छ । र कानमा लगाइएको कुण्डल स्पष्ट देखिएको छ ।

राजा प्रताप मल्ल नाचिरहेको यस मुद्राको देब्रे हातमा पछाडिबाट ल्याइएको लामो कपालको मुठा स्पष्ट देखिन्छ । त्यसताका नृत्यादि अवसरमा आजकलको 'वीग' जस्तै नक्कली कपालको समेत प्रयोग हुन्थ्यो भन्ने कुरा यसबाट थाहा हुन आउँछ । प्रताप मल्लको नाचिरहेको यस चित्रमा दाह्री जुँगा पनि देखाइएको छ । यद्यपि नृत्यमुद्राको यस चित्रमा रहेको दाह्री जुँगा र लामो कपालको कुनै मेल देखा पर्दैन ।

राजा प्रताप मल्लको नाचिरहेको यस चित्रमा वरिपरि अन्य चित्रहरू पनि चित्रित छन् । चित्रको दायाँपट्टि तीन नारीचित्र अङ्कित छ जसको हातमा विभिन्न सामग्रीहरू देखाइएको छ । अगाडिको नारीचित्रको दुबै हातले कुनै कपडा विशेष समातेको छ । बीचको नारीचित्रमा दुबै हातले अन्ती (रक्सी राख्ने एक प्रकारको करुवा आकारको भाँडो) लिएको देखाइएको छ । त्यस्तै अन्तिम नारीचित्रले थाल समातेको र थालमा स-साना सुराही जस्ता भाँडा रहेको चित्रित गरिएको छ । नारी चित्रको शरीरमा बुट्टे सारी, हाफ ब्लाउज, हातमा चुरा, कानमा कुण्डल, नाकमा फुली, घाँटीमा हार, कमरमा कमरबन्ध आदि छ ।

देब्रेतिर तीन पुरुषआकृति चित्रित गरिएका छन् । तीनै पुरुषचित्रको माथिल्लो अङ्ग नाङ्गो तर विभिन्न अलङ्कारले सजिएको छ । तीनै पुरुषचित्रको हातमा केही न केही वस्तु देखापर्छ तर ती के हुन् प्रस्ट छैन । भुइँमा बुट्टेदार केही वस्तु ओछ्याइएको देखाइएको छ । त्यहाँ सुराही, अन्ती, थाल जस्ता भाँडाकुँडा यताउति राखिएको चित्रण गरिएको छ ।

'प्रताप मल्लको तीर्थयात्रा' नामको त्यस ग्रन्थको चित्रको शिरोभागमा केही अक्षरहरूको अध्ययनबाट त्यहाँ चित्रित चित्रहरू राजा प्रताप मल्ल र उनका छोराहरू हुन् भन्ने थाहा हुन आउँछ । त्यहाँ स्पष्टसँग "श्री श्रीप्रताप मल्ल, श्री नृपेन्द्र मल्ल, श्री पार्थिवेन्द्र मल्ल, श्री महीपतेन्द्र मल्ल," लेखिएको छ । तर त्यहाँ उपस्थित नारीचित्र भने कसको हो थाहा हुन सक्तैन । त्यहाँ नारीचित्रको नाम परेको छैन । राजा तथा राजकुमारहरूको समूहमा रहेका यी नारीचित्रहरू प्रताप मल्लकै नारीहरूको हुनु पर्ने अनुमान चाहिँ गर्न सकिन्छ ।[१]

राजा प्रताप मल्लको भावपूर्ण नृत्यमुद्राको यस चित्रमा उपस्थित अन्य चित्रभन्दा प्रताप मल्लको चित्र ठूलो देखाइएको छ । यसबाट यहाँ पनि प्रताप मल्लको प्रस्तर- मूर्तिहरूमा झैं रानीहरू र युवराजहरू भन्दा राजाको सालिक ठूलो देखाइने नीति अपनाएको बुझिन्छ ।

श्री प्रताप मल्ल देव ॥ श्री नृपेन्द्र मल्ल ॥ पार्थिवेन्द्र मल्ल ॥ महीपतेन्द्र मल्ल देव ॥

यसरी मध्यकालीन उपत्यकाको नृत्य, सङ्गीत, जस्ता मनोरञ्जनात्मक क्रियाकलापको साथै राजनैतिक पक्षमा पनि उल्लेखनीय भूमिका निभाउने नेपालेश्वर राजा प्रताप मल्ल नर्तक पनि थिए भन्ने कुरामा शङ्का रहँदैन। गीत, नाटक लेखाउने, सांस्कृतिक पर्वहरू तथा उत्सवहरूमा नाटक मञ्चन गराउने राजाहरूको उदाहरण इतिहास पल्टाएर हेरेमा नपाइने होइन तर आफै नर्तकको रूपमा रङ्गमञ्चमा उत्रने राजा भने नेपालको इतिहासमा विरलै पाइन्छ। यसो हुँदा यस विषयमा अध्ययन, अनुसन्धान गरी वास्तविक कुरो प्रकाशमा ल्याइनु आवश्यक ठानी सम्पूर्ण सम्बन्धित वर्गको ध्यानाकर्षण गर्न यो लेख प्रस्तुत गरेकी छु।

**टिप्पणीः**


१. थापा, भैरव, बहादुर, नृत्य एक साङ्केतिक विज्ञान, प्रज्ञा पूर्णाङ्क ९, पृ ४१।

२. सुवेदी, हंसपुरे, मल्लकालीन नाट्य : संक्षिप्त चर्चा, प्रज्ञा, पूर्णाङ्क २४, पृ. ७१-७२।

३. कोइराला, कुलचन्द्र, श्री पशुपति क्षेत्रका जात्रा पर्वहरू श्री वज्रेश्वरी (देवपतन) प्रज्ञा, पूर्णाङ्क ५६, पृ. १६।

४. हृदय, चित्तधर, नेपाल संस्कृति, कान्तिपुरः नेपाल भाषा परिषद्, ने.सं. १०९२, पृ. २६।

५. यो लेख राजा प्रताप मल्लसँग सम्बन्धित भएको हुँदा यहाँ उनलाई मात्र लक्ष्य गरिएको छ।

६. वज्राचार्य, गौतमवज्र (सम्पा), अभिलेख सङ्ग्रह, तेस्रोभाग, महाबौद्धः २०१८, पृ. १-५।

७. वज्राचार्य, धनवज्र, लिच्छविकालको लौकिक-जीवनमा
गोष्ठीको स्थान, पूर्णिमा वर्ष ३, अङ्क १ पृ. ४-५। प्रचण्ड मल्लज्यूले एउटा लेखमा लिच्छविकालमा 'नाट्य गुठी' थियो भनी लेख्नुभएको छ। तर अभिलेखहरूमा 'नाट्य गुठी'को कतै उल्लेख आएको छैन।
मल्ल, प्रचण्ड, नेपाली रङ्गमञ्च परम्परा, प्रज्ञा, पूर्णाङ्क ११, पृ. ६३।

८. तिवारी, रामजी तथा अरू (सम्पा.) अभिलेख सङ्ग्रह पहिलो भाग, महाबौद्धः संशोधन मण्डल, २०१८, पृ. २३।

९. रेग्मी, जगदीशचन्द्र, लिच्छवि संस्कृति, काठमाडौंः रत्नपुस्तक भण्डार, वैशाख २०२६, पृ ४४०-४४३।
वज्राचार्य, मनवज्र, नेपाली संस्कृतिको परिधि, काठमाडौंः भूषण प्रकाशन, २०२८, पृ. ८८।

१०. वज्राचार्य, धनवज्र, साहित्य, सङ्गीत र कलाको अभिवृद्धिमा राजकीय विवाहोत्सवको प्रभाव, गोरखापत्र, १६ फागुण, २०२६, पृ. १०।

११. पेटेक, लुशियानो, मेडिभल हिस्ट्री अफ नेपाल, प्रथम संस्करण, रोमः १९५८, पृ. १४०।

१२. वज्राचार्य, धनवज्र र कमलप्रकाश मल्ल, गोपाल राजवंशावली, काठमाडौंः नेपाल रिसर्च सेन्टर, १९८५, पृ. ५३, १०१।

१३. नतिवारी, रामजी आदि (सम्पा.) ऐतिहासिक पत्र-सङ्ग्रह, दोस्रो भाग, काठमाडौंः नेपाल सांस्कृतिक परिषद, वि.सं. २०२१, पृ. २७।

१४. राष्ट्रिय अभिलेखालयको सङ्ग्रहमा रहेको पुस्तक, 'सङ्गीत दामोदर', माइक्रोफिल्म नं. २८९।७।

१५. कंसाकार, प्रेमबहादुर (सम्पा.) सितु, अङ्क ५०, पृ. १।
तुलाधर, मानदास (सङ्ग्रहकर्ता), मल्ल शाहकालया मे, काठमाडौंः मानदास सुगतदास, वि.सं. २०१३, पृ. ५।

१६. रेग्मी, डि.आर, मेडिएभल नेपाल, दोस्रो भाग, कलकत्ताः फर्मा. के. एल. मुखोपाध्याय, पृ. ७४ ।
१७. वज्राचार्य, गोतमवज्र, हनुमानढोका राजदरबार, काठमाडौंः नेपाल तथा एशियाली अध्ययन संस्थान, वि.सं. २०३३, पृ. २२, १०२, १०३ ।
१८. रेग्मी, डि.आर., भेडिएभल नेपाल, भाग चार, कलकताः फर्मा के.एल. मुखोपाध्याय, १९६६, पृ. १४५ ।
१९. योगी, नरहरिनाथ, संस्कृत सदेश, वर्ष १, अङ्क ४, पृ. १-५ ।
२०. 'प्रताप मल्लको तीर्थयात्रा' नाम भएको प्राचीन हस्तलिखित अप्रकाशित ग्रन्थ भक्तपुर दरबारको म्युजियमको सङ्ग्रहमा छ । त्यसै पुस्तकको गातामा चित्रित चित्रको आधारमा यो लेख पूरा गरिएको हो ।

# नेपालका इतिहासमा सत्यीकृत दुई असत्य

**– टेकनाथ गौतम**

बितेको इतिहास लेख्दा प्रमाण नपाइएमा केही कुरा अनुमान गरेर लेखिन्छन्, जो केही सत्य पनि हुन्छन् केही असत्य पनि। त्यस्तै नेपालका इतिहासमा तलका दुई असत्य कुरा सत्य मानिएका छन्। ती हुन् :

(१) बाइसी चौबिसी भन्ने नाम राज्यका संख्या अनुसार रहेका हुन् भन्ने र
(२) सिजा जुम्लाका राजाहरू खश थिए भन्ने।

बाइसी चौबिसी भन्ने शब्द सबैले सुनेकै हुन्। तर यी नाम कसरी रहेका हुन् यस विषयमा कसैले गहिरिएर सोचे जस्तो बुझिन्न। दाङ्ग सल्यानमा बसेका सिद्ध भगवन्तनाथलाई लेखेका चिठीमा[१] पृथ्वीनारायण शाहले प्यूठानलाई चौबिसी र सल्यानलाई बाइसी भनी लेखेका छन्। सल्यानलाई अघि खशान्त (खश प्रदेशका पूर्वको आखिरी राज्य) पनि भनिन्थ्यो। हिमिल्टन्ले पनि सल्यानको अर्को नाउँ खशान्त नै लेखेका छन्। यसबाट थाहा हुन्छ कि प्यूठान र सल्यानको बीचबाट नै बाइसी र चौबिसीलाई बेग्ल्याइँदो रहेछ।

यी दुई प्रदेशलाई कुन कुराले छुट्टयाएको रहेछ त भनी विचार गर्दा धौलागिरिदेखि दक्षिणतिर निक्लेको पर्वत शृङ्खला नागवेली जस्तो हुँदै दाङदेखि उत्तरको खारको लेखमा आएर जोडिन्छ। यसलाई जलजला, थामको लेख, टाँटके, नौबहिनी, तीनबहिनी, जथाक, सिद्धलेख, चोलीफिंजे, सखी, तारखसे आदि नामले उत्तरदेखि दक्खिनतिर विभिन्न ठाउँमा चिन्छन् तापनि समष्टिमा यस शृङ्खलाको जथाक भन्ने नाउँनै प्रसिद्ध छ। यो शृङ्खलाले पूर्वतर्फका पानीलाई रापती र गण्डकीमा, पश्चिमतर्फका पानीलाई शराबती र भेरीमा विभाजित गर्दछ। यही शृङ्खला नै बाइसी र चौबिसीको विभाजक रेखा मानिएको बुझिन्छ।

उपर्युक्त बाइसी चौबिसी नामलाई राज्यका संख्याका अनुसार बनेका सम्झी सर्वप्रथम कर्कपेट्रिकले बाइस र चौबीस राज्यको गणना गर्ने प्रयास गरे। हिमिल्टन्ले पनि त्यस्तै गन्ती गरे। नेपालीमा पहिलो र दोस्रो इतिहास लेख्ने अम्बिकाप्रसाद उपाध्याय र तोयराज पाण्डेले पनि तिनकै अनुसरण गरी राज्यको सख्या पुर्‍याउने प्रयत्न गरे। तर गणना गर्दा कसैमा पनि ऐकमत्य भएको पाइन्न। एउटै राज्यलाई कसैले बाइसी र कसैले चौबिसीमा गनेका छन्। कसैले नभएका राज्यको नाम लेखेका छन् भने कसैले भएका राज्यलाई छाडेका छन्। त्यसै गरी कसैले एउटै नामका दुई राज्य मानी एकलाई चौबिसीमा र अर्कालाई बाइसीमा समावेश

गरेका छन् । यसरी कसैले गनेका केही नाम अर्कासित नमिल्नुको एक मात्र कारण हो नभएको कुरालाई भएका मान्नु । यस्तैलाई गाउँले बोलीमा 'ढाँटेको कुरा काटे मिल्दैन' भन्छन् ।

वास्तवमा यी प्रदेशमा बाइस र चौबीस राज्य कुनै वेला रहेको पनि कतैबाट प्रमाणित हुन्न । जुम्लाका राजाहरूलाई कहीं चवालीस[२] कहीं अठचालीस रायका भर्तार भनी लेखेको पाइन्छ तापनि उक्त संख्या कल्पित जस्ता देखिन्छन् । किनभने चारै दिशाका १२।१२[३] राजा भनेर अठचालीस संख्या पुऱ्याइएको छ । त्यस्तै कल्पित पनि राज्यको बाइस चौबीस संख्या कहीं लेखेको पाइन्न ।

यी प्रदेशमा राज्यको संख्या कहिल्यै निश्चित थिएन । राज्यका आँशो लगाउने (अंशवण्डा गर्ने) पनि चलन भएको हुँदा कहिल्यै भाइवन्डा भएर राज्यको संख्या बढ्दथ्यो भने कहिल्यै बलिया राज्यले निर्धा राज्यलाई आफूमा मिलाउँथे र राज्यको संख्या घट्दथ्यो । यस प्रकार कुनै वेला राज्यको संख्या बाइस चौबीस पुगेको भए पनि अघि पछिको संख्यालाई न लिएर बाइस, चौबीसको मात्र गणना गर्नुपर्ने कुनै कारण थाहा लाग्दैन । यी सबै कारणबाट ती नाम राज्यको संख्याबाट बनेका होइनन्, ती नाम अरू नै कारणबाट रहेका बुझिन्छन् ।

काठमाडौंदेखि पूर्वमा, पाँचथर, तेह्रथुम, आठराई, दश लिम्बू भनेझैं पश्चिमतिर बाहुनलाई सत्ताइसी, ठकुरीलाई चार जात, खशलाई बाइस थर, मगरलाई अठार पन्थी, गुरुङलाई छ थर या छ घर, नाथसम्प्रदायीलाई बाह्र पन्थी, सन्यासीलाई दशनामी भनेर छुट्ट्याउने चलन थियो र केही अझै छँदैछ । पुराना लेखहरूमा थर[४] घर बसाइ भनी लेखेको पनि प्रशस्त पाइन्छ । तदनुसार मगरलाई अठारपन्थी भनी लेखेको कहीं पाइएको छैन तापनि प्रत्येक बूढापाका मगरले आफूलाई अठार पन्थी अझै भन्दैछन् । गुरुङका छ थरको गणनाता इ.प्र.सं.स.पृ. ३२७ मा गरिएको छ । उपर्युक्त जथाक पर्वतदेखि पूर्वमा मगर र गुरुङका वस्ती र राज्य रहेका हुनाले मगरलाई बुझाउने अठार र गुरुङलाई बुझाउने छ संख्यालाई जोडेर चौबीस पुऱ्याई चौबिसी भनेको बुझिन्छ । राज्यका संख्याले चौबीस भनेको होइन ।

त्यसैगरी उपर्युक्त जथाक पर्वतदेखि पश्चिममा खशहरूका बस्ती थिए । खशहरूलाई बाइसथर भनिन्छ भन्ने कुरा माथि लेखियो । बाइसथर भनेका खश हुन् भन्ने लिखित प्रमाण कहीं नपाइए पनि जाजर्कोट, रुकुमतिर मतवाला र खशलाई अझै बाइस थर भन्दै छन् । बाइसथरको उल्लेख भने जुम्लाका पुराना अभिलेखमा[५] प्रशस्त पाइन्छ । यिनै बाइस थरका बस्ती भएका प्रदेशलाई बाइसी भनी बुझ्ने बुझाउने गरेको हो राज्यको संख्याले होइन ।

त्यस्तै सिजा (जुम्ला)का राजाहरूलाई महापण्डित राहुल सांकृत्यायनले कुमाऊँ भन्ने इतिहासमा तिब्बतका स्रोङचन् गम्पोका सन्तान भनी लेखेका छन् । ती बाहेकका अरू सबै इतिहासका लेखकहरूले एक मुखले खश थिए भनी लेखेको पाइन्छ । काठमाडौंमा लेखिएका गोपालवंशावलिमा मधेसबाट गएका वङ्गाली मद्रासीलाई पनि मधिसे भने झैं, खशदेशबाट गएका हुनाले सिजाली राजा जितारि मल्ल आदिलाई खसिया भनी लेख्नु स्वाभाविकै हो । स्व. महानन्द सापकोटाले नेपालका बाहुन ठकुरी आदि सबै खश हुन् भनी अनुपयुक्त कुरा लेखेका छन् । यिनै दुई कुरालाई आधार मानेर लहलहैमा सबै इतिहास लेख्नेले एक मुखले खश थिए भनी लेख्ने गरेका छन्, तर ती राजाहरू खश थिएनन् भन्ने निम्नाङ्कित प्रमाणहरू छन्:–

१. सिजाका कुनै राजाले आफ्नी छोरीको बिहा कुनै गोतामे बाहुनसित गरिदिएर छोरी, ज्वाइँलाई जीविकाका निम्ति समाचौर भन्ने गाउँ विर्ता दिएका थिए । तीबाट जन्मेका नातिलाई 'समा+आल' समाल पद पनि सिजापतिले नै दिए । समाल शब्दलाई त्यहाँका जन जिब्रोले हमाल तुल्यायो । यो तथ्य नबुझेर पछिकाले बाहुनबाट ठकुर्नीमा जन्मेका सन्तान हमाल हुँदा रहेछन् भन्ने सम्झी अद्यापि बाहुनबाट ठकुर्नीमा जन्मेका सबै ठकुरीले आफूलाई हमाल लेख्दैछन् । सिजाली

राजा खश जातका भए बाहुनबाट खसिनीमा जन्मेका सन्तानले आफूलाई हमाल लेख्दै आउनुपर्ने थियो तर त्यस्ताले आफूलाई खत्री लेख्दै आएका छन्।

२. सिजाली राजाले आफूलाई 'खशदेश'[६] राजाधिराज भनी लेखाएका छन्। उनीहरू खश भए कुमाऊँका खश राजाले आफूलाई 'खशाधिपति' भनी लेखाएझैं सिजाली राजाहरूले पनि आफूलाई 'खशराजाधिराज' भनी लेखाउने थिए। त्यस्तो नलेखी देशशब्द थपेर लेखाएको देखिएबाट उनले आफूलाइ खश होइनौं, किन्तु खश देशका राजा हौं भनी स्पष्ट पारेको बुझिन्छ।

३. सिजाली राजा चल्लहरूका सन्तान दाडमा छन्। ती दाडका राजाका वंशज हुन्। ती सबै ठकुरी छन्, खश छैनन्।

बाइसी भेकका इतिहासको मनन गर्दा त्यहाँ थुम थुममा खशका अगुवाहरूले संरक्षण गर्ने गरेका भए पनि त्यहाँ खशहरूका ठूला राज्य बनेका र राजा भन्न लायक कुनै खशको अस्तित्व रहेको अहिलेम्म पत्तो लागेको छैन।

कवि वाणभट्टले हर्षचरितमा लेखेको "इह परमेश्वरण तुषारशैलभुवो दुर्गाया गृहीतः करः" भन्ने दुई अर्थ भएका वाक्यबाट उत्तर भारतका सम्राट् हर्षवर्धनले त्यहाँ अधिकार गरेको थाहा हुन्छ। ती पछि गौड देशका राजा धर्मपाल[८] देवपालले पनि त्यहाँ अधिकार गरेका थिए भनिन्छ। मोहनबहादुर मल्लले लेखेको "सिजाको नामबाटै[९] थाहा हुन्छ यो अघि भारतका हातमा थियो" भन्ने वाक्यका भारतकाहातमा यो अंशको दक्खिनका तराईका थारुराज्यका हातमा भन्ने मैले सम्झेको छु, किनभने त्यो प्रदेशमा थारुहरूको अधिकार थियो र त्यहाँका खोलानदीका समथर खोंचहरूमा थारुहरू बसेका थिए भन्ने निम्न लिखित कुराहरूबाट प्रमाणित हुन्छ।

१. त्यहाँका बूढापाकाका मुखबाट 'यहाँ पैकेला (पराक्रमी युवक) न जन्मिदासम्म मालका ठाडुले यहाँको कर लिन्थे' भन्ने कुरा सुनिन्छ।

२. अम्मरमाटी[१०] भन्ने थारुभाषाका पुराना अभिलेखमा 'धौला गिरिक धियारी भैगैली ठाडु, गिरि पर्वतक धियारी भै गैली ठाडु, कैला गिरि (कैलास) क धियारी भै गैली ठाडु, जहारी (रुकुम) म लीरुल अवतार' आदि वाक्य छन्।

३. त्यहाँ 'थारुवाड्, थारु चौर, थारबाडा, थारमोर, थारकोट्, थरुनी गाड' आदि थारुसित सम्बद्ध ठाउँहरू छन्।

४. अछामका कालीमाटी र साँपे भन्ने ठाउँमा थारुबस्तीका अवशेष पाइएका छन्।

५. आफूलाई थारुका सन्तान हौं भन्ने कुमाल जातमा र खश जातमा मिलेका मानिसलाई जहारीमा र प्यारीलेखको सिउन भन्ने गाउँमा लेखकले नै भेटेको छ।

उपर्युक्त कुराबाट धौलागिरिदेखि कैलास शिखरसम्मका पर्वतीय भूमिमा थारुहरूले निकै समयसम्म शासन गरेको प्रमाणित हुन्छ। त्यहाँदेखि दक्खिनका तराईको इतिहास पढ्दा त्यहाँ एघारौं ईस्वीको प्रारम्भसम्म थारुहरूको[११] राज्याधिकार रहेको र ११२० ई. तिर थारुराज्यलाई जितेर चन्द्रवंशी क्षत्रियहरूले श्राबस्ती राज्यमा मिलाएको थाहा हुन्छ।

यसरी तराईबाट शासनाधिकार खोसिएर कमजोर भएका थारुलाई बाइसी प्रदेशका पैकेलाले पहाडबाट लखेटेका हुन सक्छन्। ठीक त्यसै पछि त्यहाँ पालवंशी राजाहरूको शासन प्रारम्भ हुन्छ र ३०० वर्ष जति त्यो अविच्छिन्न चल्दछ। ती पछि त्यहाँ कल्पाल हमालहरूको शासन चल्छ। खशहरूले शासन गरेको कुनै प्रमाण अहिलेसम्म उपलब्ध भएको छैन।

अब ती पाल भनिनेहरू कहाँबाट आएका र को थिए भनी जान्नलाई प्रमाण अन्यत्र खोज्नु पर्दैन। उनीहरूले नै आफ्नो अभिलेखहरूमा आफ्नो परिचय दिएर छाडेका छन्। पाल्प

राजाहरू बौद्धमार्गी थिए भन्ने त प्रसिद्धै छ। दुल्लुका कीर्तिस्तम्भमा "आदित्यवंशेऽभवदादिपाल" भनेर आफ्नो परिवारलाई सूर्यवंशी लेखाएका छन्। सूर्य, चन्द्र, समुद्र र अग्नि-वंशी भनेर क्षत्री (ठकुरी)ले मात्र आफूलाई लेख्छन्, खशले लेख्दैनन्। पालहरू क्षत्रिय थिए भन्ने कुराको अर्को प्रमाण पालवंशकै एक जना भारदारले आफूलाई क्षत्रियकुलका[१२] प्रदीप लेखेर छाडेका छन्। पाल, बौद्ध सूर्यवंशी[१३] क्षत्रिय यी सबै कुरा गौडदेशका पाल राजाहरू सित मिल्छन्। यो मिलेको र खूद त्यही वंशका अशोक चल्लले आफ्नो अभिलेखमा गौडवंशी[१४] हुँ भनी स्पष्ट पार्न लगाएको देखिएपछि ती राजाहरूलाई खश थिए भनी कसरी मान्ने ? अतः ती खश थिएनन् गौड्वंशी क्षत्रिय थिए भनी मान्नुपर्छ।

"वङ्ग देशात् समारभ्य भुवनेशान्तगः शिवे। गौडदेशः समाख्यातः सर्वविद्या विशारद्॥ महा निर्वाण तन्त्रको योउक्तिअनुसार हालका उडिसाको उत्तर-पूर्वी भाग नै त्यो बेला गौडदेश भनिंदो रहेछ। त्यति टाढाबाट जुम्लाको दुर्गम प्रदेशमा कसरी गए होलान् भनी अविश्वास गर्न हुँदैन। हाम्रा महाराजाधिराजका पूर्वज मेवाड राजस्थानबाट र नेपालका केही नेवारका पुर्खा राजा हरिसिंह देव कर्णाटकबाट आएका थिए भन्ने कुरा ता इतिहास प्रसिद्ध नै छ। मेवाड कर्णाटकबाट काठमाडौंभन्दा गोडबाट जुम्ला टाढा पर्दैन। तापनि गौडबाट सोझै सिजा पुगेका पनि बुझिन्न।

भारतका उत्तर प्रदेशभित्रको हालका फरुखाबाद जिल्लास्थित कन्नौज अधिराजा भोजका पालादेखि राठौर जयचन्दका पालासम्म ४५० वर्षजति उत्तर भारतको समृद्ध र प्रसिद्ध कान्यकुब्ज नामक राजधानी थियो। त्यो वेला तिब्बत गुगेबाट मानसरोवर, सिजा, दुल्लु, सुरखेत श्रावस्ती हुँदै कन्नौज पुग्ने चल्तीको मार्ग रहेको थाहा लाग्छ। यही मार्ग हुँदै पछि काशीदास आदि धेरै बाहुनहरू कान्यकुब्ज, निमिषारण्यबाट सिजा पुगी त्यहाँबाट नेपाल भरि पाँजिएका हुन्।

गौडका पाल राजाहरूले विजयाभियानका प्रसङ्गमा कन्नौज पनि अधिकार गरेर त्यसमा धेरै समयसम्म[१५] आफ्नो नियन्त्रण राखेका थिए। धर्मपाल देवपालले नै हिमालयसम्म[१६] अधिकार गरेको बताइन्छ। विजय-यात्रामा पर्वतीय प्रदेशको राज्यस्थिति बुझेका केही पालवंशीहरू नियन्त्रणका लागि कन्नौजमा पनि बस्ने गरेका हुँदा हुन्। त्यहाँ अधिकार गुमेपछि राज्यगर्ने ठाउँका खोजीमा आफै या पहाडका खश पैकेलाहरूबाट बोलाइएर राज्यका लोभले सिजा प्रदेशमा पुगेका रहेछन् भन्ने अनुमान हुन्छ। जस्तै काठमाण्डौं, भक्तपुर, पाटनका राजाहरू नेवार प्रजाका राजा भएर नेवार थिएनन्, जस्तै द्रव्य शाह मगर गुरुङका राजा भएर पनि मगर गुरुङ थिएनन् क्षेत्री (ठकुरी) थिए। त्यसै गरी सिजाका राजाहरू खश देशका राजा भएर पनि खश थिएनन्। किन्तु गौडदेशका पाल पदधारी सूर्यवंशी भनिने क्षत्रियहरूका वंशज थिए। इतिहास लेख्नेले सत्यकुरालाई उपेक्षा गरेर असत्य कुरा प्रचार गर्नु हुँदैन।

**सन्दर्भ सूची**

१. यो चिठी इतिहाससित सम्बद्ध धेरै पुस्तकमा छापिएको छ।
२. हेर्नुस्: इ. प्र. अं. १ भा. २ पृ. ३३९।
३. हेर्नुस्: इ. प्र. अं. १ भा. २ पृ. ३७३।
४. हेर्नुस्: पृथ्वीनारायणशाहको दिव्योपदेश।
५. हेर्नुस्: इ. प्र. अ. १ भा. २ पृ- ३२१, ३२२, ३२३, ३२४, ३२५।
६. खश देश राजाधिराज श्री मदशोक चल्ल देवस्य ...। गयाको अभिलेख
७. दत्वा रुहगतिः खशाधिपतये देवी ध्रुबस्वामिनीम् ... देवीचन्द्रगुप्तम्

८. Dharmapala, son of Gopala (780) was one of the greatest kings of Bengal and goud. Some records describe him as the conquerer of the whole country from the Himalayas in the north of Gorkarn in the south. — An advance History of India page 157. By R.C. Majumdar Printed at Macmuller Press Madras.
धर्मपालका पराक्रमी पुत्र देवपाल था। लिखाहै कि उस ने गौरीगुरु (हिमालय)से विन्ध्वाचल तककी सारी भूमि विजय कर ली। प्रा. भा.इ. पृ. २५६ ले. डा. रामशंकर त्रिपाठी १९७१।

९. सिजा इतिहासका डारेटी पृ. ९ ले. मोहनबहादुर मल्ल।

१०. अम्मरमाटी इ.प्र.सं.सं. पृ. ४८०।

११. उस समय (११३० इ.) तक थारु रापती और घाघरा के पठार में कृषिका जाल फिजाकर सल्तनत कायम किए हुए थे। सोम वंशियो ने उन्हे जीत कर श्रावस्ती मे मिला लिया। भ. खण्ड और नेपाल पृ. २९९ ले. शेखरसिंह गौतम।

१२. क्षत्रिय कुलप्रदीप श्रीसहणपालनामधेयस्य ... गयाको अभिलेख।

१३. With Gopal began the pala dynasty which, in the last lays of rule claimed descended from the solar race. Page 157. By R.C. Majumdar.

१४. गोपश्वर उत्तर काशीमा अशोक चल्लको शिलालेख थियो। सो अहिले कहाँ छ थाहा लाग्दैन। पादरी अट्किन्सनले सो संस्कृत लेखको अङ्ग्रेजीमा गरेको अनुवादको नेपाली रूपान्तर यस प्रकार छ।– संवत् गताव्द १११३ दानव भूतल (दाङ)का राजाभएका गौडवंशी ... अशोक चल्लले खशमण्डल केदार जिते।

१५. गौडके सुयोग्य राजा धर्मपालने यह मानते हुए कि दृढ कन्नौज राज्यद्वारा ही उत्तर से भारत की सुरक्षा हो सकती है, कन्नोज पर अपना नियन्त्रण बनाए रक्खा। नेपालभी धर्मपाल के जवाने से ही पाल वंशके साम्राजमें चला गया प्रतीत होता है। पाल राजा बौद्ध थे। भा.इ. उन्मीलन पृ. २९२, २९३ ले. जयचन्द विद्यालकार।

# साञ्चारिक ध्वनिविज्ञान

– डा. माधवप्रसाद पोखरेल

## १. परिचय

वक्ताले उच्चारण गरेपछि श्रोताका कानमा पुग्ने बेलासम्मका ध्वनिको भौतिक (Physical) विश्लेषण गर्ने ध्वनिविज्ञानको शाखालाई **साञ्चारिक ध्वनिविज्ञान** (Acoustic Phonetics) वा **ध्वानिकी** (Acoustics) मात्रै पनि भनिन्छ। यसरी उच्चारण गरिएको ध्वनिलाई विश्लेषण गर्ने ध्वनिविज्ञानको यो हाँगो एक किसिमले **भौतिकशास्त्र** (Physics)को पनि हाँगो भएकाले ध्वनिविज्ञानको यस शाखालाई अध्ययन गर्न अलिकति भौतिकशास्त्र र गणितको ज्ञान भए, सजिलो पर्छ।

भौतिक शास्त्र अनुसार विद्युत् (Electricity) चुम्बकत्व (Magnetism) र आणविक ऊर्जा (Energy) झैं ध्वनि (Sound) पनि एक किसिमको ऊर्जा हो। तरङ्ग (Wave) का रूपमा ध्वनि निस्कन्छ। ओसिलोस्कोप (Oscilloscope) र स्पेक्ट्रोस्कोप (Spectroscope) भन्ने मेसिन तपाईंका नजिकैको कुनै विज्ञान क्याम्पसको भौतिकशास्त्रका प्रयोगशालामा हुन सक्छ। भौतिक शास्त्रका गुरुजीसँग सिकाइमागेर तपाईंले बोलेको ध्वनि कसरी ती मेसिनमा कस्तो तरङ्गका रूपमा आउँछ, तपाईं हेरेरै बुझ्न सक्नुहुन्छ। ओ'कोनर (१९७३ ई.: ७७-८) र ल्याडेफोगेड (१९६२ ई.)ले पनि 'अ, आ, इ, उ, ए, ओ' जस्ता अङ्ग्रेजी भाषाका स्वरहरू ओसिलोस्कोप वा स्पेक्ट्रोस्कोपमा हेर्दा कसरी 'बेग्ला-बेग्लै किसिमका देखिन्छन् भन्ने देखाएका छन्।

उच्चारण गरिएका ध्वनिको प्रकृति तरङ्गको प्रकृति बेग्लै भए पनि फरक पर्छ। तरङ्गको प्रकृति धेरै कुरामा आधारित हुन्छः तरङ्गको लम्बाइ (Wave Length), तरङ्गको त्वरण वा आवृत्ति (Frequency), तरङ्गको विस्तार (Amplitude), प्रसारणको प्रवेग (Propapation Velocity) आदि। यिनै कारणले गर्दा सबभन्दा पहिले तरङ्गको प्रकृतिबारे जान्नु आवश्यक छ।

## २. तरङ्गको प्रकृति

### २.१ साइन वक्ररेखा (Sine Curve)

लिङ्गे पिङ नमच्चिएका बेलामा पिङ बाँधिएको बलाको सिधै मुनि थामिइरहेको हुन्छ। मच्चाउन थालेपछि अगाडि र पछाडि पिङ जान्छ। थामिएका बेलामा पिङको काम्रो जहाँ हुन्छ, मच्चिएका बेलामा त्यस विन्दुबाट अगाडि पिङ जति पर पुग्छ, पछाडि त्यति नै पर

पुग्छ। थामिएका विन्दुबाट अगाडिको हदसम्म पुग्न जति समय लाग्छ, थामिएका विन्दुबाट पछाडिको हदसम्म पुग्न पिडलाई त्यति नै समय लाग्छ। पिडको यस्तो गतिलाई भौतिकशास्त्रमा **सरल हार्मोनिक गति** (Simple Harmonic Motion) भन्दछन्। पिड खेलिरहेका बेलामा एउटा केटाकेटीले चिउरा छर्दै गयो भने, पिड थामिएको विन्दुबाट अगाडि जति परसम्म चिउरा छरिएको हुन्छ, थामिएको विन्दुबाट पछाडि पनि त्यति नै परसम्म छरिएको हुन्छ। कल्पना गरिहेरौं, केही गरी केटाकेटीका खल्तीबाट चिउरा छरिइरहेका बेलामा पिडको बलो एकारित तान्दै लग्यो भने, भुईंमा छरिएको चिउरा नागबेली परेर खस्छ। बलाबाट पानीको धारो खसाउँदै जानु हो भने पानीको रेखो र चिउराको रेखो तल कोरिएजस्तो हुन्छ




चित्र १: अनुप्रस्थ तरङ्ग

नागबेली परेको चिउराको जस्तो बाङ्गोटिङ्गो रेखा (Curve) लाई 'साइन वक्ररेखा' (Sine Curve वा Sinusoidal Curve) भन्ने चलन छ। (गणितमा समकोण त्रिभुज (Right Angled Triangle) को लम्ब (Perpendicular) र कर्ण (Hypotenuse) को अनुपातलाई 'साइन' वा ज्या (Sine) भन्दछन्। साइनको मान ० देखि १ सम्म हुन्छ र ० भन्दा तल (– १) सम्म हुन्छ, त्यसैले (ज्या अथवा 'साइन'का सबै मानहरू जोडेर एउटा अटुट रेखो कोर्‍यो भने त्यो काटिकुटी माथि उल्लिखित चिउराको रेखो जस्तै हुन्छ।) बीचमा काटेर जाने पानीको जस्तो रेखालाई औसत रेखा (Mean Line) भन्नुपर्छ।

शान्त पोखरीका पानीमा एउटा ढुङ्गो खसाल्यो भने पानीका सतहमा हलचल हुन्छ। त्यसबेला शान्त भएका बेला पानीको सतहभन्दा एकातिर पानीमा कम्पन (Vibration) भएर पानीका अणुहरू उल्लिखित साइन वक्ररेखा झैं तलमाथि गर्छन् अर्कातिर पानीको लहर वा तरङ्ग (Wave) ढुङ्गो खसेका ठाउँबाट परपर सरेजस्तो देखिन्छ। यस्ता बेलामा हलचल भएका विन्दुबाट वास्तवमा पानीका अणुहरू सरेर पोखरीका किनारमा गएका हुँदैनन्। यो कुरा पानीमा एक टुक्रो कागज खसालि हेर्दा पनि कसरी थाहा हुन्छ भने, त्यो कागजको टुक्रो तलमाथि मात्र कम्पन गर्छ, किनारतिर सर्दैन। किनारतिर सर्ने वास्तवमा तरङ्गमा निहित ऊजा (Energy) मात्र हो। साइन वक्ररेखा जस्तो तरङ्गलाई साइन तरङ्ग (Sinusoidal Wave) भन्दछन्

## २.२ अनुप्रस्थ तरङ्ग र अनुलम्ब तरङ्ग'

तरङ्गहरू दुई प्रकारका हुन्छन् अनुप्रस्थ तरङ्ग (Transverse Wave) र अनुलम्ब तरङ्ग (Longitudinal Wave)। जतापट्टि तरङ्ग सरिरहेको देखिन्छ, त्यसको लम्बतिर वा तलमाथि अणुहरू सरेको पाइयो भने, त्यो तरङ्ग अनुप्रस्थ तरङ्ग हो, तरङ्ग जता सरिरहेको छ, त्यसका अणुहरू पनि त्यसकै अघिपछि सरेको देखियो भने, त्यस्तो तरङ्ग अनुलम्ब तरङ्ग हो। शान्त पोखरीमा खसेका ढुङ्गाले पानीमा उत्पन्न हुने जस्तो तरङ्ग अनुप्रस्थ तरङ्ग हो भने एउटा एक

मिटर जति लामो स्प्रिङलाई पकडेर छोडिदियो भने कतै कतै अणुहरू खाँदिएको देखिन्छ, बीच बीचमा तन्किएको पनि देखिन्छ, त्यसैले यस्तो तरङ्ग अनुलम्ब तरङ्ग हो ।

ध्वनि तरङ्ग चाहिं अनुलम्ब तरङ्ग हो, किनभने कुनै कोठामा घण्टी बजायो भने, घण्टीको सबैतिरका हावाका अणुहरूमा धक्का पुग्छ। घण्टीमा भएको कम्पनले नजिकैको हावाका अणुहरूलाई कुट्छ। तीनवटा गुच्चा लस्करै जोडेर राखौं अनि चौथो गुच्चाले एक छेउको गुच्चालाई कुट्यो भने बीचको गुच्चा अतिकति मात्र चट्पटाउँछ, बीचको गुच्चाले कुटेर परतिरको गुच्चा चाहिं अलि पर पुग्छ। हावाका अणुहरूमा घण्टीको कम्पनले पनि त्यस्तै हुन्छ। घण्टीले छोइएका अणुहरूलाई घण्टीको कम्पनले धक्का लगाउँदा धक्का लागेको हरेक अणुले आफ्ना छिमेकका अणुलाई कुट्छ र आफूचाहिं लचकता (Elasticity) र स्थितिबल (Inertia) ले गर्दा पछिल्तिर फर्किन्छ। घण्टीको छेउका अणुहरूले कुटिएका हावाका अणुहरूले आफ्नो छिमेकका अणुहरूलाई कुट्छन् र आफूचाहिं फर्कन्छन्। यसरी विचलित (Disturbed) अणुहरू चाहिं पिङ खेलेजस्तो अगाडि र पछाडि मात्र गर्छन्, तर अणुले अणुलाई कुटेर धक्का भने परैसम्म पुग्छ ।

यसरी ध्वनिको तरङ्गमा चाहिं अणुहरू तरङ्ग जता गइरहेको छ, त्यसै दिशातिर अघिपछि गर्ने हुनाले ध्वनितरङ्ग चाहिं अनुलम्ब तरङ्ग हो। पोखरीको बीचमा ढुङ्गा हान्दा चाहिं, तरङ्ग बीचबाट छेउतिर जान्छ, पानीको अणुचाहिं तलमाथि गर्ने हुनाले पानीको तरङ्ग चाहिं अनुप्रस्थ तरङ्ग हो ।

ध्वनि तरङ्गमा हावाको हरेक अणुको गति चाहिं नागबेली नै परेको हुनाले हरेक अणुको गतिले बन्न जाने तरङ्ग चाहिं अनुप्रस्थ तरङ्ग नै हुन्छ ।




चित्र २: अनुप्रस्थ तरङ्ग




चित्र: ३ अनुलम्ब तरङ्ग

चित्र ३ मा पहिलो सेकेन्डमा हावाको 'क' अणुलाई घण्टीको कम्पनले धक्का दिएपछि दोस्रो सेकेन्डमा क-अणु ख-अणुसँग ठोकिन पुगेको देखिन्छ। तेस्रो सेकेन्डमा ख-अणु ग-अणुसँग ठोक्किन पुगेको र क-अणु चाहिं आफ्नो पहिलेकै ठाउँमा फर्केको देखिन्छ। चौथो सेकेन्डमा ख-अणु, आफ्नै ठाउँमा फर्केको, ग-अणुले घ-अणुलाई कुट्न पुगेको र ख-अणुसँग ठोक्किएको, स्थितिबल (Inertia) ले गर्दा क-अणु चाहिं आफ्नो पहिलेको ठाउँभन्दा पछिल्तिर सरेको देखिन्छ। पाँचौ सेकेन्डमा क-अणु आफ्नै ठाउँमा फर्केको छ, ख-अणु स्थितिबलले आफ्नो ठाउँभन्दा पछिल्तिर सरेको क-अणुसँग ठोक्किन पुग्छ, ग-अणु आफ्नै ठाउँमा आइपुगेको र घ-अणुले ङ-अणुलाई कुट्न पुगेको देखिन्छ। क-अणुलाई मात्रै हेर्‍यो भने एउटा अनुप्रस्थ तरङ्ग (Transverse Wave) बनेको देखिन्छ, पिङ ओहोर-दोहोर गरेजस्तै। त्यस्तै, ख-अणु र ग-अणु मात्रैको गतिले अनुप्रस्थ तरङ्ग बनेको देखिन्छ। हावाका अणुहरू मात्र हेर्नु हो भने पहिलो सेकेन्डमा सबै अणु शान्त अवस्था छन्, दोस्रो सेकेन्डमा क-अणु ख-अणु नजिकै आएर हावा खाँदिएको अर्थात् सघन (Compressed) देखिन्छ, क-अणुका ठाउँमा केही पनि नभएर हावा पातलिएको वा विरल (Rarified) देखिन्छ। छैटौं सेकेन्डमा ख-अणुका ठाउँमा हेर्दा क, ख, ग तीनैवटा अणुहरू थुप्रिएर हावा झन् खाँदिएको देखिन्छ भने आठौं सेकेन्डमा ख-अणुका वरिपरि हावाका अणु नभएर हावा झन् पातलिएको देखिन्छ। यसरी आठौं, नवौं र दशौं सेकेन्डमा जस्तो हावा, पानी वा कुनै माध्यमका अणुहरू कतै खाँदिएर कतै पातलिएर बन्ने तरङ्गलाई अनुलम्ब तरङ्ग (Longitudinal Wave) भनिने हुनाले ध्वनितरङ्ग अनुलम्ब तरङ्ग हो, जसमा अणुहरू, जुन दिशामा तरङ्ग हिंड्छ त्यसै दिशामा विचलित हुन्छन्।

### २.३ तरङ्गको विस्तार, लम्बाइ, दोलनकाल, त्वरण, चक्र र पाउ




चित्र नं. ४

चित्र नं. ४ मा एउटा साइन तरङ्ग (Sinusoidal Wave) देखाइएको छ। सस रेखाले विरामस्थान (Rest Position) वा तटस्थविन्दु (Equilibrium) व्यक्त गर्छ। त्यस रेखामा समय (Time) नापिन्छ। तत रेखाले तरङ्गको विस्तार (Amplitude) देखाउँछ। अङ्क (१, २, ३, ४ आदि)ले तरङ्गको पाउ (Phase) देखाउँछ, अर्थात् ० देखि १ अवस्थाले तरङ्गको पहिलो पाउ, १-२ अवस्थाले दोस्रो, २-३ अवस्थाले तेस्रो र ३-४ अवस्थाले चौथो पाउ देखाउँछ। चारवटा पाउ पुगेपछि तरङ्गले एक चक्र (Cycle) पूरा गर्छ। विन्दु १ र कको दूरीले तरङ्गको

विस्तार (Amplitude) जनाउँछ माथिको पिडको उदाहरण सम्झिंदा ०१ अवस्थामा अर्थात् पहिलो पाउका अन्त्यमा पिङ मच्चिएर सबभन्दा अघिल्लो विन्दुमा पुग्छ, १-२ अवस्थामा अर्थात् दोस्रो पाउका अन्त्यमा पिङ फर्केर फेरि विरामस्थान आइपुग्छ, २-३ अवस्थामा अर्थात् तेस्रो पाउका अन्त्यमा पिङ मच्चिएर सबभन्दा पछिल्लो विन्दुमा पुग्छ र ३-४ अवस्थामा पिङ फर्केर फेरि विराम अवस्थामै आइपुग्छ, अर्थात् पिडले पनि एक चक्र पूरा गर्छ। पहिलो पाउ पूरा गरेका अवस्थालाई ९० डिग्री मान्नु हो भने दोस्रो पाउ पूरा गर्दा तरङ्गले १८० डिग्री पूरा गर्छ, तेस्रो पाउ पूरा गर्दा तरङ्गले २७० डिग्री पूरा गर्छ भने एक चक्र पूरा गर्दा ३६० डिग्री पूरा गर्छ। यसरी तरङ्गले एक चक्र पूरा गर्न जति समय लाग्छ, त्यसलाई दोलनकाल (Oscillation Period) भन्दछन्। एक सेकेन्डमा कुनै तरङ्गले जति चक्र वा दोलन (Oscillation) पूरा गर्छ त्यस संख्यालाई त्यस तरङ्गको आवृत्ति वा त्वरण (Frequency) भन्दछन्। कुनै तरङ्गले एक सेकेन्डमा एक चक्र मात्र पूरा गऱ्यो भने त्यस तरङ्गको त्वरण एक हर्ज (Hertz) भयो, एक सेकेन्डमा सय चक्र पूरा गऱ्यो भने सय हर्ज र हजार चक्र पूरा गऱ्यो भने किलोहर्ज भयो।

पिङ मच्चिएर विरामस्थानबाट जति अगाडि वा पछाडि जान्छ त्यसलाई नै पिडको विस्तार (Amplitude) भन्नुपर्ने हुनाले तरङ्गको विस्तार पिङ मच्चाउने सामर्थ्य (Power) मा आधारित हुन्छ अर्थात् सामर्थ्य जति धेर भयो विस्तार त्यति धेरै हुन्छ अर्थात् पिङ धेरै मच्चिन्छ। यसरी तरङ्गको तीव्रता (Intensity) वा सामर्थ्य तरङ्गको विस्तारमा भर पर्छ। कुनै ध्वनि तरङ्गको विस्तार जति भयो, उति आवाज चर्को सुनिन्छ। एक चक्र पूरा गर्न तरङ्गले पूरा गरेको दूरीलाई तरङ्गको लम्बाइ (Wave Length) भन्दछन्। चित्रमा 'क-ग'को दूरी अथवा १-५को दूरी अथवा ०-४ को दूरीले तरङ्गको लम्बाइ जनाउँछ। तरङ्गको लम्बाइ ($\Lambda$) र त्वरण (f) को गुणनफल नै तरङ्गको प्रवेग (c) (Wave Velocity) हो, जस्तै–

$$\Lambda f = c$$

यस सूत्रबाट के बुझिन्छ भने त्वरण बढ्यो भने तरङ्गको लम्बाइ घट्तछ।

नजिकैको भौतिक विज्ञानको प्रयोगशालामा पाइने ओसिलोस्कोप (Oscilloscope) वा स्पेक्ट्रोस्कोप (Spectroscpe) हेरेर तरङ्गको लम्बाइ, त्वरण, विस्तार, पाउ र दोलनकाल पत्ता लगाउन सकिन्छ। ओसिलोग्राफ (Oscillograph) भन्ने यन्त्रको सहायताले चाहिं आफूले बोलेको ध्वनिको तरङ्ग कागजमा छापेर निकाल्न सकिन्छ र त्यस छापालाई ओसिलोग्राम (Oscillogram) भन्दछन्।

## २.४ नियतकालिक र अनियतकालिक तरङ्ग

जुन तरङ्गमा हरेक चक्र पूरा गर्न बराबर समय लाग्छ, त्यस तरङ्गलाई नियतकालिक (Periodic) तरङ्ग भन्दछन् भने जुन तरङ्गमा हरेक चक्र पूरा गर्न बराबर समय लाग्दैन त्यस तरङ्गलाई अनियतकालिक (Aperiodic) तरङ्ग भन्दछन्। 'स' ध्वनि उच्चारण गरेर स्पेक्ट्रोस्कोप वा ओसिलोस्कोपमा हेऱ्यो भने अनियतकालिक तरङ्ग देखिन्छ; 'आ' ध्वनि उच्चारण गरेर स्पेक्ट्रोस्कोप वा ओसिलोस्कोपमा हेऱ्यो भने, त्यो तरङ्ग नियतकालिक देखिन्छ। माथि देखाइएका सबै तरङ्गहरू नियतकालिक हुन् भने अनियतकालिक तरङ्ग चाहिं अनेक किसिमको हुन सक्छ (हेर्नू चित्र ५,६)।




चित्र ५ अनियतकालिक तरङ्ग




चित्र ६ अनियतकालिक तरङ्ग

सबै ऊष्म (Fricative) ध्वनिहरूको तरङ्ग अनियतकालिक नै हुन्छ ।

## २.५ सरल र मिश्र तरङ्ग

चित्र नं. २ र ४ मा देखाइए जस्ता तरङ्गमा एउटामात्र साइन तरङ्ग (Sine or Sinusoidal Wave) छ । यस्तो एउटामात्र साइन तरङ्गलाई सरल तरङ्ग (Simple Wave) अथवा सरल नियतकालिक तरङ्ग (Simple Periodic Wave) भन्दछन् भने उकभन्दा बढी बेग्लाबेग्लै त्वरण (Frequency) विस्तार (Amplitude) र लम्बाइ (Wave Length) का सरल नियतकालिक तरङ्गहरु मिसिएर बनेको तरङ्गलाई मिश्र नियतकालिक तरङ्ग (Comples Periodic Wave) भन्दछन् । अनियतकालिक तरङ्गहरु सबै मिश्र तरङ्ग मात्र हुन्छन् । एउटा टयुनिङ फोर्क (Tuning Fork) लाई एकपल्ट कुट्ता निस्केको तरङ्ग चाहिं सरल तरङ्ग हुन्छ, हामीले बोलेको जुनसुकै ध्वनिको उच्चारण गर्दा ओसिलोस्कोपमा मिश्र तरङ्ग मात्र देखिन्छ ।




चित्र ७ मिश्र तरङ्ग

## २.६ सरल तरङ्गहरू जोड्ने तरिका (फोरियरको विश्लेषण)

फ्रान्सका गणितज्ञ जोसेफ फोरियर (Fourier) ले मिश्र तरङ्ग(Complex Wave)हरूको विश्लेषण गर्ने विधि पत्ता लगाए जसलाई फोरियरको विश्लेषण (Fourier Analysis) भन्दछन्। फोरियरले के कुरो पत्ता लगाए भने–

(क) कुनै पनि मिश्र तरङ्ग सरल तरङ्ग(Simple Wave)हरूको योगफल हो।

(ख) कुनै खास क्षणमा बेग्ला बेग्लै अङ्गीभूत (Component) सरल तरङ्गहरूका विस्तारको योगफल नै त्यस क्षणमा उक्त मिश्र तरङ्गको विस्तार हुन्छ। अर्थात् कुनै क्षणमा एउटा तरङ्गको विस्तार एक सेन्टिमिटर छ अर्को तरङ्गको विस्तार दुई सेन्टिमिटर छ भने ती दुई तरङ्गहरू जोडिएर बन्ने मिश्र तरङ्गको विस्तार उक्त क्षणमा तीन सेन्टिमिटर हुन्छ।

(ग) कुनै पनि मिश्र तरङ्गको त्वरण जहिले पनि सबभन्दा थोरै (लघुतम) त्वरण भएको अङ्गीभूत तरङ्गको त्वरण बराबर हुन्छ।

(घ) उक्त लघुतम त्वरणलाई मौलिक त्वरण (Fundamental Frequency) भन्दछन्। भौतिकशास्त्रमा मौलिक त्वरणलाई पहिलो हार्मोनिक (First Harmonic) भनिन्छ भने क्रमैसित त्यसभन्दा धेरै त्वरण हुने तरङ्गहरूलाई संगीतशास्त्रमा पहिलो हार्मोनिक (First Harmonic), दोस्रो हार्मोनिक (Second Harmonic), तेस्रो हार्मोनिक (Third Harmonic) इत्यादि भन्दछन्। छोटकरीमा मौलिक त्वरणलाई $f_0$ भन्ने संकेत दिने चलन छ।

(ङ) एउटा मिश्र तरङ्गमा अङ्गीभूत जतिवटा तरङ्ग हुन्छन् तिनीहरूको त्वरणबीच कस्तो सम्बन्ध पाइन्छ भने जहिले पनि अरू तरङ्गहरूको त्वरण उक्त लघुतम त्वरण हुने तरङ्गको ठ्याक्क भाग लाग्ने हुन्छ अर्थात् मौलिक त्वरण सय हर्ज (100 hz) छ भने त्यसभन्दा माथ्लो त्वरण हुने तरङ्गको त्वरण तीनसय हर्ज (300 Hz) को हुन्छ।

तरङ्ग विश्लेषण गर्ने फोरियरको यस विधिबाट कुनै नियतकालिक मिश्र तरङ्ग (Periodic Complex Wave) का अङ्गीभूत सबै तरङ्गहरू पनि छुटचयाउन सकिन्छ, किनभने फोरियरको अनुसार मौलिक त्वरण (Fundamental Frequency) र मिश्र तरङ्गको त्वरण बराबर हुन्छ। यस विधिको उल्टो, बेग्लाबेग्लै त्वरण भएका साइन तरङ्ग (Sine Wave) वा सरल तरङ्ग (Simple Wave) जोडेर मिश्र तरङ्ग बनाउन पनि सकिन्छ।

## २.७ तरङ्गको स्पेक्ट्रम

एउटा नियतकालिक मिश्र तरङ्गमा बेग्लाबेग्लै त्वरण भएका धेरैवटा सरल तरङ्गहरू मिसिएका हुन्छन् भन्ने कुरो माथि नै लेखिसकियो। ती तरङ्गहरूमा विस्तार (Amplitude) पनि फरक हुन सक्छ अनि त्वरण (Frequency) पनि फरक हुन्छ भन्ने कुरो पनि माथि नै लेखिसकियो। यसरी एउटा मिश्रित तरङ्गमा मिसिएका सबै सरल तरङ्गहरूमा कति त्वरण र कति विस्तार छ भन्ने कुरो व्यक्त गर्ने लेखाचित्र (Graph) लाई उक्त मिश्र तरङ्गको स्पेक्ट्रम (Spectrum) भन्दछन्। सरल तरङ्गको स्पेक्ट्रममा खालि एउटा मात्र त्वरण र एउटा मात्र विस्तार हुन्छ, तर मिश्र तरङ्गको स्पेक्ट्रममा जतिवटा सरल तरङ्ग मिसिएका हुन्छन्, त्यतिवटै त्वरण र त्यतिवटै विस्तार हुने हुनाले एकभन्दा बढी सरल रेखा (Straight Line) हुन्छन्।




चित्र ८: सरल तरङ्गको स्पेक्ट्रम




चित्र ९: मिश्रित तरङ्गको स्पेक्ट्रम

नियतकालिक तरङ्गको स्पेक्ट्रममा सरल रेखा मात्र हुन्छन्, तिनीहरूका टुप्पा जोडिदैन, किनभने चित्रमा निश्चित त्वरण (100 Hz, 200 Hz, 300 Hz, 400 Hz, 500 Hz) मा मात्र ऊर्जा (Energy) समेटिएको छ बीच-बीचमा ऊर्जा नै छैन । अनियतकालिक तरङ्गको स्पेक्ट्रममा भने हरेक त्वरणमा ऊर्जा छरिने हुनाले रेखाका टुप्पाहरू जोडिएका हुन्छन् । 'स' उच्चारण गर्दाको पेक्ट्रम यस्तै हुन्छ ।




चित्र १०: अनियतकालिक तरङ्गको स्पेक्ट्रम

तरङ्गको त्वरण (Frequency) किलोहर्जमा नापिन्छ, विस्तार चाहिं डेसिबेल (dB) मा नापिन्छ । डेसिबेल एउटा लघुगणकीय (Logarithmic) स्केल हो । हाम्रो कानले सुन्न सक्ने आवाजको विस्तार (Amplitude) मा धेरै ठूलो फरक (Range) भएकाले यस्तो फरक सानो कागजमा लेखाचित्र (Graph) तानेर देखाउन गारो हुन्छ । यस्तो फरक व्यक्त गर्न लघुगणकीय स्केल नै प्रयोगमा ल्याइन्छ । बीस हर्जभन्दा कम त्वरण भएको ध्वनि सुन्न नसकिने भएकाले त्यसलाई अवश्रावणिक (Subsonic) ध्वनि र बीस किलोहर्जभन्दा बढी त्वरण भएको ध्वनि पनि सुन्न नसकिने हुनाले तयसलाई अति-श्रावणिक (Ultransonic) ध्वनि भन्दछन् ।

## २.८ स्पेक्ट्रमको शिखर

जुनसुकै किसिमका तरङ्गहरूको विश्लेषण गर्ने स्पेक्ट्रालेखी (Spectrogram) भन्ने एक प्रकारको यन्त्र ध्वनिविज्ञानको प्रयोगशालामा हुन्छ । त्यसका सहायताले कुनै पनि मिश्र (वा सरल) तरङ्गमा मिसिने अङ्गीभूत तरङ्गहरूको स्पेक्ट्रम पनि हेर्न सकिनछ । चित्र ११ मा इकारको




चित्र ११ त्वरण (किलोहर्जमा) इकारको स्पेक्ट्रम

स्पेक्ट्रम देखाइएको छ जहाँ ठाडो अक्ष (Ordinate) मा तरङ्गको विस्तार (Amplitude) र तेर्सो अक्ष (Abscissa) मा त्वरण राखिएको छ। नेपाली इकारको यस स्पेक्ट्रममा देखिएका शिखर (Formant) हरू हेर्‍यो भने पहिलो शिखर (First Formant) अढाई सय हर्ज (250 Hz) जतिमा दोस्रो शिखर (Second Formant) दुई हजार पच्चीस हर्ज (2025 Hz) जतिमा र तेस्रो शिखर (Third Formant) अट्ठाईस सय पचास हर्ज (2850 Hz) जतिमा देखिएको छ। कुनै पनि भाषाका स्वरवर्ण (Vowel Phonemes)हरूको प्रकृति जान्न कुनै खास स्वरका स्पेक्ट्रमका कति कति त्वरणमा यी तीन शिखर ($F_1$, $F_2$, $F_3$) हुन्छन् त्यो जाने पुग्छ। कुनै भाषाका सबै स्वरहरूमा यी तीन शिखरको त्वरणमा थाह पाउने बितिक्कै ल्याडेफोगेड (१९८२ ई.)ले विकास गरेको शिखर तालिका (Formant Chart) का सहायताले स्वर-चतुर्भुज (Vowel Quadrilateral) मा त्यस भाषाका कुन कुन स्वरहरू कहाँ कहाँ पर्छन् भनेर तोक्न सकिन्छ। डेनियल जोन्स (१९५७ ई.) को मानस्वर (Cardinal Vowels) का आधारमा जसरी कुनै भाषाका स्वरहरूको स्थिति (Location) स्वर-चतुर्भुजमा कहाँनेर पर्छ भनेर तोक्न सकिन्थ्यो त्यसैगरी अझ बढी वैज्ञानिक र ठोस रूपमा कुनै पनि भाषाका स्वरको स्थिति निर्धारण गर्न उक्त शिखर-तालिकाबाट सकिन्छ भन्ने ल्याडेफोगेडको दृष्टिकोण छ। मैले (पोखरेल १९८९ ई.: ५७) नेपाली स्वरहरूको स्थिति निर्धारण गरेको ल्याडेफोगेडकै विधिबाट हो अर्थात् प्रत्येक नेपाली स्वरको स्पेक्ट्रमका यिनै तीन शिखरको त्वरणमानका आधारमा हो।

स्पेक्ट्रालेखी यन्त्र (Spectrogram) ले चित्र ११ को स्थितिलाई ९० डिग्री दायाँ घुमाएर समय (OT) तेर्सो र त्वरण (OF) ठाडो पर्ने गरी निम्नानुसार प्राय देखाउँछ–




चित्र १२: 'इ' ध्वनिमा शिखरहरूको स्थिति समय (मिलिसेकेन्डमा)

चित्रमा कालो रङले विस्तार (Amplitude) अर्थात् सामर्थ्य (Power) व्यक्त गर्दछ। अर्का शब्दमा भन्नु हो भने यहाँ देखिएका तीनवटा काला पाटा (Band) चित्र ११ मै देखिएका पहिला तीनवटा नै शिखर (Formants) हुन्। निम्नलिखित सूत्रबाट कुनै स्वरका स्पेक्ट्रमका शिखरको त्वरण निकाल्न सकिन्छ–

$$F_{k+1} = \frac{(2k+1)c}{4l}$$

जहाँ $k \geqslant 0$ हुन्छ, C = ध्वनिको प्रवेग हावामा ३३२ मिटर प्रतिसेकेन्ड र l = ट्युबको लम्बाइ हुन्छ। प्राय F1 को तीन गुना F2 हुन्छ र F3 पाँच गुना हुन्छ।

## २.९ निनाद र निनादक

एउटा एक सय हर्ज (100 Hz) त्वरण भएको ट्युनिङ फोर्क (Tuning Fork) लाई सिसाकलमले प्याट्ट कुट्यो भने त्यसमा कम्पन (Vibration) भएर एक सय हर्जको सुरिलो आवाज आउँछ। त्यसलाई कुट्ने बितिक्कै एउटा गीतारको मुख नजिकै पुऱ्यायो भने गीतार भित्रको हावामा कम्पन भएर ठूलो आवाज आउँछ। त्यसैगरी कुटिएको ट्युनिङ फोर्कलाई एउटा रित्तो गिलासको मुखमा पुऱ्यायो भने ध्वनि अर्कै किसिमको आउँछ। यसरी एउटा कम्पन भइरहेको वस्तुबाट अर्को वस्तुमा कम्पन सार्ने कामलाई निनाद (Resonance) भन्दछन् र जुन वस्तुमा कंम्पन सर्दछ त्यस वस्तुलाई निनादक (Resonator) भन्दछन्।

एउटा सय हर्ज (100 Hz) र एउटा तीन सय हर्ज (300 Hz) का दुईवटा ट्युनिङ फोर्कलाई प्याट्ट कुटिदियो भने, त्यहाँ नजिकै भएको खालि सय हर्ज र तीनसय हर्ज ट्युनिङ फोर्क मात्र काम्न थाल्छन्, दुईसय हर्ज र चार सय हर्जका ट्युनिङ फोर्कहरू काम्दैनन्, किनभने सहानुभौतिक कम्पन (Sympathetic Vibration) अथवा निनाद (Resonance) हुनलाई कम्पन सार्ने र कम्पन सर्ने दुवै वस्तुको त्वरण एउटै हुनुपर्छ। एउटा निश्चित आकारको कुनै खास भाँडाको स्वाभाविक त्वरण (Natural Frequency) निश्चित मात्र हुन्छ, कम-बेसी हुँदैन। स्वाभाविक त्वरण भनेको सय हर्जको ट्युनिङ फोर्कको जस्तो त्यस्तो निश्चित त्वरण हो जो निश्चित त्वरण (यहाँ सयहर्ज) भएमात्र काम्छ। एउटा सुरिलो गिलासमा पानी त्वारार्र खन्यायो भने गिलासमा पानी भरिदै जाँदा आवाज पनि फरक पर्दै जान्छ, किनभने पानी भरिएको गिलास माथिको हावाको आकार (Shape) र आयतन (Volume) रित्तो गिलासका हावाको आकार र आयतन जस्तो हुँदैन अर्थात् पानीको सतह बढ्यै पिच्छे गिलासभित्र पानीमाथिका हावाको स्वाभाविक त्वरण (Natural Frequency) फरक पर्दै जान्छ।

हामीले कुनै स्वर उच्चारण गर्दा स्वरौष्ठ (Vocal Lips or Vocal Folds) हरूमा भएको कम्पनको त्वरण फरक फरक हुन्छ। कण्ठद्वार (Glottis) माथि ओठसम्मको ढुङ्ग्रो सबै ठाउँमा बराबर फराकिलो हुँदैन। ग्रसनी (Pharynx) वा घोक्राको ढुङ्ग्रामा भएको हावामा घोक्राको आकार अनुसारको स्वाभाविक त्वरण (Natural Frequency) अनुसार निनाद (Resonance) हुन्छ। अर्थात् स्वरौष्ठका कम्पनबाट निस्केका ध्वनिको कुनै त्वरण घोक्रामा विस्तारित (Magnified) हुन्छ, कुनै त्वरण मुखको ओढार (Oral Cavity) मा विस्तारित हुन्छ। कुनै स्वरका स्पेक्ट्रमका शिखर (Formant) हरूको त्वरणले रुद्रघण्टी (Laryno) भन्दा मस्तिरका त्यस्तै बेग्ला-बेग्लै ओढारहरूमा भएका हावाको निनाद (Resonance) वा सहानुभौतिक कम्पन (Sympathetic Vibration) को प्रतिनिधित्व गर्छ लिबरम्यान र ब्लुमस्टिन १९८८ ई.: ३८-४०)।

## ३. स्पेक्ट्रालेख पढ्ने तरिका

### ३.१ शिखरहरूको स्थिति

कुनै स्वरको उच्चारण गर्दा तालु (Palate) र जिह्वामध्य (Front of the Tongue) बीचको दूरीले पहिलो शिखर (First Formant) प्रभावित हुन्छ। जति जिह्वामध्य उचालिन्छ, त्यति F1 कम हुँदै जान्छ अर्कातिर दोस्रो शिखर (Second Formant) चाहिं जिह्वामध्य उचालिंदा उचालिन्छ, जिह्वामध्य ओराल्दा ओर्लिन्छ, जस्तै--

तालिका १: नेपाली स्वरमा शिखरहरूको स्थिति

| | इ | ए | अ | आ | ओ | उ |
|---|---|---|---|---|---|---|
| F1 | २५० | ३५० | ८२५ | ६०० | ३५० | २५० |
| F2 | २१०० | २००० | १४५० | ९५० | ७७५ | ८२५ |
| F3 | ३००० | २७५० | २५०० | २५०० | २३५० | २३५० |

माथि लेखिएको प्रवृत्ति पश्च स्वर (Back Vowels) मा भन्दा अग्र स्वर (Front Vowels) मा बढी प्रस्ट देखिन्छ, किनभने ओठको गोलाइले गर्दा पनि कण्ठद्वार (Glottis) देखि मुखसम्मको लम्बाइ बढ्छ। कुनै टचुबको लम्बाइ बढचो भने त्वरण (Frequency) घट्छ र लम्बाइ घटचो भने त्वरण घट्छ भन्ने कुरो निम्नलिखित सूत्रबाट बुझिन्छ–

$$f = \frac{C}{41}$$

यहाँ l = टचुबको लम्बाइ, c = ध्वनिको प्रवेग (Velocity of Sound) र f = शिखरको त्वरण (Formant Frequency) हो। ध्वनिको प्रवेग अचल (Constant) भएकाले गर्दा कण्ठद्वारदेखि ओठसम्मको लम्बाइ बढ्दा शिखरको त्वरण घट्छ, लम्बाइ घट्ता शिखरको त्वरण बढ्छ। माथिको तथ्याङ्क (Data) मेरो स्पेक्ट्रालेखी प्रयोग (Spectrographic Experiment) बाट (पोखरेल १९८९ ई.) निस्केको हो।

### ३.२ स्पेक्ट्रालेख भनेको के हो ?

कुनै भाषाका वक्ताले बोलेका कुरालाई टेपबद्ध (Tape Recording) गरेर स्पेक्ट्रालेखी (Spectrograph) यन्त्रमा हाल्दा बोलेको ध्वनि अनुसारको फोटो स्पेक्ट्रालेखी यन्त्रमा बेरिएका कागजमा छापिन्छ। त्यसै फोटोलाई स्पेक्ट्रालेख (Spectrogram) भन्दछन्। मेरो पीएच.डी. शोधग्रन्थमा नेपाली ध्वनिको विश्लेषण धेरैजसो स्पेक्ट्रालेखकै विश्लेषणका आधारमा गरिएको छ। स्पेक्ट्रालेख हेरेर भाषाको कुनै ध्वनि स्वर हो कि व्यञ्जन हो, स्वर भए उच्च (High), मध्य (Mid), निम्न (Low), अग्र (Front), केन्द्रीय (Central र पश्च (Back) मध्ये कुन हो, भन्ने थाहा हुन्छ। अनुनासिक (Nasal) र अननुनासिक (Oral) ध्वनिको फरक, अल्पप्राण (Unaspirate) र महाप्राण (Aspirate) ध्वनिको फरक, स्पर्श (Plosive), स्पर्शोष्म (Affricate), ऊष्म (Fricative) र अन्तःस्थ (Semivowel) ध्वनिको फरक, आदि सबै कुरो थाहा हुन्छ। स्वर उदात्त (Rising) अनुदात्त (Falling) र स्वरित (Circumflex) के हो त्यो पनि स्पेक्ट्रालेख हेरेर भन्न सकिन्छ। स्पेक्ट्रालेखमा ठाडो अक्ष (Axis) मा त्वरण देखाइन्छ, तेर्सो अक्षमा उच्चारण-काल (Time) देखाइन्छ।

### ३.३ घोष र अघोषमा फरक

उच्चारण गरिएका ध्वनिको स्पेक्ट्रालेख हेरेर कुनै ध्वनि घोष (Voiced) हो कि अघोष (Voiceless) हो छुटयाउन सकिन्छ। घोष ध्वनिको स्पेक्ट्रालेखमा ठाडा धर्सा (Striations) देखिन्छन्; अघोष, ध्वनिको स्पेक्ट्रालेखमा ठाडा धर्सा देखिंदैनन्। संलग्न चित्रमा 'पापा' र 'बाबा' यी दुई शब्दको स्पेक्ट्रालेख देखाइएको छ, जहाँ 'बाबा' शब्दमा भएका चारैवटा (ब्-आ-ब्-आ) ध्वनिमा ठाडा धर्सा देखिन्छन् तर 'पापा' शब्दमा भएका चारवटा (प्-आ-प्-आ) ध्वनि मध्ये 'आ' ध्वनिमा चाहिं ठाडा धर्सा छन् 'प्' ध्वनिमा ठाडा धर्सा छैनन्। यसरी देखाइएका ध्वनिमध्ये 'प्' चाहिं अघोष ध्वनि हो, 'ब्' र 'आ' चाहिं घोष ध्वनि हुन् भन्ने बुझिन्छ। नेपाली स्वरहरू सबै घोष भएकाले सबै स्वरमा ठाडा धर्सा देखिन्छन्, तर 'क च ट त प, ख छ ठ थ फ, स' (११ वटा) ध्वनिमा चाहिं ठाडा धर्सा देखिंदैनन्, अरू व्यन्जन र अन्तःस्थ ध्वनिमा देखिन्छन्। 'बाबा'को स्पेक्ट्रालेखमा फेदमा घोष जनाउने पट्टी देखिन्छ।




(क) बाबा (ख) पापा

चित्र १२: 'पापा' र 'बाबा' शब्दको स्पेक्ट्रालेख

चित्रमा अग्ला-अग्ला ठाडा धर्काले 'आ' स्वर जनाउँछन्। स्वर नेपालीमा घोष (Voiced) हुने हुनाले ती ठाडा धर्का (Striations) देखिएका हुन्। होचा ठाडा धर्काले चित्र १२ (क) मा 'ब' जनाउँछन्। स्पर्श (Plosive) घोष व्यन्जनका स्पेक्ट्रालेखहरु त्यसभन्दा अग्ला हुँदैनन्। चित्र

१३ (ख) मा दुईवटा 'आ' जनाउने स्पेक्ट्रालेखका बीचमा 'प' जनाउने शून्य छ । त्यहाँ घोष-पट्टी (Voice Bar) नदेखिएकाले 'प' चाहिँ अघोष ध्वनि हो भन्ने बुझिन्छ । दुवै चित्रमा पहिलो 'आ' जतिको प्रस्ट दोस्रो 'आ' नदेखिनाको कारण चाहिँ हामीले गरेका उच्चारणमा बराबर स्पष्टता नहुने भएरै हो । 'प' र 'आ'का बीचमा माथि जति कालो धर्को देखिन्छ, त्यति कालो धर्को 'ब' र 'आ'का बीचमा देखिदैन । चित्रका फेदमा दिइएको स्केलमा एक अंश बराबर दश मिलिसेकेन्ड उच्चारणकाल जनाइएको छ । यसबाट 'ब'को भन्दा 'प'को उच्चारणकाल एकातिर बढी देखिन्छ भने अर्कातिर घोषभन्दा अघिल्तिरका स्वरको उच्चारणकाल अघोषभन्दा अघिल्तिरका स्वरको कालभन्दा बढी छ ।

### ३.४ ऊष्म, स्पर्श र स्पर्शोष्ममा फरक

ऊष्म (Fricative) ध्वनिको स्पेक्ट्रालेख हेर्दा अनियतकालिक (Aperiodic) ध्वनि व्यक्त गर्ने झ्यारझ्यार (Noise) देखिन्छ। स्पेक्ट्रालेखमा यस्तो अनियतकालिक झ्यारझ्यार तीन किसिमले आउँछ–

#### ३.४.१ स्पर्श (Plosive) ध्वनिको स्फोट (Plosion) का रूपमा

स्पर्श ध्वनि टुङ्गिने बितिक्कै दाहिने पट्टि थोरै समय (मिलिसेकेन्ड)को कालो धर्को उच्च त्वरण (High Frequency) क्षेत्रमा देखिन्छ , जस्तै–




चित्र १४ 'काका', 'टाटा', 'ताता' र 'पापा' शब्दको स्पेक्ट्रालेख

यी सबै स्पेक्ट्रालेखमा 'आ' भन्दा अगाडि माथिल्लो क्षेत्रमा गाढा रङको कालो ऊष्म ध्वनि देखिन्छ । अघोष ध्वनिको स्फोटमा यस्तै ऊष्म क्षेत्र देखिन्छ । घोष पछाडिको स्फोटमा यति क्षमता हुँदैन, त्यसैले घोष ध्वनि पछाडिको स्फोट जनाउने ऊष्म क्षेत्रभन्दा अघोष ध्वनि पछाडिको स्फोट जनाउने ऊष्म ध्वनिको क्षेत्रमा बढी गाढा कालो देखिन्छ ।

### ३.४.२ स्पर्शोष्म (Affricate) ध्वनिको उत्तरार्धमा देखिने ऊष्म ध्वनिका रूपमा

स्पर्शोष्म ध्वनिको अघिल्तिर स्पर्श जनाउने खाली ठाउँ हुन्छ र त्यो खाली ठाउँ सकिएपछि ऊष्म ध्वनि जनाउने झ्यारझ्यार उच्च त्वरण क्षेत्रमा धेरै समयको देखिन्छ। स्पर्श र स्पर्शोष्म ध्वनिमा खालि ऊष्म ध्वनि जनाउने त्यसै झ्यारझ्यारको उच्चारण-कालको मात्र फरक हुन्छ। स्पर्श ध्वनि पछाडि ऊष्म ध्वनि धेरै समयको भयो भने, त्यो ध्वनि स्पर्शोष्म (च, छ ज, झ जस्तो) हुन्छ र अत्यन्त थोरै समयको भयो भने त्यो ध्वनि स्पर्श हुन्छ। स्पर्श ध्वनि पछाडि देखिने ऊष्म ध्वनिले निम्नलिखित चार परिस्थितिमा बेग्ला बेग्लै ध्वनि जनाउँछ–

(अ) घोष (Voiced) स्पर्श ध्वनि (ग ड द ब) पछाडि असाध्यै अस्पष्ट (कम तरङ्ग विस्तारको) ऊष्म ध्वनिको धर्सो देखिन्छ।

(आ) अघोष (Voiceless) अल्पप्राण (Unaspirate) स्पर्श ध्वनि (क ट त प) पछाडि स्फोट जनाउने बढी कालो (अलि बढी तरङ्ग विस्तारको) ऊष्म ध्वनिको धर्सो देखिन्छ। त्यो ऊष्म ध्वनिको धर्सो घोष ध्वनिभन्दा कालोपन वा विस्तार (Amplitude) मा पनि बढी हुन्छ, उच्चारणकाल पनि केही बढी हुन्छ र त्वरण (Frequency) पनि बढी हुन्छ।

(इ) घोष स्पर्शोष्म (Voiced Affricate) ध्वनि (ज, झ जस्तो)मा ऊष्म ध्वनि जनाउने झ्यारझ्यार अघोष स्पर्शमा भन्दा बढी समयको हुन्छ, तर कालोपन वा विस्तार चाहिं अघोष स्पर्शमा भन्दा कम हुन्छ।

(ई) अघोष स्पर्शोष्म (Voiceless Affricate) ध्वनि (च छ जस्तो) मा ऊष्म खण्डको कालोपन पनि उच्चारण-काल पनि बढी हुन्छ। यसभित्र पनि चकारमा भन्दा छकारमा ऊष्म खण्डको उच्चारणकाल बढी हुन्छ।




(क) बाखो (ख) पाठा (ग) आधा




(घ) आथाथा




(ङ) फा




(च) पुछ् साले

चित्र १५ नेपाली महाप्राण व्यञ्जनमा देखिने ऊष्म खण्ड

चित्र (क) मा 'ख'को अघिल्तिर पर्ने 'क' र त्यसको पछिल्तिर १.५ किलोहर्जभन्दा माथि ऊष्म खण्ड देखिन्छ, (ख) मा 'ठ' को अघिल्तिर 'ट' र पछिल्तिर ५०० हर्जभन्दा माथि ५)-६० मिलिसेकेन्डको ऊष्म खण्ड छ; (ग), (घ) र (ङ) मा क्रमश 'आगा', 'आथाथा', 'आथाथाथा' छन्, जसमा ऊष्म खण्डको उच्चारणकाल घट्तै गएको देखिन्छ । चित्र (च)मा चाहिँ ४ किलोहर्जभन्दा माटि 'छ'को ऊष्म खड र दन्त्य 'स' को ऊष्म खण्ड मिसिएको देखिन्छ; जहाँ स्पर्शोष्म ध्वंनि 'छ'को अघिल्तिर 'त्' र पछिल्तिर बढी उच्चारणकालको 'स' पाइन्छ ।

### ३.४.३ ऊष्म वर्णका रूपमा

#### ३.४.३.१ झ्यारझ्यारको त्वरणक्षेत्र र शिखरहरूको स्थिति

स्टिभेन्स (१९६० ई.)ले संसारका भाषामा पाइने विभिन्न किसिमका ऊष्म ध्वनिहरूको स्पेक्ट्रालेखमा देखा पर्ने झ्यारझ्यारले ओगट्ने क्षेत्र (Range)ले कति किलोहर्जदेखि कति किलोहर्जसम्म ओगटेको हुन्छ भनेर परिभाषित गरेका छन्, जस्तै–




चित्र १६: ऊष्म ध्वनिहरूमा झ्यारझ्यार क्षेत्र र शिखरको स्थिति

चित्र (१६) बाट के देखिन्छ भने 'आफ्, सफा, गफ' जस्ता शब्दमा पाइने ऊष्म फकार जनाउने झ्यारझ्यारले १.६ किलोहर्जदेखि ६.५ किलोहर्जको त्वरण क्षेत्र ओगटेको हुन्छ भने दन्त्य वा दन्तमूलीय सकार जनाउने झ्यारझ्यारको त्वरण क्षेत्र (Frequency Range) झन्डै ४ किलोहर्जदेखि ८ किलोहर्ज भन्दा बढ्ता देखिन्छ । तालव्य शकार [ç] मा २.८ किलोहर्जदेखि ७.२ किलोहर्जसम्म झ्यारझ्यार देखिन्छ । 'ह' जनाउने झ्यारझ्यार चाहिं ०.४ किलोहर्जदेखि थालिएर ७ किलोहर्जभन्दा माथिसम्म पुग्छ ।

यस चित्रमा देखिएका ठाडा रेखाहरूले ऊष्म-विशेष जनाउने झ्यारझ्यारको त्वरणक्षेत्र जनाउँछ भने बीच-बीचमा देखिएका थोप्लाहरूले उक्त ऊष्म ध्वनिका स्पेक्ट्रममा देखिने शिखरहरूको स्थिति व्यक्त गर्छन् ।

#### ३.४.३.२ तरङ्ग विस्तार वा शिखरको उचाइ

कुनै खास ध्वनिको स्पेक्ट्रमका शिखरहरूको उचाइ वास्तवमा कुनै खास त्वरण क्षेत्रमा पर्ने तरङ्ग विशेषको विस्तार (Amplitude) हो । स्पेक्ट्रालेखमा कालो रङले तरङ्ग-विस्तार जनाउँछ अर्थात् स्पेक्ट्रालेखमा कुनै खास त्वरणमा जति बढ्ता कालो देखिन्छ, त्यति त्यस त्वरणमा तरङ्ग विस्तार बढी हुन्छ । यसको अर्थ के हो भने स्पेक्ट्रालेख (Spectrogram) मा कालोपन जति कम हुन्छ, त्यति तरङ्ग विस्तार कम हुन्छ । कालोपन, तरङ्गविस्तार र सामर्थ्य (Power) स्पेक्ट्रालेखमा एक-अर्काका द्योतक हुन्छन् ।

$I \propto a^2$

(I = सामर्थ्य, a = विस्तार)




चित्र १७: ऊष्मध्वनिको तीव्रता स्केल

प्रस्तुत चित्रमा विभिन्न अघोष (Voiceless) ऊष्म ध्वनिहरूको स्पेक्ट्रालेखमा पाइने तीव्रता (Intensity) को शृङ्खला (Hierarchy) दिइएको छ, जहाँबाट फ [ɸ] सबभन्दा फिक्का र श [ç] सबभन्दा कालो हुने कुरो बुझिन्छ (हेर्नू स्टिभेन्स १९६० ई.) ।

घोष ऊष्म ध्वनिमा ठाडा धर्सा (Striations) देखिन्छन्, अघोष ऊष्म ध्वनिमा त्यस्ता ठाडा धर्सा देखिंदैनन् ।

## ३.५ अनुनासिक र अननुनासिक ध्वनिमा फरक

### ३.५.१ अनुनासिक स्वर (Nasalized Vowel)

स्पेक्ट्रालेखमा

(क) अनुनासिक स्वर (जस्तै 'चाँप' शब्दको 'आँ') अननुनासिक स्वर (जस्तै 'चाप'को 'आ') भन्दा अलि लामो हुन्छ ।

(ख) गीतारको ओढार जस्तो कुनै निनादक (Resonator) जति त्वरणक्षेत्र (Frequency Range)मा सबभन्दा बढी घन्किन्छ (Resonates) त्यति त्वरणक्षेत्रलाई शिखर-पट्टी (Bandwidth) भन्दछन् । कुनै स्वरको स्पेक्ट्रालेख हेर्‍यो भने बेग्लाबेग्लै त्वरणक्षेत्रमा काला पाटाहरू देखिन्छन् । त्यस्ता तेर्सा काला पाटाहरूलाई शिखर (Formant) भन्दछन् । ती शिखरको लम्बाइ होइन चौडाइलाई नै शिखरपट्टी भन्दछन् । अनुनासिक स्वरको शिखरपट्टी अननुनासिक स्वरको शिखरपट्टी भन्दा कम हुन्छ ।

(ग) अनुनासिक स्वरमा पहिलो शिखर (First Formant) र दोस्रो शिखर (Second Formant) को दूरी बढ्ता हुन्छ ।

(घ) अनुनासिक स्वरको कम त्वरणक्षेत्रमा तरङ्गविस्तार (Amplitude) घट्छ बढी त्वरण क्षेत्रमा तरङ्गविस्तार बढ्छ अर्थात् अनुनासिक स्वरमा तल कालोपन अननुनासिक स्वरमा भन्दा फिक्का हुन्छ, माथि गाढा हुन्छ ।

(ङ) अनुनासिक स्वरको कम त्वरणक्षेत्रमा हरेक काला पाटा (Pole) सँग एउटा फिक्का पाटो (Zero) जोडिएको हुन्छ ।

(च) कहिले कहिले अनुनासिक स्वरका स्पेक्ट्रालेखमा अननुनासिक स्वरको स्पेक्ट्रालेखमा भन्दा बढी एउटा अतिरिक्त शिखर (Additional Formant) देखापर्छ (हेर्नू पोखरेल १९८९ ई. ६१-४) ।




(क) चाप (ख) चॉप (ग) नाउ (घ) नाउँ

चाप र चॉपको स्पेक्ट्रालेख, 'नाउ' र 'नाउँ'को स्पेक्ट्रालेख

चित्र १८: अननुनासिक र अनुनासिक स्वरमा फरक

### ३.५.२ नासिक्य व्यञ्जन (Nasal Consonant)

(क) फुजीमुरा (१९६२ ई.)को भनाइअनुसार नासिक्य व्यञ्जनमा

(अ) पहिलो शिखर ($F_1$) धेरै तल (२५० हर्जतिर) हुन्छ (बोर्डेन र ह्यारिस १९८० ई.) र त्यो ज्यादै गाढा कालो हुन्छ ।

(आ) फिक्का रङका शिखरहरू नासिक्य व्यञ्जन (जस्तै 'मामा'को 'म') मा देखिन्छन् तर अननुनासिक व्यञ्जन (जस्तै, 'बाबा' को 'ब')मा देखिँदैनन् ।

(इ) नासिक्य व्यञ्जनको स्पेक्ट्रालेख झन्डै स्वरको जस्तो हुन्छ (हेर्नू ल्याडेफोगेड १९८२ ई.: १८४)

(ई) झन्डै ७०० हर्जतिर एउटा अतिरिक्त शिखर (Additional Formant) फिक्का रङको देखापर्छ (लिबरम्यान र ब्लुमस्टिन १९८८ ई.: २२६) ।




'बाबा' र 'मामा' को स्पेक्ट्रालेख
चित्र १९: घोष अननुनासिक र नासिक्य व्यञ्जनमा फरक

कुनै पनि स्वरात्मक (Vocoid) ध्वनिको स्पेक्ट्रालेखमा ठाडा धर्साहरू (Striations) हुन्छन्। यस दृष्टिले हेर्दा निम्नलिखित सबै ध्वनिहरू स्वरात्मक हुन्छन्, किनभने निम्नलिखित सबै ध्वनिहरूका स्पेक्ट्रालेखमा ठाडा धर्सा हुन्छन्–

(क) स्वर (Vowels) (ख) अन्तःस्थ (Semi-vowels) र (ग) सन्ध्यक्षर (Diphthong)

अन्तःस्थ (य, र, ल, व) र सन्ध्यक्षर (अइ, अउ, आइ, आउ, उइ, इउ, एइ, एउ, ओइ, ओउ) को स्पेक्ट्रालेख र स्वरको स्पेक्ट्रालेखमा के फरक हुन्छ भने स्वरको स्पेक्ट्रालेखमा शिखरहरू (Formants) तेर्सो अक्ष (Abscissa) को समानान्तर (Parallel) हुन्छन् अर्थात् शिखरहरू बाङ्गोटिङ्गो नपरी समानान्तर रूपमा तेर्सो परेका हुन्छन्, तर अन्तःस्थ र सन्ध्यक्षर शिखरहरू अनिवार्य रूपमा बाङ्गाटिङ्गा हुन्छन्। तालिका-१ मा नेपाली स्वरका शिखरहरू ($F_1$, $F_2$, $F_3$) को स्थिति दिइएको छ, त्यसलाई लेखाचित्र (Graph) मा निम्नानुसार देखाउन सकिन्छ–




चित्र २०: मुक्ताक्षरमा स्वरहरूका तीनवटा पहिला शिखरको स्थिति

स्पेक्ट्रालेख नै हेर्दा स्वर, अन्तःस्थ र सन्ध्यक्षर निम्नानुसार देखिन्छ




(क) आ (ख) इ (ग) इ (घ) पाइ




(ङ) पाउ (च) पावा (छ) पाया

'आ, इ, उ, आया, आवा, रारा, चाला, पाइ, पाउ'को स्पेक्ट्रालेख
१ २ ३ ४ ५ ६ ७ ८ ९

चित्र २१: स्वर, सन्ध्यक्षर अन्तःस्थमा फरक

चित्र २२ मा 'आ, इ, उ' जस्ता शुद्ध स्वरमा शिखरहरू ($F_1$, $F_2$, $F_3$) जनाउने काला पाटाहरू निरपेक्ष अक्ष (Abscissa) को समानान्तर अर्थात् सोझा तर तेर्सो परेका देखिन्छन् । 'पाइ, पाउ' जस्ता शब्दमा भएका सन्ध्यक्षर (Diphthong) 'आइ, आउ'मा अघिल्तिर 'आ' जनाउने स्थितिबाट पछिल्तिर 'इ' र 'उ' जनाउने स्थितितिर शिखरहरू बगेको देखिन्छ । 'आया, आवा, रारा, चाला' जस्ता शब्दमा भएका अन्तःस्थ (Semivowel) ध्वनिको उच्चारणकाल थोरै समयको देखिन्छ अर्थात् सन्ध्यक्षरमा हुने इकारको लम्बाइ अन्तःस्थ (य)मा हुने इकारको लम्बाइ भन्दा ठूलो हुने रहेछ । यसरी शुद्ध स्वर (इ, उ) भन्दा सन्ध्यक्षर (आइ, आउ)मा भएको 'इ, उ' छोटो हुने रहेछ र सन्ध्यक्षरका 'इ, उ' भन्दा अन्तःस्थ (य, व)मा भएको 'इ, उ' छोटो हुने रहेछ, अर्थात्–

१. शुद्ध स्वर > सन्ध्यक्षर > अन्तःस्थ

स्पेक्ट्रालेखमा 'र-ल' ध्वनि पनि 'य-व' ध्वनि जस्तै देखिन्छ ।

### ३.६.१ स्वरहरूको शिखर-तालिका

डेनियल जोन्स (१९५७ ई.)ले स्वरहरूको वर्गीकरण गर्न मानस्वर (Cardinal Vowels) बनाए । उनका मानस्वरका आधारमा संसारभरका भाषाका स्वरहरूको उचाइ (Height) र पश्चता (Backness) निर्धारण गर्न सकिन्थ्यो । जोन्सको त्यो विधि उनकै गुरुकुलका ध्वनिवैज्ञानिकलाई मात्र आउँथ्यो, त्यसैले ल्याडेफोगेड (१९८२ ई.)ले शिखरतालिका (Formant Chart) बनाए जसका आधारमा कुनै भाषाको कुनै स्वर वस्तुगत रूपमा किटेर कहाँ पर्छ भनेर ठेगान लगाउन सकिन्छ । ल्याडेफोगेड पनि जोन्सकै शिष्य हुन् । उनी के भन्दछन् भने शिखरतालिकाबाट कुनै भाषाका स्वरको निर्धारण गरेको स्थिति जोन्सको मानस्वरका आधारमा निर्धारण गरेको स्थितिसँग लगभग मिल्छ । ल्याडेफोगेड (१९८२ ई.)ले विकास गरेको त्यस शिखरतालिकामा कुनै भाषाका स्वरहरूको पहिलो शिखर ($F_1$) ठाडो अक्ष (Ordinate) मा राखिन्छ अनि दोस्रो शिखर र पहिलो शिखरका त्वरणको फरक ($F_2$-$F_1$) तेर्सो अक्ष (Abscissa) मा नापिन्छ; उद्गमविन्दु (Origin) दाहिने पट्टिको टुप्पामा हुन्छ ।




चित्र २२ नेपाली स्वरहरूको शिखरतालिका

चित्रमा दुईवटा बहुभुज (Polygon) देखा पर्छन्; A L K J I H ले मुक्ताक्षर (Open Syllable) मा नेपाली स्वरहरुको स्थिति देखाउँछन् भने G Q P O N M ले बद्धाक्षर (Closed Syllable) मा नेपाली स्वरहरुको स्थिति देखाउँछन् ।

अचेल कम्प्युटरकै सहायताले पनि शिखरहरूको त्वरण थाह पाउन सकिन्छ ।

### ३.६.२ "ह" ध्वनिको स्पेक्ट्रालेख

स्पेक्ट्रालेखमा 'ह' ध्वनि स्वर जस्तो देखिन्छ, अर्थात् 'ह' ध्वनिमा पनि ठाडा धर्सा देखिन्छ् । यो कुरो अङ्ग्रेजी भाषाको अघोष 'ह'मा भन्दा नेपाली भाषाको घोष 'ह'मा टड्कारै देखिन्छ । दुवै 'ह'मा शिखरहरू समेत छिमेकको स्वरसँग मिल्ने देखिन्छन् ।




(क) थाहा (नेपाली शब्द)

(ख) ha (अङ्ग्रेजी)
(ओ'कोनर १९७३ ई. छैटौं चित्र)

चित्र २३ अङ्ग्रेजी ha (O Connor, plate 6) र नेपाली आहा (AhA) को स्पेक्ट्रालेख

नेपाली 'ह'मा विस्तार (Amplitude) अर्थात् कालोपन अर्थात् ऊर्जा (Energy) कम देखिन्छ ।

### ३.७ घोष महाप्राण र मौलिक त्वरण

नेपाली घोष महाप्राण (घ झ ढ ध भ ह) ध्वनिको स्पेक्ट्रालेखमा घोष अल्पप्राण (ग ज ड द ब, स्वर) ध्वनिको स्पेक्ट्रालेखमा भन्दा ध्वानिक सामर्थ्य (Acoustic Power) कम देखिन्छ । यी ध्वनिको उच्चारण गर्दा रुद्रघण्टी (Larynx) तलतिर सर्ने हुनाले रुद्रघण्टीदेखि ओठसम्मको ढुङग्रो (Tube) लामो हुन्छ । ढुङ्ग्रो लामो भएपछि मौलिक त्वरण

(Fundamental Frequency) कम हुन्छ । मौलिक त्वरण कम भएको दुई तरिकाबाट थाहा हुन्छ ।

(क) साँगुरो शिखरपट्टी भएको स्पेक्ट्रालेख (Narrow Band Spectrogram) हेरेर

(ख) इष्ट (Required) ध्वनिको स्पेक्ट्रालेखमा ठाडा धर्सा (Striations) गनेर

### ३.७.१ साँगुरो शिखरपट्टी भएको स्पेक्ट्रालेख




चित्र २४ Is Pat sad or mad ? भन्ने अङ्ग्रेजी वाक्यको चौडा र साँगुरो शिखरपट्टी भएको स्पेक्ट्रालेख (ल्याडेफोगेड १९८२ ई.: १९२)

(Ladefoged 1982: 192) को स्पेक्ट्रालेख (Narrow Band Spectrogram)

यहाँ दिइएका स्पेक्ट्रालेखहरू साँगुरो शिखरपट्टी भएका स्पेक्ट्रालेख हुन् । यसमा एक किलोहर्जसम्म जतिवटा तेर्सा धर्का हुन्छन् त्यति संख्याले एक हजारलाई भागा गर्दा मौलिक त्वरण ($f_0$) निस्कन्छ । साँगुरो शिखरपट्टी भएका स्पेक्ट्रालेखमा सबभन्दा तल्लो तेर्सो रेखाले मौलिक त्वरण व्यक्त गर्छ । त्यो मौलिक त्वरण उदात्त सुर (Rising Pitch) हुँदा बढ्दै जान्छ, अनुदात्त सुर (Falling Pitch) हुँदा घट्तै जान्छ । मौलिक त्वरणले काटिकुटी रुद्रघण्टीको प्रतिनिधित्व गर्छ अर्थात् उच्च तान (High Tone) भएको ध्वनि उच्चारण गर्दा रुद्रघण्टी पनि मास्तिर सर्छ, मौलिक त्वरण पनि मास्तिर सर्छ, निम्न तान (Low Tone) भएका ध्वनिको उच्चारण गर्दा रुद्रघण्टी पनि तलतिर सर्छ मौलिक त्वरण पनि तलतिर सर्छ ।

नेपाली घोष महाप्राण ध्वनिहरू (घ झ ढ ध भ ह)को उच्चारण गर्दा रुद्रंघण्टी जहिले पनि तलतिर सर्छ, त्यसकारण मौलिक त्वरण तलतिर सर्ने पर्छ अर्थात् नेपाली घोष महाप्राण ध्वनिलाई निम्न तान (Low Tone) भएका ध्वनि भन्न पनि सकिन्छ । मगर भाषामा स्वर पनि अल्पप्राण (Unaspirate) र महाप्राण (Aspirate) गरी दुई किसिमको हुन्छ । ती महाप्राण

स्वरहरूलाई मारिया ह्यारी (१९७७ ई.)ले निम्न तान भएका स्वर र अल्पप्राण स्वरहरूलाई उच्च तान भएका स्वर मानेकी छिन्।

माथि चित्र नं. २५ मा झैं कुनै वाक्यका सुरलहर वा अनुतान (Intonation) को विश्लेषण गर्न पनि साँगुरो शिखरपट्टी भएको स्पेक्ट्रालेख काम लाग्छ।

**३.७.२ दृष्ट ध्वनिको स्पेक्ट्रालेखका ठाडा धर्सा गनेर**

चौडा शिखरपट्टी भएका स्पेक्ट्रालेख (Wide Band Spectrogram) मा निश्चित समयावधि (Period) मा कतिवटा ठाडा धर्सा देखिन्छन् त्यो संख्या गनेर पनि मौलिक त्वरण निकाल्न सकिन्छ। एक सय मिलिसेकेन्डमा दशवटा ठाडा धर्सा भेटिए भने एक सेकेन्डमा एक सय वटा धर्सा भेटिन्छन् अर्थात् मौलिक त्वरण एक सय हर्ज भयो। मौलिक त्वरण कम भयो भने एक सेकेन्डमा भेटिने ठाडा धर्साको संख्या घट्छ। त्यस्तै मौलिक त्वरण बढ्यो भने एक सेकेन्डमा भेटिने ठाडा धर्साहरूको संख्या बढ्छ।

स्पेक्ट्रालेखको हरेक ठाडा धर्काले स्वरौष्ठहरूहरूका कम्पनको एक दोलन (Oscillation or Pulsation) व्यक्त गर्छ।

**३.८ मात्रा (Length, Duration)**

स्पेक्ट्रालेखमा स्वर वा व्यञ्जनको उच्चारणकाल वा मात्रा तेर्सापट्टि (अर्थात् समयको लम्बाइ हेरेर थाह हुन्छ। ह्रस्वभन्दा दीर्घ ध्वनिको उच्चारणकाल धेरै हुन्छ।

नेपालीमा स्वरको मात्रा वर्णात्मक (Phonemic) छैन, त्यसैले स्वरको उच्चारणकालको फरकले नेपालीमा संस्कृत (सिता-सीता)मा झैं दुईवटा शब्द बन्दैनन्। व्यञ्जनको मात्रा भने नेपालीमा वर्णात्मक छ, जस्तै–

२. कलि-कल्ली, किला-किल्ला, जरो-जर्रो, पना-पन्ना

चाहे स्वरको दीर्घ मात्रा होस् चाहे व्यञ्जनको दीर्घ मात्रा होस्, स्पेक्ट्रालेखमा त्यो बढी उच्चारणकालका रूपमा देखिन्छ।

**३.८.१ व्यञ्जनको मात्रा**

तैत्तिरीय प्रातिशाख्य (१४:१-७) मा के लेखिएको छ भने अन्तःस्थ (य र ल व) भन्दा अगाडि पर्ने जुनसुकै व्यञ्जनको पनि उच्चारणकाल बढ्छ। नेपालीमा प्रचलित संस्कृत शब्दको उच्चारणमा पनि त्यो थिति कायम भएको स्पेक्ट्रालेखको तुलना गर्दा निम्नानुसार थाहा हुन्छ–

तालिका– २ : अन्तःस्थ अघिका व्यञ्जनको मात्रा (मिलिसेकेन्डमा)

| व्यञ्जन | स्वरमध्यगत मात्रा | अन्तःस्थ अघिको मात्रा |
|---|---|---|
| क | काका = ९५ | शाक्य = २०० |
| न | नाना = ६३ | कन्या = १८० |

**३.८.२ स्वरको मात्रा**

नेपालीमा दुईवटा स्वरका बीचमा परेको 'ह'को उच्चारण नै हुँदैन, अर्थात् लोप हुन्छ, त्यसैले गर्दा स्वरको मात्रा बढ्छ, जस्तै–

२. पाडी – पहाडी ('आ'को दीर्घ मात्रा)
गोरो – गोहोरो (ओकारको दीर्घ मात्रा)

स्पेक्ट्रालेखमा यस्तो स्वरदीर्घता (Vowel Length) टड्कारै देखिन्छ। कतिसम्म भने स्थान र करण (Articulator) को दूरीले गर्दा स्वाभाविक रूपले उकारभन्दा ओकार लामो 'अ' भन्दा 'आ' लामो भएको पनि स्पेक्ट्रालेखमा प्रस्टै देखिन्छ (हेर्नू लेहिस्ता १९७० ई: २०, क्ल्याट १९७६ ई.)।

## ३.९ उच्चारण-स्थान (Place of Articulation)

स्पेक्ट्रालेख हेरेर कुनै व्यञ्जनको उच्चारण-स्थान पनि थाह हुन्छ। व्यञ्जनको उच्चारण-स्थान थाह पाउन त्यस व्यञ्जनको छिमेकमा पर्ने स्वरका शिखरको नति (Inclination) हेर्नुपर्छ। शुद्ध स्वरमा शिखरहरू काला र सोझा पाटाका रूपमा काल-अक्ष (Time Axis) सँग समानान्तर भएका देखिन्छन्। छिमेकमा कुनै व्यञ्जन छ भने त्यस स्वरका शिखरहरू व्यञ्जन भएतिर व्यञ्जनको उच्चारणस्थान अनुसार सीङ बाङ्गिएझैं बाङ्गिछन्। स्वरका यस्ता बाङ्गिएका सीङ जस्ता शिखरहरूलाई संक्रमण (Transitions) भन्ने चलन छ। ती दुईवटा सीडहरूलाई काल्पनिक रेखाले बढाउँदा जुन काल्पनिक विन्दुमा ती दुवै सीडहरू जोडिन्छन्, त्यसलाइ लक्ष्यविन्दु (Locus) भनिन्छ।

सबै उच्चारणस्थान (ओष्ठ, दन्त, वर्त्स, कण्ठ, आदि) का व्यञ्जन जनाउन पहिलो शिखरको सीङ (विशेष गरी घोष ध्वनिमा) तलतिर फर्केको हुन्छ। द्वयोष्ठ्य (Bilabial) व्यञ्जन भएतिर दोस्रो र तेस्रो शिखरबाट सीडहरू तलतिर फर्केका हुन्छन्; वर्त्स्य वा दन्तमूलीय (Alveolar) ध्वनि भएतिर दोस्रो र तेस्रो शिखरका सीडहरू दुवै मास्तिर फर्केका हुन्छन्; हनुमूलीय (Velar) ध्वनि भएतिर दोस्रो शिखर मास्तिर तेस्रो शिखर तलतिर फर्केको हुन्छ। मूर्धन्य (Retroflex) ध्वनिमा तेस्रो र चौथो शिखर तलतिर फर्केका हुन्छन्। मेरा स्पेक्ट्रालेखमा दन्त्य ध्वनिमा दोस्रो शिखर सीधै छ, तेस्रो शिखर चाहिं दन्तमूलीयमा झैं मास्तिर फर्केको पाइन्छ।




चित्र २६: 'आ' भन्दा अगाडि विभिन्न स्पर्श ध्वनिको उच्चारण-स्थान व्यक्त गर्ने शिखरका सीडहरूको नति (Inclination)

## ४. निष्कर्ष

माथि लेखिए अनुसार साञ्चारिक ध्वनिविज्ञानले कुनै पनि भाषाका उच्चरित ध्वनिहरूको भौतिक (Physical) विश्लेषण गर्न सक्छ। अचेल विस्तारै कम्प्युटरले स्पेक्ट्रालेखी यन्त्र (Spectrograph) लाई विस्थापित गरिरहेको छ, तर स्पेक्ट्रालेखी यन्त्रका सहायताले जुनसुकै भाषाको पनि उच्चारणका विभिन्न पक्षहरूको तात्त्विक विश्लेषण गर्न सकिन्छ। औच्चारिक ध्वनिविज्ञान (Articulatory Phonetics) को ज्यादै लामो इतिहास छ, तर वर्तमान विश्वमा साञ्चारिक ध्वनिविज्ञानकै द्रुत गतिमा विकास भइरहेको छ र यसले उच्चारणका जटिल र विविध पक्षहरूलाई सफलतापूर्वक परिभाषित गरिरहेको छ।

**सन्दर्भ-सूची**


१. पोखरेल, माधवप्रसाद (२०५३ क) ध्वनिविज्ञानको इतिहास, **प्रज्ञा** ८३ क: ४६-६३
२. पोखरेल, माधवप्रसाद (२०५३ ख) वर्णविज्ञानको इतिहास, **प्रज्ञा** ८३ क: ६४-९५
३. पोखरेल, माधवप्रसाद (२०५३ ग) औच्चारिक ध्वनिविज्ञान, **प्रज्ञा** ८३ ख: ३८-६७
4. Borden, Gloria and Katherine S. Harris (1980). **Speech Science Primer** Baltimore : Williams & Wilkins.
5. Catford, J. C. (1977). **Fundamental Problems in Phonetics**. Edinburgh: Edinburgh University Press.
6. Cooper, Franklin S. Pierre C. Delattre, Alvin M. Liberman, John M. Borst and Louis J. Gerstman (1952). Some experiments on the perception of synthetic speech sounds. **Journal of the Acoustic Society of America** 24 : 597-606.
7. Delattre, Pierre (1962). Some factors of vowel duration and their crosslinguistic validity JASA 34: 1141-3.
8. Delattre. P., A. M. Liberman, F.S. Cooper and L. J. Gertsman (1952). An experimental study of acoustic determinants of vowel color : Observations on one and two-formant vowels synthesized from spectrographic patterns. **Word** 8 : 195-210.
9. Fant, G. (1960). **Acoustic Theory of Speech Production.** Mouton.
10. Fry. D. B. (1979). **The Physics of Speech.** CUP.
11. Fujimura, Osmau (1962). Analysis of nasal consonants. JASA 34: 1865-75.
12. Hari, Anna Maria (1977). **The Tones of Lhasa Tibetan.** Ph. D. Thesis.
13. Hawkins, Sarah and Kenneth N. Stevens (1985), Acoustic and perceptual correlates of the non-nasal-nasal distinction for vowels. JASA 33: 268-77.
14. Holbrook, A. and G. Fairbanks (1962). Diphthong formants and their movements. **Journal of speech and Hearing Research** 5: 38-58.
15. House, Arthur S. (1961). On vowel duration in English JASA 33: 1174-8.
16. Jha, Sunil Kumar (1986). Nasal vowels in Maithili.**Journal of Phonetics** 14: 223-30.
17. Jones, Daniel (1957). **An Outline of English Phonetics.** CUP
18. Klatt, Denesh H. (1976). Linguistic uses of segmental duration in English. Acoustical and perceptual evidence. JASA 59: 1208-21.
19. Ladefoged, Peter (1962). **Elements of Acoustic Phonetics.** Edinburgh: Oliver & Boyd.
20. Ladefoged, Peter (1982). **A Course in Phonetics.** New York: Harcourt.
21. Lehiste, Isle (1961). Transitions, glides and diphthongs. JASA 33:268-77.
22. Lehiste, Isle (1970). **Suprasegmentals.** MIT.

23. Liberman, A.M., P.C. Delattre, L.J. Gerstman and F.S. Cooper (1956). Tempo of frequency change as a cue for distinguishing classes of speech sounds. **Journal of Experimental Psychology** 52: 127-37.
24. Liberman, Philip and Sheila E. Blumstein (1988). **Speech Physiology, Speech Perception and Acoustic Phonetics.** CUP
25. Lindblom, B. (1967). Vowel duration and a model of lip-mandible co-ordination. **Speech** Transmission Laboratory Process Status Report 4/1967. Stockholm: Royal Institute of Technology (Unpublished)
26. Lisker, Leigh (1957). Minimal cues for separating /w, r, l, y/ in intervocalic position. **Word** 13: 256-65.
27. ——— (1974). On "explaining" vowel duration variation. **Glossa** 8: 233-48.
28. Maddieson, Ian and Jack Gandour (1975). Vowel length before stops of contrasting series. **JASA** 58 ($S_1$) S61 (A).
29. O'Connor, J. D. (1973). **Phonetics.** New York: Penguin.
30. O'Connor, J.D., L. J. Gerstman, A. M. Liberman, P.C. Delatre and F. S. Cooper (1957). Acoustic cues for the perception of initial /w, y, r, l/ in English. **Word** 13: 24-43.
31. Polka, L. and W. Strange (1985). Perceptual equivalence of acoustic cues that differentiate /r/ and /l/. **JASA** 78: 1187-97.
32. Pokharel, Madhav P. (1989). **Experimental Analysis of Nepali Sound System.** Ph. D. Thesis. University of Pune.
33. Poon, Pamela G. and Catherine A. Mateer (1985). A Study of VOT in Nepali stop consonants. **Phonetica** 42: 39-47.
34. Schiefer, L. (1986). Fo in the production and perception of breathy stops: Evidence from Hindi. **Phonetica** 42: 43-6.
34 Stevens, Peter (1960). Spectra of fricative noise in human speech. **Language and Speech** 2: 32-49.
36. Yadav, Ramawatar (1982). Acoustic characteristics of vowel nasalization in Maithili. **Indian Linguistics** 1-2: 1-8

# 'के दामोदर पाँडे देशद्रोही नै हुन् त ?'

– डा. राजेश गौतम

दामोदर पाँडेले पृथ्वीनारायण शाहको नेपाल एकीकरण गर्ने कार्यमा सघाउ पुऱ्याए। साँच्ची भन्ने हो भने बहादुर शाहको सपना साकार गर्ने सेनापति यिनै नै थिए। अनि स्वामी महाराजा रणबहादुर शाह जस्ता व्यक्तिगत स्वार्थ मात्र भएका देशद्रोही र राजसत्ताको विरुद्ध कार्य गर्ने र उनको समर्थन गर्ने दुराचारी भारदारहरूको हातबाट देशको रक्षा गर्ने र तत्कालीन राजा गीर्वाणयुद्धविक्रमको सुरक्षा गर्ने ठूलो अभिभारा पनि समयले गर्दा उनीमाथि नै आइलागेको थियो। जसले गर्दा भूतपूर्व राजा रणबहादुरशाह र राजा गीर्वाण युद्धसमर्थक भारदारहरू लगायत दामोदर पाँडेको बीच सत्ता पुनः फिर्ता लिने र राजामा नै कायम गर्ने कार्यको होडवाजी चल्न थाल्यो। **यसले गर्दा १८५७ देखि १८६० बि.सं.सम्म नेपाल दरबारमा राजनीतिक स्थितिमा स्थिरता आउन या कायम हुन सकेन र पछि त्यस्तै वातावरण, त्यस्तै व्यवस्था र नेपाली जनताका शक्तिको मात्र पछि लाग्ने "सत्य"लाई हेर्न नचाहने र सत्य बोल्न नचाहने परम्परागत मनोबृत्तिले गर्दा दामोदर पाण्डे जस्ता देशभक्त भारदारको अवैधानिक र असमायिक हत्या हुन गयो र यसले नै गर्दा थापा र पाण्डेको बीच विशाल शत्रुता कायम हुन गयो। यसले अर्को झन्डै आधा शताब्दीभर नेपालमा राजनीतिक अस्थिरताको सुरुआत गरायो।** मैले यस लेखमा यिनै कुराहरूलाई प्रस्ट गर्न खोजेको छुँ।

नेपालको इतिहास राम्ररी हेर्ने हो भने नेपाल दरबारको राजनीति निक्कै षड्यन्त्रपूर्ण गुटवन्दीले र हत्यैहत्याले रङ्गिएको पाउँछौं। एक भारदारले अर्को भारदारलाई, एक चौतरियाले, अर्को चौतरियालाई सधैं शङ्कित भएर नै हेर्दथे र यिनै कुराहरूको सहायताले अर्काको पतन गराई शक्तिशाली पनि हुन्थे। यसरी गुटबन्दी, षड्यन्त्र र हत्याले नेपालको राजनीतिक स्थिति रङ्गिनुमा राजाको सुझबुझको नै कमी देख्दछौं। किनभने यस्तो किसिमको राजनीतिक सुझबुझ नेपाल दरबारमा राजाले हैन बल्कि भारदारले या काजीले नै गरेको पाउँछौं। त्यसले गर्दा एक भारदारको उदय अर्को भारदारको निम्ति नराम्रो स्थितिको सुरुआत हुन सक्दथ्यो। यसले गर्दा भारदार भारदारहरूले आफ्नो पक्ष बलियो बनाउन गुटबन्दीलाई झन् सक्रिय गराउन थाले।

भारदारहरू श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहको समयमा नै शक्तिशाली भइसकेको कुरा पृथ्वीनारायण शाहले कालु पाँडेलाई काजिपद दिंदा कालु पाँडेले पृथ्वीनारायण शाहलाई दिएको दबाबले नै प्रमाणित गर्दछ।[१] त्यसले गर्दा अन्तिम अवस्थातिर पाँडे र बस्नेत जस्ता उनका दायाँ र बायाँ हातले उनलाई समर्थन नगरी[२] गोरखाली विरुद्ध गुटको स्थापना गर्न सफल भए।[३] पाँडेहरूको अभिमान र घमन्डिपनाको परिणाम र राजा जस्तो भएर

पृथ्वीनारायण शाहले पछाडिको सोच विचार नगरी पाँडेलाई नै दरसन्तानको निम्ति काजी पद दिएको कुराको पनि परिणाम थियो यो अगोरखाली गुटको स्थापना ... ।

यसरी भर्खर एकीकरण गरिएको नेपालमा २२ से र २४ से राज्यहरूले अझै पनि गोरखाको विरोध गरी नेपालबाट स्वतन्त्र हुने मौकाको खोजी गर्दै रहेको बेला श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको अन्तिम समयतिर नै यस प्रकारको गुट देखा पर्नु र उनको अन्तर्पछि गृह-कलहको सुरु हुनु र भारदारहरूमा तँछाड मँछाडको सुरुआत हुनु त्यति अचम्मको कुरा त हैन, आजको इतिहास हेर्ने हो भने ... । तर पनि ३१ वर्षसम्म एक जुट, एक दिल, एक ज्यान र एक मुख भएर लडेका राजा र भारदार छुट्टिनु चाहिँ त्यतिखेर अचम्मको नै कुरा थियो ।

यस प्रकारको स्थिति अर्थात् षड्यन्त्र, गुटबन्दी र तँछाड् मँछाडको सुरुआत कसरी देखा पर्‍यो त भनेर हेर्ने हो भने श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको समयमा नै उनका भाइहरूले राज्य माथिको अधिकारको माग गरेर नपाउनु र उनीहरूले षड्यन्त्र गर्दा निकालिनु[४], त्यस्तै गरी ल्याइते र व्याइते रानीहरू र उनीहरूबाट जन्मेका छोराहरूको बीचको झगडा आदिले पनि यस किसिमको स्थितिको सृजना गरेको प्रस्ट हुन्छ । किनभने यसरी राजपरिवारको बीचमा भएको झगडाको फाइदा लिन र शक्तिशाली बन्न भारदारहरूले त्यसमा हात हाल्न थाले । त्यसको निम्ति ती भारदारहरूले कसैको हत्या गर्न पनि पछि नपर्ने भए । यसरी गुठवन्दी, षड्यन्त्रबाट हत्याको परिपाटी सुरु हुन थाल्यो नेपालको इतिहासमा ।

यसरी अगोरखाली गुट र केही भारदार र चौतरीया भएको गुटको बीच केही समय सङ्घर्ष चल्दै रह्यो । प्रतापसिंहको मृत्युको समयसम्म यो गुट ज्यादै शक्तिशाली रह्यो । तर उनको मृत्युपछि भने बहादुर शाह र राजेन्द्रलक्ष्मीको संयुक्त प्रयासले यस गुठको पतन गरियो ।[५] तर यसपछि बहादुर शाह र राजेन्द्रलक्ष्मीको नै बीचमा शक्तिको निम्ति झगडा हुन थाल्यो । यसमा कहिले रानीले बहादुर शाहलाई त कहिले बहादुर शाहले रानीलाई कैद गरी नावालक राजा रणबहादुरको मुख्तियारी चलाउन थाले ।[६] यसरी प्रतापसिंह मरेपछि प्रष्टरूपमा दुई जनाको बीच शक्तिको लागि झगडा हुन थाल्यो ।[७] १८३४ देखि १८४३ सम्म रानीको नै नायवी शासन नेपालमा चल्यो । यस समयमा बहादुर शाहले आफ्नो जीवन बेतियामा नै बिताए ।[८] १८४३ मा रानीको मृत्यु भएपछि बहादुर शाह नेपाल फर्के र रणबहादुर शाहको मुख्तियारी चलाए, १८५४ सम्म ।

यसरी रानी शक्तिमा आउँदा र बहादुर शाह शक्तिमा आउँदा पनि आफ्नो आफ्नो शक्ति बलियो पार्न एक अर्काको गुटको मानिसहरूको हत्या गर्ने र आफ्नो गुटको शक्ति बढाउने कार्य चलीनै रह्यो ।

१८४८ को नेपाल तिब्बत युद्ध र १८४९ को नेपाल अंग्रेजबीचको व्यापार-वाणिज्य सन्धि पछि नेपाल दरबार प्रस्टरूपमा दुई दलमा विभाजित भयो ।[९] अंग्रेज समर्थक बहादुर शाहको एक गुट र अंग्रेजविरोधी राजा लगायत भारदारहरूको एक गुट । बहादुर शाहको गुटतिर बम शाह र केहि चौतरीया लगायत कालु पाँडेका सन्तान र उनका समर्थक, गजराज मिश्र र उनका समर्थकहरू र पाल्याली राजपरिवारहरू थिए । राजाको गुटतिर श्री कृष्ण शाह, बलभद्र शा, तुलाराम पाँडे, राम पाँडे र उनका समर्थक, दीनानाथ, रङ्गनाथ र उनका समर्थकहरू र थापा परिवार समेत थिए ।[१०]

यसरी राज परिवारको फाटोसँग-सँगै अघिसम्म मिलिरहेको पाँडे र थापाको शक्ति पनि एक आपसमा फाटे । यस फूटले गर्दा पछि गृहयुद्धको सम्भावनालाई प्रस्ट पार्‍यो । पाँडेले थापाको हत्या गर्न खोज्ने र थापाले पाँडेको हत्या गर्न खोज्ने नराम्रो परम्पराको सुरुआत भयो । यहाँ कालुपाँडेका सन्तान भन्नु दामोदर पाँडे जसले बहादुर शाहलाई समर्थन गरिरहेका

थिए र थापा भन्नु भीमसेन थापाका पिता अमर सिंह थापा थिए जसले रणबहादुर शाहलाई समर्थन गरिरहेका थिए । पछि यिनै ठाउँमा भिमसेन थापा देखा पर्छन् ।

राजनीति हो नेपाल दरबारको जहाँ राजा एक कुनामा बस्ने हुन्छन् भारदारहरूको कुरा सुन्ने पनि हुन्छन् र त्यसको जाँच नगरी विश्वास गर्ने पनि हुन्छन् । यस्तै समयमा बहादुर शाहको विरुद्ध अनेकौं कुराहरू रणबहादुर शाहलाई लगाए र उनको पतन गराउनुपट्टि लागे ।

यसरी 'भाइ फुटे गँवार लुटे' भन्ने उखान नेपाल दरबारमा चरितार्थ हुन थाल्यो राजा-मुख्तियारी, राजा-रानी, रानी-रानी भारदार-भारदारमा वैमनस्य पेचापेच, हानथाप र काटामार सुरु हुन थाल्यो । यसरी पृथ्वीनारायण शाहले कसेको जोडेको गाह्रो उनैको अन्तिम अवस्थामा चर्किन सुरु भई प्रतापसिंहको र राजेन्द्रलक्ष्मीको पालामा पूर्णरूपले चर्की रणबहादुरको समयमा फुटी ढल्न थाल्यो । भारदारहरू बलिया र राजा विलासी तथा नाबालक भएको कारणले ... ।

बहादुर शाहको मृत्युपछि त नेपालमा गृहयुद्ध सुरु हुने सङ्केत प्रस्ट रूपमा देखियो भने कान्तिमतीको मृत्युले गृहयुद्धको झिल्का बाल्यो, राजा र उनका समर्थकहरू र स्वामी महाराजको बीच । जेठो छोरा हुँदा हुँदै कान्छो छोरालाई राजा बनाउन भारदारहरूको धर्मपत्र गराई गद्दी दिनु[११], पछाडि राजाको नै षड्यन्त्र गर्नपट्टि रणबहादुर शाह लाग्नु, उनको ठूलो राजनीतिक भूल थियो र जुन धर्मपत्र गर्ने भारदारहरूलाई ठीक लागेन । त्यसैले रणबहादुर शाहको चरित्र र कार्यलाई देखेर भारदारहरूले राजा गीर्वाणयुद्धलाई नुवाकोट लगेर राजधानी पनि नुवाकोटलाई नै बनाए । ... यसले गर्दा अब प्रस्ट रूपमा राजासमर्थक भारदारहरूको र रणबहादुर र उनका समर्थक भारदारहरूको बीच नराम्रो स्थितिको सुरुआत भयो । यता रणबहादुर शाहले पाटनबाट र राजा गीर्वाणयुद्धको नाममा भारदारहरूले नुवाकोटबाट आफ्नो आफ्नो नाममा सैनिकहरू जम्मा हुने आर्देशहरू निकाले ।[१२] यस प्रकार नेपालमा गृहयुद्धको सुरु हुने रूपरेखा प्रस्ट रूपमा देखा पर्‍यो ।[१३] तर रणबहादुर शाहको समर्थन गर्ने सैनिकहरूले राजासमर्थक भारदारहरू र सैनिकहरूसित युद्ध गर्न तयार भएनन् ।[१४] त्यसले गर्दा रणबहादुर शाहले उपत्यकामा बस्न सक्ने स्थिति देखेनन् र आफ्ना केही समर्थक भारदारहरूलाई लिएर काशी तर्फ प्रस्थान गरे ।

२४ वर्षको उमेर पुगेका रणबहादुरले राजकाजको शक्ति पुनः आफ्नो हातमा लिने प्रयास गरेका थिए र त्यसको लागि जुन भारदारहरूको गुट तयार गरेका थिए, यीमध्ये कति त रणबहादुर शाहलाई नै शक्तिशाली बनाउने पक्षमा थिएनन् भन्ने कुरा पछि रणबहादुर शाह काशीबाट फर्केर आएपछि पाएको शक्तिले र वातावरणले नै प्रस्ट गर्दछ । फेरि काशी जाँदा केही मात्र व्यक्ति पछाडि लगी गएको र तत्कालीन कुनै शक्तिशाली भारदारहरू नगएकाले पनि उक्त कुराको प्रमाणित गर्दछ । किनभने झन्डै झन्डै सयजनालाई रणबहादुर शाहले नै राजाको बफादारीमा धर्मपत्र गराउनुले त्यहाँ अरू कुनै पनि त्यस्ता भारदार बाँकी थिएनन्, जसले रणबहादुर शाहलाई समर्थन गरुन् ।

त्यस्तै गरी रणबहादुर शाह र उनका समर्थकहरूले देश छोडेर गएपछि "दामोदर पाँडेले" आफू शक्तिशाली हुन कुनै त्यस्तो हत्याकाण्ड गर्नु परेन, जस्तो पछाडि गएर भीमसेन थापाले गर्नुपर्‍यो । यसले पनि के प्रमाणित गर्दछ भने "नेपाल दरबार" दामोदर पाँडे र तिनै भारदारहरू एक गुट र एकै शक्ति भएर रहेका थिए, जसले राजा गीर्वाणयुद्धविक्रमलाई समर्थन गरेका थिए । यदि कुनै त्यस्तो भारदार थियो भने एक कीर्तिमान सिंह बस्नेत र सुबुद्धि खड्का थिए, जो रणबहादुर शाहको तर्फबाट हैन सुवर्ण प्रभाको तर्फबाट फूर्ति गरेर बसेका थिए ।[१५] यी बाहेक अरू कोही थिएनन् । यदि भएको भए दामोदर पाँडे त्यस्तो शक्तिशाली हुन उनीहरूको नै पहिले हत्या गर्नुपर्ने आवश्यक पर्दथ्यो ...।[१६]

त्यसैले यसरी दरबारमा त्यस प्रकारको वातावरणसिर्जना गर्नुको मुख्य दोष "रणबहादुर शाह"को चरित्रलाई दिन सकिन्छ । कतिसम्म त भने विलासी जीवन बिताउनु आफ्नो गद्दी समेत

छोडेर राज्यको कुनै वास्ता नै नगर्नु र पछि कान्तिमतीको मृत्युपछि पुनः शक्ति फिर्ता लिन राजाको नै विरुद्ध षड्यन्त्र बनाउनु (रच्नु) के रणबहादुर शाहको गल्ती थएन ? यसरी राजाको गद्दीउपर भूतपूर्व राजाले गरेको षड्यन्त्र सायद यही नै पहिलो र आखिरी घटना होला नेपालको इतिहासमा । तर रणबहादुर शाहको इच्छा पुग्न धर्मपत्र नै बाधाको रूपमा खडा थियो ।[१७] त्यसैले यहाँ भारदारभन्दा बढी रणबहादुर शाह नै षडयन्त्रकारी देखिन्छन् राजाको विरुद्ध, राजगद्दीको विरद्ध ... ।

भारदारहरूलाई उनको बहुला चरित्रको प्रस्ट ज्ञान थियो । फेरि कुनै केटीको प्रेममा चुर्लुम्म डुवेर जीवन बिताउन गीर्वाणयुद्धलाई गद्दीबाट निकाली उनैको छोरालाई राजा बनाउने प्रण गर्न वेर पनि थिएन, अघि कान्तिमतीलाई दिएको प्रण जस्तो ... । त्यसैले गर्दा राजासमर्थक भारदारहरूको उक्त शक्तिशाली गुट र रणबहादुर शाह समर्थक एक साधारण गुटको बीच तनाव बढ्न गएको थियो ।

यस्तो किसिमको रणबहादुर शाहको चरित्र, स्थिति देख्दा देख्दै पनि रणबहादुर शाह काशी जानुपर्ने कारणमा चितरञ्जन नेपालीले भारदारहरूद्वारा चलाइएको षड्यन्त्र र कूटनीतिलाई प्रमुख ठानेका छन् र उनीहरूको नै स्वार्थसिद्धिको कारण ... । तर अघि बहादुर शाहको पतन हुनाको मुख्य कारणमा पृथ्वीनारायण शाहको दिव्य उपदेशअनुसार नचली तिब्बतसँग युद्ध गर्नु र अंग्रेजसँग सम्बन्ध गर्नुको कारणले नै हो भनी बहादुर शाहलाई समेत व्रिटिश पक्षधर (Pro-British) भनेर आरोप लागाउने नेपाली ज्यू "यतिखेर पनि" रणबहादुर शाहले "पृथ्वीनारायण शाहको" दिव्य उपदेशमा "विलासी नहुनू र हुन पनि नदिनू" भन्ने उपदेशको विपरीत गएर नै त्यस प्रकारको स्थिति उत्पन्न भई देश छोडेर जानुपरेको कारणमा दरबारिया राजासमर्थक र देशलाई गृहयुद्धको मुखबाट बचाउन सक्ने भारदारहरूलाई नै दोष दिन्छन् । त्यसले गर्दा उनले रणबहादुर शाहको चरित्रको एक अँध्यारो पक्षलाई छोप्ने असफल प्रयास मात्र गरेको देखिन्छ ।

त्यसैले यतिखेर पनि भारदारहरू शक्तिशाली हुन पनि राजनीतिक सुझबुझ राजाहरूसित नभएकोले नै हो भन्न सकिन्छ । त्यस्तो राजनीतिक सुझवुझ अगाडिका राजाहरूमा थिएन जसले गर्दा भारदारहरू नै राजाको दाहिने हात भएर देखापर्न सके र पूर्णरूपले शक्तिशाली ... ।

यसरी १८०१ देखि १८५४ सम्म जुन तरबारले नेपालको एकीकरण गऱ्यो, अब राजा र भारदारहरूले सोही तरबारलाई आफ्नो शक्ति बढाउने गुटबन्दी, षड्यन्त्र र हत्यामा प्रयोग गर्न थाले ।

रणबहादुर शाहको काशी प्रस्थानले फेरि एक पल्ट नेपाल दरबारमा जटिल र षड्यन्त्र पूर्ण स्थितिको सिर्जना गऱ्यो । किनभने देशको शासन नेपाल दरबारमा रहेका एक आपसका विरोधी चौतरीया र भारदारहरूको हातमा गएको थियो । त्यतिखेर ब्रह्मशाह, पुस्कर शाह, शेरबहादुर शाह र श्री कृष्ण शाह जो एक आपसमा नै मिल्दैनथे-चौतरिया हुन पुगे । त्यस्तै गरी बाहिर मेल भए तापनि भित्र भित्रै एक आपसको विरोध गर्ने र पतन गराउन चाहने र विचार नमिल्ने कीर्तिमान सिंह बस्नेत, दामोदर पाँडे, त्रिभुवन प्रधान र नर्सिड गुरुङहरू मुख्य काजी र काजीहरू हुन पुगे ।[१८] राजाको नायवी सुवर्ण प्रभाले लिइन् । यिनी दामोदर पाँडेलाई भन्दा बढी कीर्तिमान सिंह र आफ्नै बाबु सुबुद्धि खड्कालाई विश्वास गर्थिन् ।[१९]

यसरी विभिन्न मत र विचार भएका चौतरिया र भारदारहरूको सरकार, त्यसमा पनि नायवी रानीले एकको पक्ष लिँदा दरबारको स्थिति झन् नराम्रो भयो । यसरी रणबहादुर काशी जानुले भन्दा बढी नराम्रो स्थितिको विस्फोटन त्यसपछि देखियो ।

यसरी काशी गएका रणबहादुर शाहको स्वागत गर्ने निहुँले वास्तविक तथ्य कुरा पत्ता लगाउन र रणबहादुर शाहको माध्यमबाट नेपाल पस्ने उद्देश्य पूरा गर्न अंग्रेजले क्याप्टेन

नक्सलाई नियुक्ति गरे।[२०] कारण अंग्रेजहरूले नेपालभित्र घटेको कुराको ज्ञान वास्तविक रूपले थाहा पाउन सकेका थिएनन्। काशी गएका रणबहादुर शाहले दुःख नपाऊन् भन्नको लागि त्यहाँ आवश्यक राम्रो विचार गरियोस् र सुविधा प्रदान गरियोस् भनी नेपाल सरकारबाट एक पत्र भारतको गर्भनर जनरललाई गयो।[२१] त्यसले गर्दा वास्तविक तथ्य बुझी अंग्रेजहरूले अगाडिदेखि नेपाल पस्ने जुन राजनीति प्रयोग गर्ने राम्रो मौका खोज्दै थिए, यही समयलाई नै ठाने।[२२] क्याप्टेन नक्स निर्वासित भूतपूर्व स्वामी-राजा रणबहादुर सित नेपाल पस्ने सम्बन्धी कुरा गर्ने निश्चित समयको खोजीमा रहे।[२३]

यस्तै समयमा अगाडिदेखि बनारसमा नै रहेको गजराज मिश्रसित क्याप्टेन नक्सको भेटघाटले अंग्रेजहरूको इच्छा पूरा गर्न अनेकौं नेपालदरबारसम्बन्धी तथ्यहरू थाहा पाउन सफल भए र रणबहादुर शाहसित त्यससम्बन्धी कुरा गराउन मद्दत दिने कुरा पनि मिश्रले क्याप्टेन नक्ससित यतिखेर गरे।[२४]

यता बनारसमा पनि रणबहादुर शाहको भोगविलासी कार्यकलाप कम भएन। यताबाट लगेको सम्पत्ति पनि सकिन थालिसकेको थियो। त्यसले गर्दा उनलाई अहिलेसम्म निश्चित भत्ता दिइरहेका अंग्रेजहरूसित बढी भत्ता प्राप्त गर्न खुसामद गराउन वाध्य गरायो।[२५] रणबहादुर शाहलाई भने यसैले गर्दा नेपाल फर्कने इच्छा दिन पर दिन बढ्दै गयो पनि।

त्यसैले रणबहादुर शाहले गजराज मिश्रको मद्दत लिएर नेपाल दरबारसित सम्पर्क राख्ने कार्य पनि गर्न लगाए।[२६] यो कुरा अंग्रेजहरूले थाहा पाए। त्यसैले गजराज मिश्रलाई आफ्नो हातमा लिएर रणबहादुर शाहलाई सोझै नेपालदरबारसित सम्पर्क राख्न नदिने कार्य गर्न थाले। रणबहादुर शाहको काशीवासलाई अंग्रेजले नेपालसित सन्धि गर्न एउटा हतियारको रूपमा लिइरहेका थिए। त्यसैले रणबहादुर शाहले सोझै नेपाल दरबारसित सम्पर्क गरी नेपाल फर्कन सफल भएमा अंग्रेजहरूको इच्छा पूर्ण हुन सक्दैनथ्यो। त्यसैले अंग्रेजहरूले त्यस प्रकारको कार्य गर्न थाले। उता रणबहादुर स्वयं बनारसमा तीर्थ गर्न जाने नेपालीहरूलाई अंग्रेजको मद्दत लिएर नेपाल फर्कने योजना बनाएको कुरा पनि बताउन थालिसकेका थिए।[२७]

यसरी रणबहादुर शाह नेपाल र अंग्रेजको बीच सन्धि गराएर नेपाल फर्कन जति हतारिएका थिए, त्यस्तै अंग्रेजहरू पनि सन्धि गर्न हतारिएका नै थिए। तर हतारिए तापनि अगाडि अगाडि नेपाल पठाएको मिशनहरू असफल भएको र १८९४ वि.सं.को असफल वाणिज्य सन्धिलाई देखेकोले यसपालि राम्रो रूपले र स्थायी रूपले कायम हुन सक्ने सन्धी गर्ने पक्षमा अंग्रेजहरू थिए। त्यसैले यसको लागि अनेकौं प्रयास गरिरहेका थिए।

यतिखेर अंग्रेजले नेपालको भारदारमा एक पक्ष अंग्रेजहरूसित सन्धि गर्ने र अर्को पक्ष नगर्नेपट्टि पनि थिए भन्ने कुरा बुझिरहेका थिए। यस्तै गरी अंग्रेजहले के पनि बुझिरहेका थिए भने नेपालका ती दुई गुट भारदारहरूमा अंग्रेजसित सन्धि नगर्ने गुट ज्यादै शक्तिशाली छ जुन पक्षको नेतृत्व दामोदर पाँडेले गरिरहेका थिए। यस्तै गरी अर्को पक्षको नेतृत्व कीर्तिमान सिंह बस्नेतले गरेका थिए। तर थिनको भन्दा बढी महत्त्व नेपाल दरबारमा दामोदर माँडेको नै थियो।[२८] किनभने सम्पूर्ण सैनिकहरू उनको नै व्यक्तित्वलाई स्वीकार्थे न कि अरू भारदारहरूको भन्ने कुरा पनि अंग्रेजहरूलाई राम्ररी थाहा थियो।

उता रणबहादुर शाहको नेपाल फर्कने इच्छा झन् बढ्दै गएको थियो। त्यसैले रणबहादुर शाह हतारिएको देखी थिनलाई केही समय चुप र शान्त पार्न गजराज मिश्र, रङ्गनाथ पण्डित र क्याप्टेन नक्स ३ जना मिति १९५८ को वैशाखमा नेपाल र कम्पनीबीच "सारन" भन्ने ठाउँमा बसे र एउटा सन्धिको मसौदा तयार गरे। यसले गर्दा अब छिट्टै नेपाल फर्किन पाइन्छ भनेर रणबहादुर शाह ढुक्क हुन थाले।[२९] यसपछि नेपालको वास्तविक तथ्य कुरा बुझ्न गजराज मिश्रलाई नेपालतर्फ पठाए। यसरी नेपाल आउने गजराज मिश्र रणबहादुर शाह र अंग्रेज दुवै तर्फका विशेष दूत थिए, नेपालमा दरबार र भारदारहरूको विचार र कुरा बुझ्न

... ।[३०] नेपाल आएर यिनले मुख्य काजी कीर्तिमानसिंह बस्नेतसित भेटी कुरा गरे। त्यसमा कीर्तिमानसिंह बस्नेत जो नायवी रानीको प्रमुख सल्लाहकार थिए, ले स्वामी रणबहादुर शाहलाई वनारसमा नै रोक्ने र उनलाई कुने अवस्थामा पनि स्वतन्त्रता नदिने शर्तमा सन्धिपत्र गर्छौं भनी वचन दिए।[३१] यसमा रानीको पनि समर्थन थियो। नायवी रानी यतिखेर राजा गीर्वाण युद्धलाई जो बास्तविक गद्दीको हकदार पनि थिए गद्दीबाट निकाली आफ्नो छोरा रणोद्दीप शाहलाई नै राजा बनाउने पक्षमा थिइन।

यसरी कीर्तिमान सिंहको वचन पाएपछि नेपालीतर्फको प्रतिनिधित्व गरेर गजराज मिश्र र अंग्रेजतर्फबाट एक अफिसर पटनामा बसी सन्धि पक्षको शर्त तयार गर्न थाले।[३२]

यसरी सन्धि गर्ने र नगर्ने पक्षलाई लिएर कीर्तिमानसिंह बस्नेत र दामोदर पाँडेको बीचमा वैचारिक भिन्नता आयो। यसले नै यिनीहरूकोबीच नराम्रो स्थिति देखापर्‍यो। दरबारमा कीर्तिमान सिंह, सुबुद्धि खड्का र सुवर्णप्रभाको र दामोदर पाँडेको दल देखा पर्न थालेको थियो। यसमा पनि राजकाजमा सुवर्णप्रभा र सुबुद्धि खड्काको हस्तक्षेपले गर्दा केही चौतरियाहरूले असन्तोष भई विरोध गर्न तयार भएका थिए। यस प्रकारको स्थितिले गर्दा रानी नायवी र दामोदर पाँडेबीचको सम्बन्ध पनि नराम्रो हुन थालिसकेको थियो। त्यो कुरा ह्यामिल्टनले पनि बताएका छन्।[३३]

यस्तै समयमा अर्थात् दरबारमा अंग्रेजलाई लिएर उठेको जटिल स्थिति र पटनामा कीर्तिमानसिंहको बचन पाएर सन्धिको शर्त तयार गर्न लाग्दा कीर्तिमान सिंह बस्नेतको १८५८ वि.सं.को आश्विन महीनामा नेपालमा हातिसारनेर हत्या भयो।[३४]

यसरी कीर्तिमानसिंहको हत्या हुनासाथ अंग्रेजहरूको आफ्नो इच्छा पूर्ण गराउन पूर्णरूपले आफ्नो आँखा दामोदर पाँडेमाथि गाडे। यतिन्जेल दरबार पूर्णरूपले अंग्रेजसम्बन्धी प्रश्न लिएर बाँडिए तापनि राज्यको प्रशासन अझसम्म तिनै चौतरिया र भारदारको हातमा थियो, जसले एकै मुख र एकै स्वरमा १८५६-५७ मा रणबहादुर शाहको विरोध गरेका थिए। ती सबैको नेतृत्व दामोदर पाँडेले नै गरिरहेका थिए। यतिखेर प्रशासन र फौजउपर पनि यिनैको प्रभुत्व थियो।[३४] त्यसैले दामोदर पाँडेसित सम्पर्क नगरी नराखी नेपालसँग सन्धि गर्न सकिदैन भन्ने कुरा बुझेर अंग्रेजका दूत र उनका मानिसहरूले दामोदर पाँडेको खुसामद गर्न थाले र यतिखेर पटनामा तयार भएको मसौदासन्धिका शर्तहरू लिएर १८५८ को आश्विनको आखिरीतिर क्याप्टेन नक्स र गजराज मिश्र नेपाल उत्रे।[३६] दामोदर पाँडेसँग कुराकानी गरी सन्धि सम्पन्न गराउने उनीहरूको उद्देश्य थियो।

यतिखेर नेपालमा आएका यी अंग्रेज प्रतिनिधिले दामोदर पाँडेको व्यक्तित्व, विचार उनको कार्यलाई देख्दा सन्धि सम्पन्न गर्न नसक्ने देखे र हरेश खान थाले। तर आफ्नो आशालाई पूर्णरूपले माया मार्न भने सकेनन्। त्यसैले सन्धी सम्पन्न गर्ने निश्चित उपायहरू उनीहरूले खोज्दै रहेको कुरा विक्रमजित हसरतको विचारले पनि प्रस्ट गर्दछ।[३७]

अंग्रेजहरूले कुन कुरा प्रस्टसँग बुझिरहेका थिए भने रणबहादुर शाहलाई कुनै पनि हालतमा नेपाल फर्काउने स्थितिमा नेपाली भारदारहरू छैनन्। त्यसैले आफ्नो इच्छा पूरा गर्न अंग्रेजहरूले यदि नेपालले अंग्रेजसित वाणिज्य सन्धि नगरेमा अंग्रेजी फौजको मद्दतले रणबहादुर शाह नेपाल फर्कन सक्ने किसिमको विचार नक्सले नेपाली भारदार र दामोदर पाँडेलाई समेत सुनाउन थाले।[३८] त्यसले गर्दा नेपाली भारदारहरू सशङ्कित पनि हुन पुगे। अंग्रेजसित सन्धि नगरेको रीसमा र देशको आन्तरिक अवस्था नविग्रेको समयमा केही गरी रणबहादुर शाह अंग्रेजी फौजको मद्दतले नेपाल भित्र पसेका खण्डमा उनीहरूसित नेपाली सेना र जनताको युद्ध गर्ने हिम्मत भए तापनि नेपालको त्यसो गर्न सक्ने स्थिति भने थिएन। त्यसैले त्यस बखत अंग्रेजसित सन्धी नगरेमा नेपाललाई पर्ने सम्भाव्य खतराको कारण नै सो व्यापारिक सन्धिमा सही गर्नुपरेको थियो। यो कुरा स्वयं नक्स समेत स्वीकार गर्छन् र भन्छन्– "नेपालले

अंग्रेजसित सन्धि गर्नुको कारण एउटै मात्र, हो त्यो हो अंग्रेजको मद्दत र आडमा रणबहादुर शाह नेपाल फर्कने र उनको माध्यमबाट अंग्रेजी सैनिक नेपालभित्र पस्ने डर ... ।[३९]" अंग्रेजले ल्याएको सन्धिका शर्त नेपाली भारदारहरू कसैलाई पनि मन नपरेको कुरा पनि स्वयम् नक्सले नै स्वीकारेका छन् ।[४०]

यसरी परेको वाध्यता राष्ट्रको वाध्यता थियो र यसको सँगसँगै स्वयम् दामोदर पाँडेलाई अर्को एउटा व्यक्तिगत वाध्यता पनि परेको थियो । त्यो थियो नेपाल आउन लागेको नक्सको मिसनलाई राम्रो व्यवस्था गर्नको निम्ति आफ्नो छोरा करवीर पाँडे, कीर्तिमानसिंहका छोरा इन्द्रवीर सिंह, वध्य शाहका छोरा लक्ष्मी शाहलाई पटनातर्फ पठाउनु ।[४२] अंग्रेजहरूले नक्सलाई काठमाडौं पठाएको बेला उनीहरूलाई पटनामा नै राखेका थिए । सम्भवतः नेपालमा रहुन्जेलसम्म अंग्रेजी विरोधी भारदारहरूले अंग्रेजी प्रतिनिधि उपर नराम्रो कार्य गर्लान भनेर अथवा नेपाल र अंग्रेजका बीचको सन्धी वाध्यताले गराउन, समेत सो कार्य गरेको हुन सक्छ । जेहोस् आफ्ना प्रतिनिधिस्वरूप पठाएका नेपालीहरूलाई अंग्रेजहरूले राख्नुको अर्थ एक किसिमले सन्धि गराउन वाध्य तुल्याउनु पनि थियो कि भन्ने मलाई लाग्दछ । जेहास्, जुनकुराले होस् सन्धि गर्नुपर्ने वाध्यता, खडा गर्ने कार्यमा अंग्रेजहरूले सफलता प्राप्त गऱ्यो र अंग्रेजले ल्याएको मसौदा सन्धिका १० वटा शर्तहरूमा छलफल गर्न थाले नेपाली र अंग्रेजी भारदारहरू नेपालमा नै ... । यसरी नेपालले अंग्रेजले छलफलमा अरू ३ शर्तहरू थपी १३ वटा शर्तहरू बनाई नेपालको सार्वभौमिक सत्तामा कुनै किसिमको आँच नआउने रणबहादुर शाहलाई भारतमा नै राख्ने कार्य जिम्मा दिएर २८ अक्टोवर, १८०२ अर्थात् १८५८ वि.सं.को कार्तिकमा सही गरे । त्यसरी वाणिज्य सन्धि सम्पन्न भयो ।[४२]

यसरी नेपालले त्यस समयमा त्यो सन्धि नगरेको भए सायद नै नेपालको सार्वभौमसत्ता कायम हुन सक्दथ्यो भन्ने कुरा आज आएर रोडेशिया, दक्षिण अफ्रिका, दक्षिण कोरिया, फिलिपिन्स, फार्मोसा आदि देशहरूलाई हेरेर अडकल काट्न सक्दछौं । त्यसैले त्यस वाणिज्य सन्धिले नेपालको अस्तित्व जेगाउन ठूलो मद्दत गऱ्यो । यसरी तत्कालीन स्थितिलाई ध्यानमा राखेर दामोदर पाँडेले सन्धि स्वीकार गर्दा उनको ले दलले समर्थन गर्न थाल्यो भने अर्कोतिर अंग्रेजसित सम्बन्ध गर्न हुँदैन भन्ने उनीबाट फुटेका धार्मिक परम्परावादी कट्टरपन्थी गुटले दामोदर पाँडेको नै विरोध गर्ने राम्रो मौका पायो । तिनीहरूले विदेशी भनेर सन्धिको विरोध गरेका थिएनन् वल्कि म्लेच्छ अर्थात् छुन नहुने जात भनेर र त्यस्तासित सन्धि गरेको भनेर नै रिसाएका थिए । अंग्रेजहरूलाई छुदा छिटो हाल्ने समाजलाई यो सन्धि निश्चित पनि खराव लाग्यो । त्यसैले अंग्रेजको विरोध गरे तर सन्धिको नै विरोध भने गरेका हैनन् ।[४३] यो कुरा पछाडि पछाडिसम्म पनि नेपाल र नेपालीहरूको अंग्रेजसितको सम्बन्ध र व्यवहारले प्रस्ट गरिरहेको थियो ।

यसरी एउटा कुरा के ख्याल गर्नुपर्दछ भने नेपाल, अंग्रेज र भारतबीच हुने वाणिज्य सन्धिले एउटा पछि आउने ठूलो आँधीको सङ्केत गर्दछ र गरेको पनि थियो नै । जस्तो १८४९ वि.सं.मा भएको यस्तै वाणिज्य सन्धिले बहादुर शाहको पतन गरायो, पछि गएर १८४९ मा भीमसेन थापको पतनमा पनि यस्तै वाणिज्य सन्धि देखापर्छ । अहिले भएको यस सन्धिले नेपाल दरबारमा ठूलो आँधी निम्त्याउन थाल्यो । त्यसैबाट पछि दामोदर पाँडेको पतन पनि हुन्छ र साँच्ची भन्ने हो भने भारतसँग यस प्रकारको वाणिज्यसन्धिको स्थिति आजसम्म पनि राम्रो किसिमले सकेको छैन नै ।

त्यसैले यस सन्धिपछि नेपालको स्थिति झन् भाँडिन थाल्यो । यसमा पनि राजकाजमा सुवर्ण र सुबुद्धिको हस्तक्षेपले गर्दा केही चौतरिया र भारदारहरूले असन्तुष्ट भई शेरबहादुर शाहीको नेतृत्वमा उनीहरूको विरोध गर्न तयार भइरहेको थियो भने वाणिज्य सन्धि भई भारतमा अंग्रेजद्वारा कैद भएका रणबहादुरले पनि नेपाल दरबारमा नै भारदारहरू फुटाई

उनीहरूको नै मद्दतले नेपाल फर्कने कार्य पनि गर्न थाले।[४४] त्यसको निम्ति उनले शेरबहादुर शाह र बख्तबीर सिंह बस्नेतलाई पाँडेसँग सतर्क रहने सल्लाह दिएर पत्र समेत लेखे।[४५]

यस्तै गरी १८५८ साल कार्तिकमा नेपाल र अंग्रेजबीच सन्धि भएका शर्तहरू जब रणबहादुर शाहले काशीमा प्राप्त गरे रणबहादुर शाह पानी पानी भए रिसले गजराज मिश्रदेखि। किनभने रणबहादुर शाहले यिनलाई विश्वास गरेका थिए। तर यिनले व्यक्तिगत स्वार्थमा मात्र ध्यान दिए। किनभने सो सन्धिको कार्य पूरा गराउन सकेको खण्डमा बनारसमा ठूलो जमिन्दारी र शिरपाउ दिने लोभ अंग्रेजले देखाएका थिए भन्ने कुरा कुनै कुनै किताबमा उल्लेख भएको छ। यस्तै गरी यिनको र दीनानाथ पण्डितबीच बाहिर मिले तापनि भित्रभित्र रिसारिस थियो। त्यतिखेर दिनानाथले पाइरहेको नेपाल-कलकत्ता व्यापारको एकलौटी ठेक्का गजराज मिश्रले लिन चाहन्थे। त्यसैले उनी सो ठेक्का विगार्न चाहन्थ्ये। तर दीनानाथ भने सो कायम गरी सन्धि नगराउने पक्षमा थिए।[४६] त्यसैले गजराज मिश्र सन्धि गराउनपट्टि नेपाललाई प्रोत्साहन दिन थाले र यस्तै गरी नेपाल दरबारको नीति र विचार बुझेका यी बूढा बाजेले सन्धि गरेमा रणबहादुर शाहलाई आजन्म बनारसमा नै राख्न सक्ने बुद्धि पनि नेपालदरबारलाई दिए कि भन्ने भीमबहादुर शङ्का गर्छन्।[४५]

यसरी अंग्रेज र नेपालको सन्धि गराई त्यसको आडमा नेपाल फर्कने विचार लिएर बसेका रणबहादुर शाह गजराज मिश्रको कूटनीतिद्वारा पराजित भई भएको नेपाल-अंग्रेजको सन्धिले बनारसमा नै रहनुपर्ने भए। यसले गर्दा रिसाई रणबहादुर शाहले अंग्रेजहरूलाई आफूपट्टि तान्ने कूटनीति अपनाई जुन षड्यन्त्रपूर्ण देशद्रोही नीति अपनाए त्यसले गर्दा उनको स्थान इतिहासबाट अझ तल झरेको प्रस्ट गर्न सक्दछौं। त्यो थियो, उनले अंग्रेजलाई (गर्भनर जनरललाई) १८५८ कार्तिक (नोभेम्बर ५,१८०१)मा लेखेको पत्र ... । त्यसमा रणबहादुर शाहले आफ्नो मतलब पूरा गर्न देशको अस्तित्व समेत (बेच्न) अंग्रेजको हातमा सुम्पिन सक्ने विचार व्यक्त गरेका थिए। त्यसमा पछि कम्पनीले हस्तक्षेप गरी नेपालको गद्दी उनलाई राखिदिएको खण्डमा प्रत्येक वर्ष ३७५% मालपोत पहाडी इलाकाको र ५०% तराई इलाकाको मालपोत दिने प्रण गरिएको थियो। यस्तै गरी रणबहादुर शाहले उनीहरूकै रेखदेखमा नेपालको राज्य गर्ने कुरा लेखेका थिए।[४८] तर दरबार र व्यक्ति जति फरक देखिए तापनि नेपाली राजनीति जति षड्यन्त्रपूर्ण रहे तापनि देशको अस्तित्व र सार्वभौमसत्ता कायम गर्न एकत्रित भई हरदम तयार हुने भारदारहरू नेपालमा छन् भन्ने कुरा बुझेको[४९] र नेपालमा रणबहादुर शाहको स्थिति नराम्रो र उनलाई फर्काउन समेत नचाहने भारदारहरू नै बढी भएको कुरा थाहा पाएका अंग्रेजले उनका कुरालाई विश्वास गर्न र लागू हुन नसक्ने देखे। त्यसैले त्यस प्रकारको चिठ्ठीपट्टि ध्यान दिएनन्।

यसरी दामोदर पाँडेले रणबहादुर शाहलाई अंग्रेजको सहायताले नेपालभित्र पस्न दिने या रणबहादुर शाहलाई भारतमा राख्ने दुई शर्तमा एकलाई छान्न वाध्य थिए। उनका बहुसंख्यक भारदारहरू पहिलो शर्तको पक्षमा नै थिए, दोस्रो शर्त स्वीकार गर्न चाहँदैनथिए। तर तत्कालीन स्थिति तत्कालीन अंग्रेजको नीति र रणबहादुर शाहको चरित्रदेखि परिचित भएका भारदारहरूले त्यतिखेर दोस्रो शर्त स्वीकार गर्न वाध्य हुनपर्‍यो। जुन कुरा पछाडि रणबहादुर शाह उनका केही भारदार नेपाल आई १८६० मा र १८६३ मा गरेको हत्याकाण्डले नै प्रमाणित गर्दछ। त्यो हत्याकाण्ड रणबहादुर शाहको विरोधीहरूको नै भयो।[५०] त्यसैले दामोदर पाँडेले र भारदारहरूले दोस्रो शर्तलाई स्वीकार गरेका थिए। पछि अंग्रेजले रणबहादुर शाहको त्यस षड्यन्त्रकारी पत्रको वास्ता नै गरेनन्। यस कुरालाई किन भनेर हेर्ने हो भने पनि हामी यिनै कुरा भारदारहरूले मन नपराएको पाउछौं। उनीहरूले सधैं साथ र टेवा दिइरहनुपर्ने असम्भव देखे। यसरी नपुंसक राजालाई साथ दिनुभन्दा बढी राम्रो उनीहरूले भारदारहरूलाई नै साथ लिए यद्यपि नेपाली भारदारहरू वास्तविक रूपले अंग्रेजी विरोधी छन् भन्ने कुरा उनीहरूलाई

थाहा थियो, जसले गर्दा यो सन्धि पनि पछि असफल भयो नैं। यसरी पछि असफल हुनु परे तापनि रणबहादुर शाहको साथ दिन भने उनीहरू तयार भएनन्। त्यसले गर्दा पछि रणबहादुर शाह समेत पूर्णरूपले अंग्रेजविरोधी भएर नै देखा परे।

यसरी दामोदर पाँडेको अंग्रेजसित सन्धी गर्नु एउटा उद्देश्य थियो, भने नायवी रानीको अर्कै उद्देश्य थियो। त्यो हो आफ्नो छोरा राजा बनाउने ? त्यो कुरा दामोदर पाँडे स्वीकार गर्दैनथे। यसले गर्दा नायवी रानी र दामोदर पाँडेबीच झगडा हुन थाल्यो।[५१] यसरी दरबारको स्थिति आफूप्रति नराम्रो हुनुले गर्दा भारदारहरूको समर्थन पाए तापनि दामोदर पाँडेले १८५८ फागुनतिर राजीनामा दिए।[५२] यसरी दामोदर पाँडेले राजीनामा दिंदा नायवी रानी र काशीमा रहेका रणबहादुर शाह समेत खुसी भए। तर पछि बनेको नयाँ भारदारीले देशको स्थिति झन् नाजुक स्थितिमा पुऱ्यायो।[५३] त्यसको फाइदा रणबहादुर शाह र अंग्रेजले लिन पछाडि परेनन्। यतिखेर मात्र रणबहादुर शाहले सो सन्धिको प्रस्ट रूपले विरोध गरे वनारसबाट नै ...। तर अंग्रेजले सो को वास्ता नै गरेन। जसरी खोरभित्र थुनिएको बाघको गर्जनले साना बच्चा पनि डराउँदैन, ठीक त्यस्तै अभिनय गरे अंग्रेजले पनि ...।

यसरी पदबाट राजीनामा दिए तापनि दामोदर पाँडे चुप लागेनन्। उनी सुवर्णप्रभाको नायवीले नेपालको प्रशासन नचल्ने देखी राजेश्वरीलाई नै राजाको नायवी बनाई प्रशासनमा राजनैतिक स्थिरता ल्याउन वनारसबाट फिर्ता ल्याउन चाहन्थे।[५४] यता देशको स्थिति राम्रो बनाउन र अंग्रेजको हस्तक्षेप हुनबाट देशको राजनीति र प्रशासनलाई राम्रो बनाउन नयाँ भारदारहरूले दामोदर पाँडेलाई काजीमा सरिक गराउन चाहन्थे। यसरी नयाँ भारदारहरूको अनुरोधमा र देशको विग्रेको स्थितिदेखि १८५९ जेष्ठमा दामोदर पाँडे पुनः काजी पदमा सामेल भए। यतिखेर दरबारको स्थितिबारे नक्सको आफ्नो सरकारलाई लेखेको पत्रबाट नेपालदरबारका भारदारहरूको बीच अविश्वास बढ्दा बढ्दा काठमाडौंमा बस्ने भारदारहरूले हेटौंडामा अंग्रेजसँग वार्ता गर्न जाँदा ती भारदारहरूले अंग्रेजसँग मिलेर आफूलाई सिध्याउँछन् कि भन्ने र हेटौंडा जानेहरूले काठमाडौंमा बस्नेले आपसमा मिलेर आफूलाई देश निकाला गर्छन कि भन्ने जगजगी अनुभव गरेका थिए भन्ने खाल्का कुरा झल्काएका छन्।[५५]

जेहोस् १८०२ मा नक्स बम शाहसँग काठमाडौं उत्रे।[५६] र सो वाणिज्य सन्धि लागू भएको छ कि छैन, त्यसतर्फ ध्यान दिन चाहे। यस्तै समयमा नै नेपालको भारदार लगायत दामोदर पाँडेको अंग्रेजी राजदूतसँग रणबहादुर शाहलाई दिने भत्तासम्बन्धी कुरालाई लिएर झगडा हुन थाल्यो भने, सुवर्ण प्रभा र केही भारदारहरू त्यही अंग्रेजलाई काखी च्यापी गीर्वाण युद्धलाई पदच्युत गरी आफ्नो छोरालाई नै राजा बनाउनेपट्टि ध्यान दिन थालिन् र रानी राजेश्वरी पनि त्यतिखेर वनारसबाट फर्कने सुरसारमा थिइन् र तिनलाई रोक्ने योजना बनाउनलागिन्।[५७]। यसरी बनारसबाट रानी राजेश्वरी नेपाल फर्किनुमा धेरैले धेरै अड्कल काटेका पनि छन्। कसैले बनारसमा रणबहादुर शाहको अपमान असह्य भएकोले आफ्नै देशमा जीवन बिताउन फर्किन् भन्ने छ।[५८] कसैले स्वयम् रणबहादुर शाहले नै भीमसेन थापाको सल्लाहमा पठाएको भनेर भनेका छन्।[५९] यसमा मलाई त्यस पछि घटेका घटनाहरू[६०]लाई हेर्दा भने पहिलो तर्कलाई नै समर्थन गर्नुपर्ने जस्तो लाग्दछ।

यसरी रानी राजेश्वरी आएको खवर सुनी दामोदर पाँडेलाई सम्झौता गर्ने कार्य सुम्पी थानकोटपट्टि पठाए।[६१] किनभने रानीसँग राम्ररी कुरा गर्न सक्ने र उनलाई फकाउन सक्ने कार्य दामोदर पाँडेबाट मात्र सफल हुने सुवर्णप्रभाले देखेकी थिइन्। तर दामोदर पाँडेको भित्री कुरा भने कसैलाई थाहा थिएन– स्वयं उनका विरोधी नेपाली भारदारहरूलाई र सुवर्णप्रभालाई समेत ...। उता रानी र दामोदरबीच कुराकानी हुँदै थियो, यता यो थाहा पाई सुवर्ण र उनका समर्थक भारदारहरू भाग्न थाले। त्यसले गर्दा रानी राजेश्वरी स्वतन्त्र रूपले नेपाल आउन

सफल भइन। यसरी उनले राजाको नायवी लिइन र दामोदर पाँडेलाई प्र.म. सरहको पदमा राखिन्।[६२]

यता दामोदर पाँडे र अंग्रेज राजदूत नक्सको सम्बन्ध दिनपर दिन नराम्रो हुँदै थियो। विषय चाँहि रणबहादुर शाहको भत्तासम्बन्धी कुरा थियो। दिन पर्ने भत्ता नेपालले समय-समयमा अंग्रेज सरकारलाई बुझाउन सकेको थिएन। यसले गर्दा अंग्रेज नोक्सानमा परिरहेको थियो। त्यसैले अंग्रेजले १८०३ को मार्च १८ सम्म पनि सो रकम अंग्रेजलाई नतिरेको खण्डमा अंग्रेजी राजदूत नक्सले नेपाल छाडेर जाने धम्की दिन थाले।[६३] यद्यपि सुरुमा त राजराजेश्वरीले राम्रो सम्बन्ध राख्न खोजे पनि पछाडि गएर यस समस्यालाई पूर्णरूपले समाधान गर्न उनले पनि सकिनन्।[६४] यसरी अंग्रेज राजदूत र नेपालको भारदारहरूको बीचमा नराम्रो किसिमको वातावरण सिर्जना भएको बेला रणबहादुर शाहका समर्थक केही भारदारहरूले नक्सलाई भेटी अंग्रेजको आडमा रणबहादुर शाहलाई फकाई उनीहरूकै रेखदेखमा राजाको नायवी बनाउने प्रस्ताव पेश गरे।[६५] यस्तै जटिल समस्या उत्पन्न भएको समयमा नेपालले निश्चित दिन समयसम्म तिर्नु पर्ने रकम नतिरेकोले नक्स नेपालबाट १८६० फागुनमा भारततर्फ लागे।

यसरी भारत पुगेका नक्सलाई हात लिन अघिको झैं असफल प्रयास रणबहादुर शाहले पुनः गरे। त्यसको लागि उनले रङ्गनाथलाई त्यसतर्फ पठाए। त्यस्तै गरी नेपालबाट पनि नायवी रानीले सो वाणिज्य सन्धि कायमै राख्ने आफ्नो इच्छा भएको कुरा व्यक्त गरी एक चिठ्ठी गभर्नर जनरललाई लेखी पठाइन्।[६६]

यस कुराले कुन कुरो प्रमाणित गर्दछ भने रानी समेत सो सन्धि भङ्ग गर्ने पक्षमा थिइनन्। किनकि अब उनलाई पनि छोटो समयको नायवी शासनले भए पनि शक्तिशाली भइरहने इच्छाको जागरण गराउन थालिसकेको थियो। त्यसमा पनि सुवर्णप्रभा हेरी महत्त्वकाङ्क्षी र गुल्मी राजपरिवारसित सम्बन्धित राजेश्वरीले अब आफ्नो शक्ति (नायवी)लाई कायम नै गर्नेपट्टि लागिन्।

त्यस्तै सिलसिलाको त्यो चिठी थियो। रणबहादुर शाहको नेपाल उपस्थिति उनको इच्छाको बाधक थियो। त्यसैले उनलाई वनारसमा नै कायम राख्न लागेकी थिइन्। त्यसको लागि अघि गरिएको वाणिज्यसन्धिलाई राम्ररी नै लागू र कायम गर्नु आवश्यक पर्दथ्यो। तर इतिहासकारहरूले रानीले सन्धि भङ्ग गर्न खोज्दा दामोदर पाँडेले हस्तक्षेप गरेको कुरा बताएका छन्। वास्तवमा त्यो कुरा ठीक थिएन। किनभने रानी कुनै हालतमा पनि सन्धि भङ्ग गर्न र नेपालको प्रशासनमा अंग्रेजले हस्तक्षेप गरेको हेर्न चाँहदिन थिइन्। नेपालदरबारमा यतिखेर पृथ्वीनारायण शाहजस्तै नै अंग्रेजप्रतिको नीति अपनाउने कट्टर भारदार थिए पनि ...। जसले गर्दा नै अंग्रेजको सो नीति नेपालमा पूर्ण हुन सकेन। त्यसैले गर्दा नै नक्सले नेपाल छाडेर गएका थिए। यसरी फर्केपछि १८०४ को जनवरी २५ मा सन्धि भङ्ग भएको घोषणा गरे। जसले गर्दा वनारसमा कैद जस्तो जीवन लिएर पनि भोगविलासी जीवन बिताएर आफ्नो चरित्रलाई पूर्णरूपले नंग्याएर देखाउने रणबहादुर स्वतन्त्र भए अनि उनी वनारसबाट नेपालतिर फर्कने व्यवस्था मिलाउन थाले।

रानीद्वारा अंग्रेजलाई लेखिएको चिठीले कुन कुराको पनि प्रमाण पुऱ्याउँदछ भने क्याप्टेन नक्सको नेपालप्रति हस्तक्षेप गर्ने नीतिलाई नै रानीले मन नपराएको हुन सक्छ। त्यसैले उनले नक्सलाई फिर्ता जाने आदेश दिइन्।[६७] त्यस्तो आदेश उनले दिन सक्थिन् पनि। तर यसरी फिर्ता पठाउँदा उनले नक्सलाई कुनै राम्रो व्यवस्था गरिदिइनन्। किनभने नक्सको हस्तक्षेपनीति उनलाई मात्र हैन, दामोदर पाँडेलाई पनि मनपरेको थिएन। उनीहरू दुवै नक्सको फिर्ता पठाउने कार्य मात्र पूरा गराउन चाहन्थे, सन्धि भङ्ग गर्न भने हैन।

यी दुवै कुराले के प्रमाण पुऱ्याउँदछ भने रानी सन्धि भङ्ग गर्न हैन बल्कि नक्सलाई फिर्ता पठाएर नयाँ राजदूत माग्न र सन्धि कायम गर्न चाहन्थिन । तर उता नक्सले नेपालको स्थिती र नेपालमा आफ्नो नीति सफल हुन नसक्ने देखेका थिए । त्यसैले अंग्रेजले नै यसतर्फ ध्यान दिएनन् त्यस समय ।[६८] नत्र केही भारदारहरूले अंग्रेजहरूलाई रणबहादुर शाहलाई फिर्ता ल्याएमा उपहार स्वरूप दिन चाहेको छुट[६९]लाई देख्दा देख्दै अंग्रेज जस्तो साम्राज्यवादी राज्यले त्यसतर्फ ध्यान नदिई आँखा चिम्लिनुको कारण नक्सको रिपोर्ट नै बाहेक अरू के हुन सक्छ र ?

यसरी १८६० सालको अन्ततिर रणबहादुर शाह नेपालतिर फर्के । यसरी उनी थानकोट आइपुग्दा दामोदर पाँडेले रोक्ने प्रयास गरे भनेर इतिहासकारहरूले भनेका छन् पनि ... । तर वास्तविकता अर्कै छ । यदि यतिखेर, यो वातावरणमा दामोदर पाँडेले उनलाई रोक्न चाहेको भए थानकोटमा हैन कि सजिलो किसिमले वनारसमानै कैद गर्न सक्दथे । नेपाल आउन पाउने स्वतन्त्रता दिने नै थिएनन् । किन कसरी भन्ने ठूलो प्रश्न उठन सक्दछ यहाँ नेर ... तर राष्ट्रको बढी ख्याल गर्ने दामोदर पाँडे रणबहादुर शाहभन्दा ज्यादै देशभक्त र राजभक्त व्यक्ति थिए ।[७०] त्यसैले देशको स्वतन्त्रतालाई कायम राख्नेपट्टि नै उनको ध्यान गएको हुँदा आफ्नो राष्ट्रगत स्वार्थलाई सफल पार्न अंग्रेजसित सन्धि गर्नु परे तापनि त्यसलाई सिर्फ कागतमा नै मात्र सीमित गराए र अंग्रेजको नेपालप्रति उनीहरूको नीति लागू गर्ने मौका नै दिएनन् । त्यसैले गर्दा नै अंग्रेजले नेपालसँगको सन्धि भङ्ग गऱ्यो र रणबहादुर शाह नेपाल आउन सके । यदि यो नगरेर उनले आफ्नो शक्ति कायम नै गराउन र पूर्ण शक्तिशाली हुन चाहेका भए अंग्रेजको नीतिलाई पूर्ण रूपले नेपालमा लागू गर्न दिएको भए न राजेश्वरी नै दामोदर पाँडेको इच्छाविना नेपाल आउन सक्थिन्, न अंग्रेजहरू नै दामोदर पाँडेसित रिसाउँथे । त्यसैले के भन्न सकिन्छ भने दामोदर पाँडेको उनलाई रोक्ने कुनै विचार थिएन । किनभने अघि पनि दामोदर पाँडे रणबहादुर शाहसँग डराएका थिएनन्, बल्कि उनीसित आउन सक्ने अंग्रेजी फौजहरूसित डराएका थिए । यदि त्यतिखेर नै रणबहादुर शाहले अंग्रेजहरूको आडमा नेपाल फर्कने प्रयास नगरेको भए उनी अगाडि नै नेपाल आउन सक्दथे ।[७१] त्यसैले उनलाई अंग्रेजको आडमा आउन नदिन नै अंग्रेजसित शर्तहरू संशोधन गरी करबलले नै सन्धि गर्नुपरेको थियो भन्ने कुरा नक्सको घुर्कीले पनि प्रस्ट गर्छ नै ।[७२]

यतिखेर त झन अंग्रेजको आड नलिई आएका सिर्फ केही नेपालीहरूलाइ मात्र लिएर आएका रणबहादुर शाहलाई रोक्नु आवश्यक थिएन। फेरि गिरफ्तार गर्नु थियो भने अगाडिदेखि नै तयारी गर्थे होलान् । तर त्यस्तो तयारी गरेको हामी केही पनि पाउँदैनौं ।

यतिखेर हामी रणबहादुर शाहलाई मात्र दोष दिन सक्दैनौं । उनको पछि लागेर जाने केही भारदारहरूको गल्ती पनि देख्दछौं । किनभने रणबहादुर शाहको आँखा त्यसतर्फ लगाउने कार्य भीमसेन थापा र रङ्गनाथले नै गरेका थिए ।[७३] फेरि विदेशमा बसेर रणबहादुर शाहले उही पुरानो भोगविलासी जीवन बिताउँदा पनि आँखा चिम्लेर उनको नै समर्थन गर्ने ती भारदारहरू पनि उनको त्यस प्रकारको स्थितिबाट फाइदा उठाउने र शक्तिशाली हुने समयको पर्खाइमा थिए जुन उनीहरूको ठूलो स्वार्थीपना थियो । तर जबसम्म दामोदर पाँडे रहिरहन्छन् भर्खर राजनीतिमा पाइला टेकेका कलिला भीमसेन थापाले आफू राजनीतिमा शक्तिशाली हुन नसक्ने देखिरहेका थिए । उनको व्यक्तिगत र प्रभावलाई देखेर ... । जुन कुरा पनि भीमसेन थापाले आफ्नो शक्ति मजबूत गराउन पाँडे र उनका समर्थकहरूको गरेको हत्याहरूले नै प्रस्ट गर्दछ । त्यसैले उनको पतन गराउन सक्नु नै आफ्नो उदय देखेकाले भीमसेन थापाको इशारामा नै थानकोटमा रणबहादुर शाहलाई स्वागत गर्न गएका दामोदर पाँडेलाई[७४] गिरफ्तार गरियो ।[७५] यो कुरा पछि खोरबाट उनलाई भाग्ने सल्लाह प्रवल रानाले दिँदा दामोदर पाँडे राजी नहुनु र म न्याय चाहन्छु निर्दोषपनाको प्रमाण दिन्छु भन्नुले पनि प्रमाणित गर्छ ।[७६]

यता रणबहादुर शाह नेपाल फर्केर के गर्छन् र कस्तो स्थितिको सिर्जना गर्छन् भन्ने कुरा हेर्न र रणबहादुर शाहको चरित्र र स्वभाव बुझेका नेपाली भारदारहरू भिन्नाभिन्नै किसिमले टाढा बसी दामोदर पाँडे र रणबहादुर शाहबीचको स्थितिलाई च्याउन थालेका थिए ।

शक्तिका भोका व्यक्तिवादी भारदारहरू पनि त्यतिखेर नभएका हैनन्, जसले बाहिर दामोदर पाँडेको समर्थन गरे पनि भित्रभित्रै उनको पतन गराउने इच्छा वा कार्य गर्थे । यस्तै गरी शक्तिशक्तिको झगडा हुने समयमा मात्र स्वतन्त्र भएर बस्ने स्वार्थी र चेपारे भारदारहरू पनि त्यतिखेर नभएका हैनन् । यसरी यी सबै भारदारहरू पनि त्यतिखेर आफ्नो आफ्नो स्वार्थअनुरूप कार्य गरिरहन थाले ।

कोही स्वतन्त्र भएको नक्कल गर्ने, कोही टाढै रही राजनीतिसँग सम्बन्धित नभएको देखाउने र कोही भित्र भित्र पतन गराउने बाटो खोज्न थाले । जब दामोदर पाँडे गिरफ्तार गरिए र उनका समर्थकहरू गिरफ्तार गरिन थाले, कोही भाग्न थाले, कोही लुक्न थाले । यसरी यही मौकामा कोही भारदारहरूले रणबहादुर शाह र भीमसेन थापाको स्वागत गर्न थाले र उनीहरूको मामिलालाई राजधानीतिर चलाएर ल्याए ।

यसरी राजेन्द्र लक्ष्मीले बहादुर शाहलाई कैद गर्दा रानीको जय मनाउने, बहादुर शाहले रानी राजेन्द्र लक्ष्मीलाई कैद गर्दा बहादुर शाहको जय मनाउने, सुवर्णप्रभा नायवी हुँदा उनैको जय मनाउने राजेश्वरी आएर सुवर्णप्रभाको नायवी हटाइ नायवी हुँदा राजेश्वरीको नै जय मनाउने, त्यस्तै गरी दामोदर पाँडे शक्तिमा हुँदा दामोदर पाँडेको जय मनाउने नेपालीहरू उनको पतन हुने देखी यतिखेर रणबहादुर शाहको र भीमसेन थापाको नै जय मनाउन थाले । यसरी सत्यको पछि दौडिन नसक्ने शक्तिको मात्र पूजा गर्न जान्ने नेपालीहरूको एक परम्परा नै भइसकेको कुरा हिजो आजको घटनाले पनि प्रस्ट गरिरहेको छ ।

यसरी १८६० वि.सं. चैतमा दामोदर पाँडेलाई रणबहादुर शाहलाई दरबारबाट निकाली काशी पठाउने कार्य गरेको, नेपाल भारत वाणिज्य सन्धि गरी वनारसमा नै कैद गर्ने कार्य गरेको, पछि थानकोटमा नै गिरफ्तार गरिएका दामोदर पाँडे, उनका जेठा छोरा ललितवम र उनका समर्थक भारदारहरू भद्रकाली नेर काटिएको दृश्य देख्न पाइन्छ ।[७७] यसरी दामोदर पाँडेको हत्या अवैधानिक रूपबाट हुन गयो ।[७८] यस्तै गरी राजराजेश्वरी शाह नायवीबाट निकालिइन् र हेलम्बु निर्वासित गरिइन् ।

यस प्रकार दामोदर पाँडेको हत्या गर्ने कार्यमा सबभन्दा ठूलो हात भित्री तवरले भीमसेन थापाको नै देखिन्छ । किनभने दामोदर पाँडे भएसम्म आफू शक्तिमा आउन नसक्ने उनले देखेका थिए । जुन कुरा दामोदर पाँडेको हत्यापछि, त्यस पदमा भीमसेन थापालाई राखेबाट नै प्रस्ट हुन्छ ।

यसरी पाँडे र थापाबीच कट्टर दुश्मनपनाको वीजारोपण भयो ।[७९] किनभने थापाशक्तिको उदय एक शक्तिशाली पाँडेको पतन गराएर भएको थियो । यस्तै गरी पछि ३१ वर्षसम्म शक्तिशाली भएका भीमसेन थापाको पतन पाँडेहरूले नै गर्न सफल भए ।

यस प्रकार हामी के देख्दछौं भने सुरु शक्तिहीन राजाहरूको दाहिने हात भई उठेका भारदारहरूले १८३४ वि.सं.मा प्रतापसिंहको मृत्युपछि नावालक राजाहरू गद्दीमा रहेको फाइदा लिन थाले । त्यसले गर्दा अगाडि दाहिने हात मात्र भएका थिए भने अब राजाको सम्पूर्ण कार्यहरू नै उनीहरूको इच्छाअनुरूप हुन थाल्यो । त्यसले गर्दा राजाहरूले पूर्णरूपले फुर्सद पाउन थाले - जीवन भोगविलासमा नै बिताउन थाले, जसको फाइदा पनि भारदारहरूले नै लिन थाले । जस्तो १८५४ मा रणबहादुर शाहले कान्तिमतीलाई विवाह गर्नुमा केही चौतरियाहरूको नै हात थियो ।[८०] त्यसले गर्दा राजाले आफ्नो सम्पूर्ण समय रासलीलामा बिताउन थाले । त्यसले गर्दा भारदारहरू त्यसै पनि शक्तिशाली हुन थाले भने शक्तिशाली हुन अरू भारदारहरूले षड्यन्त्र, गुटबन्दी पनि गर्न थाले ।

पछि गएर यस प्रकारको भारदारहरूको गुटबन्दी षड्यन्त्रमा अंग्रेजहरूको सहायता पनि प्राप्त हुन थाल्यो। यसरी अंग्रेजहरूको आडमा पनि भारदार शक्तिशाली हुन थाले। त्यसको उग्र रूप सुगौली सन्धिपछि १८३२ मा देखिन्छ।

यसरी दामोदर पाँडेको हत्या भएपछि कैयौं पाँडे परिवार र उनका समर्थकहरू नेपाल छोडेर भागेर गए। उनीहरूको घन सम्पत्ती हरण गरियो। यदि यिनीहरू नभागेको भए, यिनीहरूको पनि हत्या नहुने कुनै कुरै थिएन। किनभने भीमसेन थापाको उदयमा यिनीहरू बाधा नै हुन सक्दथे। यसरी यिनीहरू भाग्नु नै पछि थापाहरूको भीमसेन थापाको पतनको मुख्य कारण हुन गयो।

यसरी यी दुई दल पाँडे र थापाबीचको झगडाले आधा शताब्दीसम्म नै नेपालमा राजनीतिक अस्थिरताको सुरुआत गऱ्यो। त्यसको अन्त जङ्गबहादुरको उदयले गऱ्यो।

यसरी दामोदर पाँडेको हत्याले नेपालमा अगाडिदेखि दरबार पसिरहेका थापा र पाँडेहरूबीच नराम्रो भावनाको जागृत गरायो, शत्रुताको जग बसाल्यो। त्यसले गर्दा पछि झन्डै आधा शताब्दीसम्म नै नेपालमा राजनीतिक स्थिरता कायम हुन सकेन। यद्यपि भीमसेन थापाले शक्ति लिएपछि केही समय वाह्य रूपले शान्ति देखिए तापनि आन्तरिक रूपले भने अशान्ति नै थियो नेपालमा। तर भीमसेन थापाको शक्ति र त्यतिखेरको वातावरण नै जनताको निम्ति, भारदारको लागि संयोगात्मक स्थितिमा नभएकोले सबैले भीमसेनको निरङ्कुशतालाई सहिरहे। तर १८३२ वि.सं. पछि भने खुला रूपले नेपाली भारदारहरूले उनको विरोध गर्न थाले। जसले गर्दा १८३७ वि.सं.मा गएर उनको पनि त्यस्तै किसिमले पतन र हत्या हुन गयो, जस्तो किसिमको दामोदर पाँडेको भएको थियो। वास्तवमा यो पाँडेहरूले आफ्नो बाबु, बाजे, दामोदर पाँडेको हत्याको नै बदला लिएका थिए।

यसरी भीमसेन थापाको हत्या गरेपछि उनले ३१ वर्षसम्म सँभाली आएको प्रशासनमा अडिग हुने कुनै पनि योग्य व्यक्ति देखा पर्न सकेनन्। भीमसेन थापाको पतनपछि सत्तामा आएका रङ्गनाथ पण्डित र पुष्कर शाह क्रमशः कार्य गर्न निपुण थिएनन् भने रणजङ्ग पाँडे राष्ट्रको कार्य गर्नुभन्दा बढी बदला लिने भावनाले प्रेरित थिए। यसले गर्दा त्यतिखेरको समय उनीहरूको विपरीत भएर गयो र पछि साम्राज्यलक्ष्मीको निधन थापाको पक्षमा गयो ठीक त्यसरी नै जसरी अगाडि ललिता त्रिपुरी सुन्दरीको मृत्युले समय पाँडेको पक्षमा गएको थियो। यसरी माथवर सिंह थापाको उदय नेपालको राजनीतिक इतिहासमा हुन गयो। यिनले पनि भीमसेन थापाको बदला लिन बाँकी राखेनन् र बदला पनि लिए। यसै बदला लिन गरेको हत्याकाण्डले नै समय यिनको हातबाट खुस्किन थाल्यो। राजा रानी र भारदारहरू समेत उनीदेखि डराउनं थाले। त्यसले गर्दा उनको नै विरुद्ध दरबारमा षड्यन्त्रको सुरुआत भयो र उनको हत्या उनैको भानिज जङ्गबहादुरको हातबाट हुन गयो र समय पनि जङ्गबहादुरकै पक्षपट्टि लाग्न थाल्यो। यसरी माथवर सिंह थापाको हत्या भएपछि आधा शताब्दी अगाडिदेखि चल्दै आएको थापा र पाँडेबीचको शत्रुतापूर्ण भावनाको अन्त हुन पुग्यो भने १८४६ ई.सं.को राती गगन सिंहको हत्यारा थाहा पाउन जम्मा भएका भारदारहरूको बीच कोतमा काटामार चल्दा थापा र पाँडेहरूको हत्या हुन पुग्यो र सत्ता एक परिवारमा सीमित हुने १८५६ ई.सं.को लालमोहरले नेपालमा राजनीतिक अस्थिरताको बल्ल अन्त गऱ्यो।

**सन्दर्भ ग्रन्थ**


१. ..... शुभ साइत हेरी कालु पाँडेले कजाई दर्शन गर्न जाँदा राजा पृथ्वीनारायण शाहलाई विन्ति गरे हुकुम मान्छु कजाई दर्शन गर्दछु, बुद्धि वर्गतले भ्याएसम्म भरमगदुर गद्दिको सोझो गर्नेछु, तसर्थ मेरो जीयले मात्र कजाइ खाइ हुँदैन, जहाँसम्म हाम्रा सन्तानले गाथको सोझो गरिन्ज्यालसम्म र काम चलाउन सकिन्ज्यालसम्म कजाइ मान

पाँडेले खानु भनि बन्देज गरिबक्सनु भइ कजाई खान्छु । अब जवाफ आउँ (क) सरदार भीमबहादुर पाँडे **राष्ट्रभक्तिको झलक पाँडे वंडाको भूमिका वि.सं. १५९६-१९०४)** भोटाहिटी, नेपाल रत्नपुस्तक भण्डार २०३४– पेज १९ ।

श्री महाराज पृथ्वीनारायण शाहबाट काज गरि काजिका कजाइ चलाउन सकिन्ज्यालसम्म धर्मसम्झी गद्दीको सोझो गरिन्ज्याल तेरो सन्ततिलाई कजाई नखोस्नु यस वातका साछी श्री गुरु गोरखनाथ, श्री मनकामना भनि हुकुम हुदो भयो । वहाँदेखि कालु पाँडेले कजाई दर्शन गर्दा भयो । (ख) बाबुराम **आचार्य श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, राजदरवार नेपाल श्री ५ महाराजाधिराजका प्रेस सचिवालय २०२४, भाग २, पेज २१७।

२. बाबुराम आचार्य '**श्री ५ पृथ्वी ... माथि उल्लेखित**' भाग ३, पेज ६३१.

३. बाबुराम आचार्य '**नेपालको संक्षिप्त विवरण**' काठमाडौं नेपाल प्रमोद शमशेर र नीरविक्रम प्यासी, २०२२, पेज ७१.

४. क) बाबुराम आचार्य '**श्री ५ पृथ्वी ... माथि उल्लेखित**' भाग ४, पेज ६४४

   ख) डा. दिल्ली रमण रेग्मी '**मडर्न नेपाल**' कलकता, के.एल. मुखोपाध्याय, १९७५ भाग २, पेज २६९-७०.

५. बाबुराम आचार्य, **नेपालको संक्षिप्त वृत्तान्त**, काठमाडौं, नेपाल, प्रमोद शमशेर र नीरविक्रम प्यासी २०२२, पेज ७७.

६. क) कर्नल कर्कप्याट्रिक '**एन एकान्ट अफ द किङ्डम अफ नेपाल**' न्यू दिल्ली एशियन पब्लीसिङ्ग हाउस १९७५ पुन प्रकाशन, पेज २७३

   ख) लुडविग एफ स्टिलर एस. जे. '**द राइज अफ द हाउस अफ गोरखा**' नयाँ दिल्ली मन्जुश्री पब्लीसिङ्ग हाउस १९७३, पेज १५५ ।

   ग) चितरन्जन नेपाली '**श्री ५ रणबहादुर शाह**' काठमाडौं, नेपाल, श्रीमती मेरी राजभण्डारी २०२०, पेज १०८.

८ सतिस कुमार '**राना पोलिटीक इन नेपाल**' न्यू दिल्ली, एशियन पब्लीसङ्ग हाउस १९६७, पेज १९.

९. चितरन्जन नेपाली '**माथि उल्लिखित**' पेज १७.

१०. राजे, लि. ओ. इ. **नेपाल स्ट्याटिजी फर सभाईवल**' बम्बइ, अक्सफोर्ड युनिभरसिटी प्रेस १९७१, पेज ७१.

११. 'इतिहास संशोधनको प्रमाण प्रमेय' सम्पादित प्र(सं. धनवज्र वज्राचार्य, ललितपुर श्री दरबार जगदम्बा प्रकाशन भा १, २०१९ पेज १६५, (वि.सं. ५७)

१२. दिल्ली रमण रेग्मी '**माथि उल्लिखित**' पहिलो भाग, पेज ५९२

१३. लि.ओ.इ. राजे '**माथि उल्लिखित**' पेज २७.

१४. फान्सीस बुचानन्द हेमिल्टन 'एन एकाउन्ट अफ दि किडस अफ नेपाल' न्यू दिल्ली मन्जुश्री पब्लिसिङ्ग हाउस दोस्रो प्रकाशन १९७१ पेज २५२-५३.

१५. क) समशेर बहादुर थापा '**रणविर सिंह थापा**' पेज ११३

   ख) विक्रमजित हसात '**हिस्ट्रि अफ नेपाल**' इण्डिया, भि.मि.रिसर्च इन्टीटयुसन वुक ऐजेन्सी, १९७०, पेज २०५.

१६. अगाडि हेर्नोस्

१७. पछाडि हेर्नोस्

१८. भीमबहादुर पाँडे 'माथि उल्लिखित' पेज ८७.

१९. पछाडि हेर्नोस्

२०. दिल्ली रमण रेग्मी 'माथि उल्लिखित' भो. २, पेज ३.

२१. ऐजन पेज ७.
२२. 'रमाकान्त '**इन्डो नेपलिज रिलेसन**' नयाँ दिल्ली १९६८, पेज १३.
२३. दिल्ली रमण रेग्मी '**माथि उल्लिखित**' भो. २ पेज ६-७
२४. ऐजन, पेज ७-८
२५. ऐजन, पेज ६
२६. के.सी. चौधरी 'एङ्गो नेपलीज रिलेसन्स' कलकता मडर्न बुक ऐजेन्सी १९६० पेज
२७. भीमबहादुर पाँडे '**माथि उल्लिखित**' पेज ८९
२८. लुडविग एफ स्टिलर एस. जे. '**माथि उल्लिखित**' पेज ३०८
२९. विक्रमजित हमाल '**माथि उल्लिखित**' पेज २०१.
३०. दिल्ली रमण रेग्मी '**माथि उल्लिखित**' पेज १५, भो. २
३१. बाबुराम आचार्य '**ने.सं.वि. माथि उल्लिखित**' पेज ११२
३२. **ऐजन** पेज ११२
३३. क) फान्सीस बुचानन हेमिल्टन '**माथि उल्लिखित**' पेज २२५,
    ख) रमाकान्त '**माथि उल्लिखित**' पेज १५
३४. बाबुराम आचार्य '**ने.सं.वि. माथि उल्लिखित**' पेज ११०–११
३५. लुडविग एम सिलर एस.जे. '**माथि उल्लिखित**' पेज ३०८
३६. क) भीमबहादुर पाँडे '**माथि उल्लिखित**' पेज ९१–९२
    ख) बाबुराम आचार्य, ने.सं.वि. '**माथि उल्लिखित**' पेज १२
३७. विक्रमजित हमाल '**माथि उल्लिखित**' पेज २०५-६
३८. के.सी. चौधरी '**माथि उल्लिखित**' पेज १२४
३९. के.सी. चौधरी '**माथि उल्लिखित**' पेज १२४–२५
४०. लुडविग एफ स्टिलर एस. ज. '**माथि उल्लिखित**' पेज ३०६
४१. एस.ए. ओल्डफिल्ड '**स्केनेज अफ नेपाल**' दिल्ली भारत कस्मो पब्लिकेशन १९७४ पुनः प्रकाशन पेज २८८-२८९.
४२. दिल्ली रमण रेग्मी '**माथि उल्लिखित**' मा. २ पेज ४७-५४
४३. भीमबहादुर पाँडे '**माथि उल्लिखित**' पेज १०२
४४. चित्तरञ्जन नेपाली '**भीमसेन थापा र तत्कालीन नेपाल**' नेपाल, रत्न पुस्तक भण्डार २०२२, दोस्रो प्रकाशन पेज ७.
४५. क) लुडविग एफ स्टिलर एस.जे. '**माथि उल्लिखित**' पेज ३०८-९,
    ख) चित्रञ्जन नेपाली '**भीमसेन थापा र ... माथि उल्लिखित**' पेज ९
४६. भीमबहादुर पाँडे '**माथि उल्लिखित**' पेज ९०
४७. **ऐजन** पेज ९०-९१
४८. क) लुडविग एफ स्टिलर एस.जे. '**माथि उल्लिखित**' पेज ३०३–४,
    ख) लिओ. रोज. '**माथि उल्लिखित**' पेज ७७–७८
४९. रमाकान्त '**माथि उल्लिखित**' पेज १५
५०. पछाडि हेर्नोस् पेज ...
५१. रमाकान्त '**माथि उल्लिखित**' पेज १५
५२. विक्रमजित हमाल '**माथि उल्लिखित**' पेज २५२
५३. फान्सीस बुचानन हेमिल्टन् '**माथि उल्लिखित**' पेज २५४–५५
५४. क) लुडविग एम स्टिलर '**माथि उल्लिखित**' पेज १०७
    ख) रमाकान्त '**माथि उल्लिखित**' पेज १५
५५. भीमबहादुर पाँडे '**माथि उल्लिखित**' पेज १०७

५६. बालचन्द्र शर्मा **'नेपालको ऐतिहासिक रूप रेखा'** वाराणसी कृष्ण कुमारी देवी, २०२६, तेस्रो प्रकाशन पेज २४९
५७. विक्रमजित हमाल **'माथि उल्लिखित'** पेज २१३.
५८. क) बाबुराम ने.सं.वि. **'माथि उल्लिखित'** पेज ११३
ख) बालचन्द्र शर्मा **'माथि उल्लिखित'** पेज २४९
ग) लण्डन, पर्सिविल **'नेपाल'** नेपाल, रत्नपुस्तक भण्डार १९७६, पुनः प्रकाशन भाग १ र २२, पेज ७३
घ) हन्टर विलियम विल्स **'लाइफ अफ व्रेन हगरन् हडसन्'** लण्डन, जेन पुर्रे ... १९८६, पेज ९७
५९. क) चितरञ्जन नेपाली **'रणबहादुर माथि उल्लिखित'** पेज ६७
ख) ढुण्डिराज भण्डारी **'नेपालको आलोचनात्मक इतिहास'** काठमाडौं नेपाल, प्रकाश प्रकाशन २०२७ पेज ६०–६१
६०. अगाडि हेर्नोस् पेज ...
६१. के.सी. चौधरी **'माथि उल्लिखित'** पेज १३२
६२. क) **ऐजन** पेज १३३
ख) दिल्ली रमण रेग्मी **'माथि उल्लिखित'** भाग २, पेज १०८.
६३. लुडविग एफ स्टिलर **'माथि उल्लिखित'** पेज ३१४
६४. के.सी. चौधरी **'माथि उल्लिखित'** पेज १३३-३४
६५. खोइ छैन ?
६६. **ऐजन** पेज ३१७–१८
६७. बाबुराम आचार्य ने.नं.वि. **'माथि उल्लिखित'** पेज ११छ
६८. भीमबहादुर पाँडे **'माथि उल्लिखित'** पेज ११घ
६९. पछाडि हेर्नोस् पेज १५, १६ र १९
७०. क) रमाकान्त **'माथि उल्लिखित'** पेज १५
ख) एस.ए. ओल्डफिल्ड **'माथि उल्लिखित'** पेज २८९.
७१. भीमबहादुर पाँडे **'माथि उल्लिखित'** पेज ८८
७२. पछाडि हेर्नोस् पेज १२, १३ र १४.
७३. बाबुराम आचार्य **ने.सं.वि. 'माथि उल्लिखित'** पेज ११७
७४. क) **ऐजन** पेज १११–१२
ख) दिल्ली रमण रेग्मी भाग २ **'माथि उल्लिखित'** पेज १५४
७५. लुडविग एफ. स्टिलर **'माथि उल्लिखित'** पेज ३२१
७६. क) दिल्ली रमण रेग्मी **'माथि उल्लिखित'** पेज १५७
ख) बाबुराम आचार्य **ने.सं.वि. 'माथि उल्लिखित'** पेज ११८
७७. बाबुरा आचार्य **ने.सं.वि. 'माथि उल्लिखित'** पेज ११९
७८. दीर्घराज प्रसाई **'नेपालको राजनीतिक व्यवस्थाको विश्लेषण**, काठमाडौं, नेपाल, सानुबाबु प्रसाद २०३५, पेज ४
७९. बालचन्द्र शर्मा **'माथि उल्लिखित'** पेज २५१.
८०. बाबुराम आचार्य **'ने.सं.वि. माथि उल्लिखित'** पेज १०२–३

# वैदिककालमा नारीहरूको सामाजिक मर्यादा

– लक्ष्मी गौतम

कुनै पनि युगमा अथवा देशको सामाजिक अवस्था एवं तत्सम्बन्धी दृष्टिकोणको वास्तविक मूल्याङ्कन स्त्रीहरूको स्थिति एवं उनीहरूको विषयमा प्रचलित धारणाहरूको अध्ययन विना प्रायः अपूर्ण नै हुन्छ। नारीहरूको जीवन समुन्नत बनाउन उनीहरूप्रतिको सामाजिक व्यवहार र परम्परागत मान्यताहरूको परिष्कार हुन आवश्यक पर्दछ।

आजको वर्तमान युगलाई नारीजागरणको युग पनि भनिन्छ। बीशौ शताब्दीको अन्त्य र एक्काइशौं शताब्दीको आगमनका साथै नारीसम्मान, मर्यादा र जागृति आजको चुनौतीको रूपमा देखिएका छन्। हुन त पूर्व र पश्चिममा नारी समानताका कुरा अत्यन्त उच्च र उग्ररूपमा अगाडि आइरहेका छन्। र यस वर्तमान परिप्रेक्ष्यलाई अवलोकन गर्दा नारीसम्मानको सट्टा अनादर तिरस्कार अपमानना र नारकीय पीडाको व्यथाले व्याकुल भई मानवीय जीवनको उच्च आदर्शलाई पाशविक र जडचेतन बस्तु झैं गरी व्यवहार गरिएको देख्न र सुन्न पाइन्छ। पूर्वीय आदर्शले नारीजगत्लाई दैवीशक्तिको रूपमा स्थापना गरेको छ। नारी देवीशक्तिको रूप हुँदै आमा, दिदी, बहिनी, भाउजू, श्रीमती, छोरी बुहारी, आदि विभिन्न रूपमा रूपान्तर हुँदै मानवजीवन र जगत्का मूल्य र मान्यतालाई आत्मसात् गर्दै एक रथका दुई पहियाको प्रतीकको रूपमा पुरुषहरूको सहभागी भई पौरुषत्व हुँदाहुँदै पनि निरीह र एकाकी जीवनको अनुभूति गर्ने पुरुषलाई माया, ममता, प्रेम, उत्साह, प्रोत्साहन र सुमार्ग दर्शन गराउने काम हाम्रा आर्य नारीहरूबाट भएको छ। जब समय र परिस्थितिले समाजमा नीच व्यक्तिहरूको बाहुल्य र उनीहरूको गलत व्यवहारको पराकाष्ठाले नारीहरूप्रति र समष्टिमा भन्दा समाजप्रति अन्याय अत्याचार र बर्बरताको व्यवहार हुन थाल्छ त्यस अवस्थामा नारी रूपी शक्तिको अत्युच्च शक्तिपुञ्ज देवीको रूप धारण गर्न पनि पुग्छ। यस्ता अनेकौं उदाहरणहरू श्रीमद्देवीभागवत्को पाना-पानामा देख्न पाइन्छ। नारी शक्तिको जहाँ उच्च आदर्श कायम रहन्छ त्यहाँ ती नारी नारीको रूपमा नरही साक्षात् देवीको रूपमा उपस्थित भएकी हुन्छिन्। दानवीय अत्याचार र उत्पीडनले मानवीय जीवनका मूल्य र मानवताहरूको पतन हुन लागेको देखेर देवीले विविध रूप धारण गरी अत्याचारी र उत्पीडनकारी दानवीय तत्वलाई समाप्त गरेका ऐतिहासिक घटनाहरू कै प्रतीकको रूपमा काष्ठमण्डपका विविध देवी-देवताहरूका मूर्तिहरूको स्थापनाबाट स्पष्ट हुन्छ। आज जहाँ पूर्वीय आदर्शले महिमामण्डित भएका नारी जातिहरू देवी सरह नै जीवन यापन गरिरहेका छन् भने त्यही जगत्मा नारीहरू पुरुषहरूबाटै शोषित दमित उत्पीडित र निस्सहाय भई दासत्वरूपी

पराधीनतालाई स्वीकार गरी उदरपूर्तिका लागि विविध क्रियाकलापमा संलग्न भएको पनि यत्रतत्र देख्न सकिन्छ ।

आज समाजमा हाम्रा पूर्वीय मान्यता र मूल्यहरू पाश्चात्य संस्कृतिको प्रवाहले थिचिएका छन्, किचिएका छन् । त्यही पाश्चात्य सभ्यतालाई आत्मसात् गरी आफ्नै अस्तित्व समेत विदेशीहरूले चिनाइदिनुपर्ने अवस्थाको सृजना हामी नेपाली जातिहरूको हुन थालेको छ र त्यसैलाई हामी आत्मगौरव आत्मसम्मान ठान्न थालेका छौं । जुन मुलुकमा आफ्नो संस्कृति, सभ्यता, आचार, नैतिकता र अनुशासनको ख्याल हुँदैन त्यस मुलुकका व्यक्तिहरू दास र परजीवी भई, केही व्यक्तिहरू धनाढ्य र सम्पन्न हुन सक्छन्, तर मुलुक नै गरीबीको जर्जरताले रित्तो भई आफ्नै अस्तित्व समेत गुमाउन बेर लाग्दैन । आज त्यही मुलुकका नर-नारीहरू एक अर्कोसित मिलेर देशोन्नतिमा लाग्नु पर्नेमा एक अर्काले तुच्छ्याउने हियाउने र तँभन्दा म के कम भन्ने भावनाले अभिप्रेरित भई प्रत्येक घरमा ससानादेखि लिएर ठूला-ठूला गृहकलहको बीजारोपण भएको पाइन्छ । एउटा पवित्र मन्दिरतुल्य घरमा उच्च आदर्श बोकेका आमा-बाबु छोरा-छोरीको भावना विचार र व्यवहारलाई देख्दा त्यो सभ्यता हो कि विकृत ज्ञान हो कि अज्ञानता वा अबुद्धिमत्ता हो कि मूढता । सहज जीवनको स्वाभाविक बाटो हो कि गलत संस्कारहरूले दिग्भ्रमित पारेको अवस्था हो ? निर्क्यौल गर्न गाह्रो परेको छ । जुन घरको पूजा कोठाबाट वैदिक मन्त्रहरू र शङ्ख ध्वनिको उच्च स्वरले विश्वशान्तिको कामना गर्दथे "वसुधैव कुटुम्बकम्"को भावनाले ओतप्रोत भई आफ्ना मूल्य र मान्यताको स्थापना गर्दथे, त्यही घरबाट आज गृहकलहको रडाको मच्चिएको छ । भाइ-भाइमा फूट आएको छ । कुसंस्कृति र दुर्विचारले मस्तिष्क भरिएको छ । यो पक्कै पनि हाम्रो मुलुकका नरनारी अझ समष्टिमा भन्दा विश्वकै लागि शुभसङ्केत मान्न सकिन्न । भौगोलिक, राजनीतिक र सीमाङ्कित दृष्टिले स्थान विभाजित भए पनि धर्म संस्कृति र कलाको दृष्टिले समस्त हिन्दू जातिको मूल थलो भारतवर्ष हो र धर्मको मूल जरो वेद नै हो । प्राचीनकालमा नारीहरूको समाजमा गौरवपूर्ण स्थान थियो । भारतवर्षका नारीहरूको शिक्षा दीक्षाको राम्रो व्यवस्था थियो । त्यसैले स्त्रीहरूले सामाजिक कार्यहरूमा महत्त्वपूर्ण भूमिकाको निर्वाह गर्दथे । अध्ययन, अध्यापनका अतिरिक्त नारीहरू युद्धभूमिमा गएर आफ्नो वीरताको प्रदर्शन गरी आफ्नो लक्ष्य समेत पूर्ति गर्दथे । ऋग्वेदका अनेक ऋचाहरूमा नारीका विविध रूपहरूको महत्त्वको वर्णन गरेको पाइन्छ । गृहस्थीहरूको मूल आधार के हो ? भन्ने प्रश्नको उत्तरमा ऋग्वेदको ३.५३.४ मन्त्रमा प्रष्ट लेखिएको छ । गृहस्थहरूकी आधार पत्नी (नारी) हुन् । घरको सुरक्षा, व्यवस्था, सञ्चालन निरीक्षण र समुन्नयनको पूरा उत्तरदायित्व पत्नीमा निहित हुन्छ । "जायाइत् अस्तम्" पत्नी नै घर हो । एवं प्रकारले संस्कृतका विभिन्न सुभाषितहरूमा नारीको महिमालाई यसरी गाइएको छ– "नगृहं गृहमित्याहु र्गृहिणी गृहमुच्यते" अर्थात् घरलाई घर भनिदैन अपितु गृहिणीलाई नै घर भनिन्छ । यस्तै हिन्दीमा पनि एउटा लोकोक्ति पाइन्छ– "बिन घरनी घर भूतका डेरा" गृहिणी विनाको घर भूत निवास सरह हुन् जान्छ । अर्थात् घरको शोभा र अस्तित्व देखिन्न । उपर्युक्त मन्त्रमा नारी वा पत्नीको कर्तव्य र महत्त्व दुवैमा प्रकाश पार्ने काम भएको छ । पत्नी नै गृहस्थरूपी वृक्षको मूल हो । परिवारको समृद्धिको आधार हो । सुखको मूल हो, सन्तानोत्पत्तिको आधार हो र घर शोभाको कारण ।

सुशील नारीको बारेमा ऋग्वेदको अर्को मन्त्रले आदर गर्दै भन्छ– "याभि सोमो मोदते हर्षते च् कल्याणीभिर्युवतिर्भिन मर्य ।" .......... पुनीतात् ॥ १०.३०.५ ऋच्चा अर्थात् सरल, सुशील र विनीत नारीको गुणगान गरिएको छ । जहाँ सुशील र विनीत नारीको गुणगान गरिएको छ । जहाँ सुशील र कल्याणकारिणी पत्नी हुन्छिन् त्यहाँ स्वर्ग हुन्छ । सुशील पत्नी प्राप्त गर्नु सौभाग्यको कुरा हो । मन्त्रमा भनिएको छ– सुशील पत्नी पाएर मनुष्य (नर) आनन्दित रहन्छ र सुशील नारीका साथ हर्ष र आमोद हुन्छ । त्यसको विपरीत दुःशील

नारीबाट दुःख र कष्ट प्राप्त हुन्छ। सुशील स्त्री र पुरुषको मिलनलाई यसरी व्यक्त गरिएको छ– जसरी कुनै वृक्षलाई जल सिन्चन गर्नु। जल पाएर वृक्ष वा वनस्पतिहरू फुल्छन् फल्छन् त्यसैप्रकार सुशील पत्नी पाएर पति पनि फल्छ फुल्छ। जसरी एउटा लताको सहाराले अन्य लताहरू पनि अगाडि बढ्ने मौका पाउँछन्, त्यसैप्रकारले सुशील स्त्रीलाई प्राप्त गरेर परिवारको श्रीवृद्धि हुँदै जान्छ। सुशील स्त्री परिवारको लागि लक्ष्मी हो र परिवारको श्री वृद्धिको कारण। लज्जा नारीको त्यो सद्गुण हो जसले उसलाई लोकप्रिय बनाउँछ। उसका गुणहरूमा परिष्कार ल्याउँछ। उसको गौरवमा वृद्धि गर्छ। स्वच्छता वा निर्मलता नारीको दोस्रो गुण हो। बाह्य र आन्तरिक निर्मलताले नै नारी आर्कषणको केन्द्र बन्न पुग्छिन्। ऋग्वेदको ८.३३.१९ मन्त्रमा नारीलाई ब्रह्मा मानिएको छ। "स्त्री हि ब्रह्मावभूविथय" अर्थात् स्त्री नै ब्रह्मा हुन्। ब्रह्मा सृष्टिकर्ता हुन्। नारी सन्तानादिद्वारा परिवारको वृद्धि गर्दछिन्। ब्रह्मा ज्ञान र वेदका दाता हुन्। नारीले पनि शिशुहरूलाई ज्ञान दिन्छिन। समस्त ज्ञानको आधार ब्रह्मा हुन् र त्यस्तै प्रकारले परिवारमा स्त्री वा नारी पनि ज्ञानकी आधार हुन्। उनैले नै विद्या शिक्षा र ज्ञानको प्रचार गर्दछिन्।

ऋग्वेदको मन्त्र १.७३.३ मा "दैवो न यः पृथिवीः विश्वधाया ....... अनवद्या पति जुष्टेव नारी।" भन्ने मन्त्रमा पतिव्रता नारीको बारेमा विभिन्न उपमाहरूको माध्यमबाट सम्झाउने प्रयास गरिएको छ– कुन गुणहरूले युक्त व्यक्ति संसारमा प्रतिष्ठित र प्रिय हुन्छ भन्दै अग्नि संसारको पालक र पोषक हो, त्यसैले उसले पृथ्वीमा आफ्नो साम्राज्य विस्तृत गरिरहेको छ। यसलाई स्पष्ट गर्नकोलागि अन्य चारवटा उदाहरण प्रस्तुत गरिएका छन्– (क) सूर्यवत्– सूर्यले संसारलाई प्रकाश दिन्छ, अन्धकारको नाश गर्दछ र संसारको पालक हो। त्यसैले सूर्यलाई संसारमा आदर प्राप्त छ। (ख) राजावत्– राजाले राष्ट्रको रक्षा गर्छन्, सबको हित गर्छन् र सबैसँग हितकारी मित्रको समान व्यवहार गर्छन्, त्यसैले उनी जनप्रिय छन्। (ग) वीरवत्– वीरले आफ्नो प्राणको चिन्ता नगरी देश र समाजको रक्षा गर्छन्, समाजको हित नै आफ्नो हित सम्झन्छन् र रक्षा-कार्यमा सदा तत्पर रहन्छन्। त्यसैले उनी समाजमा आदरका पात्र भएका छन्। (घ) सती स्त्रीवत्– समाजमा स्त्रीहरूको आदर र सम्मान तब प्राप्त हुन्छ जब उनीहरूको चरित्र पवित्र हुन्छ। ती पतिपरायणा होउन् र पतिका विश्वासका पात्र पनि। निश्चल र सच्चरित्र स्त्री समाज परिवार र पतिका लागि बरदान हुन्। यदि उसलाई पतिको प्रेम प्राप्त भयो भने समाजमा सदा आदरणीय हुन्छिन्। पृथ्वीमा उनको यश फैलिन्छ र उनलाई आदर्श गृहिणी मानिन्छ। पतिव्रता स्त्री अग्नितुल्य हुन्छन्, त्यसैले अग्निको गौरवगानमा सती स्त्रीलाई उपमानको रूपमा प्रस्तुत गरिएको छ।

अथर्ववेदको १.१.४.३ मन्त्रमा नारी अस्तित्व गरिमा र कर्तव्यको बारेमा स्पष्ट व्यक्त गरिएको छ– "एषा ते कुलपा राजन्तामु ते परि दद्मसि॥

ज्योक पितृष्वासाता आशीर्ष्णः समोप्यात्॥ अथर्व वे. अर्थात् यस मन्त्रमा नारीलाई कुलपा भनिएको छ। कुलपाको अर्थ हो कुल वा वंशको रक्षक। नारी वंशकी प्रतिष्ठा हुन्। कुल वा वंशको गौरववृद्धि हुनुमा नारीचरित्रमा निर्भर गर्दछ। नारी कुलपरम्पराकी पालक हुन् र कुललाई ज्योतिर्मय बनाउनको लागि सुयोग्य सन्तान दिने सिर्जना हुन्। कुल वा वंशका रक्षक। नारी वंशकी प्रतिष्ठा हुन्। कुलपरम्पराको संरक्षणमा नारीको पूर्ण दायित्व हुन्छ। केवल गृहस्थ धर्मको पालन गर्नु मात्र नारीको कर्तव्य होइन, किन्तु कुलको प्रतिष्ठामा वृद्धि गराउनु, प्राचीन उत्कृष्ट परम्पराहरूलाई निर्वाह गर्नु, वंशका सामान्य जनहरूलाई उचित सम्मान दिनु, कुललाई दुषित गर्ने तत्त्वलाई परित्याग गर्नु कुलको लागि ज्ञान-विज्ञान आदिले युक्त योग्य सन्तानलाई जन्म दिनु, तिनीहरूलाई उत्तम आचारविचारले युक्त शिक्षा दिनु आदि कार्य नारीको उत्तरदायित्व भित्र पर्छन्। उपर्युक्त मन्त्रको कुलपा शब्दले यिनै गुणहरूको निर्देश गरेको छ।

एवं प्रकारले जसरी नारीको बारेमा विभिन्न पुराणहरूमा पतिव्रताको शिक्षा र पतिव्रता नारीको गुणगान गरिएको छ, त्यसरी नै पुरुषहरू पनि एक पत्नीव्रत हुनुपर्छ भन्ने कुरा आजको समाज र पुरुषवर्गलाई सचेत र निर्देश गरेको छ अथर्ववेदको एउटा मन्त्रले । जस्तैः

"अहं वदामि नेत् त्वं, समयामह त्वं वद ।
ममेदसस्त्वं केवलो, नान्यासा कीर्तयाश्चन ॥ अथर्व ७.३८.४

अर्थात् यस मन्त्रमा शौभाग्यशालिनी पत्नीका गुणहरूको चर्चा छ । जसरी पत्नीका लागि आदेश छ उनी पतिव्रता हुनुपर्छ, त्यसरी नै यस मन्त्रमा पतिका लागि पनि आदेश गरिएको छ ऊनी पनि पत्नीव्रता होउन् । कुनै पनि पतिले आफ्नी पत्नी सिवाय अन्य कुनै स्त्रीको नाम नलेओस् गलत दृष्टिले । पति पत्नीको सामञ्जस्यको रहस्य हो पतिले आफ्नी पत्नीलाई सर्वस्व ठानोस् र पत्नीले पतिलाई । केवल एक जनाले मात्र आदर सम्मान र सामञ्जस्यको भावना स्थापित गरेर हुँदैन, दुवैको सहज समादृत भावनाले ओतप्रोत हुनुपर्छ ।

मन्त्रमा एउटा व्यावहारिक शिक्षा के पनि दिइएको छ भने पुरुषको कार्यक्षेत्र बाह्य जगत् हो । उसले आफ्नो योग्यता, विद्वत्ता र पाण्डित्य आदिको प्रदर्शन सभाहरू र विद्वद्गोष्ठीहरूमा गरोस् । परिवारको लागि आर्थिक व्यवस्थाको पूर्ति गर्नु उसको उत्तरदायित्व हो भने नारीको कार्यक्षेत्र घरको आन्तरिक व्यवस्था घरको स्वच्छता तथा परिवारको पालन-पोषण आदि गर्नु हो । एउटा व्यावहारिक र अनुभवसिद्ध कुरा के हो भने नारी जति कुशल तरिकाले गृह-प्रवन्ध र चाँजो पाँजो मिलाउन सक्छे त्यति कुशलतापूर्वक पुरुषवर्गले गर्न सक्दैन । जति सफल पुरुष बाह्य कार्यमा हुन्छ त्यति आन्तरिक कार्यमा सफल हुन सक्दैन ।

उपर्युक्त मन्त्रको अभिप्राय के हो भने घरेलु व्यवस्थामा पुरुषले हस्तक्षेप नगरोस् बाहिरको व्यवस्थामा नारीले । एक अर्काको कार्यमा हस्तक्षेप गर्नाले गृहकलह र द्वन्द्व उत्पन्न हुन्छ भन्ने तात्पर्य हो ।

यजुर्वेदको एउटा मन्त्रमा नारी स्वयंले आफ्नो योग्यताले समाजमा सम्मान र प्रतिष्ठा प्राप्त गरोस् भन्ने उल्लेख गरेको छ । यजुर्वेद १४.३ मा परिवार वा समाजमा नारीले आफ्नो योग्यताले आदर प्राप्त गर्दछिन् भनिएको छ । जति अधिक उनमा योग्यता हुन्छ उत्ति नै अधिक सम्मानित हुन्छिन् । नारीमा दक्षता हुनु आवश्यक छ । त्यही दक्षताले गर्दा नारीलाई ज्ञानकोश भनेको पनि पाइन्छ । यस प्रकारले अथर्ववेदको एउटा मन्त्रमा–

"प्रतितिष्ठ विराडसि, विष्णुरिवेह संरस्वति ।
सिनीवालि प्रजायतां, भगस्य समुतावसत् ॥" अथर्व १४.२.१४

अर्थः हे नारी तिमी यहाँ प्रतिष्ठित होऊ । तिमी तेजस्विनी हौ । हे सरस्वती तिमी यहाँ विष्णु तुल्य प्रतिष्ठित हुनुपर्छ । हे सौभाग्यवती नारी ! तिमी सिर्जना (हौ)

यस मन्त्रमा नारीकोलागि तीन विशेषण दिइएको छ र यसबाट नारी गरिमाको बोध हुन्छ । ती विशेषण हुन्– विराट् सरस्वती र सिनीवाली । विराटको विशेष रूपले तेजोमयी भन्ने अर्थ हुन्छ । स्त्रीको तेजस्विता उनको चारित्रिक बलमा निर्भर गर्दछ । पवित्र चरित्रले मानिसलाई देवता बनाइदिन्छ र स्त्रीलाई सती, साध्वी र देवी । यही कारणले विराट् भएर पनि उनी परिवारमा प्रतिष्ठित हुन् पुग्छिन् ।

सरस्वती– यहाँ सरस्वती शब्द ज्ञानकी अधिष्ठात्री देवीको लागि प्रयुक्त भएको छ । स्त्री ( नारी) ज्ञानकी मूर्ति हुन् । त्यसैले उनलाई सरस्वती भनिएको छ । यदि चरित्रबलका साथ नै ज्ञानको बल छ भने त्यसले नारीलाई पूज्य र श्रद्धेय बनाइदिन्छ । त्यसैले मन्त्रमा भनिएको छ जसरी भगवान् विष्णु सर्वत्र पूज्य र प्रतिष्ठित छन् त्यसैप्रकारले तिमी पनि परिवार (समाज)मा प्रतिष्ठित भएर बस ।

सिनीवाली– शब्द प्रतिपदाको नवोदित चन्द्रमाकोलागि प्रयुक्त भएको छ । जसरी प्रतिपदा द्वितीया हुँदै क्रमशः चन्द्रमा निरन्तर बृद्धिका कारण अन्धकारलाई नाश गरी, प्रकाश दिई पूज्य

भएका छन् त्यसैप्रकारले सुसन्तानलाई जन्म दिएर नारी पनि परिवारमा मान्य र पूज्य भएकी छिन् भन्ने कुरा अथर्ववेदको उपर्युक्त मन्त्रबाट जानकारी मिल्दछ।

वैदिककालमा विवाहको बारेमा प्रस्ट धारणा पाइन्छ र त्यस कालमा नारीहरूले आफ्नो पतिको वरण स्वयं गर्दथे। यो पतिवरणको नियम केवल क्षेत्रिय कन्याहरूको लागि मात्र विशेष व्यवस्था हुन्थ्यो र अन्य सामान्य कन्याहरूको लागि स्वयम्बरको व्यवस्था नभई मातापिताद्वारा जातअनुसार प्राजापत्य आदि गरिएका संस्कारहरूको माध्यमबाट विवाह हुने गर्दथ्यो। ऋग्वेदमा त्यस्ता प्रसन्न पिताको उल्लेख पाइन्छ, जसले आफ्नी पुत्रीको लागि राम्रो वरको प्रबन्ध गरेर मनमा अत्यन्त खुशीको अनुभूति गरेका छन्। ("पिता यत्र दुहितुः सेक मृन्जन संशग्मेयेन मनसा दधन्वे–" ऋ ३-३१-१) विवाहको विषयमा पितामाताको सम्मत्ति कन्याको लागि सर्वथा मान्य र ग्राह्य हुन्थ्यो। विवाह सर्वदा युवक तथा युवतिको हुने गर्थ्यो। बालविवाहको सङ्केत कहीं पनि मिल्दैन। विवाहको सर्वमान्य सूक्त ऋग्वेदको दशौं मण्डलको पचासीऔं ८८५) सूक्त हो। जसको अनुशीलन– ऋग्ववेदीय विवाहको पूर्ण भावनाको परिचायक हो। सूर्याको दानको प्रसङ्गमा एउटा मन्त्र आउँछ–

सोमो वधूयुरभवदश्विना ता उभा वरा।
सूर्या यत् पत्ये शंसन्ती मनसा सविता ददात्॥ (ऋ. १०।८५।९)

यस मन्त्रको "पत्यो शंसन्ती"ले सायण भाष्यको "पतिकामा" तथा "पर्याप्त यौवना" भन्ने अर्थ राख्दछन्।

वैदिककालमा आर्यहरू सामान्यतः एउटा मात्र विवाह गर्दथे, तर बहुविवाहको प्रथा पनि प्रचलित भएको पाइन्छ।

बैदिकयुगमा नारीहरूको गृहस्थआश्रममा ठूलो महत्त्व थियो। दुहिताको रूपमा अथवा पत्नी या माताको रूपमा उनीहरू सर्वथा सम्मानका पात्र थिए। कन्याहरूलाई सुयोग्य वधूको रूपमा परिणत गर्नको लागि उदार शिक्षणको प्रबन्ध थियो। उनीहरूलाई ललितकलाहरूमा काव्यकला, सङ्गीत, नृत्य तथा अभिनयको राम्रो शिक्षा दिने गरिन्थ्यो। त्यही उदात्त शिक्षाको प्रभावले बेदका मन्त्रहरूका द्रष्टा अनेक "ऋषिका"को दर्शन ऋग्वेदको अनुशीलनबाट हुन्छ। कक्षीवानकी पत्नी घोषाको नाउँ यस प्रसङ्गमा उल्लेखनीय र महत्त्वशाली पाइन्छ।

लोपामुद्राले आफ्ना पति अगस्त्यका साथमा १/१७९ सूक्तको दर्शन गरेकी थिइन्। त्यस्तै अपाला तथा रोमशाका साथमा सूर्यकी पुत्री सूर्या पनि ऋषिका थिइन्। त्यस समयमा आर्यनारीहरूमा नैतिकता पूर्ण रूपले विद्यमान थियो। उनीहरू पवित्र आचरण तथा सदाचारको लागि सर्वत्र प्रसिद्ध थिए।

नारीको उदात्त चरित्र, नैतिक आदर्श, शिक्षण योग्यता, सामाजिक सहयोगको दृष्टिले उपनिषद् युग आफ्नो पूर्ववर्ती संहिता युगभन्दा विशेष टाढा थिएन। सामाजिक तथा धार्मिक महत्त्वका उत्सवहरूमा नारीहरू स्वतन्त्रतापूर्वक भाग लिन सक्दथे। अथर्ववेदमा अलङ्कृत नारी सभामा जाने कुराको उल्लेख पाइन्छ। यज्ञहरूमा पत्नी पतिकासाथ अनिवार्य रूपले भाग लिन्थे। स्त्रीहरूलाई स्पष्टतः यज्ञको अधिकारिणी भनिएको छ। अपत्नीक व्यक्ति यज्ञको लागि अनुपयुक्त सम्झिइन्थ्यो। रामायणकालसम्म हामी रामलाई सीताको अनुपस्थितिमा यज्ञ गर्न नसक्ने कुराको समर्थन पाइन्छ। तसर्थ यज्ञसम्पादन गर्नको लागि रामले सीताको स्वर्ण (सुवर्ण) प्रतिमाको निर्माण नगरी घर पाएनन्

आदर्श समाज र परिवारको निर्माण गर्न नारीलाई सहयोग, सम्मान तथा आदर गर्नुपर्छ। कुनै पनि घर वा राष्ट्रमा कलहको बीजारोपण भएको छ भने त्यो हो नारीप्रतिको असद्भाव, अवहेलना र तिरस्कार। कैकेयी र सीताका कारणले रामायणका विविध घटनावलीको सिर्जना भएको छ भने द्रौपदीको अपमानले महाभारत युद्धको बीजारोपण भएको छ। एवं प्रकारले नारीहरूले बेद पढ्नुपर्छ र अधिकार पनि छ भन्ने सन्दर्भमा पण्डित छविलाल पोखरेलका

शब्दमा– नारीहरूले बेद पढ्न हुँदैन भन्ने कुरा बेदमन्त्रबाट आउँदैन। अझ स्त्रीहरूले पढ्ने मन्त्र धेरै छन्– "अम्बक यजामहे सुगन्धि पतिवेदनम्" भन्ने मन्त्र कन्याले पढ्ने हो। लाजाहोमका मन्त्र वधूले पढ्ने हुन्। तर अर्थ गर्नेहरूले ती मन्त्र बाहेक अरू मन्त्र पढ्न हुँदैन भन्ने अर्थ पनि गरे। वास्तविक कुरा के भने वैदिक समयमा स्त्रीको वेदको अध्ययनमा बाधा देखिँदैन। पछि स्त्रीहरूले वेद पढ्न हुँदैन भन्ने मत बलियो हुँदै गयो। वैदिक यज्ञमा र पठन-पाठनमा स्त्रीको पनि अधिकार छ भन्ने कुरा कात्यायान स्रोत सूत्रको पहिलो प्रकरणको सातौ सूत्र स्त्रीचाविशेषत्ले नै बताएको छ।

नारी पुरुष समानताको बारेमा दुवै एक अर्कासँग मिलेका हुन्छन्। दुवै एक अर्काका परिपूरक हुन्। यस प्रसङ्गमा याज्ञवल्क्यले भनेका छन्– हामी दुवै (स्त्रीपुरुष) आधा वृगल अर्थात् दालका समान छौं। त्यसैले यो आकाश (अवकाशस्थान) स्त्रीद्वारा पूर्ण हुन्छ। मनुले के पनि लेखेका छन् भने ब्रह्माले आफ्नो देहलाई दुई भागमा विभक्त गरे, जसमा आधा भाग पुरुष भयो र आधा भाग स्त्री। त्यसैले अर्ध-भाग पुरुष जहाँ विवाह गर्छ त्यस पछि मात्र पूर्ण हुन्छ। यसरी नारी पुरुष समानताको बारेमा विभिन्न स्मृतिहरूमा उल्लेख पाइन्छ। नारी सम्मानको रूपमा जाँदा सर्वप्रथम हामी मातृरूपमा जान सक्छौं। आज विश्वकै मातृशक्तिको कति आदर र महिमा छ त्यसलाई यहाँ लेखिरहनुपर्ला जस्तो लाग्दैन तथापि पाश्चात्य जगत्मा र भारतमा नारीहरूको मातृसत्तालाई अत्यन्तै ठूलो आदरको साथमा सम्मान गरिन्छ, पूजा गरिन्छ। यो कसैबाट लुकेको छैनन् यसको उदाहरण हो– मातृदेवोभवः। यसरी श्रुतिले मातृसत्ताको बारेमा उच्च घोषणा गरेको छ। के यसलाई नारीको सम्मान मान्न सकिन्न र ? स्मृतिकारहरूले पिताको स्थानभन्दा माताको स्थानलाई अत्युच्च राखेका छन्।

"पितुः शतगुणं माता गौरवेनातिरच्यते।" मनुले लेखेका छन्– पतिको भन्दा माता (आमा)को स्थान सयगुणा बढी माथि हुन्छ भन्ने त्यसबाट अर्थ निस्कन्छ। जहाँ नारीहरूको सम्मान हुँदैन त्यो घर अभिशप्त हुन्छ अर्थात् त्यो घर नाश हुन्छ पनि भनिएको छ।

हाम्रो हिन्दू संस्कृति र समाजमा नारीको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ। हाम्रा सभ्यताका दुई चरण छन्। ती हुन्– त्याग र तपस्या। नारी त्याग र तपस्याको जाज्वल्यमान विभूति हो। यिनै दुवै तत्त्वहरूको समन्वयबाट हाम्रा आर्यनारीको स्वरूप सङ्गठित भएको छ। नारी जीवनको मूल मन्त्र हो त्याग र यस त्यागरूपी मन्त्रलाई सिद्ध गर्ने क्षमता तपस्याले गरेको छ। मूलतः नारीका तीन रूप हामी देख्न सक्छौं– कन्या रूप, भार्या रूप तथा मातृ रूप। नारी जीवनको प्रथम रूप कन्या पार्वतीको रूपमा अभिव्यक्त गरिएको छ। आर्य कन्याहरूको अदम्य, अजेय तथा जितेन्द्रिय बनाउने मुख्य साधन तपस्या नै हो। कालिदासले कुमारसम्भव महाकाव्यमा त्यस रूपको सहज सरस र सरल शब्दमा व्यक्त गरेका छन्– शिवजीद्वारा "मदन दहन" (कामदेवलाई जलाए) अनन्तर भग्न जगत्का सम्पूर्ण आशाहरूलाई छाडेर तपस्याको साधनामा जुटेको वर्णन आउँछ तपस्या कति कठोर थियो भने ऋषि महर्षिहरूको भन्दा पनि उग्र अत्यन्त कष्टसाध्य तपस्याबाट पार्वती आफ्नो कामना सिद्धिमा सफल भएकी छन्। त्यसैले नारीले चाहे भने जस्तै सुकै कठिन परिस्थितिलाई पनि आत्मसात् गरी आफ्नो गन्तव्यमा पुग्न सक्छन् भन्ने कुराको प्रतीति पार्वतीको तपस्याबाट बोध हुन्छ। जुन कन्या रूप हो। एवं प्रकारले नारीले पत्नी र आमाको भूमिकालाई पनि सहज तरीकाले सम्पन्न गरेका छन् भन्नुपर्छ केही अपवादलाई छोडेर।

काव्यप्रकारकार मम्मटले पनि "कान्ता सम्मिततयोपदेशयुजे" भनेका छन्। नारी जब कुनै काममा पुरुषलाई प्रवृत्त वा कुनै कार्यबाट निवृत्त गर्छिन् तब उनी आफ्नो पूर्ण सामर्थ्यबाट त्यसलाई सरस बनाएर नै त्यसप्रकारको प्रेरणा दिन्छिन्। त्यसैले वैदिक साहित्य होस् कि लौकिक साहित्य नारीको प्रभाव विशेष रूपले अभिव्यक्त भएको छ। उनी शक्तिकी प्रतिमूर्ति हुन्। प्रेमकी अवतार अनुरागकी वाटिका हुन्, ममताकी खानी आदि हुन्।

अतः समग्रमा भन्दा वैदिककाल र लौकिककालमा समाजमा नारीको सामाजिक मर्यादा अत्यन्त ऊँचो तथा गरिमामय देखिन्छ । विभिन्न पूर्वीय ग्रन्थहरूको अध्ययनबाट समाजमा यदि सामाजिक मर्यादा र मानवीय मूल्यलाई संस्थापित गर्ने हो भने स्त्री पुरुष दुबैको सह-अस्तित्वलाई सबैले सहजरूपमा आत्मसात् गर्न सक्नुपर्छ भन्ने निष्कर्ष निस्कन्छ । यी दुबै एक अर्काका परिपूरक हुन् । यी दुबैको एकाकी अस्तित्व अत्यन्त न्यून देखिन्छ । जसरी एउटा पाङ्ग्राबाट रथ वा गाडीको गमन वा परिचालन हुन सक्दैन, त्यसै गरी नारी पुरुष दुबैको सहयोगविना घर, समाज राष्ट्र र विश्व नै चल्न नसक्ने स्पष्ट छ । त्यसैले राष्ट्र निर्माणको लागि दुबैको समान दायित्व हुनुपर्छ ।

नारीसम्मानको पालन भाषणमा होइन, व्यवहारमा देखाउन सक्नुपर्छ । यसरी प्राचीनकाल (वैदिककाल)मा नारीको सम्मान र इज्जत हुने गर्दथ्यो भन्ने कुरा उपर्युक्त विविध सन्दर्भमा र सूक्तिहरूबाट अवगत हुन्छ ।

**सन्दर्भ ग्रन्थ**


१. डा. द्विवेदी कपिलदेव, **वेदोमे नारी** प्रका. विश्व भारती अनुसन्धान परिषद्, वाराणसी ।

२. राव विजयबहादुर, **उत्तरवैदिक समाज एवं संस्कृति** प्रकाशक–भारतीय विद्या प्रकाशन, वाराणसी १९६६ ई.सं. ।

३. वृहदारव्यकोपनिषद् (शाङ्करभाक्ष्य सहित) गीताप्रेस गोरखपुर ।

४. गौतम लक्ष्मी "**प्राचीनकालका विदुषी**" (प्रज्ञाख ८२ ने.रा.प्र.प्र.) ।

५. उपाध्याय बलदेव, **वैदिक साहित्य और संस्कृति** प्रकाशक शारदा मन्दिर वाराणसी तृ. सं. १९६७ ई.सं. ।

६. डा. सूर्यकान्ता, **संस्कृत वाङ्मयका विवेचनात्मक इतिहास** प्रकाशक ओरिएण्टल लॉगमैन १९७२ ई.सं. ।

७. उपाध्याय बलदेव, **काव्यानुशीलन**, प्रकाशक राधाकृष्ण माहेश्वरी जयपुर १९५६ ।

८. ठाकुर आद्यादत्त, **वेदो मे भारतीय संस्कृति**, प्रकाशक हिन्दी समिति सूचना विभाग उत्तर प्रदेश लखनऊ–१९६७ ई.सं.

९. मम्मट, **काव्यप्रकाश** प्रथम उल्लास, २ शलोक प्रकाशक ज्ञानमण्डल लिमिटेड, वाराणसी ।

१०. कल्याण, **शिक्षाङ्क** गीताप्रेस, गोरखपुर ।

# ‘मैथिली भाषाका स्पष्ट सम्बन्धपरिचायक शब्दहरू’

**– डा. गङ्गाप्रसाद अकेला**

भावाभिव्यक्तिको सबभन्दा सशक्त माध्यम भाषा हो । भाषाको माध्यमबाट कुनै वस्तु र सम्बन्धका सम्बन्धमा स्पष्ट जानकारी प्राप्त गर्न सकिन्छ तर पनि केही शब्दहरू यस्ता हुन्छन् जसको उच्चारण र सम्बोधन गर्नाले मात्र स्पष्ट जानकारी प्राप्त हुँदैन र सही जानकारीका लागि पुनः सो सम्बन्धी पक्षबारे सोध्नै पर्छ, जो नगरेसम्म खुलस्त जानकारी प्राप्त हुँदैन । यस प्रकारको अस्पष्टताको बाहुल्य देवनागरी लिपिको ‘नेपाली’ तथा ‘नेवारी’ भाषा तथा रोमन लिपिका ‘अंग्रेजी’ भाषामा पाइन्छ । देवनागरी लिपिका ‘संस्कृत’, हिन्दी’, ‘मैथिली’, ‘भोजपुरी’ र ‘अवधी’ भाषामा त्यस्तो अस्पष्टता कमै पाइन्छ । देवनागरी लिपिका भाषाहरूमध्ये सबभन्दा सम्बन्धको खुलस्त जानकारी दिने भाषा ‘मैथिली’लाई नै मान्न सकिन्छ किनभने हिन्दी र अवधी भाषाका केही शब्दहरूलाई पनि स्पष्ट गर्नुपर्ने हुन्छ । नेपाली र नेवारी भाषामाथि अंग्रेजी भाषाको रोमन लिपिको छाप अलि बढी परेको जस्तो देखिन्छ उदाहरणका लागि अंग्रेजी भाषाको ग्र्याण्ड फादर (Grand Father) जस्तै नेपाली र नेवारी भाषाको ‘बाजे’ एक शब्दले नै थुप्रै नातागोता पर्ने बूढापाकाहरूका लागि प्रयोग गरिन्छ । आफ्नो पिताको पिताज्यूका लागि र आमाको पिताज्यू समेतलाई पनि बच्चा-बच्चीले ‘बाजे’ शब्द नै प्रयोग गर्दछन् त्यस्तै अंग्रेजी भाषा-भाषीहरूले समेत एउटै शब्द ग्र्याण्ड फादर (Grand Father) मात्र प्रयोग गर्दछन्; जो मैथिली भाषामा हुँदैन, संस्कृत, हिन्दी, भोजपुरी तथा अवधी समेतमा हुँदैन । मैथिली भाषाका शब्दहरूले छोरापट्टिका, छोरीपट्टिका र बुहारीपट्टिका सम्बन्धहरू शब्दद्वारा नै कसरी स्पष्ट गर्दछन्, त्यसबारे विचार गरौं ।

मैथिली भाषाका शब्दहरूको आफ्नो विशिष्ट मौलिकता, विशिष्टता र पहिचान रहेको छ, जो व्यक्त गर्नासाथै नाता पर्ने व्यक्ति र सन्तानका सम्बन्धमा स्वतः स्पष्ट जानकारी गराइदिन्छ, पुनः स्पष्ट गर्नुपर्ने दरकार रहन जाँदैन । हँ अन्य भाषा-भाषीका लागि शुरुमा एक पटक सम्झाउनु मात्र पर्दछ, त्यसपछि तिनले पनि भन्ना वा सुन्नासाथै स्पष्ट बुझ्न सक्छन् । व्यक्ति तथा मानिसका सम्बन्धमा मात्र होइन कि वस्तु, गर-गहना, समय आदिका सम्बन्धमा पनि स्पष्ट सङ्केतबोधक शब्दहरू समेत प्रयोग गर्ने गरिन्छ । यसो हेर्दा मैथिली भाषाका शब्द-भण्डार विशाल रहेको समेत स्पष्ट हुन आउँछ । उदाहरणका लागि कुराकानीका क्रममा कसैले भनेका कुरा नबुझ्दा नेपालीमा ‘अलि स्पष्टसँग भन्नुस् वा सफासँग प्रष्टिने गरी भन्नुस्’ भन्ने

गरिन्छ तर मैथिलीमा त्यसैलाई पहिला– 'साफ-साफ कहु ने' त्यसबाट पनि भएन भने– 'फैरछाक कहु ने' र त्यसबाट पनि भएन भने ठेट शब्द 'खोंईचा छोडाक कहु ने' जस्ता शब्दहरू प्रयोग गरिन्छ । मानिसबीचको सम्बन्धपरिचायक शब्दसम्बन्धमा कुरा गर्नुअघि पहिला वस्तुसँग सम्बन्धित शब्दबारे केही विचार गरौं ।

वस्तुको सम्बन्धमा पनि त्यस्तो स्पष्ट सङ्केतक शब्दहरू प्रयोग गरिन्छ । उदाहरणका लागि 'अचार' शब्दलाई नै लिऊँ । मिथिलाञ्चलमा 'अचार' भन्नुको मतलब विभिन्न प्रकारको मसला हालेर खाने तेलमा डुबाएर वर्षौंसम्म राखेर खान सक्ने प्रकारले तैयार गरिएका विभिन्न चीजको परिकारलाई मात्र 'अचार' भनिन्छ । चटपट वा तुरुन्तै पिनेर, काटेर, पोलेर, तैयार गरिएको परिकार भन्टा र आलुको छ भने त्यसलाई 'चोखा' भनिन्छ भने प्याजको परिकारलाई 'तुरन्ता' र पिनेर तयार गरिएकोलाई 'चटनी' जस्ता नामले मात्र सम्बोधित गरिन्छ । 'अचार' भन्नुको अर्थ नै वर्षौंसम्म खान सक्ने खालको र सुरक्षित साथ माटो वा शीशाको भाँडामा राखिएको प्रतिष्ठासूचक परिकारको आभास गराउँछ । अझ शुरु शुरुमा त कुन कस्तो घरानियाँ र सम्पन्न परिवार छ, त्यसको मूल्याङ्कन उनको घरमा उपलब्ध रहने नानाथरीको अचारबाट समेत आँकने गरिन्थ्यो । मानिसले यस्तोसम्म भन्ने गर्दथे कि फलाना बाबूकहाँ जाँदा उनले १५ देखि २५ थरीका अचार ख्वाएका थिए । मिथिलाको त्यो प्राचीन गरिमामय रहन-सहन, खानपीनको स्तर त आजभोलिको आयाधुनिकताले प्रायः चौपट नै पारिदिएको छ तर पनि घरानियाँ र पुराना सम्पन्न परिवारका खानदानहरूमा अझसम्म पनि त्यसको स्वरूप हेर्न सकिन्छ ।

मिथिलाञ्चलका गाऊँघरहरू तथा नगर समेतमा नाश्ता र खाना खाने समयलाई मौलिक रूपमा प्रदर्शित गर्ने विशिष्ट शब्दहरू छन् । जस्तै विहानको नाश्तालाई 'जलखै' भनिन्छ, जसमा पाहुनालाई पहिला-पहिला दही-चिउरा, चिनी, छाल्ही (मलाई), अचार, तरुआ ( पकौडी), तरकारी मात्र ख्वाइन्थ्यो भने आजभोलि पुरी-जिलेवी समेत ख्वाइन्छ । दिनको खानालाई सामान्य प्रकारले जस्तै 'भोजन' नै भन्ने गरिन्छ तर अपराह्नको नाश्तालाई 'बेरहरिया' भन्ने चलन रहिआएको छ । बेरहरियाको अर्थ बेर ढल्किसकेको अर्थात् अपराह्नको नाश्ता जसमा पहिला-पहिला सामर्थ्यअनुसार पुरी-जिलेवी, मिष्टान्न, चिउरा वा घिउमा भुटेका भुजा, पराठासाथमा अचार, तरकारी, दूध आदि ख्वाउने गरिन्थ्यो । तर आजभोलिको आधुनिक युगले त्यसलाई धेरै हदसम्म प्रभावित पारिदिएको छ ।

पोशाकको हकमा पनि त्यस्तै मौलिकता बोकेका प्राचीन शब्दहरू छन् जसमध्येका प्रायः धेरैजसो अब विलुप्तप्रायः हुने अवस्थामा पुगिसकेको छ । पहिला-पहिला बूढपाकाहरूले धोती र माथि जीउमा 'मिरजई' लगाउने गर्दथे जसमा बटनको ठाऊँमा 'मालपोश' जस्तै तुना मात्र हुन्थ्यो र त्यही बाँध्ने गर्दथे । पहिलाको 'मिरजई' लुगा हाम्रो राष्ट्रिय पोशाकको 'मालपोश' जस्तै थियो आजभोलि प्रायः दुर्लभ नै भइसकेको छ । तत्पश्चात् जीउमा लगाउने वस्त्र 'गोलगला' नाम गरेको गन्जी हुन्थ्यो, त्यसमा पनि बहन हुँदैनथ्यो, शिर भएर फँसाउने प्रकारले माथिको गला गोलो पारेर तयार गरिन्थ्यो र जीउको दुबै कोखातिर दुइवटा गोजी राखिन्थ्यो तर त्यो पोशाक पनि अब विलुप्तप्रायः नै भइसकेको छ । पहिला-पहिला घरानियाँ र सम्पन्न परिवारका बूढापाकाहरू कहीं बाहिर जाँदा टाउकोमा 'मुरेठा', जो ठूलो चादरबाट बनाइन्थ्यो, बाँध्ने गर्दथे, जो विलुप्त नै भइसकेको छ । टाउकोमा पुरुषवर्गले 'पगडी' बाँध्ने चलन अद्यापि मौजूद छ, जो कुनै सामानको जोख-तौल गर्ने खास गरी खाद्यान्नको तौल गर्ने बखतमा जोख-तौल गर्ने व्यक्तिले अनिवार्यरूपमा गाऊँघरमा बाँध्दै आएका छन् । कमरमा बाँध्ने लुगालाई 'फेटा' भनिन्छ जसलाई पहाडतिर 'पटुका' भन्छन्, तर आजभोलि त्यस्तो 'फेटा' बाँध्ने चलन पनि हराइ नै सकेको छ ।

मिथिलाञ्चलका गाऊँघरका महिलाहरूले लगाउने गरेको गरगहना तथा आभूषणहरूमध्येका अधिकांश गरगहनाहरू त अब प्रायः प्रयोगमा नै देखिन्न, तिनको नाम पनि अब ऐतिहासिक दस्तावेज तथा अभिलेखका रूपमा मात्र अर्थात् यस्तै प्रकारका लेखहरूको माध्यमबाट परिचयात्मक जानकारी दिने स्वरूपमा मात्र रहन सक्ने देखिन्छ। ग्रामीण महिलाहरूले लगाउने गरेको लोक-संस्कृतिका त्यस्ता गहनाहरूमध्ये अधिकांश प्रायः चाँदीबट निर्मित हुन्थ्यो। यहाँ केही त्यस्ता गहनाहरूबारे उल्लेख गरिन्छ–

१. मङटीका – माङमा लगाउने जो सुन र चाँदी दुबै धातुबाट निर्मित हुन्थ्यो।

२. छक – सुनबाट निर्मित नाकमा लगाउने वुट्टेदार गोलो आभूषण।

३. फूली – सुनबाट निर्मित नाकमा नै लगाउने सानो गोलो टप भएको आभूषण।

४. ग्रीमहार – (ग्रीवाहार) चाँदीबाट निर्मित घाँटीमा लगाउने गहना।

५. लोईर – चाँदीबाट निर्मित कानमा लगाउने गोलो रिङ आकारको आभूषण।

६. पाईथ – चाँदीबाट निर्मित चौडा (१ इन्च) र अलि मोटो प्रकारको पाखुरामा लगाउने गहना।

७. पटही – चाँदीबाट स-साना टुक्रा मिलाई बनाइएको ३ ईन्च चौडो जतिको आभूषण, जो पाखुरामा लगाइन्थ्यो।

८. जसम – चाँदीबाट निर्मित चारकुने भएको १ ईन्च लामो तीनचार दानासँगै भएको र धागोमा उनेर पाखुरामा लगाउने गहना।

९. पहुँची – पहुँचा (कलाई - Wrist)मा लगाउने चाँदीनिर्मित, मोड्ने प्रकारको आभूषण।

१०. डरकस – चाँदीबाट निर्मित कमरमा पहिरिने गहना।

११. मोहरमल्ल – (मोहर माला) चाँदीबाट निर्मित गुच्चा आकारको गोलो तर हलुका दाना छुट्टिने प्रकारले नक्काशी गरिएको घाँटीमा लगाउने गहना।

१२. हँसुली – चाँदीबाट र सुन समेतबाट निर्मित ठोस प्रकारको घाँटीमा पहिरिने गहना, जसको तौल १ केजीसम्म हुने गर्दथ्यो। सुनबाट निर्मितमा माथिबाटमात्र सुनको आवरण रहने प्रकारले बनाइएको।

१३. गोप – चाँदीको जालीदार घाँटीमा पहिरिने गहना।

१४. नथिआ – नाकमा पहिरिने सुनको गोलो अलि ठूलो रिङ साइजको गहना।

१५. बिजौठ – चाँदीबाट निर्मित जालीदार गोलो लाम्चो आकारको दाना भएको पाखुरामा लगाउने गहना।

१६. कटवी – चाँदीबाट निर्मित स-सानो टुक्रा मिलाई जोडेर बनाएको पाखुरामा लगाउने गहना।

१७. कँडा – चाँदीबाट निर्मित ठोस वृत्ताकारको गोडामा लगाउने १ केजी तौलसम्मको गहना।

१८. पाजेव – चाँदीबाट निर्मित जालीदार बुट्टा र स-साना आकार मिलाई तयार पारिएको गोडामा लगाउने गहना।

१९. ठेसा – चाँदीबाट निर्मित गोडाका औंलाहरूमा पहिरिने औंठी आकारको गहना।

यस प्रकारका थुप्रै अरू पनि गहनाहरू पहिला-पहिला मिथिलाञ्चलका लोकजीवनमा महिलाहरूले लगाउने गर्दथे। अधिकांश गहनां चाँदीबाट निर्मित भए पनि सांस्कृतिक पहिचान र अङ्गविशेषमा लगाउने त्यसको नामबाट नै स्पष्ट हुन्थ्यो।

अब मानिस-मानिसबीचका सम्बन्धपरिचायक शब्द, जो अद्वितीय विशिष्टता, मौलिकता र पहिचानका स्वयंमा नै घोतक छन्, –काबारेमा विचार गरौं ।

एउटै आमा-बाबुका सन्तानमध्ये छोरापट्टि र छोरीपट्टिको शब्दबाट नै यस प्रकारको सम्बन्ध स्वयं स्पष्टिन्छ ।

क. छोरापट्टिको सन्तान 'छोरो' नै छ भने त्यसलाई 'पोता' भनिन्छ, संस्कृतमा 'पौत्र' भने जस्तै र 'छोरी'लाई 'पोती' भनिन्छ संस्कृतको 'पौत्री' जस्तै ।

ख. छोरीपट्टिका पुरुष र महिला सन्तानलाई क्रमशः 'नाति' र 'नातिनी' भनिन्छ संस्कृतको शब्द 'दौहित्र' र 'दौहित्री' जस्तै ।

ग. छोरापट्टिका सन्तानले आ-आफ्नो बाजेलाई 'बाबा', 'दादा', 'अजा' भनेर सम्बोधन गर्छन् र बज्यैलाई 'आजी', 'दादी' भन्छन् ।

घ. छोरीपट्टिका सन्तानले आफ्नो आमाको बाबु वा पितालाई 'नाना' भन्छन् त्यस्ते आमाको आमालाई 'नानी' भन्छन् ।

यस प्रकार 'शब्द' विशेषको सम्बोधनबाट नै छोरापट्टि र छोरीपट्टिको सन्तानबारे जोसुकैले सहजै व्यक्तिको सम्बन्धबारे जानकारी प्राप्त गर्न सक्दछ । त्यो कुरा देवनागरी लिपिमा लेखिने भोजपुरी र संस्कृत भाषाबाहेक अन्य भाषाबाट जान्न सकिदैन ।

त्यस्तै बाबु/पितापट्टिका महिला र आमा/मातापट्टिका महिला सम्बन्धमा पनि नाता स्पष्ट गर्ने शब्दहरू छन् । जस्तै कुनै बच्चाले 'पिसी' (ठेठ शब्द पिउसी) भनेर कुनै महिलालाई सम्बोधन गर्छ भने त्यो उसको बाबुको दिदी/बहिनी मात्र हो भनेर स्पष्ट रूपमा बुझन सकिन्छ त्यस्तै 'पिसा' अथवा 'पिउसा' कसैलाई भनेमा त्यो उसको बाबुको दिदी/बहिनीको लोग्ने हो भन्ने कुराको सङ्केत प्राप्त हुन्छ । फेरि बच्चाले यदि कुनै महिलालाई 'मौसी' र पुरुषलाई 'मौसा' भन्छ भने त्यो महिला त्यस बच्चाको आमाको दिदी/बहिनी रहिछ र पुरुष भएमा भिनाजु/बहिनी ज्वाईं मात्र रहेछ भन्ने प्रमाणित गर्दछ ।

त्यस्तै महिला जो बुहारी भएर आएकी हुन्छे, त्यसलाई पनि सम्बोधन शब्दबाट नै छुट्याउन सकिन्छ । जस्तै– 'पुतहु' शब्दको प्रयोगले छोराको पत्नी हो भन्ने 'भौजी' शब्दले दाइ (ठूलो दाजु)को श्रीमती हो भन्ने 'भावो' भन्नाले कान्छो भाइको पत्नी भन्ने बुझाउँछ । महिलाले आफूभन्दा जेठो तथा आफ्नो लोग्नेसम्मको नाम उच्चारण गर्ने वा नलिने मान्यता अझ पनि विद्यमान नै छ, त्यसो गरेमा पाप लाग्छ भन्ने जनअवधारणा अद्यापि प्रचलित नै रहेको छ । महिला वर्गमध्येबाट 'भैसूर' भन्ने शब्द उच्चरित हुनासाथै त्यो पुरुष उक्त महिलाको लोग्ने/श्रमिान्को दाइ र 'देओर', 'देवर' भन्नासाथै लोग्नेको भाइ र भाइ नाता पर्ने सम्बन्ध स्पष्ट हुन आउँछ । यस प्रकार मैथिलसंस्कृतिमा र मैथिली भाषामा भएका स्पष्ट सम्बन्ध सङ्केत शब्दहरूलाई व्यक्तित्वअनुरूप स्पष्ट देखिने गरी यस प्रकार उल्लेख गर्न सकिन्छ ।

बाजे/पिताले सम्बोधन गर्ने शब्दहरू

१. छोराका सन्तान पुरुष भएमा– 'पोता' महिला भएमा 'पोती' भन्छन् ।
२. छोरीका सन्तान पुरुष भएमा– 'नाती/नाति' र महिला भएमा 'नातिन/नतिनी' भन्छन ।
३. छोराको पत्नीलाई– 'पुतहु'
४. भाइको पत्नीलाई– 'भावो'
५. दाइको पत्नीलाई– 'भौजी'

छोराका सन्तानले सम्बोधन गर्ने शब्दहरू

१. बाजेलाई– 'बाबा/दादा/अजा'
२. बज्यैलाई– आजी/दादी
३. बाबुको दिदी/बहिनीलाई– 'पिउसी' (पिसी)
४. बाबुको दिदी/बहिनीको लोग्नेलाई– 'पिउसा' (पिसा)
५. आमाको दिदी/बहिनीलाई– 'मौसी'
६. आमाको पितालाई– 'नाना'
७. आमाको मातालाई– 'नानी'
८. आमाको दाइ/भाइलाई– 'मामा'

छोरीका सन्तानले सम्बोधन गर्ने शब्दहरू

१. आमाकाको बाबु/पितालाई– 'नाना'
२. आमाको मातालाई– 'नानी'
३. आमाको दाइ/भाइलाई– 'मामा'
४. आमाको भाउजुलाई– 'मामी'
५. आमाको ससुरालाई– 'बाबा'/दादा/अजा
६. आमाको सासूलाई– 'आजी/दादी'
७. आमाको दिदी/बहिनीलाई– 'मौसी'
८. आमाको दिदी/बहिनीको लोग्नेलाई– 'मौसा'

बज्यै तथा पत्नी हुनेले प्रयोग गर्ने शब्दहरूमध्ये माथि 'बाजे'ले प्रयोग गर्ने क्र.सं. १ देखि ३ सम्मका शब्दहरू एकनास नै हुन्छन् तर तिनले प्रयोग गर्ने केही शब्दको पनि आफ्नै मौलिक पहिचान हुन्छ, जस्तै–

४. आफ्नो लोग्नेको दाइको श्रीमतीलाई खुद भन्ने शब्द– 'दिदी' र अरूको अगाडि परोक्षमा भन्दा– 'दिआद्नी'/जेठकी' भनेर परिचय दिन्छन्।
५. देवरको श्रीमतीलाई– 'गोतनी' भन्ने शब्द प्रयोग गरिन्छ।
६. ससुरालाई– 'बाबु/बाबुजी'।
७. जेठानलाई– 'भैया'
८. छोराको श्रीमती (बुहारी)लाई– 'कनिडा/दुलहिन'।
९. जेठान र देवरको छोरालाई– 'जाउत' भन्ने सम्बोधक शब्द प्रयोग गरे पनि जेठानको छोरालाई आदरसूचक शब्द प्रयोग गरेर बोलाइन्छ भने देवरको छोरालाई आफ्नै छोरासरहको शब्द प्रयोग गरेर सम्बोधन गरिन्छ।

ज्वाईँले प्रयोग गर्ने शब्दहरूको पनि आफ्नै मौलिक विशिष्ट पहिचान हुन्छ। मैथिल तथा भोजपुरी भाषाभाषी क्षेत्रका संस्कृतिमा ज्वाईँलाई 'दमाद/मेहमान' भन्ने शब्दले सम्बोधन गरिन्छ र दमादलाई पुत्रसरह नै ठानिन्छ। त्यसैले दमादहरू (ज्वाईं/बहिनी ज्वाईं) आ-आफ्नो ससुरालमा गएपछि ससुरा, सासू, जेठान समेतको खुट्टा छोएर प्रणाम गर्छन् र बिदा भएर आउने वेलामा पनि त्यस्तै प्रणाम गरेर तिनीहरू सबैको आशीर्वाद लिने गर्छन्। तिनले पनि सम्बोधन गर्ने मौलिक तथा विशिष्ट पहिचानका शब्दहरू यस प्रकार हुन्छन। ज्वाईं (दमाद)ले प्रयोग गर्ने शब्दहरू

१. ससुरालाई सम्बोधन गर्दा– 'बाबूजी' (छोरा जस्तै)।
२. सासूलाई सम्बोधन गर्दा– 'माइ/माए' (छोरा जस्तै)।

३. पत्नीको दाइलाई सम्बोधन गर्दा– 'भैया' (छोरा जस्तै) ।
४. पत्नीको भाइलाई सम्बोधन गर्दा– 'सार/साला' नाम लिंदै ।
५. पत्नीको दाइको श्रीमतीलाई सम्बोधन गर्दा– 'भौजी' (छोरा जस्तै) ।
६. पत्नीको भाइको श्रीमतीलाई– 'सरहोजनी' ।
७. पत्नीको दिदीलाई– 'जेठसर' भनेर सम्बोधन अरूका अगाडि गर्ने तर आफैले अगाडि आदरसाथ दिदी भन्ने ।
८. जेठान/सालाको छोरालाई– 'सरबेटा' ।
९. जेठान/सालाको छोरीलाई– 'सरबेटी' ।
१०. श्रीमतीका दिदीको भिनाजुलाई– 'साढु-भैया' ।
११. श्रीमतीको बहिनीको पतिलाई– 'साढु-भाइ' ।

छोरा बुहारी (पुतहु) तथा भाइ बुहारी (भावो)ले सम्बोधन गर्ने केही मौलिक तथा विशिष्ट शब्दहरू

१. ससुरा तथा सासूलाई– क्रमशः 'बाबु' तथा 'माई/माए' ।
२. जुठान (पतिको दाइ)लाई– 'भैया' ।
३. पतिको बहिनीलाई– 'ननद' ।
४. पतिको बहिनीको पतिलाई– 'ननदोषी' ।
५. पतिको फुफा-फुफीलाई– 'पिउसा/पिसा' र 'पिउसी/पिसी' ।

एवं प्रकारले मिथिलाञ्चलको लोकजीवन र लोकसंस्कृतिमा सम्बोधन गरिने मैथिली भाषाका शब्दहरूको प्रायः प्रत्येक व्यक्तित्वले एक-अर्काका लागि प्रयोग गरिने शब्दहरूको मौलिक विशिष्ट स्वरूप छ जसलाई सुन्नासाथै पक्षगत अनुसारको सम्बन्धको स्पष्ट रूप स्वतः चिनिन आऊँछ, त्यसलाई प्रष्ट्याइ रहनु पर्दैन । यस प्रकारका प्रत्येक क्षेत्रका असंख्य स्पष्ट सम्बन्ध परिचायक शब्दहरू छन्, ती सबैलाई यस सानो लेखमा वा लेखद्वारा विस्तारसँग अभिव्यक्त गर्न नसक्ने भए पनि मुख्य प्रचलित शब्दहरूका सम्बन्धमा जानकारी गराउने उद्देश्यले यहाँ केही प्रयास गरिएको छ, जसले मैथिली भाषाका शब्दहरूको आफ्नो विशिष्ट मौलिक स्वरूपलाई दर्शाऊँछ । अस्तु ।

# नेपालीमा कर्ता कारकको समायोजन

- डा. देवीप्रसाद गौतम

नेपाली कारक-व्यवस्थावारे पर्याप्त अध्ययन भइसकेको छ (अधिकारी : २०५२, पण्डित : १९६९, शर्मा : १९८०, भट्टराई : २०३३, अब्दुल्की : १९६९, न्यौपाने : २०४०, गौतम : २०४४, २०५३क)। यी अध्ययनहरू संस्कृत तथा नेसफिलको कारकीय दृष्टिकोण तथा फिलमोरको कारकीय मान्यतामा आधारित छन्। अर्थ तथा रूपायनका आधारमा नेपालीका कारकको अध्ययन पनि भइसकेको छ। अर्थका आधारमा निर्धारित कारक क्रियासित अन्वित हुँदा नामपद वा पदावलीले प्राप्त गर्ने आर्थी सूचनामा आधारित हुन्छ। रूपायन सम्वन्धका आधारमा निर्धारित कारक चाहिँ वाहिरी संरचनावाट निर्दिष्ट हुन्छ (रिएम्स्डिक र अरूहरू : १९८६)। कारकीय सम्वन्ध यस किसिमको अर्थ तथा संरचनाका आधारमा मात्र नभएर अधिशासन सम्वन्धका आधारमा पनि निर्धारित हुन्छ। यस आधारमा भने नेपालीका कारकहरूको अध्ययन गौतम (२०५३ख) मा भएको छ। अधिशासन र आवद्धता सिद्धान्तअनुसार वाक्यमा प्रयोग भएका नामपद वा पदावलीले कुनैनकुनै कारकीय सम्वन्ध प्राप्त गरेका हुन्छन्।

यस लेखमा चम्स्कीको अधिशासन र आवद्धता सिद्धान्तमा प्रस्तावित अमूर्त कारकहरूको समायोजन प्रक्रियाअनुसार नेपालीको कर्ता कारकको समायोजनवारे चर्चा गरिएको छ। यसमा वाच्यान्तरित क्रिया, अनुभूतिवोधक क्रिया तथा वाध्यतावोधक क्रिया भएका वाक्यमा आउने कर्ता कारकको समायोजनवारे चर्चा गरिएको छैन। यस लेखको पहिलो भागमा **अधिशासन र आवद्धता** सिद्धान्तअनुसार कारकीय समायोजनमाथि प्रकाश पारिएको छ। दोस्रो भागमा नेपालीको INFL कोटिका विशेषताको चर्चा गरिएको छ र अंग्रेजीजस्ता भाषाको INFL कोटिभन्दा नेपाली भाषाको INFLकोटिको विशिष्ट विशेषताको निर्धारण गरिएको छ। तेस्रो भागमा नेपालीको कर्ता कारकको समायोजनमाथि प्रकाश पारिएको छ। यसमा नेपाली पदालीको अनुक्रम सम्वन्ध, संगतिगत सम्वन्ध तथा संकेतन सम्वन्धका आधारमा नेपालीको कर्ता कारकको समायोजनलाई प्रस्तुत गरिएको छ। चौथो भागमा चम्स्कीद्वारा प्रस्तुत कर्ता कारकको समायोजन सार्वभौम आधार होइन भन्ने विषयमा विभिन्न भाषामा भएका अध्ययनको निष्कर्षमाथि प्रकाश पारिएको छ। पाँचौ भागमा नेपाली भाषाका सन्दर्भमा कारकीय समायोजन सिद्धान्तको परिमार्जन आवश्यक भएको कुराको उल्लेख गरिएको छ।

## १.१ कारकीय समायोजन

अधिशासन र आवद्धता सिद्धान्तअन्तर्गत कारक समायोजनसम्वन्धी आधारलाई सार्वभौम भाषिक सिद्धान्तको एक विशेषता मानिएको छ (चम्स्की : १९८०, १९८१a, १९८१b, केन्ये : १९७९, पेसेस्की : १९८१ पोलक : १९८१, रिजी : १९७८, १९८२, ताराल्ड्सन : १९८४)। अधिशासन र आवद्धता सिद्धान्तले यस्तै अमूर्त कारकहरूको समायोजन गर्ने काम गर्दछ। ध्वन्यात्मक रूपमा अस्तित्वमा रहेको नामपद कुनै विशिष्ट कारक-समायोजकवाट अधिशासित हुनुपर्दछ भन्ने यस सिद्धान्तको आग्रह पाइन्छ। यस सिद्धान्तअनुसार कारक अमूर्त वाक्यात्मक सम्वन्ध हो र यस्तो कारक निश्चित प्रकारको वाक्यात्मक तहगत संरचनामा निर्भर हुन्छ (रिम्सडिक र अरूहरू : १९८६)। यस सिद्धान्तअनुसार कारक अमूर्त वाक्यात्मक सम्वन्ध हो र यस्तो कारक वाक्यको निश्चित प्रकारको तहगत संरचनामा निर्भर हुन्छ। यो अमूर्त पनि हुनसक्छ। अमूर्त कारक संकेतित हुन पनि र नहुन पनि सक्छ। कतिपय भाषामा कारकीय सम्वन्धलाई नामपदावलीसित आउने निश्चित संरचनाले पनि निर्देश गर्दछन्। कुनै निश्चित संरचना लिए वा नलिए तापनि कारक-संकेतन स्थलमा अमूर्त कारकीय अभिलक्षण समाहित हुन्छ। चम्स्की (१९६५) मा भन्दा भिन्न चम्स्की (१९८०, १९८१a, १९८२b) मा शव्दको कोशीय सूचना पृथक् मानिएको छ र कारकलाई कोशीय सूचनाअन्तर्गत राखिएको छ। चम्स्की (१९६५) मा कोशीय सूचनाअन्तर्गत नामपदका आर्थी अभिलक्षणहरू (१) मा देखाइएअनुसार दिइएको पाइन्छ :

(१) मानिस →[+ना, +संख्येय, +मानवीय ]

(१) अनुसार मानिसको कोशीय सूचना +ना, +संख्येय र +मानवीय हो।

अधिशासन र आवद्धता सिद्धान्तमा चाहिँ हरेक नामपदमा माथि (१) मा देखाइएका +संख्येय र +मानवीय जस्ता आर्थी अभिलक्षणसरह तल (२) मा देखाइए-अनुसार स्वत: +कारक सूचना पनि रहने हुनाले कारक-अभिलक्षणलाई पनि अमूर्त र सार्वभौम विशेषताका रूपमा लिइएको पाइन्छ :

(२) मानिस → [+ना, +संख्येय, +मानवीय, +कारक]

(२) अनुसार मानिस शव्दको कोशीय सूचना +ना, +संख्येय तथा +मानवीयका अतिरिक्त +कारक पनि हो।

वाक्यमा प्रयोग भएको कुनै एक नामपदमा एक मात्र कारक आउँछ, एकभन्दा बढी कारक आउन सक्दैनन्। अधिशासन र आबद्धता सिद्धान्तअनुसार कारकहरू कर्ता, कर्म, वैकल्पिक (अब्लिक) र सम्वन्धक गरी चार प्रकारका हुने भएकाले कस्तो अवस्थामा कस्तो कारक आउँछ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। निश्चित ठाउँमा आउने कुनै एक कारकलाई निर्धारित गर्न र एकभन्दा बढी सम्भावित कारकको समायोजनलाई रोक्नका निम्ति चम्स्कीले कारक-समायोजन सूत्र दिएका छन्। यसअनुसार कर्ता कारकको समायोजन सूत्र यस प्रकार छ : (चम्स्की, १९८१b : १७०)

(३) नाप →[कर्ता] / यदि INFLद्वारा अधिशासित भएमा

(३) अनुसार कर्ता कारक INFLद्वारा अधिशासित हुन्छ। कर्ता कारक अन्त:संरचनाको निश्चित स्थानमा समायोजित हुन्छ। अधिशासन र आवद्धता सिद्धान्तअनुसार कारक-संकेतन अधिशासन सम्बन्धद्वारा निर्दिष्ट हुने हुँदा माथिको सूत्रअनुसार INFLले अधिशासित गरेको ठाउँमा मात्र कर्ता कारक समायोजित हुन्छ।

चम्स्की (१९८१b) अनुसार अधिशासनका आधारमा कारकीय सम्बन्ध तल देखाइएअनुसार हुन्छ :




(४: आरेख)

आरेख (४) का नामपदावलीहरूलाई अधीनस्थताका आधारमा यस प्रकार हेर्न सकिन्छ :

क. वाक्यबाट सोझै अधीनस्थ नामपदावली अर्थात् कर्ता : नाप$_१$ = [नाप, वा ]
ख. क्रिपवाट सोझै अधीनस्थ नामपदावली अर्थात् कर्म : नाप$_२$ = [नाप, क्रिप]
ग. पपबाट सोझै अधीनस्थ नामपदावली अर्थात् वैकल्पिक : नाप$_३$ = [नाप, पप]

अधिशासन र आबद्धता सिद्धान्तअनुसार क्रिया, नामपद, विशेषणपद, परसर्गपद र +INFL[1] अधिशासक कोटि हुन्। नामपदावली, विशेषण पदावली, परसर्ग पदावली र वाक्य अधिशासित कोटि हुन्। वाक्य (४)मा देखाइएअनुसार +INFLवाक्यात्मक संरचनाबाट सोझै अधीनस्थ हुने र उद्देश्यका रूपमा आउने नाप (नाप, वा) पनि वाक्यात्मक संरचनाबाट सोझै अधीनस्थ हुने हुँदा +INFLले उद्देश्यका रूपमा आउने नामपदावली अर्थात् रामसित घटक कमान्ड[2] गर्दछ। आरेख (४) मा + INFLसित नाप$_१$ले घटक कमान्ड गरेको हुनाले नै नाप$_१$ + INFLबाट अधिशासित छ। चम्स्की (१९८०) का अनुसार उद्देश्यका रूपमा आउने नापसित +INFLले सोझै घटक कमान्ड गर्ने हुँदा यो पनि सोझै अधिशासित हुन सक्छ। परसर्ग वा पूर्वसर्गबाट परसर्ग वा पूर्वसर्ग पदावलीअन्तर्गतको नाप पनि सोझै अधिशासित हुन्छ। आरेख (४) मा पप एकै शाखाबाट टु र नाप$_३$ मा आउने हरि अधीनस्थ भएकाले र टु ले नाप$_३$ सित घटक कमान्ड पनि गरेको हुनाले वैकल्पिक कारक समायोजन भएको छ। परम्परागत नेपाली व्याकरणमा चर्चा गरिएका सम्प्रदान, करण, अपादान, अधिकरण आदि कारकहरूलाई संकेत गर्ने नामपदावली ती कारकलाई बुझाउने परसर्ग वा विभक्तिसित घटक कमान्ड गर्ने हुँदा अधिशासकका रूपमा रहेका त्यस्ता विभक्ति वा परसर्गले तिनलाई वैकल्पिक कारक समायोजन गर्दछन्। यस्तै घटक कमान्डका आधारमा +INFLले उद्देश्यमा आउने नाप (नाप, वा) लाई कर्ता कारक समायोजन गर्दछ।

---

[1] (+संगति र +काल विशेषता भएको INFL लाई + INFL मानिन्छ।)

[2] घटक कमान्डलाई यस प्रकार परिभाषित गरिएको छ (चम्स्की, १९८१ : १६६) :

$\alpha$ ले $\beta$लाई निम्न अवस्थामा घटक कमान्ड गर्दछ-

क. $\alpha$ $\beta$भित्र पर्दैन

ख. $\alpha$ लाई अधीनस्थ तुल्याउने शाखाले $\beta$लाई पनि अधीनस्थ तुल्याएको छ।

आरेख (४) मा +INFLले नाप$_१$लाई घटक कमान्ड पनि गरेको र यसको विशेषता (+संगति +काल) पनि भएको हुँदा +INFL रामको अधिशासक कोटि हो। अधिशासक कोटि भएकै हुँदा रामले कारकीय समायोजन पनि +INFL बाट पाएको छ। क्रिले नाप$_२$लाई र पपले नाप$_३$लाई अधिशासन सम्बन्धका आधारमा कारकीय सम्बन्ध समायोजन गरेका छन्।

कारक समायोजन प्रक्रियाअनुसार यसका निश्चित संकेतन स्थलहरू हुन्छन्। आरेख (४) मा देखाइएअनुसार सकर्मक क्रियाको कर्मपदावली (नाप$_२$), परसर्ग पदावलीअन्तर्गत आउने नामपदावली (नाप$_३$) र समापिका क्रियाको उद्देश्य (नाप$_१$) कारक-संकेतन स्थल हुन्। माथि चर्चा गरिएअनुसार नाप$_१$मा कर्ता कारक, नाप$_२$मा कर्मकारक र नाप$_३$मा वैकल्पिक कारकहरू समायोजित हुन्छन्। अंग्रेजीजस्ता भाषामा समापिका क्रियाको उद्देश्यस्थल कर्ता कारकको संकेतन स्थल हो। यो स्थल माथि देखाइएजस्तै वाक्यशाखाबाट सोझै अधीनस्थ भएको छ र INFLले यसलाई अधिशासित गरेको छ।

चम्स्कीले अंग्रेजीजस्ता भाषाको कोटीकरण प्रक्रिया र यसमा आउने कर्ता कारकको समायोजक कोटि INFLको विस्तार यस प्रकार गरेका छन् :

(५) $S \rightarrow NP\ \ INFL\ VP$

(६) +INFL$\rightarrow$ [±काल] (सक्रि)

(६) मा सक्रि ऐच्छिक छ। यो कालयुक्त वाक्यमा मात्र आउँछ। सक्रिमा पुरुष, वचन, लिङ्गजस्ता व्याकरणात्मक अभिलक्षणहरू रहेका हुन्छन्। अंग्रेजीजस्ता भाषामा सक्रि उद्देश्यमा आउने नामपदावलीको अभिलक्षण हो। यसैले सक्रि भएको INFLनै कारकको समायोजक हो भन्न मिल्दछ। आरेख (४) का अनुसार अंग्रेजीमा INFL तत्कालै वाक्यशाखाबाट अधीनस्थ भएको हुँदा अधिशासक बनेको छ।

## १.२ नेपालीमा INFL

नेपालीमा INFLलाई वाक्यशाखाबाट तत्काल अधीनस्थ हुने शाखा मान्न सकिँदैन। नेपालीमा अंग्रेजीमा झैं (कर्ता + INFL+ क्रिया + कर्म) वा नेपालीका पदक्रमअनुसार (कर्ता + कर्म + क्रिया + INFL) को प्रमाण पाइँदैन। नेपालीमा अंग्रेजीमा झैं INFLअन्तर्गत आउने घटकहरू अग्रीकृत हुन सक्दैनन् र अंग्रेजीको प्रश्नार्थक तथा अकरणबोधक वाक्य बनाउँदा आउने doजस्तो सहायक क्रिया पनि नेपालीमा थपिँदैन। अंग्रेजीमा प्रश्नार्थक वाक्य बनाउँदा INFLअन्तर्गत आउने कतिपय संरचना पृथक् शब्दका रूपमा आउँछन् तर नेपालीमा INFLअन्तर्गत आउने संरचना क्रियामा जोडिने प्रत्ययका रूपमा रहन्छन्। अंग्रेजीको भन्दा नेपालीका INFLको यस किसिमको विशिष्टता भएको हुँदा अंग्रेजीमा INFLलाई वाक्यबाट अधीनस्थ मान्ने आधार र नेपालीको INFLको प्रकृति भिन्न देखिन्छ। यसैले अंग्रेजीमा मानिएको यो आधार नेपालीमा मान्य छैन (विस्तृत विवेचनाका लागि हेर्नू: गौतम २०५३)। नेपालीमा INFLको स्थिति (७)मा देखाइएअनुसार हुन्छ :




(७)मा INFL को स्थान (४) मा देखाइएभन्दा भिन्न छ। (४) मा देखाइए-अनुसार अंग्रेजीमा INFL वाक्यात्मक संरचनाबाट सोझै अधीनस्थ हुने र उद्देश्यका रूपमा आउने नाप (नाप, वा) पनि वाक्यात्मक संरचनाबाट सोझै अधीनस्थ हुने हुँदा +INFLले उद्देश्यका रूपमा आउने नामपदावलीसित घटक कमान्ड पनि गरेको छ र अधिशासक कोटि भएकाले (३) अनुसार यसले कर्ता कारकको समायोजन पनि गरेको छ। तर नेपालीमा चाहिँ +INFLवाक्यात्मक शाखाबाट सोझै अधीनस्थ नभएको हुँदा यसले (नाप, वा) सित घटक कमान्ड पनि गरेको छैन र घटक कमान्ड नगर्ने कोटि अधिशासक पनि बन्न सक्दैन। अधिशासक नबन्ने कोटिले चम्स्कीको माथि (२)मा उल्लेख गरिएको सूत्रअनुसार कर्ता कारक समायोजन गर्न सक्दैन। यसैले अंग्रेजीमा +INFLले कर्ता कारकको समायोजन गरेको अवस्था र नेपालीको स्थिति पूरै भिन्न छ। नेपालीमा +INFL वाक्यात्मक शाखाबाट सोझै अधीनस्थ नभई क्रियापदको एक घटकका रूपमा रहेको र क्रियापदावलीबाट अधीनस्थ भएको देखिन्छ। यसैले नेपालीको कर्ता कारकको समायोजनका निम्ति तल उल्लेख गरिएअनुसार चम्स्की (१९८१b : १७०) द्वारा प्रस्तुत माथि (२) मा चर्चा गरिएको कर्ता कारकको समायोजन सूत्र नमिल्ने देखिन्छ :

(८) नाप →[कर्ता] /यदि INFLद्वारा अधिशासित भएमा

माथि (५-६) मा देखाइएको अंग्रेजीको कोटीकरण प्रक्रिया र यसमा आउने कर्ता कारकको समायोजक कोटि INFLको विस्तारभन्दा नेपालीको कोटीकरण प्रक्रिया र कर्ता कारकको समायोजक कोटि INFLको विस्तार भिन्न छ।

नेपालीको कोटीकरण नियम यस प्रकार छ :

(९) वा → नाप क्रिप

(१०) क्रिप → ... क्रि ...

(११) क्रि → क्रियामूल ।.. INFL

(९) अनुसार नेपालीको वाक्यको विस्तार (नामपदावली र क्रियापदावली) का रूपमा भएको छ, अंग्रेजीमा झैं (नामपदावली + INFL+ क्रिया पदावली) का रूपमा भएको छैन। नेपालीमा क्रियापदावलीको विस्तारका रूपमा क्रियाका दायाँ र बायाँ दुवैतिर नामपदावली वा अन्य संरचना आउन सक्ने कुरालाई ... ले बुझाएको छ। क्रियाको विस्तारका रूपमा क्रियामूल र INFL रहेका छन्। क्रियामूल र INFLका बीचमा पक्ष र अन्य संरचनाहरू आउन सक्ने कुरालाई ...ले बुझाएको छ। अंग्रेजीको INFLर नेपालीको

INFLको स्थानको तुलनात्मक अध्ययनबाट नेपालीको उद्देश्यमा आउने नापको विशिष्ट स्थिति स्पष्ट हुन्छ ।

नेपालीका निम्ति माथि (११) मा देखाइएअनुसार INFLलाई अंग्रेजीभन्दा भिन्न क्रिपभित्रको क्रिको एक भागका रूपमा लिने हो भने उद्देश्यमा आउने नाप र INFL एकै शाखाबाट अधीनस्थ नहुने र परस्परमा घटक कमान्ड नगर्ने हुँदा नेपालीका INFL उद्देश्यमा आउने नापको अधिशासक कोटि बन्न सक्दैन र अधिशासक बन्न नसक्ने कोटिले कर्ता कारकको समायोजन गर्न सक्दैन। यसबाट अधिशासन र आवद्धता सिद्धान्तअन्तर्गत नेपालीको कर्ता कारकको समायोजन हुन सक्दैन र नेपाली भाषाको यो अवस्था **अधिशासन र आबद्धता** सिद्धान्तका निम्ति एक चुनौति हो । माथि दिइएको (९-११) अनुसार नेपालीको वाक्य **राम रोएको छ** मा INFLले कर्ता कारक समायोजन गर्न नसक्ने स्थिति यस प्रकार रहेको छ :

(१२) [ [$_{नाप}$ राम [ $_{क्रिप}$ [$_{क्रि}$ रु पक्ष INFL]]]]

उद्देश्यमा आउने नामपद **राम** कोशीय कोटि हो । माथि (३) मा देखाइएअनुसार कोशीय कोटिको अभिलक्षण स्वत: +कारक हुन्छ र यसअनुसार रामले कारकीय संकेतन प्राप्त गर्नै पर्ने हुन्छ । तर (१२)मा INFL क्रिपअर्न्तगतको संरचना भएको र वाक्यात्मक संरचनाबाट अंग्रेजीमा झैं सोझै अधीनस्थ नभएकाले यसले कर्ता कारकको समायोजन प्राप्त गर्न सक्दैन ।

### १.३ नेपालीको कर्ता कारकको समायोजनका आधार

माथि चर्चा गरिएअनुसार अंग्रेजीमा जस्तै गरी अधिशासन सम्बन्धका आधारमा नेपालीको कर्ता कारकको समायोजन नभए तापनि नेपालीको कर्ता कारकको समायोजनलाई मूर्त रूपमा अभिव्यक्त गर्ने अधिशासन र आवद्धता सिद्धान्तद्वारा निर्देशित अन्य कतिपय आधारहरू पनि पाइन्छन्। ती आधारहरू पदालीको अनुक्रम सम्बन्ध, संगतिगत सम्बन्ध र संकेतन सम्बन्ध हुन् ।

#### क. अनुक्रम सम्बन्ध

अधिशासन र आवद्धता सिद्धान्तअनुसार कर्ता कारक वाक्यको आदिमा आउँछ । वाक्यको आदिको स्थल (नाप, वा) हो । वाक्यशाखाबाट सोझै अधीनस्थ हुने नामपदावली नै कर्ता हो । नेपालीको पदक्रमअनुसार उद्देश्यका रूपमा आउने नाप वाक्यको सुरुमा आउँछ भन्ने कुरो स्पष्ट छ। यस आधारमा नेपालीको उद्देश्यका रूपमा आउने नापको स्थल (नाप, वा) हो र अधिशासन र आवद्धता सिद्धान्तअनुसार (नाप, वा) नै कर्ता कारक हुन्छ । यस आधारमा तलका श्यामाङ्कित नामपदावलीहरू वाक्यशाखाबाट सोझै अधीनस्थ अर्थात् (नाप, वा) भएकाले कर्ता कारक हुन् :

(१३) **म** हरिलाई किताप दिन्छु ।

(१४) **बहिनीले** बजारबाट मलाई किताप ल्याई ।

(१५) **उहाँ** विदेश पाल्नुहुन्छ ।

(१६) **मैले** हरिलाई मूर्ख मान्छे ठानें ।

माथिका श्यामाङ्कित नामपदावली बहि:संरचनामा वाक्यको पहिलो क्रममा मात्र नभएर अन्य क्रममा पनि आउन सक्छन् तर यसरी आउँदा शीर्षीकरण वा जोड (फोकस) का आधारमा दोस्रो क्रममा आएका नामपद ती पदको अघि स्थानान्तरित भएका हुन्छन् ।

तिनको आधार स्थल (नाप, वा) नै हो र (नाप, क्रिप) अन्तर्गतका पदहरू आफ्नो ठाउँमा अवशेष (t) छोडी αसंचलन नियम लागी अग्रीकृत भएका हुन्। माथिका (१३-१६) का वाक्यको दोस्रो क्रममा आएका नामपदावली αसंचलन नियम लागी (१७-२०)मा आफ्नो ठाउँमा (t) छोडी अन्त सरेका छन् :

(१७) हरिलाई$_i$ **म** $t_i$ किताप दिन्छु।

(१८) बजारबाट$_i$ **बहिनीले** $t_i$ मलाई किताप ल्याई।

(१९) विदेश$_i$ **उहाँ** $t_i$ पाल्नु हुन्छ।

(२०) हरिलाई$_i$ **मैले** $t_i$ मूर्ख मान्छे ठानें।

आफनो ठाउँमा अवशेष छोडे तापनि तिनको सम्वन्ध आफ्नै ठाउँसित भएको कुरालाई $_i$ चिह्नले देखाएको छ। नेपाली तहगत संरचनाको भाषा भएकाले (नाप, वा) का ठाउँमा उद्देश्यपद नै आउँछ भन्ने पनि स्पष्ट छ (गौतम २०५३)। यस आधारमा नेपालीको INFL अधिशासक कोटि नभए तापनि अंग्रेजीमा झैं (नाप, वा) नै कर्ता कारकका रूपमा आउने देखिन्छ।

**ख. संगतिगत सम्बन्ध**

नेपालीमा + INFL पुरुष, लिङ्ग, आदर र वचनलाई बुझाउने व्याकरणिक समुच्चय हो। नेपालीका प्रथम, द्वितीय तथा तृतीय पुरुषमा संगतिसम्वन्ध हुन्छ। आदरार्थी प्रयोग चाहिँ मूलतः द्वितीय तथा तृतीय पुरुषमा रहन्छ। राजकीय आदरार्थीमा चाहिँ प्रथम पुरुषमा पनि +INFLको संरचना फरक हुन्छ। नेपालीमा + INFLमा रहेको लिङ्ग, वचन र आदरार्थी संरचना (नाप, वा) को लिङ्ग, वचन र आदरार्थी संरचनासित मेल खाने स्थिति पनि देखिन्छ। (नाप, वा) का ठाउँमा आउने नामपदावली र INFLको संगतिगत विशिष्टता एकै भएको कारणबाट पनि नेपालीमा +INFLले (नाप, वा) को ठाउँमा आउने नामपदावलीलाई कर्ता कारक समायोजन गरेको कुरा स्पष्ट हुन्छ। (२१-२६) का श्यामाङ्कित नामपदावलीहरूले लिङ्ग, वचन र आदरार्थी संरचनाका आधारमा क्रियासित संगतिसम्वन्ध कायम गरेका छन् :

(२१) **राम**$_i$ घर गयो$_i$।

(२२) **उनी**$_i$ हिजै मकहाँ आइन्$_i$।

(२३) **उहाँ**$_i$ अस्ति नै अमेरिकातिर जानुभयो$_i$।

(२४) **तिमी**$_i$ कता लाग्छौ$_i$?

(२५) **हामीहरू**$_i$ चिठी लेख्छौं$_i$।

(२६) **ती विद्यार्थी**$_i$ प्रथम श्रेणीमा पास भए$_i$।

माथिका (नाप, वा) का रूपमा आएका पदहरू र + INFLका बीचमा संगतिसम्वन्ध रहेको पाइन्छ। +INFL का लिङ्ग, वचन, पुरुष र आदरार्थी विशेषताभन्दा भिन्न (नाप, वा) का रूपमा आउने पदहरूको विशेषता भएमा चाहिँ वाक्यहरू अव्याकरणिक हुन्छन् :

*(२७) **म** आइन् ।

*(२८) **तिमी** जानुभयो ।

*(२९) **त्यो** चिठी लेख्छौं ।

(२७-२९)मा (नाप, वा)का ठाउँमा आउने नामपदावलीको लिङ्ग, वचन, पुरुष र आदरार्थी संरचनासित INFLमा रहेको लिङ्ग, वचन, पुरुष र आदरार्थी संरचनाको संगतिसम्वन्ध नमिलेको हुनाले वाक्यहरू अव्याकरणिक वनेका छन् । यसबाट नेपालीको कर्ता कारक संगतिसम्वन्धबाट निर्धारित हुनसक्ने पनि देखिन्छ । (६) मा देखाइएअनुसार अधिशासन र आवद्धता सिद्धान्तअनुसार संगतिसम्वन्ध INFLको विशेषता भएको र संगतिसम्वन्धकै आधारमा कर्ता कारक समायोजित हुने हुँदा पदावलीको संगतिसम्वन्धका आधारमा पनि नेपालीको कर्ता कारक समायोजित हुने देखिन्छ । अधिशासन र आवद्धता सिद्धान्तअनुसार संगतिसम्वन्धलाई नजनाउने INFLलाई -INFLर संगतिसम्वन्ध जनाउने INFLलाई +INFLमानिन्छ । यस आधारमा नेपालीमा अधिशासक कोटिका रूपमा नरहे तापनि + INFLकर्ता कारकको समायोजक बन्ने देखिन्छ ।

**ग. संकेतन सम्बन्ध**

नेपालीको कर्ता कारकलाई संकेत गर्ने आधार संकेतन सम्वन्ध पनि हो । ( नाप,वा) मा आएका पदावलीहरू **ले** तथा Φ बाट संकेतित हुन्छन् । सामान्यतया अकर्मक क्रियाको (नाप, वा) Φबाट संकेतित हुन्छ र सकर्मक क्रियाको पूर्णताद्योतक सन्दर्भमा आउने (नाप, वा) **ले** विभक्तिबाट संकेतित हुन्छ (वालेस १९८५, गौतम : २०५३) । यस प्रकारका नामपदावलीहरू उद्देश्यका रूपमा आउने हुँदा तिनले कर्ता कारकको समायोजन प्राप्त गरेको कुरा स्पष्ट हुन्छ । (३४-३७) मा (नाप, वा) का रूपमा आएका श्यामाङ्कित पद वा पदावली Φ बाट र (३४-३७) मा (नाप, वा) ले विभक्तिबाट संकेतित छन् :

(३०) **राम** गरीब छ ।

(३१) **गाई** दुब्लायो ।

(३२) **हामीहरू** अहिल्यै हिँडिहाल्छौं ।

(३३) **उहाँ** आजै फर्कनुहुन्छ ।

(३४) **किसानले** यो साल बालीविरुवा राम्ररी लगाए ।

(३५) **हामीले** कथा भन्यौं ।

(३६) **उहाँले** मलाई घर नजा भन्नुभयो ।

(३७) **हाम्रा विद्यार्थीहरूले** परीक्षामा राम्रो सफलता हासिल गरे ।

(३४-३३) मा अकर्मक क्रियाको प्रयोग र (३४-३७) मा सकर्मक क्रिया भएका वाक्यको प्रयोग भएको हुँदा तिनका आफ्नै संकेतकहरू छन् । यिनको अभावमा वाक्यहरू अव्याकरणिक बन्दछन् । तलका ताराङ्कित वाक्यहरू यही आधारमा अव्याकरणिक बनेका छन् :

*(३८) **रामले** गरीब छ ।

*(३९) **गाईले दुब्लायो ।**

*(४०) **हामीहरूले** अहिल्यै हिंडिहाल्छौं ।

*(४१) **उहाँले** आजै फर्कनुहुन्छ ।

*(४२) **किसान** यो साल बालीविरुवा राम्ररी लगाए ।

*(४३) **हामी** कथा भन्यौं ।

*(४४) **उहाँ** मलाई घर नजा भन्नुभयो ।

*(४५) **हाम्रा विद्यार्थीहरू** परीक्षामा राम्रो सफलता हासिल गरे ।

(३८-४१) मा (नाप, वा) का ठाउँमा आउने नामपदावलीहरू **ले** विभक्तिबाट संकेतित भएकाले ती वाक्यहरू अव्याकरणिक भएका हुन् भने (४२-४५) मा (नाप, वा) मा आएका नामपदावलीहरू Φ बाट संकेतित भएकाले अव्याकरणिक भएका हुन्। यसबाट नेपालीको (नाप, वा) मा आउने नामपदावलीलाई संकेतन सम्वन्धका आधारमा कर्ता कारकको समायोजन गर्न सकिने स्थिति देखिन्छ ।

घटक कमाण्डको अभावका कारणबाट नेपालीको +INFL (नाप, वा) को अधिशासक कोटि बन्न सक्दैन भन्ने स्पष्ट भइसकेको छ । नेपालीका कर्ता कारकका माथि चर्चा गरिएका आधारहरू भएको हुँदा चम्स्की (१९८०, १९८१b) लाई जस्ताको तस्तै रूपमा लिन नसकिने स्थिति स्पष्ट छ ।

कारक समायोजनसम्वन्धी अधिशासक कोटिका रूपमा नआए तापनि चम्स्की (१९८०) मा देखाइएझैं (नाप, वा) र INFLको संगतिसम्वन्ध भने मिलेको देखिन्छ । कारक सिद्धान्तले अधीनस्थता सम्वन्धलाई कर्ता कारकको निर्धारण गर्ने एक मुख्य आधार मानेको पनि छ। यस आधारमा नेपालीको कर्ता कारक (नाप, वा) का रूपमा रहेको कुरा पनि माथिको विश्लेषणवाट स्पष्ट हुन्छ। अंग्रेजीमा चाहिँ +INFLले घटक कमान्ड गरी अधिशासक कोटिका स्तरमा पनि रहने र संकेतन सम्वन्धलाई पनि निर्देश गर्ने काम गर्दछ। कर्ता कारकको समायोजनमा अंग्रेजीका अधिशासनको प्रावधान पूरै मिलेको र अंग्रेजीका सापेक्षतामा नेपालीको कर्ता कारकको समायोजन सम्वन्ध भिन्न भएको कुरा स्पष्ट हुन्छ ।

## १.४ सैद्धान्तिक अवधारणाको परिमार्जन

+INFL र कर्ता कारकको समायोजनवारे अन्य कतिपय भाषामा चम्स्की (१९८०, १९८१b) को समायोजन नमिलेको सन्दर्भवारे माथि नै उल्लेख भइसकेको छ। यस सन्दर्भमा संसारका केही भाषामा सैद्धान्तिक स्तरमा कतिपय अवधारणाको परिमार्जनका प्रस्तावहरू प्रस्तुत गरिएका पाइन्छन्। सैद्धान्तिक स्तरमा माथि दिइएका +INFLका विशेषता नमिलेका अन्य भाषामा विभिन्न भाषाशास्त्रीहरूले अधिशासन र आवद्धता सिद्धान्तका सीमालाई औंल्याई पुनःसमायोजनाका प्रस्तावहरू पनि दिएका छन्। जैग्गल (१९८०) का अनुसार अंग्रेजी भाषाको कर्ता कारकभन्दा भिन्न नेपालीमा झैं इटालियन भाषामा +INFL वाक्यशाखाबाट अधीनस्थ नभई क्रिपअन्तर्गत आउँछ र यसलाई उद्देश्यमा आउने नाप अर्थात् (नाप, वा) को अधिशासक कोटि मान्न सकिँदैन र अधिशासक कोटि नभएकाले यो कर्ता कारकको समायोजक हुँदैन। यस आधारमा इटालियन भाषामा उद्देश्यमा आउने नापले +INFLबाट कर्ता कारक प्राप्त गर्छ भन्न मिल्दैन। रिजी (१९८२ : ३५) का अनुसार इटालियन भाषामा INFLका (+काल) र (+संगति) विशेषता भए तापनि यस्ता INFL ले कर्ता कारकको समायोजन गरेको छैन। यस

आधारमा (+काल) र (+संगति) विशेषता भएको INFL (नाप, वा)को अधिशासक कोटि वन्दछ भन्ने कुरा नमिल्ने देखिन्छ। कुपम्यान (१९८४ : १९१) का अनुसार पोर्तुगाली र तुर्किस भाषामा समापिका क्रियामा आउने +INFLको विशेषता चम्स्की (१९८०) मा उल्लेख भएअनुसार (+काल) भए तापनि यो (नाप, वा) को कारक समायोजक वन्न सक्दैन। तुर्किस भाषामा INFLको विशेषता (+संगति) छ तैपनि यस भाषामा +INFLले कर्ता कारकको समायोजन गर्दैन (जोर्ज र कन्फिलक्ट : १९८१, २३)। भाटा र वडिमा (+काल) र (+संगति) विशेषता भएको INFLले कर्ता कारकको समायोजन गर्दैन, रूपायनअन्तर्गत आउने क्रियाले समायोजन गर्दछ (कुपम्यान, १९८४ : १८८-१९६)। मैथिली भाषामा INFL (नाप, वा) सित मात्र नभएर एकै चोटि (नाप, क्रिप) तथा (नाप, विप) सित पनि सहसम्वद्ध हुने हुँदा मैथिलीमा +INFLसित सहसम्वद्ध नाप कर्ता कारक हुन्छ भन्न नमिल्ने देखिन्छ (यादव, : १९८३ १८६-१९४)। यसवाट चम्स्कीद्वारा प्रस्तावित कर्ता कारकको समायोजनसम्वन्धी आधार संसारका थुप्रै भाषामा पनि नमिलेको स्थिति पाइन्छ।

## १. ५ निष्कर्ष

नेपालीमा अन्य कतिपय भाषाहरूमा झैं कर्ता कारकको समायोजनसम्वन्धी अधिशासन र आवद्धता सिद्धान्तले निर्देश गरेको आधार नमिल्ने देखिन्छ। अतः नेपालीका सन्दर्भमा चम्स्कीको कर्ता कारकको समायोजनसम्वन्धी सूत्रको पुनः समायोजन आवश्यक छ। माथि दिइएका उदाहरणअनुसार संगतिसम्वन्ध नै नेपालीको कर्ता कारकको समायोजनसम्वन्धी मुख्य आधार देखिए तापनि यसमा वाच्यान्तरित क्रिया, अनुभूतिवोधक क्रिया र वाध्यतावोधक क्रिया भएका वाक्यको (नाप, वा) को विशेषतावारे चर्चा नगरिएकाले संगति नै एक मात्र आधार हुन नसक्ने स्थिति पनि छ। वाच्यान्तरित क्रिया, अनुभूतिवोधक क्रिया र वाध्यतावोधक क्रियावाहेका क्रियामा चाहिँ संगति नै निर्णायक आधार देखिन्छ। नेपालीका सवै प्रकारका क्रिया भएका वाक्यमा आउने (नाप, वा) को विशेषतालाई केलाएपछि मात्र नेपालीका निम्ति कर्ता कारकको समायोजन गर्ने कोटिको निर्धारण र नेपालीका निम्ति उपयुक्त पुनः समायोजनसम्वन्धी आधार दिन सकिन्छ। यस विषयमा पछिका अध्ययनमा चर्चा गरिने छ।

### पारिभाषिक शब्दावली

| | | | |
|---|---|---|---|
| अधिशासक | governor | शीर्षीकरण | topicalization |
| अधिशासन | government | कर्ता कारक | nominative case |
| कोशीय अर्थ | Lexical meaning | कोटीकरण | categorization |
| अधिशासित | governed | क्रियामूल | verb root |
| अग्रीकृत | fronting | पुनःसमायोजन | reordering |
| अभिलक्षण | feature | वाक्य शाखा | s-node |
| आवद्धता | binding | INFL | INFLection |
| संकेतन | marking | अधिशासित कोटि | governing category |
| परसर्ग पदावली | post-position | अवशेष | t, trace |
| समुच्चय | set | अनुक्रम सम्वन्ध | Liner order |
| वाच्यान्तरित | passivized | समापिका क्रिया | finite verb |
| घटक कमान्ड | c-command | संगति | concord |

| | | | |
|---|---|---|---|
| अधीनस्थ | dominated | संचलन | movement |
| अव्याकरणिक | nongrammatical | स्थानान्तरित | dislocated |
| पप | परसर्ग पदावली | क्रिप-शाखा | vp-node |
| सक्रि | सहायक क्रिया | क्रिप | क्रियापदावली |
| क्रि | क्रिया | नाप | नामपदावली |

## सन्दर्भ-कृतिसूची


अधिकारी, हेमाङ्गराज, (२०५२), **नेपाली कारकव्याकरण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

गौतम, देवीप्रसाद, (२०४४), "नेपाली भाषामा उद्देश्यव्यवस्था", **पाठ्यक्रम विकास** ,१०/२० (असार) १९-२९

गौतम, देवीप्रसाद, (२०५३), **नेपालीमा पदावलीव्यवस्था** अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रि.वि, काठमाडौं

पण्डित, हेमराज (१९६९) **चन्द्रिका गोरखा भाषाव्याकरण**, काठमाडौं : लेखक स्वयम्

भट्टराई, रोहिणीप्रसाद, (२०३३), **बृहद् नेपाली व्याकरण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

न्यौपाने, टंकप्रसाद, (२०४०), " केही नेपाली कारक र कर्ता " **पाठ्यक्रम विकास**, १२ / १३ पृ. १-६

Abdulky, V. J., ( 1974), **A Formational Approach to the Semantic Structure of Nepali**, Unpublished Ph. D. diss., Kornel University .

Bennis, H. (1981). "A Note on Government and Binding." In May and Koster, eds.

Burzio, L. (1981). **Intransitive verbs and Italian Auxiliaries.** Ph. D. diss, MIT.

Chomsky, N. (1965). **Aspects of the Theory of Syntax,** Cambridge: The MIT Press.

Chomsky, N. (1970). "Remarks on Nominalization." In **Studies on Semantics in Generative Grammar,** Mouton: The Hague.

Chomsky, N. (1977). "Conditions on Rules of Grammar." **Linguistic Analysis,** 2.303-351.

Chomsky, N. (1977). "On Wh-Movement." In Culicover, et al., eds.

Chomsky, N. (1980). "On Binding". **Linguistic Inquiry,** 11.1-45.

Chomsky, N. (1981a). "Markedness and Core Grammar." In A. Belleti, et al., eds.

Chomsky, N. (1981b). **Lectures on Government and Binding,** Dordrecht: Foris Publications.

Chomsky, N. (1982a). "A Note on Non-control PRO." **Journal of Linguistic Research,** 1.1-11.

Chomsky, N. (1982b). "Some Concepts and Consequences of the Theory of Government and Binding " **Linguistic Inquiry,** Monograph Six, Cambridge: The MIT Press.

Chomsky, N. and H. Lasnik. (1977). "Filters and Control. **Linguistic Inquiry,** 8.425-504.

Culicover, P., T. Wasow, and A. Akmajian, eds. (1977). **Formal Syntax,** New York: Academic Press.

Fillmore, C. J., (1971), "Some Problems for Case Grammar", **Working Papers in Linguistics,** Ohio State University 10, 245-65.

Fillmore, C. J., (1968), "The Case for Case" in **Universals in Linguistic Theory,** E. Bach and T. R. Harms (eds.), Chicago: Holt Rimehart and Winston, 1-88.

George, L, and Kornfilt, (1981 ), " Finiteness and Boundedness in Turkish" in Heny, F., (ed.), (1981), **Binding and Filtering**, Cambridge, Massachusetts: MIT Press.

Hasegawa, N. (1980). "The VP Constituent in Japanese." **Linguistic Analysis**, 6.115-130.

Jackendoff, R. (1977a). "X-Bar Syntax: a Study in Phrase Structure." **Linguistic Inquiry** Monograph Two, Cambridge: The MIT Press.

Jaeggli, O., (1980), **On Some Phonologically- New Elements in Syntax**, Ph. D. diss., MIT.

Kayne, R.S. , (1979), "Extension of Binding and Case-marking" **Linguistic Inquiry** 11, 75-96

Koopman, Hilda, ( 1984 ), **The Syntax of Verbs**, Dordrecht : Foris Publication .

Koster, J. and R. May (1982). "On the Constituency of Infinitives" **Language**, 58.116-143.

Koster, J. (1978). **Locality principles in Syntax** Dordrecht: Foris Publications.

Lightfoot, D. (1977). "On Traces and Conditions on Rules." In Culicover et al., eds.

May, R. and J. Koster, eds, (1981).**Levels of Syntactic Representation**, Dordrecht: Foris Publications.

Pesetsky, D., (1981), "Complimentizer-trace Phenomena and The Nominative Iceland Condition " , **The Linguistic Review** 1, 219-52.

Pollock, J.-Y., (1981) "On Case and Impersonal Constructions" in R. May and J. Koster eds. **Levels of Syntactic Representation**, 219-252, Foris Publications, Dordrecht, Holland.

Rizzi, L. (1978). "Nominative marking in Italian Infinitives and NIC" in F. Henry, eds, **Binding and filtering** Croom, Helm : London .

Rizzi, L. (1982). **Issue in Italian Syntax**, Dordrecht: Foris Publications.

Ross, J. (1967). **Constraints on Variables in Syntax**. Ph. D. dissertation, MIT.

Sharma, T.N., (1980), **The Auxiliary in Nepali**, Unpublished Ph.D .diss. Madison : University of Wisconsin .

Shibatani, M. (1977). "Grammatical relations and Surface Cases." **Language**, 53.789-809.

Subbarao, K. M. (1974). **Noun Phrase Complementation in Hindi**. Ph. D. dissertation, University of Illinois, Urbana.

Taraldsen, E. (1984), **On the Complementarity of Bounding**, GLOW talk : Copenhegen

Wallace, W.D., (1979), "The Syntax and Semantics of Causative in Nepali" **In South Asian Language Analysis** 1, 145-156.

Wallace, W.D., (1985) . **Subject and Subjecthood in Nepali : An Analysis of Nepali Clause Structure and its Challenges to the Relational Grammar and the theory of Government & Binding**. Ph D. diss. Urbana-Champaign: University of Illinois .

Yadav, Y.P, (1983) , **Movement Rules in Mathili and English : Their Implications for the Theory of government and binding** Ph. D dissertation , CLEFL .

# जुम्ली भाषिकामा पदकोटिअन्तर्गत सर्वनाम

**– डा. रामविक्रम सिजापति**

१.० सर्वनाम नामिक संज्ञाको सानो उपवर्ग मानिन्छ किनभने यो नाम र विशेषणबाट व्याकरणिक लक्षणअनुसार भिन्नै छ। जुम्ली भाषिकाका प्रायः धेरैजसो कुरास्तरीय नेपालीको सर्वनामभन्दा वर्ण प्रक्रियात्मक दृष्टिले भिन्न देखिन्छ भने केही रूप प्रक्रियात्मक हिसाबले भिन्न छन्। स्तरीय नेपालीजस्तै जुम्ली भाषिकाको पुरुषबोधक सर्वनाम छ तापनि क्या (के), तों (तँ), मु (म), तुमि (तिमी), उनु (उनी) आदिले स्तरीय नेपालीका वक्तालाई अनौठा लाग्ने पार्छन्। यो शब्दले तृतीय पुरुष (अन्य पुरुष) वाचक एकवचनसँग निकट सादृश्यरहेको देखाउँछ। आदरका लागि छुट्टै सर्वनाम हुन्छ।

**१.१ रूपभेद**

सर्वनाम खुल्लमखुला लिङ्ग चिह्नित छैनन्। केही मानवीय र मानवेतरबीचका कुराले पृथक् देखाउँछ। यिनीहरूको बेग्लै अङ्ग (प्रातिपदिक) एकवचन र बहुवचनका लागि हुन्छन्। यसले गर्दा विभिन्न स्पष्टताको क्रम स्थापना देखाउँछ र पुरुषको लागि पृथक्ता निश्चित गर्छ। नामको तिर्यक् कारक जस्तो सर्वनाम तिर्यक् सम्बोधन प्रयोग गरिदैन।

**जुम्ली भाषिकाका सर्वनामका रूप निम्न छन्–**

| | | | | |
|---|---|---|---|---|
| (क) | मु | (म) | मुइ (मु-इ) | मैं |
| | मेरो, मेरा, मेरी | (मेर्-ओ, मेर्-आ, मेर्-इ) | | मेरो, मेरा, मेरी |
| (ख) | हामि ~ हामु | (हाम्-इ ~ हाम्-उ) | | हामी |
| | हाम्मो, हाम्मा, हाम्मि | (हाम्-ओ-आ-इ) | | हाम्रो, हाम्रा, हाम्री |
| (ग) | तो ~ तों | | | तँ |
| | तोइ | (तो-इ) | | तँनै/तैं |
| | तेरो, तेरा, तेरि | (तेर्-ओ-आ-इ) | | तेरो, तेरा, तेरी |
| (घ) | तुमि | | | तिमी |
| | तुम्मो-मा-मि | (तुम्-ओ-आ-इ) | | तिम्रो-रा-री |

| | | | | |
|---|---|---|---|---|
| (ङ) | त्यो ~ तो | | | त्यो |
| | त्यै ~ त्यइ | (त्य-इ) | | त्यही |
| | त्यैखो ~ त्यइखो-खा-खि | (त्य-इखो-खा-खि) | | त्यसको-का-की |
| (च) | यो | यै ~ यइ | (य-इ) | यै |
| | यै ~ यइखो-खा-खि | (य-इखो-खा-खि) | | यसको-का-की |
| (छ) | तिँ ~ ति (ती) | तिनु | (तिन) | ती |
| | तिनुको-का-कि | (तिनु-को-का-कि) | | तिनको-का-की |
| (ज) | यिँ ~ इँ ~ यि ~ इ | (यी) यिनु (यिनी) | | |
| | यिनुको-का-कि | (यिनु-को-का-कि) | | यिनको-का-की |
| (झ) | उ | (ऊ) | उइ | (उस) |
| | उइखो-खा-खि | (उइ-खो-खा-खि) | उसको-का-की | |
| (ञ) | उनु (उन) | उँ (उनी) | | |
| | उनुको-का-कि | (उनु-को-का-कि) | उनको-का-की | |
| (ट) | आपु (आफू) | आपै (आप्-अइ) | आफू | |
| | आप्नो ~ आम्नो-ना-नि | (आप् ~ आम्-नो-ना-नि) | आफ्नो-ना-नी | |

नोटः 'आपु' शब्द (मानक नेपालीमा आत्मवोधक भए पनि) सम्मानको रूपमा अरूलाई भन्दा जुम्ली समाजमा प्रयोग गरिन्छ।

| | | | | |
|---|---|---|---|---|
| (ठ) | जो | जो, जुन | जै (ज्-इ) | जै |
| | जैखो ~ जइखो-खा-खि | (जइ-खो-खा-खि) | जसको-का-की | |
| (ड) | को (क्-ओ) | को, कुन | कइ (क्-अइ) | कै |
| | कैखो ~ कइखो-खा-खि | (क-आइखो-खा-खि) | कस्को-का-की | |
| (ढ) | ज्या | जे | ज्याको-का-कि | जेको-का-की |
| (ण) | क्या | के | कै | कै |
| | क्याको-का-कि | (क्-याको-का-कि) | केको-का-किनकी | |
| | कैखो ~ कइखो-खा-खि | (क्-अइखो-खा-खि) | कस्को-का-की | |

### १.१.१ रूप निर्माण प्रक्रिया

### (क) सर्वनामको रूपनिर्माण

जुम्ली भाषिकाका सर्वनामको रूपनिर्माण प्रक्रिया निम्न छ–

**मु, मेरो-रा-रिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | मु | # | क् | {ओ-आ-इ} |
| उ> ए मा परिवर्तन | मे | # | क् | {ओ-आ-इ} |
| ए> र मा परिवर्तन | मे | # | र् | {ओ-आ-इ} |

**हामि, हाम्मो-मा-निको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | हामि | # | क् | {ओ-आ-इ} |
| अन्त्यस्वरलोप | हाम् | # | | {ओ-आ-इ} |
| समीभवन | हाम् | # | म् | {ओ-आ-इ} |

**तो, तेरो-रा-रिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | तो | # | क् | {ओ-आ-इ} |
| ओ>ए मा परिवर्तन | ते | # | क् | {ओ-आ-इ} |
| क्>र् मा परिवर्तन | ते | # | र् | {ओ-आ-इ} |

**तुमि, तुम्मो-मो-मिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | तुमि | # | | {ओ-आ-इ} |
| अन्त्यस्वरलोप | तुम, ओ | # | | {ओ-आ-इ} |
| समीभवन | तुम् | # | | {ओ-आ-इ} |

**त्यौ, त्यैखो ~ त्यइखो-खा-खिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | त्यो | # | क् | {ओ-आ-इ} |
| ओ> ऐ मा परिवर्तन | त्यै ~ त्यइ | # | क् | {ओ-आ-इ} |
| क> ख् मा परिवर्तन | त्यै ~ त्यइ | # | ख् | {ओ-आ-इ} |

**ति, तिनुको-का-किको रूपनिर्माणप्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | ति | # | क् | {ओ-आ-इ} |
| 'नु' आगम | तिनु | # | क् | {ओ-आ-इ} |

**यो, यैखो-यइखो-खा-खिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | यो | # | क् | {ओ-आ-इ} |
| ओ > इ मा परिवर्तन | यै ~ यइ | # | क् | {ओ-आ-इ} |
| क् > ख् मा परिवर्तन | यै ~ यइ | # | ख् | {ओ-आ-इ} |

**यि, यिनुको-का-किको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | यि | # | क् | {ओ-आ-इ} |
| इ > उ मा परिवर्तन | यिनु | # | क् | {ओ-आ-इ} |

**उ, उइखो-खा-खिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | उ | # | क् | {ओ-आ-इ} |
| इ आगम | उइ | # | क् | {ओ-आ-इ} |
| क > ख मा परिवर्तन | उइ | # | ख् | {ओ-आ-इ} |

**उनु, उनुको-का-किको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | उनु | # | क् | {ओ-आ-इ} |
| उ > इ मा परिवर्तन | उनी | # | क् | {ओ-आ-इ} |

**'आपु' आप्नो ~ आम्नो-ना-निको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | आपु | # | क् | {ओ-आ-इ} |
| अन्त्यस्वर लोप | आपै~आपइ | # | क् | {ओ-आ-इ} |
| 'इ > न' र 'क > न मा परिवर्तन | आम् | # | न | {ओ-आ-इ} |
| प > म मा परिवर्तन | आप | # | न् | {ओ-आ-इ} |

**जो, जैखो-जइखो-खा-खिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | जो | # | क् | {ओ-आ-इ} |
| ओ > ऐ' मा परिवर्तन | जै ~ जइ | # | क | {ओ-आ-इ} |
| क् > ख् मा परिवर्तन | जै ~ जइ | # | ख् | {ओ-आ-इ} |

**को, कैखो-कइखो-खा-खिको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | को | # | क् | {ओ-आ-इ} |
| ओ > इ र क > ख् मा परिवर्तन | कै ~ कइ | # | ख् | {ओ-आ-इ} |

**ज्या, ज्याको-का-किको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | ज्या | # | क् | {ओ-आ-इ} |

**क्या, क्याको-का-किको रूपनिर्माण प्रक्रिया**

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक संरचना | क्या | # | क् | {ओ-आ-इ} |

### (ख) सर्वनामको रूपावली

'मु' (म) शब्दका रूप

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| प्र. मुँ, मुँइ ~ मै, | मुइले म,मै,मैले | हामि ~ हामु, हामिले [हामी, | हामी (हरू)ले |
| द्वि. मुन ~ मुअन, मुकन ~ मकन, मुइन, मलाई, मैलाई | | हामिन ~ हामुन | हामी(हरू)ले |
| तृ. मुँइले ~ मैले | मैले | हामिले ~ हामुले हामिन | हामी(हरू)ले |
| च. मु ~ मुअन, मकन ~ मुकन, मुइन मलाई, मेरा मेरापथ ~ विअ, मेरालाई ~ लागि | लागि, निम्ति | हामिन ~ हामुन | हामी(हरू)लाई |
| पं. मुदेइ ~ मुइदेइ ~ दै ~ दयै, मुबाटि ~ बाट मदेखि, म मुहै | बाट, म है | हामिदेइ ~ दयै ~ दै | हामी(हरू)देखि |
| ष. मेरो, मेरा, मेरि | मेरो, मेरा, मेरी | हाम्मो, हाम्मा, हाम्मि | हाम्रो, हाम्रा, हाम्री |
| स. मुमाँइ-माइ, मुइ-माँइ-माइ, मुमाति ~ माथि, मुथिर ~ तिर, मु उँदो ~ उनो, मुति ~ थि | म माथि ~तिर मतर्फ | हामिमाति ~ माथि, माँइ ~ माइ | हामी(हरू) माथि, |

### (ग) व्याकरणात्मककोटि

जुम्ली भाषिकाका सर्वनामका व्याकरणात्मक कोटिनिम्न छन्–

१. **रूप फेरिने र रूप नफेरिने सर्वनाम**

| रूप फेरिने | रूप नफेरिने |
|---|---|
| मुइ ~ मै (मै), हामि, तोइ (तैं), तोंइ (वै) तुमि ~ तोमि (तिमी) त्यै ~ त्यइ (त्यै), तिनु ~ तिन (तिनी) आदि । | मु (म), मुइ ~ मैं (मैं), हामि, तो-तों (तँ), तुमि ~ तिमि (तिमी), त्यो, ति (तिनी), तिं (तिनीहरू) उ, उँ (उनीहरू) आदि) |

२. **'ले' भन्दा अगाडि रूप बदलिने सर्वनाम**

हामि, उनि, तुमि ~ तिमी, त्यै ~ त्यइ (त्यै), तिनु (तिनी), यै ~ यइ (यै), यिनु (यिनी), क्या (कै), ज्या (जे), अक्का (अर्का) आदि ।

३. **'इ' आउने सर्वनाम**

मुँइ ~ मैं (मै), हामि, उइ, त्यै ~ त्यइ (त्यै), यै ~ यइ (यै), कोइ (कोइ), केइ (केही), जै (जै), हबै (सबै), अक्कै (अर्कै), यि (यी) आदि ।

४. **'इ' नआउने सर्वनाम**

मु (म), उ, त्यो, तो-तों (तँ) यो, को, ज्या (जे), क्या (के), आपु (आफू) जो आदि ।

५. **'त्यो' शब्दको मानवीय आदरार्थी**

तिनी ~ तिनु (तिनी), तिन (तिनी), ति (तिनी) आदि ।

६. **परस्थानिक प्रभावले परिवर्तित**

जुन सर्वनामको अन्य पुरुषका अन्त्यमा गोलितस्वर हुन्छ त्यस पछाडिका परस्थानिक 'को', 'खो'मा परिवर्तन भएर त्यस अघि त्यो गोलित स्वर ओकारान्त भए 'उ'मा र उकारान्त भए 'उइ' बदलिन्छ–

| **सर्वनाम** | **सम्बन्धरूप** |
|---|---|
| यो | यैखो ~ यइखो, यैखा ~ यइखा, यैखि ~ यइखि (यस्को-का-की) |
| त्यो | त्यैखो ~ त्यइखो, त्यैखा ~ त्यइखा, त्यैखि ~ त्यइखि (त्यस्को-का-की) |
| जो | जैखो ~ जइखो, जैखा ~ जइखा, जैखि ~ जइखि (जसको-का-की) |
| उ | उइखो-खा-खि (उसको-का-की) |

७. सम्बन्ध देखाउने अकार, आकार, इकार, उकार र ओकार एकवचन र बहुवचन द्वितीया विभक्तिमा 'कन, अन, न (लाई) हुन्छ । र 'क' बाहेक 'ख' हुन्छ ।

८. **'ले'भन्दा अधिमानवेतर भए 'इ' थपिन्न, मानवीय भए 'इ' थपिन्छ–**

मुँइ ~ मैं (मैं), उनि, त्यै ~ त्यइ (त्यै), यै ~ यइ (यै), तोइ (तैं/तैनैं), कै (कै), जै (जै) आदि ।

९. **सर्वनामको पछाडि 'इ' आएको छ भने अर्को 'इ' थप्नु पर्दैन**

मुँइले ~ मैले (मैले), हामिले, तोइले ~ तैले (तैले), तुमिले (तिमीले), त्यले ~ त्यइले (त्यहीले), उइले (उसले), उनिले, यैले ~ यइले (यसले), कोइले, केइले (केहीले), दुबैले (सबैले) आदि ।

१०. **विभक्ति अगाडि रूप नबदलिने सर्वनाम**

हामि, तुमि (तिमी), आपु (आफू), को क्या (के), कोइ (कोही), केइ (केही) जो, ज्या (जे), अक्का (अर्का) दुबै (सबै) आदि ।
नोटः अक्का (अर्का) बढीनियमित बोलचालमा भए पनि अक्को (अर्को) पनि परस्थानिक ले, कन(लाई)मा बोलिन्छ ।

११. **को-का-कि विभक्ति ग्रहण गर्ने सर्वनाम**

तिनु ~ तिन (तिनी), यिनु (यिनी), उनि, ज्या (जे), क्या (के) आदि ।

१२. **'खो-खा-खि' विभक्ति ग्रहण गर्ने सर्वनाम**

यो, त्यो, उ, जो, को आदि ।

**१३. 'रो-रा-रि' षष्ठी विभक्ति ग्रहण गर्ने सर्वनाम**

मु.नो आदि ।

**१४. 'मो-मा-मि' षष्ठी विभक्ति ग्रहण गर्ने सर्वनाम**

हामि, तुमि आदि ।

**१५. 'नो-ना-नि' षष्ठी विभक्रि ग्रहण गर्ने सर्वनाम**

आपु (आफू)

१६. 'मु' सर्वनाममा प्रथमा र तृतीयामा 'ले' चतुर्थीमा 'न, कन' पथ, विअ, लाई, जन ~ जुन ( लाई, निम्ति, लागि, जस्तै, झैं) लाग्छ । द्वितीयाको 'न, कन' (लाई) लोप हुँदैन ।

१७. तो ~ तों (तँ) प्रथम र तृतीयामा 'ले', चतुर्थी विभक्तिमा 'कन, न, लाई ~ लागि, पथ, विअ, जन-जुन' हुने हुन्छन् ।

१८. 'जो' प्रथमा तथा द्वितीयामा 'जैन' (जुन) हुन्छ र चतुर्थीमा ओकार मै 'जोकन' (जलाई, जुनलाई) र ऐकार भै, जैखन (जसलाई) हुन्छ ।

**१.२ पूरकपद**

जुम्ली भाषिकामा सार्वनामिक पदावलीमा क्रियाभित्रै सर्वनाम निहित हुने हुँदा पूरकका रूपमा छुट्टै सार्वनामिक पदको अनुपस्थितिले पनि पदावलीमा आर्थी प्रतिक्रिया उत्पन्न गर्दैन । त्यसकारण यस्ता पदावलीमा पाइने सर्वनामको पदको उपस्थिति न्यूनतम आर्थी प्रयोजनसँग सम्बन्धित छैन । परन्तु अन्यपुरुषअन्तर्गत परिगणित हुने सर्वनामिक पदहरूका हकमा भने ती नाम धर्मी हुने हुँदा पदावलीमा न्यूनतम आर्थी प्रयोजनका लागि तिनको उपस्थिति आवश्यक हुन्छ, जस्तै–

| | |
|---|---|
| मु जाने छुँ | म जान्छु । |
| तुमि जानाछौ | तिमी जान्छौ । |
| तो जानाछै | तँ जान्छस् आदि । |

माथिका उदाहरणमा 'मु, तुमि, तो'हटाए पनि अर्थमा कुनै परिवर्तन आउँदैन । ठीक यसका विपरीत उ जानोछ (उ जान्छ) पदावलीबाट 'उ' हटाएमा जानेकाम यो ले गरेको हो अथवा उ ले गरेको हो भन्ने खुल्न नगई अर्थमा गडबडी आउने सम्भावना छ ।

**१.३. शब्दगत रूपप्रक्रिया**

सर्वनाम सामान्य (असाधित) रूपबाट चिह्नित छन् । पारम्परिक व्याकरणअनुसार विशेषण बनाई प्रयोग गरिने सर्वनामलाई सार्वनामिक विशेषण भनिएको पाइन्छ र यो विशेषण 'त्यो, यो, उ, को, जो'बाट बन्दछ । यही शब्द नामको साटो आयो भने सर्वनाम र विशेष्य साथ आयो भने विशेषण बन्दछ । संरचनात्मक दृष्टिले सार्वनामिक विशेषण सरल, व्युत्पन्न, मिश्रित

अथवा द्वित्व हुन सक्छ। सार्वनामिक विशेषण दर्शक, सम्बन्धी, प्रश्नार्थक र अनिश्चयबोधक सार्वनामिक विशेषण गरी चारप्रकारको मानिन्छ।

सार्वनामिक विशेषणले नजिक अथवा टाढाको नामलाई सङ्केत गरेर देखाउने हुनाले यसलाई सङ्केतवाचक पनि भनिन्छ।

| | | | | |
|---|---|---|---|---|
| **अस्मिता (Existence)** | | | **दर्शक (निश्चयबोधक)** | |
| **समीपस्थ (सन्निकटस्थ)** | | | **दूरस्थ** | |
| ए.व. | यो | (यो) | त्यो | (त्यो) |
| न.व. | यि | (यी) | ति | (ति) |

**सम्बन्ध**

| | | | | |
|---|---|---|---|---|
| मानवीय | जो | (जो, जुन) | मानवेतर | ज्या (जे) |
| विशेष | जो | (जुन) ~ | | |

सार्वनामिक विशेषण गुण जैथो ~ जइथो (जस्तो) र मात्रा जैथै ~ जइथै (जत्तिकै) परस्थानिक भावमा 'जैथै ~ जइथै (जस्तै) नामिक संज्ञापछि क्रियाविशेषणात्मक, परस्थानिक र असमापिकाक्रिया निरपेक्ष सोपाधिक र समापक रूपमा प्रयोग हुन्छ, जस्तै

राम जैथो (राम जस्तो), राम जैथै (राम जस्तै) राम जैर्थेनै (राम जत्तिकै ~ जस्तै नै) एकवचन पुलिङ्ग राम।

वाक्यःजैथाटाला लाइनु छ उइथै लि ~ ल्हि आउन्याछुँ (जस्तो लुगा (कपडा) लगाउनु छ उस्तै ल्याउनेछु)।

जुम्ली भाषिकामा 'ज्या' ले 'जे' र 'जुन' दुवैले अर्थलाई आफूमा सीमित राखेको छ। 'जे' र 'जुन'को अभिव्यक्ति भिन्न छः–

| | |
|---|---|
| ज्या अद्दा ~ गद्दा छौ अर ~ गर | जे गर्दछौं गर ~ |
| ज्या कुडो राम्मो ~ राम्डो ~ ह्राम्डो छ त्यो अर ~ गर | जुन कुरा राम्रो छ त्यो गर ~ |

**प्रश्नवाचक**

| | | | | | |
|---|---|---|---|---|---|
| मानवीय | को ? | को ?। | मानवेतर | क्या | के। |
| विशेष | कौन | कुन। | | कौन | कुन। |

नोटः (क) विस्मयादिवोधकमा 'क्या' मानवीय तथा मानवेतर दुबैमा प्रयोग हुन्छ।

(ख) 'क्या' र 'कौन'- दुबैले पनि 'ज्या' र 'जुन' जस्तै अर्थलाई सीमित राखेको छ र अभिव्यक्ति पनि भिन्न छ।

**अनिश्चित**

| | | | | | |
|---|---|---|---|---|---|
| मानवीय | कोइ | कोही। | मानवेत्तर | केइ | केही। |

पुरुषवाचक सर्वनामले पनि सार्वनामिक विशेषणको पहिचानको जस्तै काम गर्छ–

| | | | |
|---|---|---|---|
| खानो | खाँदो। | खाना | खाँदा। |
| शिनो | सुत्दो | तुमिशिनाछौं | तिमी सुत्छौं |

**आदरार्थी**

| | | | |
|---|---|---|---|
| तुमि घोकन्या नाँइ | | | तिमी पढ्दैनौ । |

नोटः– आदरार्थी सर्वनामले पनि सार्वनामिक विशेषणले जस्तै काम गर्छ ।

**अरू अनिश्चित सार्वनामिक विशेषण**

| एकवचन | | बहुवचन |
|---|---|---|
| फलानु ~ फल्नु (पुंलिङ्ग) फलानो | फलना ~ फल्ना | फलाना । |
| फलनि ~ फल्नि (स्त्रीलिङ्ग) फलानी | फलना ~ फल्ना | फलाना । |

**गुण दर्शक (निश्चयवोधक)**

| | | | |
|---|---|---|---|
| यैथो | यस्तो । | त्यैथो | त्यस्तो । |
| यत्तो | यत्रो । | त्यत्तो | त्यत्रो । |

**सम्बन्ध**

| | | | |
|---|---|---|---|
| जैथो | जस्तो । | कैथो | कस्तो । |
| जत्तो | जत्रो । | कत्तो | कत्रो । |

नोटः यी रूपायित विकारी विशेषण जस्तै छन् ।

**मात्रा (दर्शक निश्चयवोधक)**

| | | | |
|---|---|---|---|
| यति | यति । | त्यति | त्यति । |

**मिश्रित अथवा द्विरुक्ति विशेषण**

**पहिचान**

| | | | |
|---|---|---|---|
| जो कोइ | जो कोही । | केइन केइ | केही न केही । |

**गुण**

| | | | |
|---|---|---|---|
| यैथो ~ उइथो | यस्तो ~ उस्तो । | जैथो ~ त्यैथो | जस्तो तस्तो । |
| यत्तो ~ उत्तो | यत्रो ~ उत्रो । | जत्तो-तत्तो | जत्रो तत्रो । |

**परिमाण**

| | | | |
|---|---|---|---|
| यति-उति | यति-उति । | ज्या-जति | जे-जति । |
| जतिहुकै | जतिसुकै | जत्तो-तत्तो | जत्रो-तत्रो । |

नोटः– हबै (सबै) बाहेक । थोका थोकै (अलि-अलि), नापा-नापा (अलिकति-अलिकति) यसमा हबै (सबै) बाहेक अमिश्रित द्विरुक्ति हुन सक्छन् ।

## १.४. सर्वनाम पदावली

जुम्ली भाषिकाका सर्वनाम पदावलीमा विशेषक पद तथा मुख्यपद वैकल्पिक रहेको पाइन्छ। विशेषक पद तथा मुख्य पद वैकल्पिक तथा अविकल्पी रूपमा रहे तापनि कुनै स्थितिमा वैकल्पिक विशेषक पद मुख्यपद स्लट **(Slot)** पछाडि आउँछन्। यसका बहुवचन प्रत्यय तुमि, तिनु, तिं (तिमी, तिनी, तिनीहरू) आदिमा लाग्छ भने 'हामि' वैकल्पिक रूपमा लाग्छ।

### १.४.१ सर्वनामका मुख्यपद

सर्वनाम लिङ्गकालागि रूपायित हुँदैनन्। सर्वनामको लिङ्गक्रियाद्वरा रूपायन भएर वाक्यीय संरचनामा आएर अभिव्यक्तिन्छ। नामको तुलनामा सर्वनाम कारक र वचनका लागि बढी अनियमित भएर रूप लिन्छ।

| पुरुष | एकवचन | बहुवचन |
|---|---|---|
| अन्य पुरुष (निम्नवर्ग आदरार्थी | उ, त्यो (उ, त्यो) | उँ, तिं (उनीहरू, तिनीहरू) |
| मध्यमपुरुष (मध्यमवर्ग आदरार्थी) | ति (तिनी, ति) | तिं (तिनीहरू) |
| मध्यमपुरुष (निम्न आदरार्थी) | तो (तँ) | तुमि (तिमीहरू) |
| मध्यमपुरुष (मध्यम आदरार्थी) | तुमि (तिमी) | तुमि (तिमीहरू) |
| उत्तम पुरुष | मु (म) | हामि (हामीहरू) |

सर्वनामको आदरार्थी आयामबारे पोखरेल (२०४८)का अनुसार आदरार्थी भारोपेली परिवारको विशेषता होइन। प्राचीन ग्रीक, ल्याटिन, वैदिक संस्कृत र फारसीमा आदरार्थी एउटा मौलिक विशेषताको रूपमा पाइन्छ। सँस्कृत दक्षिण पूर्वी एशियाका भाषाका वक्ताहरूका सम्पर्कमा आउनाले आदरार्थीको विकास पछि भयो। सँस्कृतमा मध्यमपुरुष हुनुपर्ने ठाउँमा अन्यपुरुषको एकवचन वा बहुवचनको प्रयोग गरेर आदरार्थी बनाइन्थ्यो। आधुनिक भारतीय आर्यभाषामा बहुवचनको रूप नै आदरार्थी रूप हुन्छ, त्यसैले यी भाषामा आदरार्थीमा एकवचन र बहुवचनको भेद हुँदैन तर भोट-चिनियाँ भाषाको बढी सम्पर्कले होला, नेपालीमा जति आदरार्थीको तह अरू कुनै पनि भगिनी भाषाहरूमा छैन भन्ने उल्लेख छ।

स्तरीय नेपाली भाषाको माउ भाषाको रूपमा सम्मानित जुम्ली भाषिकामा पनि मध्यम आदरार्थी नै अझसम्म कायम रहेको पाइन्छ। जुम्ली कथा, गीत आदिमा, तुमि, ति, तिनु सर्वनाम नै व्यक्त गरिन्छ–

**लोकगीत**

(क) हन फुल्ले फुलौला तुमि दुबा जैथा हौला।
(सुन फुलले फुलौला तिमी दूबो जस्तै हौला)

(ख) कॉजादाऔं ह्राइमल ह्राइयौं ताल कैंचन पैरी
बारकल्या बोखुलाइ पटुकी लाइ हैरी
(कहाँ जान्छौ साइमल शाही तास किनखाप पहिरी)
बाह्रफेरे (लुगा) बक्खुलगाई पटुकालाई बाँधी)

**कथा**

एकाऽऽदेशमा एक राजा ~ ह्राजा छिया एक (ग) रानी ~ ह्रानी छिइन् (एकादेशमा एउटा राजा र एउटी रानी थिइन्) । ...

### १.४.२ सर्वनाम पदावलीमा विशेषक

विशेषक पदनिर्धारक (दर्शक, संख्यावाचक तथा कोटिकार)सँग आउँदैन तापनि निश्चित विशेषक पदसँग भने आउँछ, जस्तै– खालि (खाली मात्र) ।

विशेषक पद सर्वनाममा पनि आउँछ, जस्तै–
एल्खै ~ एल्लौ (एक्लै) हबै (सबै) ।

**सन्दर्भ-सूची**


१. अर्याल, वीरेन्द्र केशरी १९५७ ई. नेपाली व्याकरण आचार्य (१९८० ई.) पृ ११३-२२० ।
२. आचार्य, जयराज १९८० ई. ट्रेडिसनल ग्रामर्सः इङ्गलिस एण्ड नेपालीः अ स्टडी लेखक स्वयं ।
३. आचार्य, जयराज १९९१ ई. अडेस्क्रिप्टिम ग्रामर अफ नेपाली एण्ड आयन एनालाइज्ड कर्पस, वाशिडटन डि.सी.ः जजटाउन युनिभर्सिटी ।
४. क्रिस्टल, डेभिड १९८५ ई. आडिक्सनेरी अफ लिडगुइस्टिक्स एण्ड फोनिटिक्स, इङ्गलैण्डः एन्ड्रिउडवेज लि. ।
५. क्लार्क, टी. डब्ल्यु १९६३ ई. इन्ट्रोडक्सन टु नेपाली, क्याम्ब्रिज, डब्ल्यु वेफर एण्ड सन्स ।
६. जुम्ला जिल्ला पंचायत, जुम्ला जिल्लाको परिचय ।
७. जोशी, सत्यमोहन २०२८ कर्णाली लोक सँस्कृति (भाग १) इतिहास, ने.रा.प्र.प्र. ।
८. ज्ञवाली, सूर्यविक्रम १९३३ ई. नेपाली भाषाको विकासको संक्षिप्त इतिहास, दार्जीलिङ, नेपाली साहित्य सम्मेलन ।
९. टर्नर, राल्फ लिली १९८८ ई. अकम्प्योटिभ एण्ड इतिमोलोजिकल डिक्सनेरी अफ नेपाली ल्याङग्वेज, लण्डन ।
१०. पोखरेल, बालकृष्ण र बल्लभमणि दाहाल २०२७ ध्वनि प्रक्रिया र ध्वनि सिद्धान्त, विराटनगर पुस्तक संसार ।
१२. दाहाल, वल्लभमणि १९७४ ई. अ डेस्क्रिप्सन अफ नेपालीः लिटरेटी एण्ड कोलोक्युयल, पूना विश्वविद्यालयमा प्रस्तुत विद्यावरिधि शोध प्रवन्ध ।
१३. ने.रा.प्र.प्र. २०४३ भाषाविज्ञान शव्दावली (पूर्व प्रकाशन मस्यौडा) ।
१४. पोखरेल, बालकृष्ण २०१९ नेपाली भाषाको कथा, ललितपुर, जगदम्बा प्रकाशन ।
१५. पोखरेल, बालकृष्ण २०२२ (क) राष्ट्रभाषा, काठमाडौं, एडुकेशनल इन्टरप्राइजेज ।
१६. पोखरेल, बालकृष्ण २०२२ पश्चिमा नेपाली एक वास्ता, रचना वर्ष ३, अंक ५ ।
१७. पोखरेल, बालकृष्ण २०२२ केन्द्रीय नेपालीका व्यञ्जनवर्णहरु, रत्नश्री वर्ष २, अंक ५ ।
१८. पोखरेल, बालकृष्ण (सं) २०२७ नेपाली भाषाको नापी, काठमाडौं, ने.रा.प्र.प्र.मा सुरक्षित हस्तलिपि पाण्डुलिपि ।
१९. पोखरेल, बालकृष्ण २०३१ राष्ट्रभाषा, ललितपुर, साझा प्रकाशन ।
२०. पोखरेल, बालकृष्ण२०३२ राष्ट्रभाषा, ललितपुर, साझा प्रकाशन ।

२१. पोखरेल, बालकृष्ण (प्रकाशोन्मुख) खश जातिको इतिहास (भाग २) अध्याय ८-१० ( अप्रकाशित कृति)
२२. पोखरेल, माधवप्रसाद १९८९ एक्सपेरिमेन्टल अनालिसिस अफ नेपाली साउण्डसिस्टम, पूना विश्वविद्यालयमा प्रस्तुत विद्यावारिधि शोध प्रवन्ध ।
२३. पोखरेल, माधवप्रसाद २०४८ नेपाली भाषाको लिङ्ग सिंहावलोकन, पाठयक्रम विकास पत्रिका
२४. बन्धु, चूडामणि १९७१ सिंजाली स्टडिज इन लिङग्वस्टिक विहेवियर, काठमाडौं, ने.रा.प्र.प्र. ।
२५. बन्धु, चूडामणि २०२८ कर्णाली लोक सँस्कृति (खण्ड ४) भाषा, काठमाडौं, ने.रा.प्र.प्र. ।
२६. बन्धु, चूडामणि १९८४ ई. वेसिक कोर्स इन जुम्ली, काठमाडौं ।
२७. बुल्के, फादर कामिल १९९० ई. अंग्रेजी-हिन्दी कोश, नइदिल्ली, एस. चन्द एण्ड कं. लि. ।
२८. रेग्मी, चूडामणि उपाध्याय २०३६ नेपाली भाषाको उत्पत्ति, ललितपुर, साझा प्रकाशन ।
२९. लायन्स, जोन १९७२ ई. सैद्धान्तिक भाषाविज्ञान अनु. सत्यकाम वर्मा, मुंशीराम मनोहरलाल ।
३०. रोन, स्यानफोर्ड १९७३ जेनरेटिभ फोनोलजी, न्यूजर्सी, प्रन्टिस हल ।
३१. श्री वास्तव, दयानन्द १९६२ ई. नेप्लीज ल्याङ्ग्वेज इट्स हिस्ट्री एण्ड डेभलपमेन्ट, कलकत्ता ।
३२. श्रेष्ठ, बिहारीकृष्ण २०२८ कर्णाली लोक सँस्कृति (भाग ३) जनजीवन, ने.रा.प्र.प्र.
३३. श्रेष्ठ, भीमप्रसाद (सं.) २०२८ कर्णाली प्रदेशः एकबिटो अध्ययन, जुम्ला सामाजिक अध्ययन समुदाय ।
३४. साँकृत्यायन, कमला २०१७ नेपाली लोक साहित्य (राहुल साँकृत्यामनद्वारा सम्पादित) हिन्दी साहित्यका वृहत् इतिहास (षेडश भाग) काशी, नागरी प्रचारिणी समिति ।
३५. सिग्द्याल, सोमनाथ २०४९ मध्यचन्द्रिका, ललितपुर, साझा प्रकाशन ।
३६. सिजापति, रामविक्रम २०३७, कर्णाली भाषिका समूहको तुलनात्मक शब्द संग्रह, त्रि.वि.मा प्रस्तुत स्नातकोत्तर शोध प्रबन्ध ।
३७. सिजापति, रामविक्रम २०३९ कर्णाली भाषिका, मधुपर्क वर्ष १५, अंक ४ ।
३८. सिजापति, रामविक्रम २०४० कर्णाली भाषिकाका केही तुलनात्मक शब्द, मधुपर्क वर्ष १६, अंक १ ।
३९. सिजापति, रामविक्रम २०४१ केन्द्रीय नेपाली भाषिकाहरु, काठमाडौं, ने.रा.प्र.प्र.
४०. सिजापति, रामविक्रम २०४७ भाषा परिचय, काठमाडौं, रत्नपुस्तक भण्डार ।
४१. सिजापति, रामविक्रम २०५० भाषा ज्ञान, काठमाडौं, रत्नपुस्तक भण्डार ।
४२. सिंह लक्ष्मण १९७८ ई. रुप विज्ञान, पटना, अशकमल प्रकाशन ।
४३. सिंह, स्थिर जंगबहादुर २०२८ कर्णाली लोक सँस्कृति (भाग २) भौगोलिक दृष्टिकोण, काठमाडौं, ने.रा.प्र.प्र. ।

# नोः रङ्गमञ्चमा प्रतिब्रह्माण्डको पुनः खोजी

**लेखकः– डा. सोहो माचिदा***

युद्धोपरान्त विश्वविख्यात जापानी दार्शनिकहरूमध्येका एक **तोशिहिको इजित्सुले** प्रतिब्रह्माण्डबारे आफ्नो दार्शनिक विचारको अनुबन्ध प्रस्तुत गरेका थिए। इजित्सुअनुसार हामीहरू "व्यवस्थित सङ्गतियुक्त अस्तित्वको बनौट" जस्तो ब्रह्माण्ड, अर्को शब्दमा भन्ने हो भने त्यस्तो संसारमा जहाँ ज्ञानोपयोगी अर्थस्थापना निम्ति हामी आफै आफ्ना आचारशास्त्र र जीवनमूल्यका निर्माण गर्छौं। तथापि यो ब्रह्माण्डको पूर्णतया व्यवस्थित बनौटको चारैतिर प्रतिब्रह्माण्ड छ। जो समग्र अव्यवस्थायुक्त अन्धकारद्वारा आश्चर्यजनक तौरमा आच्छादित तथा ब्रह्माण्डको विशाल शून्य स्थानसरह सबै दिशामा असीमित तौरमा फैलिएको हुन्छ। त्यसमा पनि सो अव्याकृतप्रति ब्रह्माण्डमा त्यस्तो नकारात्मक ऊर्जा छ, जसमा ब्रह्माण्डको व्यवस्थालाई ध्वस्त पार्ने शक्ति छ।[क]

**घटनाविज्ञानसम्बन्धी दृष्टिकोणबाट त्यही द्वन्द्वबारे मीर्सिए इलियादी** (Mircea Eliade) ले विवरण दिएका छन्–:

परम्परागत समाजहरूका प्रमुख लाक्षणिकता कुन द्वन्द्व हो भने तिनीहरू आफ्ना बसोबासका क्षेत्र र त्यसको चारैतिर रहेको अज्ञात र अनिश्चित देशबीचको द्वन्द्वलाई स्वीकार गर्छन्। पहिलो हो संसार (ठीक भन्ने हो भने हाम्रो विश्व), यो ब्रह्माण्ड। यसभन्दा बाहिरका

---

* प्रस्तुत लेखक सोहो कोचिरो माचिदा अमेरिकाको प्रिन्सटन विश्वविद्यालयमा जापानी अध्ययनको सहायक प्राध्यापक हुन्। निजले **पेन्सिल्भानियाँ** विश्वविद्यालयबाट धार्मिक अध्ययनमा विद्यावारिधी र हार्वार्ड विश्वविद्यालयबाट ईश्वरमीमांसामा स्नातकोत्तर अध्ययन पूरा गरेका थिए। सोहो माचिदाले जापानीमा पुस्तकहरू र विख्यात पत्र-पत्रिकाहरूमा महत्त्वपूर्ण लेखहरू लेखेका छन्।

प्रो. माचिदा एशियाली अध्ययन संस्थाको धर्मबारे अमेरिकाली प्रज्ञा-प्रतिष्ठान तथा बौद्ध-इसाई अध्ययन-समाजका सदस्य छन्।

प्रस्तुत लेखक सोहो माचिदाले वाशिङटनको साहित्यिक सम्मेलनमा २४ अप्रैल १९९७ को दिन कार्यपत्रको रूपमा यस लेखलाई प्रस्तुत गरेका थिए।

क. इजित्सु तोशिहिको Cosmos to Anticosmos Tokyo: lwanami shoten. 1989 p.p. 191 246.)

सबै वस्तु ब्रह्माण्ड होइनन् कि एक प्रकारको "अर्को ब्रह्माण्ड", वैदेशिक अराजक देश जहाँ भूतप्रेत, दैत्यहरू "विदेशीहरू" (जो दैत्यसमान र प्रेतसमान छन्) बस्छन्।[ख]

कुनै एउटा विशिष्ट संस्कृति वा ऐतिहासिक सन्दर्भमा ब्रह्माण्ड र प्रतिब्रह्माण्डको विभाजन सीमित छैन। मानवजातिको सम्पूर्ण इतिहासमा त्यसलाई सार्वत्रिक तौरमा देख्न सकिन्छ। डायनोसियस आस्थाको रहस्यवादी सुखबोधपरक प्रलापसित सम्बन्धित प्राचीन देशका दुःखान्त नाटकहरूमा प्रतिब्रह्माण्ड बहुधा चित्रित हुन्छन्। जापानी पुरातन कथामा भने पाताल क्षेत्र (**नेनोकुनी**) अर्थात् दुष्टात्माहरूको विगबिगी रहेको, त्यहाँ विस्मयकारी संसारमा पुग्नु पनि त्रासद जस्तो प्रेतभूमि (यो **मिनो कुनी**)का रूपमा प्रकट हुन्छन्।

त्यो अद्भूत संसारप्रति मानवजाति त्रस्त नहुनु रहस्यमय देखिन्छ। तैपनि, ब्रह्माण्डको व्यवस्थित बनौटभित्र हामी आफ्नो निजी परिचयलाई उचित देखाउन खोज्छौं। तथापि त्यो बहुला संसारभित्र भवाम्म फाल हाल्ने निरर्थक मनोद्वेग हामीमा छ। त्यसरी हामीहरू कुनै न कुनै विन्दुमा पुगेर विवेकको बाटोबाट पर सर्छौं। त्यसैकारणले विभिन्न संस्कृति र युगहरूमा मानिसहरू शारीरिक र विवेकी बुद्धिले भ्याउनेभन्दा टाढाका साह्रै घिनलाग्दा धार्मिक कृत्यका अभ्यास गर्छौं।

नित्सेद्वारा प्रतिपादित शून्यतावादको दर्शन मात्र होइन जेक्स डेरिड्डाको प्रतिनिर्माणवाद समेत प्रतिब्रह्माण्ड कै बौद्धिक अभिव्यक्ति हुन् भनी हामी भन्न सक्दछौं। "मूल केन्द्र"लाई अस्वीकार गर्ने बौद्धिक तौरमा "अभान्त-गार्द" सिद्धान्तद्वारा प्रस्तुत यस्ता सत्तामीमांसीय हाँकलाई परावाक केन्द्रित (Logos-Centered) पश्चिमा विचारधाराले बेहोर्नुपर्ने ऐतिहासिक समय भइसकेको छ।

मानवीय संवेदनामा प्रतिब्रह्माण्ड प्रत्यक्ष तौरमा उम्लिएर फुट्दा बहुलट्टीको रूपमा बहुधा त्यो प्रकट हुन्छ। स्वस्थ मानसिकता र बहुलट्टी अर्थात् ब्रह्माण्ड र प्रतिब्रह्माण्ड बीचका तानातानीले निक्कै नै ठूला साहित्यिक कृतिहरू जन्माएका छन्। बहुलट्टीका यन्त्रणालाई धैर्यसाथ सहदै आएका मानवहरूबारे उज्ज्वल तौरमा चित्रण गरेका साहित्यिक कृतिहरू तर्फ ध्यान दिंदा शेक्सपियर (Shakespeare) को किङ्ग लियर (King Lear) को दुखान्त नाटक तुरुन्तै स्मृतिपटलमा आउँछ।

पेटभरि गडगडाउ ! आगो
ओकेल ! पानीको मुस्लो छोड !
पानी, हावा, चट्याङ्ग, आगो कुनै मेरा छोरी होइनन्।
तिमी शक्तिहरू, निर्दयताको भार पार्दिन म तिमीमाथि।
मैले राज्यदिइन, सन्तान भनिन तिमीलाई कहिल्यै
छैन, तिर्नु पर्ने तिमीले मलाई केही। त्यसो भए पतन होउन
तिम्रा भयानक आनन्द। उभिएको छु यहाँ म तिम्रो दास,
दरिद्र, शिथिल, कमजोर र घृणित वृद्ध। तैपनि भन्छु म तिमीलाई चाकरीदार अधिकारीहरू,
आफ्ना दुई अनिष्टकारी छोरीहरूसँगै जोड्नेछौं। तिम्रा उच्च प्रजननयुक्त युद्धविरुद्ध एउटा शिर।
जो यो जस्तै छ, वृद्ध र सेतो, ओह ! घिनलाग्दो।

---

ख. Mircea Eliade, The sacred and the profane: the Nature of Religion (New york) Harcourt Brace Joranovich 1956) p 29.

आफ्नै छोरीहरूद्वारा अति निर्दयतासाथ आफूले धोखा खाएको बारे बुझेपछि निर्जनतातिर फर्केर राजा लियरले चिच्याएका शब्दहरू यिनै हुन्। नैराश्यको तिनको त्यो स्वरले हामीलाई आफ्नो जीवनको कुनै अवस्थामा त्यसै प्रकारको नैराश्यबाट हामी मुक्त छैनौं भन्ने बारे सम्झना गराउँछ। त्यो सानो कथा यो संसारभरि शताब्दियौंदेखि त्यसैकारणले अति व्यापक रूपमा पढिन्छ।

मध्यकालिक जापानमा नाट्ककार जेआमि (१३६३-१४४३) त्यस्ता ऐतिहासिक व्यक्ति थिए जसले पहिलो पटक त्यस्तो कलात्मक विधाको स्थापना गरे। जो बहुलट्टीमा केन्द्रीत थियो। नोः रङ्गमञ्चका संस्थापकहरूमध्ये तिनी थिए। नोः नाटकसम्बन्धी आफ्नो दर्शन प्रस्तुत गरेका फ्यूसिकादेनमा जेआमि भन्छन्– "बाबु-आमाबाट छुट्टिनुले, हराएका सन्तान खोजी गर्नुले, लोग्नेबाट परित्यक्त हुनुले र मृत्युद्वारा आफ्नी पत्नीलाई गुमाउनुले उत्पन्न गर्ने पीडामा आधारित बहुलट्टी साह्रै नै सङ्कटपूर्ण हुन्छन।" त्यति भनेपछि उनी के थप्छन् भने "बौलाहा मानिसको नाचलाई कसैले आत्मसात गर्न सके भने त्यस्ताले नोः नाटकको सूचीमा कुनै पनि भूमिका चित्रण गर्न सक्छन्।

पातालबाट आउने क्रुद्ध प्रेतहरू, भूतप्रेत हुन् अथवा गहिरो र सुदृढी बन्धनद्वारा आगो लागेका यो संसारका मानिसहरू होउन ती सबैका मनोद्वेग बहुलट्टीमा घनीभूत हुने गर्छन। अनि मानवीय चेतनाको गहनतम धरातलबाट माथि उठ्ने बौलाही भित्र आफ्ना शूक्ष्म दृष्टिले जेआमिले **हाना** (सार्क तत्त्व)को रूपमा नोः रङ्गमञ्चको अतिप्रकाण्ड अर्थ देखे। आफ्ना शुरुका वर्षहरूमा जेआमिले शोगुन **योसिमित्सु**बाट कृपा पाएका थिए। त्यसपछि तिनको भाग्यमा फेरबदल भएर वार्द्धक्यका वर्षहरूमा **साडो**को सुदूर टाँपूमा निर्वासन रूपी चरम कठिनाइलाई तिनले भोगे। त्यसरी तिनले आफैभित्र यन्त्रणादायी बहुलट्टीलाई भोगेका हुन् सक्छन्।

बहुलट्टी नै केन्द्रीय विषयवस्तु रहने गरेका नोः नाटकहरू मध्ये बौलाही नारी (क्योजो)को विषयलाई हात लिएका कृतिहरू अत्यन्तै महत्त्वपूर्ण छन्। **सुमिदा नदी** एउटा त्यस्तो प्रतिनिधि कृति हो। **जेआमी**का जेठा छोरा **मातोमासा** (सन् १४००-१४३२)लाई बेजोड लेखक भनी स्वागत गरिएको थियो, तर प्रारम्भिक कालमै तिनको मृत्यु हुन गएकोले तिनीबाट गरिएका आशा पूरा हुन सकेन। एउटा कमारो व्यापारीले अपहरण गरेको **उमेवाका-मारु** भन्ने आफ्नो छोरोलाई खोज्दै राजधानी क्योटोबाट **इदोको सुमिदा** नदीमा एउटी नारी नाटकमा पुग्दछे। त्यसलाई देखेर नाउको माझी निर्दयता साथ भन्छ– "ऐ, राजधानीबाट आएकी बौलाही तै होस! हाम्रा निम्ति त सकेसम्म चिच्या र हाम्रो निम्ति रमाइलो गर। त्यसो न गरे, म तलाई नाउमा चढ्न दिन्नँ।" आफ्नो छोरो खोज्दै हिडेकी त्यो नारी कति विक्षिप्त भइसकेकी थिई भने, बहुलाही जस्तै देखिएकी थिई। त्यसमाथि अब त्यसले बहुलाही झैं नाच्नुपऱ्यो। त्यसको उल्टो-पाल्टो नाँचले माझीमा करुणा जगाएकोले माझीले त्यसलाई नाउ चढ्न दियो।[ग]

नदीको अर्को किनारामा त्यसवेला चलिरहेका बौद्ध समारोहको कारण बारे माझीले अर्को यात्रीलाई भनेका कुरा त्यो नारी सुन्छे। ठीक एक वर्षपहिले कमारो व्यापारीले अपहरण गरेको एउटा सानो बालक बिरामी भएर पल्लो किनारामा ढलेको रहेछ। त्यसलाई त्यही परित्याग गरिएको रहेछ। त्यो बालकको जीवन अन्त्य हुँदै जादा त्यसले राजधानीबाट आउने परिचित यात्रुहरू नजीकै पारिने गरी सडकछेउमा उसलाई गाडी दिन आग्रह गरेको रहेछ। त्यो बच्चो उसैको छोरो हो भन्ने कुरा नारीले बुझी। "ल आउ हे भद्रजन माटो पल्टाइदेउ। जीवित छँदा बालक जस्तो देखिन्थ्यो, आमालाई उसको छोरो अन्तिम पटक भए पनि देखाइदेउ।" नदी किनारको ढिस्कोछेउ त्यो नारी रातभरि अमिदा (अमिताभ-अनु)बुद्धको नाउँ जपिरहन्छे। अन्तमा, त्यसको जप सुनेर झैं मृत **उमेवाका-मारु**को भूत समेत बुद्धको नाउँ जप्न थाल्छ।

---

ग. Masaru Sekine. ZeAmi and his theories of Non-Drama.

त्यसवेला त्यसको आकृति कहिले नारीसामू प्रकट हुन्छ र कहिले बिलाउँछ। ती दुवै आपसमा हात मिलाउछन् तर सुर्योदय हुँदै जाँदा प्रेत अलप हुन्छ। त्यसरी विस्तृत घाँसी मैदानबाहेक केही नदेखिने गरी कथा समाप्त हुन्छ।[घ]

प्रस्तुत साहित्यिक कृतिको अनुमोदन गर्दा हामीहरू त्यो अवस्थाको निरर्थकतालाई अनुभव गर्छौं– त्यो विक्षिप्त नारी आफ्नो प्यारो छोरो मरेको बारे लामो यात्राको अन्तमा बुझ्छे मात्र होइन कि बालकको भूत वाफ झैं बिलाएर जाँदा त्यो क्षणिक भेटघाट अन्त्य भएर त्यससित छुट्टिन फेरि बाध्य हुन्छे। मात्र भावात्मकताभन्दा केही बढी नै कुरो हो यो। यो कृतिबाट केही भिन्न प्रकारको सन्देश हामीले लिन सक्नुपर्छ। शुरुदेखि त्यो आमालाई बौलाहीको रूपमा चित्रण गरिएको छ, तथापि नाउमा माझीका ती शब्दहरू सुनेपछि उ रुन थाल्छे अर्थात् त्यो बहुलाही थिइन भन्ने प्रस्ट छ। शोकले गर्दा जङ्गली जस्तै खिन्न त्यो नारी बहुलाही झैं देखा मात्र पर्छे। झण्डै बहुलाही जस्तो आफ्नो शोकको माझ त्यो नारी बुद्धको नाउ जप्न लाग्छे, र अन्त्यमा, आमाको प्रेमको प्रतिक्रियास्वरूप **उमेवाका–मारु**को आकृति प्रकट हुन्छ। दुर्दान्त शोकले त्यसलाई प्रतिब्रह्माण्डको साझा भूमिमा पुऱ्याउछ जहाँ आफ्नो छोरो छायारूपलाई उ फेला पार्छे। शोकजनित बहुलाहीलाई सहे पछि उसका निम्ति प्रकट बालकको छायारूपमा मुक्तिको प्रकाशको एउटा झलक पाइन्छ।

नोः नाटकमा भूतका अस्तित्वमा सधै विशेष महत्त्व रहेको हुन्छ, विशेष गरी **सुगमेनो** भन्ने राक्षसी नाटकका विधामा जसमा भूतहरूमा, जीवितहरूको भन्दा पनि अस्तित्वको प्रवल भाव समाहित हुन्छ। **उमेवाका–मारु**को भौतिक शरीर अस्तित्वको कठोर धरातलमा कहिल्यै फर्किने छैन, परन्तु बुद्ध नाउ जप्नाले उसकी आमाको आत्मासित बालकको आत्माको पूर्ण मिलन भएको छ। जीवित बीच पनि एक अर्कासित गहन सञ्चार गाह्रो भएको यो संसारमा दुई आत्माको मिलनभन्दा ठूलो अर्कै कुनै मुक्ति छ र ? **समिदा नदी**ले त्यस अर्थमा शोक, बहुलट्टी र मुक्ति जस्ता तीनवटा विषयलाई साह्रै राम्रोसित नाटकीकरण गरेकोछ।

यस पछि नोः रङ्गमञ्चमा **हन्या** मकुन्डोमा रहेको दार्शनिक अर्थमाथि हामीले विचार गर्नुपर्छ। त्यो मकुन्डोमा पातालका प्रेतहरूका दुष्टता र यो पृथ्वीका जीवित मनुष्यका उदात्त भावनाहरू दुबैलाई एउटैमा कोचेर प्रतीकको रूपमा प्रस्तुत गरिन्छ। **हन्या**को त्रासदीपूर्ण मकुन्डोमा क्रोध र ईर्ष्याले गर्दा बहुलाहा भएका चरित्रका आत्मालाई विवरणसाथ प्रस्तुत गरिएको हुन्छ। यो **हन्या** मुकुन्डो पहिरिने प्रतिद्वन्दीहरू भएका नाटकहरूमा **दोजोजी** पनि पर्दछ। त्यसमा तन्नेरी पापी भिक्षुसित एउटी विधवा प्रेममा अल्झिन पुग्छे र त्यसरी आफ्नो अपुरस्कृत प्रेमको कारणले सर्पमा परिणत हुन्छे। त्यस्तै हो **अदचिगाहारा** जसमा एउटी दयालु वृद्धा के स्वीकार गर्छे भने ऊ पर्वतबासी नरभक्षी राक्षसी हो। अनि **आवइनोवे** पनि **गेन्जीको** कथाबाट निसृत हो।

आवइनोवे प्रकाशमान **गेन्जी**की प्रथम पत्नी हुन्। त्यो नारी भूत लागेर विछ्यौना परेकी छे। एउटा तपस्वी पुरेतलाई दरबारमा बोलाइन्छ। मन्त्र जपका साथै पुरेत प्रार्थना गर्न थाल्छ। प्रकाशमान **गेन्जी**को शुरुकी प्रेमी **रोकुजो**को आत्मा **अवाइ** निम्तिको प्रेम देखेर डाहिल्ले भाव प्रकट हुन्छ। **रोकुजो**को बदलाभाव विरुद्ध प्रेतको आध्यात्मिक शक्ति कडा संघर्ष गर्छ र अन्तमा त्यो बदलावादी भूतलाई आफ्ना प्रार्थनाद्वारा शान्त तुल्याई बुद्धत्व प्राप्त गराउँछ। यहाँ हामीले कुन कुरामाथि ध्यान दिनुपर्छ भने विरोधी चरित्रले **हन्या** मकुन्डोलाई कहिल्यै पनि नउतारी प्रेतात्मालाई बुद्धमा परिणत नगरुञ्जेल पहिरिरहन्छ। **रोकुजो**को आत्मा तैपनि विक्षिप्त रहन्छ, तथापि त्यसको बहुलट्टी चरममा पुग्दा त्यसले मुक्तिको बाटो फेला पार्छे। यसरी

घ. Niaon Koton bungaku taikeirol 40 (Tokyo Iwanatri Shoten, 1960) p. 385-94.

बहुलट्टी र स्वस्थ मानिसका कहिल्यै पनि अर्कोसित असम्बद्ध रहदैनन् भन्ने देखाइएको छ ।[ङ] "संसार-शिवे-निर्माण" अर्थात् अस्थायी निर्माणको रूपमा त्यो स्थापना छ । उदाहरण निम्ति **सोवो गेनजो सोजी**मा रहेका **दोगेन**का विख्यात शब्द "जन्म र मृत्यु पनि आफै निर्माण हुन् भन्ने बुझ अनि मात्र जन्म र मृत्युबाट छुट्कारा पाउनेछौ"मा यो कुरा स्पष्ट र सरल तौरमा व्यक्त भएको हामी पाउँछौ । त्यसपछि तिनले भने "यो वर्तमान जन्म र मृत्यु स्वयं नै बुद्धको जीवन हो । यो अस्तित्वको स्थापनामा "जन्म स्वयं अजन्म" र निर्माण स्वयं "अनिर्माण" हुनपुग्छ ।

दुःख र मुक्ति जस्ता दुई समानान्तर विषय बीच परस्पर विरोधी एकत्व पूर्वीया विचारको हो । महत्त्वपूर्ण तात्विक लक्षणहरू मध्ये एउटा हो । मानवीय भ्रमको अन्तिम सीमा जस्तो बहुलट्टी तथा आध्यात्मिक अभ्यासको दानको रूपमा रहेको सर्वोत्तम बुद्धि परस्परमा पूर्णतः विरोधी छन्, तापनि तिनीहरू एउटै मुद्राका दुइ पाटा हुन् । **हन्या** मकुन्डोमा यो विचार साह्रै सुस्पस्ट रूपमा अभिव्यक्त छ ।

राक्षसी रूपको यो मकुन्डोमा रहेको सत्यले कार्लजुङ्ग (Carl Jung) को **चार पक्षीय** विचारको सम्झना गराउँछ । पिता-पुत्र र पवित्र आत्माको त्रिघाममा शैतानलाई थपेर चार पक्षीय तुल्याएपछि मात्र ईश्वरको छवि सम्पूर्ण हुन्छ भनी कार्लजुङ्ग (Carl Jung) ले भनेका थिएँ– ईश्वरको प्रेम र प्रकाशबारे मात्र चर्चा गर्नु एक पक्षीय हुन जान्छ । ईश्वर किन ईश्वर हो भने प्रतिब्रह्माण्डको अन्धकार त्यसबाट फरक छैन । भाषाको अति दुरुहता हुँदा हुँदै पनि जापानबाहिर समेत प्रत्येक युगमा नोः रङ्गमञ्चले प्रशंसा पायो । त्यसो किनभने, प्रत्येक व्यक्तिभित्र लुकेर बसेको तर मोक्षको साम्राज्यसम्म उचालेर हामीलाई पुऱ्याउने सार्वभौम प्रतिब्रह्माण्डको आश्चर्यलाई नोः रङ्गमञ्चको रहस्यमय सौन्दर्यमा हामी फेला पर्छौं ।

कतिपय नोः बहुलट्टी नाटकका विषयको रूपमा देखिए अनुसार व्यक्तिका दुखका सबैभन्दा अध्यारा क्षणहरू मुक्तिका प्रारम्भका रूपमा छन् । रुसी लेखक फ्योदोर दोस्तोएभ्स्कीमा रहेको गहन विचार "दुखः न भोगी ईश्वरबारे मानिसले ज्ञान पाउँदैन" भन्नेतिर यसले हामीलाई पुऱ्याउँछ ।

अति नै नैराश्यपूर्ण अवस्थामा कहिले-कहीं मानिस शाश्वत शान्तिको अनुभव गर्छ । साइवेरियातिर निर्वासित हुँदाको बाटोमा एउटा मानिसबाट आफूले पाएको बाइबिललाई जीवनमा कहिल्यै न बिर्सेका दोस्तोएभ्स्कीको महानता के मा छ भने तिनले हत्याराहरू र दुष्टहरूमा, गैर मानव भन्ने नाउँ कमाएका मानिसहरूमा शाश्वत शिवत्व देख्ने गरें । त्यो शाश्वत शिवत्व मानवप्रकृतिको सर्वोच्च लक्षण हो ।

मानव दुराचारको जति सुस्पष्ट चित्रण तथा त्यो अन्धकारभित्रबाट मोक्षको प्रकाश उत्खनन गर्ने कार्य दोस्तोएभ्स्कीका कृतिहरूमा प्राप्त भए अनुसार नै नोः बहुलट्टीका नाटकहरूका व्यवस्थामा पाइने गर्छन । पराजित योद्धा, एकान्त विधवाहरू, हृदय फाटेका प्रेमीहरू आदि जस्ता गौण चरित्रहरू फाँसीका सुर्केनीमा पाप मुक्ति पाउँछन् । त्यसो भए यो कृतिहरूमा रहेका ती विरोधीहरू जो जीवनमा साह्रै पीडा भोग्छन् जसका नैराश्यले तिनलाई बहुलट्टीको किनारामा पुऱ्याउँछन् किन धेरै जसो तिनीहरू बौलाहा पुरुषभन्दा पनि बौलाही नारी हुने गर्छन् । निश्चय नै यसमा नारीद्वेषिता नै झल्किएको होइन । बरु बौलाही नारीका चित्रण गर्ने साहित्यिक कृतिहरूमा मानवचेतनाभित्र गहिरो भएर लुकेको मनोवैज्ञानिक बनौटभित्र भेद पस्ने शक्ति रहेको हुन्छ । कला-पक्षबाट हेर्दा यी कृतिहरू निक्कै गहिराइमा पुगेका देखिन्छन् । तर बौलाही नारीसम्बन्धित नाटकहरूको एउटा कारण कति डरलाग्दो तथ्य समेत भने

---

ङ. Dahald Keehe, Zo Plays of the no Theater (New york. Columbia University Press, 1970, P.P. 24, 252)

मध्यकालीन जापानमा नारीलाई समाजको किनारामा रहन् बाध्य गराइन्थ्यो। सामाजिक उत्पीडन चल्दा आफ्ना स्वायत्तता कायम राख्न गाह्रो अनुभव गर्ने नारीहरू आफ्ना पीडालाई गहिरो तुल्याउने माध्यमद्वारा मुक्तिको बाटो पाउँथे। यो प्रक्रियालाई चित्रण गर्न पुरुषको भन्दा नारीको जीवन बढी उपयुक्त हुने गर्थे।

अनि अर्को कुरा परम्परागत शीन्तोमा मन्दिरकी देवदासी **मिको**को धार्मिक नृत्य, अथवा उदाहरण निम्ति **गेन्जीको कथा**मा चित्रित भूत लागेका वा मृतात्मा निम्ति शान्तिको प्रार्थना गर्ने पात्रहरूमा पुरुषभन्दा नारीहरूले बढी महत्त्वपूर्ण भूमिका सम्पन्न गरेका देखा पर्छन्। नोः रङ्गमञ्चमा नाच्ने बौलाही नारी एक प्रकारले सारतत्त्वमा झाँक्री जस्तै देखिन्छे।

नोः नाटकहरूमा रहेको एउटा अर्को कारकबाट आँखा पन्छयाउन मिल्दैन। **ओकियूरा काजूमित्सू**ले औंल्याएअनुसार चीन, कोरिया र जापानका नाट्य कलाको सम्पूर्ण इतिहास जनताको उत्पीड्ित वर्गद्वारा थेगिएका थिए। त्यस्तै एउटा प्राचीन ऐतिहासिक परम्परामा के देखिन्छ भने युद्धमा पराजित व्यक्तिले आफ्नो अनुगतताको चिह्नस्वरूप विजेतासामू आफ्नै स्थानीय कलाको प्रदर्शन गर्नुपर्थ्यो।

शुरु मध्यकालीन जापानमा अधिक्षिक भिक्षु **केबुजु** र अपराधकर्ता भिक्षुहरू **हिनिरी**लाई शबको टुङ्गो लगाउने र मृतकका आत्मालाई शान्ति निम्ति ढोल बजाउने मन्त्र गाउने र नाँच्ने काम लगाइन्थ्यो। शुरुका "जातिच्यूत कलाकारहरू"कै ऐतिहासिक दिशाका यिनीहरू अङ्ग थिए।

नोः नाटकको लाक्षणिक रूप रहेको **सारु गाँकू**को समयदेखि वर्तमानसम्म नोःनाटकहरू त्यस्ता जाति बहिष्कृतहरूद्वारा खेलिन्थे जो आफै पनि सामाजिक उत्पीडनबाट पीडित थिए। आफ्ना सम्मानित पाहुनाका मनोरञ्जन निम्ति शोगुन र युद्ध नायकहरूद्वारा त्यस्ताहरूमा काम गराउने परम्परा थियो। यसो हुँदा-हुँदै पनि नोः नाटकको सारतत्त्वको रूपमा रहेको कारुणिकता बाहिरिया गौरव र वैभवको ठीक विपरीत हुने गर्छ। त्यसैकारण अपमानबाट गम्भीर तौरमा क्षुब्धस्थितिमा रहेका समाजबहिष्कृतहरू मात्र यस्ता नाटक सम्पन्न गर्नेमा वास्तवमा क्षमतावान् रहने गरें। आफू स्वयंले उत्पीडनको यथार्थ अनुभव गरेकाहरूले क्रोध र द्वेषजस्ता मानवीय संवेदनाका **हन्या** मकुन्डो पहिरिएपछि मात्र दर्शकहरूबाट प्रचण्ड उत्तेजना परिचालित गर्न सक्छन्। प्रतिब्रह्माण्डभित्रको दुष्ट तत्त्वहरूको संसारभित्र त्यस्तो गहिरो अन्धकार लुकेको हुन्छ, जसलाई पूर्ण मात्रामा प्रकट गर्न समाजका अभिजात्य सदस्यहरू कहिल्यै पनि सक्दैनन्। अति उत्पीडितहरूका भूमिकामा नाच्नेहरू अन्यायका शिकारहरूमा नैराश्यलाई आशामा परिणत गर्न सक्छन्। त्यो प्रक्रियाको सौन्दर्य नै नोः नाटकको आत्मा हन्या) हो। नोः रङ्गमञ्चको सौन्दर्यगत मूल्यलाई नृत्यकलाको विस्तृत रूप मात्र हो भन्नेमाथि मात्र हामीले ध्यान दियौं भने हामीबाट ठूलो भूल हुनेछ। नोः रङ्गमञ्चको धरातलको पृष्ठभूमिमा त्यस्तो महत्त्वपूर्ण साँचो रहेको हुन्छ, जसको सहायताले हामी मानवीय मनःस्थितिलाई उद्घाटित गर्न सक्छौं।

हामीहरू सबै वर्णगत, संस्कृतिगत, धर्मगत, सिद्धान्तगत र आर्थिक आधारमा निक्कै नै भिन्न छौं भन्ने तथ्य कठोर सत्य हो हामीले प्रविधि र व्यापारको विश्वसमुदाय द्रुततर विकास भएको हेरिरहँदा हाम्रा सामाजिक मूल्यहरू र विश्वासहरू विभाजित तथा टुक्रिएकै रूपमा रहेका छन्। अस्वीकार गर्न नसकिने अर्को कुरा के हो भने ईश्वर प्रेम र शान्तिको नामान्तर्गत इतिहासको सम्पूर्ण अवधिदेखि हामीले अथक रूपमा आश्चर्यजनक यन्त्रणाहरूका घटनालाई दोहोऱ्याएका छौं। धर्म, आचारसंहिता र राजनीतिबाट टिपिएका कुनै पनि नाराहरू अति जघन्यतम पाप गर्नबाट हामीलाई रोक्नेमा त्यति साह्रो प्रभावकारी भएको छैन।

मानवसमाजमा देखिने सबै प्रकारका संघर्षहरू वास्तवमा विस्फोटित अहम्वादका त्यस्ता उत्पत्ति हुन् जो यथार्थ स्वत्वको सम्पूर्णताबाट आफू फुटेर फरक भएको हुन्छ। हामीले

स्वत्वको सम्पूर्णतालाई प्राप्त गर्ने एक मात्र बाटो हाम्रा आफैभित्र रहेको ब्रह्माण्ड र प्रतिब्रह्माण्डबीच फेरि सन्तुलन प्राप्त गर्नु हो। हाम्रा मन-मस्तिष्कमा रहेको शैतानको अस्तित्वलाई दृष्टिबाट तिरोहित राखुन्जेल हाम्रा विरुद्ध बदला लिनेमा त्यो कहिल्यै रोकिनेछैन। शोक र पीडाका माध्यमबाट मात्र हामी कुनै समयमा मानवसमुदायले गुमाएको साझा आधारको रूपमा प्रतिब्रह्माण्डलाई फेरि फेला पार्न सक्नेछौ। हामी आफैभित्रको अन्धकारलाई सोझै बेहोर्ने बाहेक अन्य जनतासित तदनुभूति सिक्ने अर्को कुनै बाटो हामीसित छ र ?

**– अनुवादक "सुधांशु"**

ROYAL NEPAL ACADEMY

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

# Journal of Nepalese Studies

## *CALL FOR PAPERS*

*Journal of Nepalese Studies* is a research journal in English to be published bi-annually (September and March).

The journal is calling for original papers in Nepalese linguistics, literature, art culture, history, anthropolcgy and other related fields from all scholars, Nepalese and foreign.

Contributors are requested to note the following procedures for manuscript submission :

1. Manuscripts should be sent to :
   Yogendra P. Yadava
   Chief Editor
   Journal of Nepalese Studies
   Royal Nepal Academy
   Kamaladi, Kathmandu, Nepal
   Fax : 977-1-221175/ Phone # 220424

2. Papers can be full-length articles, reviews of published works or squibs (short reviews).

3. Contributors should send two copies of their manuscripts submitted for publication.

4. Manuscripts should be typed double-spaced including (endnotes and references) on a good quality paper, leaving wide margin on all sides.

5. Contributors should follow the prescribed style sheet in preparing manuscripts for submission. The prescribed style sheet can be available from the chief editor .

6. The language of publication is English, but articles in Nepali may be accepted for translation into English.

7. For their published papers, contributors will receive remuneration, a copy of the journal and ten copies of offprint.

बा. अ. द नं. १३/२०२६-२७

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मुद्रक : प्रज्ञा-छापाखाना, कमलादी, काठमाडौं ।